# स्थानिय शिक्षा क्षेत्रको योजना, २०८२ – २०९१

# Local Education Sector Plan, 2025-2034

लक्ष्मीपुर पतारी गाउँपालिकाको कार्यालय



लक्ष्मीपुर पतारी गाउँपालिका

सिरहा, मधेश प्रदेश

# शिक्षा क्षेत्रको योजना, २०८२ – २०९१

*Education Sector Plan, 2025-2034*

प्रकाशन : लक्ष्मीपुर पतारी गाउँपालिकाको कार्यालय,

पतारी सिरहा ,मधेश प्रदेश

सर्वाधिकार : प्रकाशकमा

तयारकर्ता : शिक्षा, यूवा तथा खेलकुद शाखा

सहजीकरण : मो इशा राइन

प्राविधिक सहयोग : दलित समाज सेवा संघ लहान, सिरहा ,मधेश प्रदेश
(DSSO, Lahan/Karkhana Samuha Kathmandu)

प्रमाणित मिति : २०८३ असार १६ गते, रोज ३ शुभम

असार, २०८३

**हाम्रो भनाइ**

कुनै पनि राष्ट्रले आफ्नो विकास तथा समृद्धिका लक्ष्यहरू हासिल गर्न योजनाले महत्वपूर्ण मार्गदर्शन प्रदान गर्दछ। स्थानीय तहको निर्वाचनपश्चात् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी अधिकार स्थानीय तहलाई हस्तान्तरण गरिएसँगै विद्यालय शिक्षा लगायत समग्र शिक्षा क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन तथा व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको काँधमा आएको छ।

यस परिप्रेक्ष्यमा वर्तमान तथा भावी पुस्ताको उज्ज्वल भविष्य निर्माण गर्ने उद्देश्यका साथ लक्ष्मीपुर पतारी गाउँपालिकाले शिक्षा क्षेत्रमा विभिन्न सुधारात्मक तथा विकासमुखी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। शिक्षाको गुणस्तर अभिवृद्धि, समावेशी पहुँच सुनिश्चितता तथा सिकाइ उपलब्धि सुधारलाई केन्द्रमा राखी गाउँपालिकाले "शिक्षा क्षेत्र योजना (२०२५–२०३४)" तयार गरी कार्यान्वयनको चरणमा अघि बढाएको छ।

प्रस्तुत शिक्षा क्षेत्र योजना आगामी दश वर्षसम्म गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि मार्गदर्शक दस्तावेजका रूपमा रहने विश्वास लिइएको छ। यस योजनाले शिक्षा क्षेत्रका प्राथमिकता, रणनीति, कार्यक्रम तथा अपेक्षित उपलब्धिहरूलाई स्पष्ट दिशानिर्देश प्रदान गर्नेछ। साथै, आगामी वर्षहरूमा शिक्षा सम्बन्धी नीति, योजना, कार्यक्रम तथा बजेट निर्माणका लागि समेत यो महत्वपूर्ण आधार दस्तावेजका रूपमा उपयोग हुनेछ।

यस महत्वपूर्ण योजना निर्माण प्रक्रियामा अमूल्य सहयोग, सुझाव तथा सल्लाह प्रदान गर्नुहुने सामाजिक विकास समिति, शिक्षा, युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्र योजना निर्माण समिति, प्राविधिक समिति तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुर्‍याउनुहुने सम्पूर्ण सरोकारवाला महानुभावहरूप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु। साथै, शिक्षा क्षेत्र योजना तर्जुमा तथा प्राविधिक सहजीकरणमा महत्वपूर्ण सहयोग प्रदान गर्नुहुने **दलित समाज सेवा संघ, लहान, सिरहा, मधेश प्रदेश (DSSO, Lahan) तथा कारखाना समूह, काठमाडौं (Karkhana Samuha, Kathmandu)** प्रति विशेष धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु। उहाँहरूको प्राविधिक सहयोग, अनुभव र मार्गदर्शनले यस योजनालाई अझ प्रभावकारी, यथार्थपरक तथा कार्यान्वयनयोग्य बनाउन महत्वपूर्ण योगदान पुर्‍याएको छ।

योजनाको सफल कार्यान्वयनमार्फत गाउँपालिकाको शिक्षा क्षेत्रमा सकारात्मक रूपान्तरण हुने तथा गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न महत्वपूर्ण आधार तयार हुने विश्वास व्यक्त गर्दछु।

**धन्यवाद।**




चतुरानन्द ठाकुर
गाउँपालिका अध्यक्ष
लक्ष्मीपुर पतारी गाउँपालिका, सिरहा

## शुभकामना मन्तव्य

शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री शिक्षण, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक विभेदरहित अवसर तथा प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लक्ष्य, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्न स्थानीय तहका सरोकारवाला पक्षहरूसँग समन्वय गरी शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्र योजनाले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।

लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्नयनका लागि विभिन्न योजना तथा कार्यक्रममार्फत निरन्तर आफ्नो भूमिका निर्वाह गर्दै आएको छ। शिक्षा क्षेत्र योजना तयार गर्ने कार्यका लागि आर्थिक सहयोग उपलब्ध गराउने लक्ष्मीपुर पतारी गाउँपालिका तथा प्राविधिक सहयोग प्रदान गर्ने सामाजिक विकास मन्त्रालय, योजना महाशाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

प्रस्तुत शिक्षा क्षेत्र योजना यस स्वरूपमा ल्याउन महत्वपूर्ण सहयोग पुऱ्याउनुहुने शिक्षा क्षेत्र योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिप्रति विशेष आभार व्यक्त गर्दछु। साथै, योजना निर्माण प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने गाउँपालिका परिवार, शिक्षा समिति, शिक्षक पेशागत संघ–संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी, राजनीतिक दल तथा तथ्यांक संकलनकर्तालगायत सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। आगामी दिनमा समेत रचनात्मक सुझाव, सल्लाह तथा सहयोग प्राप्त हुँदै जाने विश्वासका साथ यस योजनाको प्रभावकारी कार्यान्वयनमा सबै पक्षको सहकार्य रहने अपेक्षा गर्दछु।

अशोक कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत
लक्ष्मीपुर पतारी गाउँपालिका, सिराहा

## मेरो भनाई

शिक्षा मानव जीवनको आधारशिला मात्र नभई समृद्ध, सभ्य र प्रतिस्पर्धी समाज निर्माणको महत्वपूर्ण माध्यम हो। शिक्षामा सबैको समान पहुँच सुनिश्चित गर्नु, गुणस्तरीय शिक्षाको अवसर विस्तार गर्नु, प्रविधिमैत्री सिकाइ वातावरण सिर्जना गर्नु तथा लैङ्गिक, सामाजिक र आर्थिक विभेदरहित शैक्षिक अवसर उपलब्ध गराउनु आजको प्रमुख आवश्यकता हो। यस्ता उद्देश्यहरू हासिल गर्न स्थानीय तहमा शिक्षा क्षेत्रको दीर्घकालीन योजना तर्जुमा तथा प्रभावकारी कार्यान्वयन अपरिहार्य रहेको छ।

दिगो विकास लक्ष्य (**SDGs**), नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था, राष्ट्रिय शिक्षा नीति तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई स्थानीय स्तरमा व्यवहारिक रूपमा कार्यान्वयन गर्दै शिक्षालाई सर्वसुलभ, समावेशी, गुणस्तरीय र जीवनोपयोगी बनाउने अभियानमा प्रस्तुत "शिक्षा क्षेत्र योजना (२०२५–२०३४)" ले महत्वपूर्ण मार्गदर्शन प्रदान गर्ने विश्वास लिएको छु । लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि, पहुँच विस्तार, समावेशीकरण तथा संस्थागत सुदृढीकरणका लागि विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। प्रस्तुत शिक्षा क्षेत्र योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि आगामी दश वर्षसम्म मार्गदर्शक दस्तावेजका रूपमा रहने विश्वास व्यक्त गर्दछु। यस योजनाले शिक्षा क्षेत्रका प्राथमिकता, आवश्यकता, रणनीति तथा अपेक्षित उपलब्धिहरूलाई स्पष्ट दिशा प्रदान गर्दै स्थानीय शिक्षा प्रणालीलाई थप प्रभावकारी र उत्तरदायी बनाउन सहयोग पुऱ्याउनेछ।

यस महत्वपूर्ण योजना निर्माण प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग, सुझाव तथा सहकार्य गर्नुहुने शिक्षा क्षेत्र योजना निर्माण प्राविधिक समिति, सामाजिक विकास समिति, गाउँपालिका परिवार, गाउँ शिक्षा समिति, नेपाल शिक्षक महासंघ, शिक्षकका पेशागत संघ–संस्था, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी, राजनीतिक दल, तथ्यांक संकलनकर्तालगायत सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु। साथै, योजना निर्माण तथा प्राविधिक सहजीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने **दलित समाज सेवा संघ, लहान, सिरहा (DSSO, Lahan)** तथा **कारखाना समूह, काठमाडौं (Karkhana Samuha, Kathmandu)** प्रति विशेष कृतज्ञता व्यक्त गर्दछु। उहाँहरूको प्राविधिक सहयोग, अनुभव र मार्गदर्शनले योजनालाई अझ प्रभावकारी, यथार्थपरक तथा कार्यान्वयनमुखी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

अन्त्यमा, प्रस्तुत शिक्षा क्षेत्र योजनाको सफल कार्यान्वयनबाट गाउँपालिकाको शिक्षा क्षेत्रमा सकारात्मक परिवर्तन, गुणस्तरीय सुधार, सिकाइ उपलब्धिमा वृद्धि तथा समग्र शैक्षिक विकास हासिल हुने विश्वास व्यक्त गर्दछु। यस अभियानलाई सफल बनाउन सम्पूर्ण सरोकारवालाहरूबाट निरन्तर सहयोग, सहकार्य तथा रचनात्मक सुझाव प्राप्त भइरहने अपेक्षासहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

**धन्यवाद ।**

शिक्षा अधिकृत
शिक्षा युवा तथा खेलकुद शाखा
राम बालक पासमान
लक्ष्मीपुर पतारी गाउँपालिका, सिराहा

## सङ्क्षेपिकरण

| **सङ्क्षेपिकरण** | **पूरा नाम** |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| IEMIS | एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली |
| SEE | माध्यमिक शिक्षा परीक्षा |
| केतवि | केन्द्रीय तथ्याङ्क विभाग |
| नासा | विद्यार्थी उपलब्धि राष्ट्रिय मूल्याङ्कन |
| प्राबाशिवि | प्रारम्भिक बाल शिक्षा तथा विकास |
| विशिकेयो | विद्यालय शिक्षा क्षेत्र योजना |
| प्रअ | प्रधानाध्यापक |
| विव्यस | विद्यालय व्यवस्थापन समिति |
| जीपीआई | लैङ्गिक समानता सूचकाङ्क |
| रापबो | राष्ट्रिय परीक्षा बोर्ड |
| पीटीए | अभिभावक–शिक्षक संघ |
| ICT | सूचना तथा सञ्चार प्रविधि |
| LESP | स्थानीय शिक्षा क्षेत्र योजना |
| SIP | विद्यालय शिक्षा क्षेत्र योजना |
| SDG | दिगो विकास लक्ष्य |
| ReAL | Recovery and Accelerate Learning |

## योजनाको सारांश

लक्ष्मीपुर पतारी गाउँपालिका को स्थानीय शिक्षा क्षेत्र योजना (Local Education Sector Plan–LESP) २०२५–२०३४ आगामी दश वर्षका लागि शिक्षा क्षेत्रको समग्र विकास, सुधार तथा रूपान्तरणका लागि तयार गरिएको दीर्घकालीन रणनीतिक तथा मार्गदर्शक दस्तावेज हो। यो योजना नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय शिक्षा नीति २०७६, विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDGs) तथा संघीय, प्रादेशिक र स्थानीय नीतिहरूसँग समन्वय गरी निर्माण गरिएको हो । यस योजनाको मुख्य उद्देश्य गाउँपालिकाभित्र रहेका सबै बालबालिका तथा नागरिकलाई समतामूलक पहुँचसहित गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षा उपलब्ध गराउनु हो। योजना निर्माण प्रक्रियामा गाउँपालिका, शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी, नागरिक समाज, शिक्षाविद्, राजनीतिक दल, विकास साझेदार संस्था तथा अन्य सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ।

स्थानीय शिक्षा क्षेत्र योजना तयारीका क्रममा गाउँपालिकाले विभिन्न चरणहरू अवलम्बन गरेको थियो। प्रारम्भमा शैक्षिक तथ्याङ्क संकलन, विद्यालय प्रोफाइल अध्ययन, IEMIS तथ्याङ्क विश्लेषण, विद्यालयस्तरीय परामर्श तथा समुदायस्तरीय छलफल सञ्चालन गरिएको थियो। त्यसपछि वडा तथा पालिका स्तरमा अन्तरक्रिया, कार्यशाला, सुझाव संकलन तथा सरोकारवालासँग परामर्श गरी योजनाको प्रारूप तयार गरिएको थियो । योजना निर्माण प्रक्रियामा स्थानीय आवश्यकता, सामाजिक तथा सांस्कृतिक विविधता, आर्थिक अवस्था, विद्यालय पहुँच, सिकाइ उपलब्धि, शिक्षक व्यवस्थापन, समावेशी शिक्षा तथा प्रविधिको अवस्थाको विश्लेषण गरिएको थियो। साथै, “स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित २०८१)” तथा SESP 2022/23–2031/32 का सूचकहरूलाई आधार मानी योजना तयार गरिएको हो।

स्थानीय शिक्षा क्षेत्र योजना गाउँपालिकाको शिक्षा विकासको दीर्घकालीन मार्गचित्र हो। यस योजनाले शिक्षामा समतामूलक पहुँच, गुणस्तर सुधार, समावेशीकरण, सुशासन तथा स्रोत व्यवस्थापनलाई एकीकृत रूपमा अघि बढाउने आधार प्रदान गर्दछ।

- स्थानीय तहको शिक्षा विकासलाई योजनाबद्ध, व्यवस्थित तथा नतिजामुखी बनाउने।
- शिक्षा क्षेत्रमा बजेट तथा स्रोत परिचालनलाई प्रभावकारी बनाउने।
- संघीय, प्रादेशिक तथा स्थानीय शिक्षा नीतिबीच तादात्म्य कायम गर्ने।
- विद्यालय शिक्षा सुधार, गुणस्तरीय सिकाइ तथा विद्यार्थी टिकाइदर अभिवृद्धि गर्ने।
- समावेशी, बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री शिक्षा प्रवर्द्धन गर्ने।
- स्थानीय आवश्यकता तथा श्रम बजारसँग जोडिएको सीपमूलक तथा रोजगारमुखी शिक्षा विकास गर्ने।
- शिक्षा क्षेत्रमा पारदर्शिता, उत्तरदायित्व तथा अनुगमन प्रणाली सुदृढ गर्ने।

### शैक्षिक अवस्थाको संक्षिप्त विवरण

यस गाउँपालिकामा हाल १७ वटा सामुदायिक, ६ वटा धार्मिक तथा ८ वटा संस्थागत गरी जम्मा ३१  वटा विद्यालय सञ्चालनमा रहेका छन् । जसमा सामुदायिक विद्यालयहरु मध्ये आधारभूत तह कक्षा ० देखि ३ सम्म २ वटा, कक्षा ० देखि ५ सम्म ७ वटा र कक्षा ० देखि ६ सम्म २ वटा गरि जम्मा ११ वटा आधारभूत विद्यालयहरु रहेका छन् त्यस्तै माध्यमिक तह कक्षा १ देखि १० सम्म २ वटा विद्यालय र कक्षा १ देखि १२ सम्म ४ वटा सचालनमा रहेको छ । त्यसै गरि निजी विद्यालय तर्फ आधारभूत विद्यालयहरु जम्मा ८ वटा र धार्मिक मदर्सा ६ वटा गरी जम्मा २३ वटा अन्य  विद्यालयहरु रहेका छन् ।

मुख्य शैक्षिक सूचकहरू निम्नानुसार रहेका छन्:

| क्र.सं. | प्रमुख सूचक | आधार वर्ष (२०८२) | ५ वर्षको लक्ष्य (२०८६) |
|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कूल भर्नादर | ९१.२०% | ९३.२०% |
| २ | ECD अनुभव लिएर कक्षा १ मा भर्ना हुने बालबालिका | ८६.००% | ९२.००% |
| ३ | आधारभूत तह (कक्षा १–८) खुद भर्नादर | ९५.२०% | ९९.००% |
| ४ | आधारभूत तह (कक्षा ८) सम्म टिकाउ दर | ७५.६०% | ९०.००% |
| ५ | कक्षा ८ पूरा गर्ने दर | ८३.६०% | ९५.००% |
| ६ | विद्यालय बाहिर रहेका बालबालिका (कक्षा १–८) | ८.६६% | ३.२०% |
| ७ | आधारभूत तहमा महिला शिक्षकको अनुपात | २७.००% | ५०.००% |
| ८ | माध्यमिक तह (९–१२) खुद भर्नादर | ७९.६०% | ९१.६०% |
| ९ | माध्यमिक तह कूल भर्नादर | ८४.६०% | ९४.६०% |
| १० | आधारभूतबाट माध्यमिक तहमा संक्रमण दर | ६९.६०% | ७९.६०% |
| ११ | कक्षा १० सम्म पुग्ने विद्यार्थी | ६१.१०% | ६७.१०% |
| १२ | कक्षा १२ सम्म पुग्ने विद्यार्थी | ४०.००% | २८.००% |
| १३ | माध्यमिक तहमा महिला शिक्षकको अनुपात | ०.००% | २०.००% |
| १४ | प्राविधिक/व्यावसायिक शिक्षामा अध्ययनरत विद्यार्थी | १२० | २५० |
| १५ | १५ वर्षभन्दा माथिको साक्षरता दर | ६४.९०% | ९०.००% |
| १६ | ६ वर्षभन्दा माथिको साक्षरता दर | ९६.१०% | १००.००% |
| १७ | १५–२४ वर्ष उमेर समूहको साक्षरता | ९६.००% | ९९.००% |
| १८ | कक्षा ५ नेपाली विषयमा न्यूनतम सिकाइ उपलब्धि | ४३.२०% | ५२.००% |
| १९ | कक्षा ५ गणितमा न्यूनतम सिकाइ उपलब्धि | ५४.४०% | ६५.१०% |
| २० | कक्षा ८ नेपाली विषयमा न्यूनतम सिकाइ उपलब्धि | ५४.३०% | ६०.००% |
| २१ | कक्षा ८ गणितमा न्यूनतम सिकाइ उपलब्धि | ४४.००% | ५७.००% |
| २२ | कक्षा ८ विज्ञानमा न्यूनतम सिकाइ उपलब्धि | ४९.००% | ५७.००% |
| २३ | आधारभूत तह (१–५) विद्यार्थी–शिक्षक अनुपात | ५३:०१:०० | ५०:०१:०० |
| २४ | आधारभूत तह (१–८) विद्यार्थी–शिक्षक अनुपात | ७४:०१:०० | ६४:०१:०० |
| २५ | माध्यमिक तह (९–१२) विद्यार्थी–शिक्षक अनुपात | ६२:०१:०० | ४५:०१:०० |

लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा योजनाको देहाय बमोजिमको दूरदृष्टि, ध्येय, लक्ष्य र उद्देश्यहरू राख्यिएको छ।

दूरदृष्टि (Vision)

"समावेशी, गुणस्तरीय, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षामार्फत दक्ष, सक्षम, सिर्जनशील, नैतिक तथा प्रतिस्पर्धी मानव संसाधन उत्पादन गर्ने।"

**ध्येय (Mission)**

गाउँपालिकाभित्र रहेका सबै बालबालिका तथा नागरिकलाई समतामूलक पहुँचसहित गुणस्तरीय, समावेशी, सुरक्षित, प्रविधिमैत्री तथा रोजगारमुखी शिक्षा प्रदान गर्दै शिक्षालाई सामाजिक तथा आर्थिक रूपान्तरणको आधार बनाउने।

**लक्ष्य (Goal)**

प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गरी गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा दिगो शिक्षा प्रणालीको विकास गर्नु तथा शिक्षालाई जीवनोपयोगी, सीपमूलक र रोजगारमुखी बनाउँदै मानव पूँजी विकासमा योगदान पुऱ्याउनु।

**उद्देश्यहरू (Objectives)**

१. प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म सबै बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु।

२. विद्यालय शिक्षाको गुणस्तर, सिकाइ उपलब्धि तथा विद्यार्थी टिकाइदर अभिवृद्धि गर्नु।

३. शिक्षकको पेशागत क्षमता विकास तथा प्रभावकारी शैक्षिक व्यवस्थापनलाई सुदृढ गर्नु।

४. ICT तथा प्रविधिमैत्री शिक्षण–सिकाइ प्रणाली विस्तार गर्नु।

५. बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री तथा सुरक्षित विद्यालय वातावरण निर्माण गर्नु।

६. दलित, बालिका, अपाङ्गता भएका, विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता वृद्धि गर्नु।

७. स्थानीय पाठ्यक्रम, सीपमूलक तथा रोजगारमुखी शिक्षालाई प्रवर्द्धन गर्नु।

८. विद्यालय स्वास्थ्य, पोषण तथा मनोसामाजिक सहयोग कार्यक्रमलाई प्रभावकारी बनाउनु।

९. शिक्षा क्षेत्रमा सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा अनुगमन प्रणालीलाई सुदृढ गर्नु।

१०. अनौपचारिक तथा आजीवन सिकाइ कार्यक्रममार्फत साक्षरता तथा निरन्तर शिक्षाको अवसर विस्तार गर्नु।

**प्रमुख क्रियाकलापहरू (Major Activities)**

- प्रारम्भिक बालविकास केन्द्र सुदृढीकरण
- विद्यालय भर्ना तथा पुनःभर्ना अभियान
- शिक्षक तालिम तथा पेशागत क्षमता विकास
- ICT ल्याब तथा स्मार्ट बोर्ड स्थापना
- छात्रवृत्ति तथा समावेशी शिक्षा कार्यक्रम
- विद्यालय भवन, शौचालय तथा खानेपानी व्यवस्थापन
- विद्यालय स्वास्थ्य, पोषण तथा दिवाखाजा कार्यक्रम
- सीपमूलक तथा रोजगारमुखी तालिम सञ्चालन
- नियमित अनुगमन, सामाजिक परीक्षण तथा शैक्षिक सुशासन कार्यक्रम सञ्चालन

**मुख्य उपलब्धिहरु :**

स्थानीय शिक्षा क्षेत्र योजना (२०८२–२०९१) कार्यान्वयनपश्चात अपेक्षित मुख्य उपलब्धि तथा नतिजा

- सबै विद्यालय उमेरका बालबालिकाको शिक्षामा समतामूलक पहुँच, भर्ना र नियमित सहभागिता सुनिश्चित हुने।
- प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म भर्नादर, टिकाउदर तथा सिकाइ उपलब्धिमा सुधार हुने।
- आधारभूत र माध्यमिक तहका विद्यार्थीहरूको सिकाइ उपलब्धि राष्ट्रिय मापदण्डअनुसार अभिवृद्धि हुने।
- विद्यालय बाहिर रहेका तथा सीमान्तकृत समुदायका बालबालिका शिक्षाको मूलधारमा समावेश हुने।
- विद्यालयहरूमा बालमैत्री, समावेशी, सुरक्षित तथा गुणस्तरीय सिकाइ वातावरण विकास हुने।
- स्थानीय भाषा, संस्कृति र ज्ञान–सीप समेटिएको स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने।
- शिक्षक दरबन्दी सन्तुलित भई विषयगत तथा गुणस्तरीय शिक्षण–सिकाइ सुनिश्चित हुने।
- शिक्षकको पेशागत क्षमता र प्रविधिमैत्री शिक्षण प्रणाली सुदृढ हुने।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र डिजिटल सिकाइ विस्तार हुने।

- विद्यालय व्यवस्थापन, शैक्षिक सुशासन तथा समुदाय–अभिभावकको सहभागिता सुदृढ हुने।
- विद्यार्थीमा जीवनोपयोगी सीप, नैतिकता, नेतृत्व तथा सामाजिक उत्तरदायित्वको विकास हुने।
- स्वास्थ्य, पोषण, सरसफाइ, सुरक्षित खानेपानी तथा बाल संरक्षणका व्यवस्था सुदृढ हुने।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार भई रोजगारमुखी सीप विकास हुने।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमार्फत निरक्षरता न्यूनीकरण हुने।
- विपद् तथा आपतकालीन अवस्थामा पनि वैकल्पिक माध्यमबाट शिक्षाको निरन्तरता सुनिश्चित हुने।
- विद्यालय शिक्षामा लैङ्गिक समानता, सामाजिक समावेशिता र विभेदरहित वातावरण सुदृढ हुने।
- समग्र शिक्षा प्रणाली सुदृढ भई दक्ष, सिर्जनशील, नैतिकवान तथा जिम्मेवार नागरिक उत्पादन हुने।

**अनुमानित बजेट तथा स्रोत व्यवस्थापन**

स्थानीय शिक्षा क्षेत्र योजना (LESP) २०२५–२०३४ कार्यान्वयनकाकक लागि आगामी १० वर्षमा कुल अनुमानित बजेट रु. ५२ करोड ४० लाख प्रक्षेपण गरिएको छ ।

**बजेटका प्रमुख क्षेत्रहरू**

**स्रोतका सम्भावित आधारहरू (Source of Funds)**

योजना कार्यान्वयनका लागि निम्न स्रोतहरूबाट वित्तीय तथा प्राविधिक सहयोग परिचालन गरिनेछः

- संघीय सरकारको सशर्त तथा समानीकरण अनुदान
- प्रदेश सरकारको शिक्षा कार्यक्रम बजेट
- गाउँपालिकाको आन्तरिक राजस्व तथा शिक्षा बजेट
- विकास साझेदार संस्था तथा गैरसरकारी संस्था
- निजी क्षेत्र तथा अन्य सामाजिक दाताहरु
- विद्यालय व्यवस्थापन समिति तथा समुदायको साझेदारी
- अन्तर्राष्ट्रिय विकास साझेदार तथा दातृ निकायहरू

**वित्तीय व्यवस्थापन रणनीति**

- वार्षिक शिक्षा योजना र बजेटबीच समन्वय कायम गरिनेछ।
- आवश्यकता आधारित तथा नतिजामुखी बजेट प्रणाली अवलम्बन गरिनेछ।
- विद्यालयस्तरमा वित्तीय पारदर्शिता तथा सामाजिक परीक्षण अनिवार्य गरिनेछ।
- विकास साझेदार तथा निजी क्षेत्रसँग सहकार्य र सहलगानी बढाइनेछ।
- शिक्षा क्षेत्रमा दीर्घकालीन लगानी सुनिश्चित गर्न बहुवर्षीय वित्तीय योजना कार्यान्वयन गरिनेछ।

यस १० वर्षे स्थानीय शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयनबाट लक्ष्मीपुर पतारी गाउँपालिका मा समावेशी, गुणस्तरीय, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षा प्रणाली विकास हुने अपेक्षा गरिएको छ। यस योजनाले दक्ष, सक्षम, सिर्जनशील तथा जिम्मेवार नागरिक उत्पादन गर्दै मानव संसाधन विकास, सामाजिक रूपान्तरण, रोजगारी सिर्जना तथा दिगो स्थानीय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ।

## विषय प्रवेश

स्थानीय तहको शैक्षिक सेवाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नको लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । लक्ष्मीपुर पतारी गाउँपालिकाको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गर्न लागिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भए पश्चात आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रमहरु स्थानीय तह मार्फत कार्यान्वयन भै रहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हाँसिल गर्नका लागि ७५३ वटै स्थानीय तहहरूले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकताहरूलाई प्राथमिकतामा राखी स्थानीय स्तरमा शिक्षा योजना निर्माण गर्नु पर्ने आवश्यकता महसुस गरि यस लक्ष्मीपुर पतारी गाउँपालिकाले स्थानीय तहको शिक्षा योजना निर्माण गरिएको छ ।

### शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य तथा विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यहरुलाई संघीय संरचना अनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देशन गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएकोले यस लक्ष्मीपुर गाउँपालिकाले १० बर्षे शिक्षा योजना वनाउन अपरिहार्य देखि**यो** । वर्तमान युगमा विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय र नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

लक्ष्मीपुर पतारी गाउँपालिकाले नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभुत तथा माध्यमिक तहको लागि २३ वटा शिक्षाको अधिकार तोकेको र ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेकोले  योजना वनाउन अघि सरेको हो । यी प्रावधानहरुलाई कार्यान्वयन गर्नको लागि लक्ष्मीपुर पातारी गाउँपालिकाले स्थानीय तहहरुले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न लागिएको छ । विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) तयार गरेको छ । यसै परिवेशमा यस लक्ष्मीपुर पातारी गाउँपालिकाले  स्थानीय तहहरूले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नु पर्ने आवश्यकतालाई महशुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकास गरिएको हो ।

स्थानीय तहमा योजना निर्माणको औचित्य

- सङ्घ, प्रदेश तथा स्थानिय तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न ।
- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न ।
- कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न ।
- साझा विषयमा लागत साझे दारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ।

- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष् ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन ।
- स्थानिय तहहरुबीच आपसी साझेदारी, समन्वय र सहकार्य गरि शिक्षाक्षेत्रमा सुधार ल्याउन ।
- स्रोतहरुको आकलन, संक्लन गरि शिक्षाक्षेत्रमा अधिकतम परिचालन गरि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मानव साधन तयार पार्न ।

**शिक्षा योजना निर्माणका आधार**

लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाएको छ :

- नेपालको संबिधान २०७२
- सोह्रौं आवधिक योजना
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सङ्घ, प्रदश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७
- अनिवार्य तथा निःशलुक शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
- विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना ( ReAL Plan)
- शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
- विद्यालय शिक्षामा समता रणनीति
- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाचा
- स्थानीय तहको योजना तर्जुमार्जु दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
- लक्ष्मीपुर पतारी गाउँपालिकाको लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा नीति तथा कार्यक्रम, योजना ।
- विद्यालयहरुले बनाएका विद्यालय सुधार योजना (SIP) र नमुना विद्यालय विकास योजना (MSDP) ।
- लक्ष्मीपुर पतारी गाउँपालिकाका अन्य सम्बन्धित नीति, योजना तथा प्रतिवेदनहरू ।
- लक्ष्मीपुर पतारी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमको वार्षिक प्रतिवेदनहरु
- स्थानिय शिक्षा क्षेत्र योजना विश्लेषण फेमवर्कको प्रयोग

**शिक्षा योजना निर्माण प्रक्रिया**

यस लक्ष्मीपुर पतारी गाउँपालिकाको यस स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा प्रक्रियामा यस लक्ष्मीपुर पतारी गाउँपालिकाका शिक्षा समितिका सदस्यहरुको अगुवा तथा सहभागीतामा यस योजना निर्माण मस्यौदा समिति तथा उप समिति निर्माण गरि समय सापेक्ष अगाडी बढी यस १० वर्षे शिक्षा योजना तयार पारेको छ । यसरी निर्माण गर्दा यस गाउँपालिकाका स्थानीय तहको शिक्षा हेर्ने अधिकृत र सामाजिक विकास समितिका संयोजक तथा अन्य कार्यपालिका सदस्यहरुको समेत अगुवाइमा प्रक्रिया अनुसार तयार पारी गाउँपालिकाबाट योजना स्वीकृति गरिए योजना कार्यान्वयन गर्न अघि बढेको छ ।

यसरी शिक्षा योजना निर्माण गर्दा सहभागीतामूलक प्रक्रिया नै अवलम्बन गरिएको छ । यसरी प्रक्रिया अवलम्बनमा देहायका विषयलाइ ध्यानमा राखि यस शिक्षा योजना निर्माणको क्रममा अवलम्बन गरिउका प्रक्रिया अनुसूचीमा उल्लेख गरिएको छ साथै विभिन्न बैठकका निर्णय र उपस्थिति अनुसूची यसै योजनासँग संग्लन गरिएको छ ।

- लक्ष्मीपुर पतारी गाउँपालिकाले पालिका स्तरीय बैठक, योजना सम्बन्धि अभिमुखिकरण गरि कार्यपालिकाबाट स्थानिय शिक्षा योजना निर्माण तथा कार्यान्वय गर्ने भनि निर्णय गरि स्थानिय शिक्षा योजना निर्माण समितिको गठन
- लक्ष्मीपुर गाउँपालिकाको शिक्षा क्षेत्रको अवस्था विश्लेषण
- गाउँ तथा टोल र वडास्तरमा विभिन्न सरेकारवालाहरुसँग बिषय क्षेत्रको विज्ञ तथा प्राविधिकहरुलाई) कलेज , विद्यालय वा अन्य व्यक्तिहरुबाट भेला छलफल र सुझाव संकलन
- स्थानिय तह तथा विद्दालय स्तरीय छलफल र सुझाव संकलन
- योजना मस्यौदा तयारी, मस्यौदामाथि सरोकारवालाको सुभाव संकलन तथा पृष्ठपोषण
- योजना अन्तिमीकरण तथा वाह्यय विज्ञद्धारा योजनाको लेखाजोखा र सुभाव समायोजन
- स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

**लक्ष्मीपुर पतारी गाउँपालिका को विद्यालय शिक्षा क्षेत्र योजना सम्बन्धी नागरिक समाज तथा शिक्षाविद्हरूका सुझावहरूका लागि सरोकारवालाहरुसँग बैठक तथा गोष्ठी**

नेपालको संविधान २०७२ को धारा ३१ ले प्रत्याभूत गरेको शिक्षासम्बन्धी मौलिक हकको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्र योजनामा आवश्यक परिमार्जन तथा सुधार गरिनुपर्ने आवश्यकता देखिएको छ। "स्थानीय तहको शिक्षा योजना विश्लेषण रूपरेखा" तथा "शिक्षा क्षेत्र योजना" को अध्ययन तथा विश्लेषणका आधारमा मधेश सिकाइ समूह–१ तथा शिक्षाविद्हरूद्वारा निम्न सुझावहरू प्रस्तुत गरिएको छः

**१. प्रारम्भिक बाल विकास तथा शिक्षा (ECED)**

- बालविकास केन्द्रका सहजकर्ताहरूको पदीय स्पष्टता गरी योग्यता अनुसार उचित पारिश्रमिकसहित शिक्षक व्यवस्थापन गर्नुपर्ने।
- दलित तथा सीमान्तकृत समुदायका अभिभावकहरूलाई नियमित सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- पोषणयुक्त दिवा खाजा, शुद्ध खानेपानी तथा मातृभाषामा आधारित शिक्षण सुनिश्चित गर्नुपर्ने।
- बालविकास केन्द्रमा पर्याप्त शैक्षिक सामग्री उपलब्ध गराउनुपर्ने।

**२. आधारभूत शिक्षा**

- विद्यालय बाहिर रहेका बालबालिकाको सर्वेक्षण गरी पुनःभर्ना अभियान सञ्चालन गर्नुपर्ने।
- Portfolio-based मूल्याङ्कन तथा एकीकृत पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षक क्षमता विकास गर्नुपर्ने।
- अपाङ्गता भएका बालबालिकालाई विद्यालय पहुँचमा ल्याउन विशेष नीति लागू गर्नुपर्ने।

**३. माध्यमिक शिक्षा**

- सबै माध्यमिक विद्यालयमा आगामी पाँच वर्षभित्र STEAM ल्याब स्थापना गर्नुपर्ने।
- बालमैत्री, अपाङ्गमैत्री तथा समावेशी विद्यालय वातावरण सुनिश्चित गर्नुपर्ने।
- विद्यालय छाडेका तथा विपन्न समुदायका बालबालिकालाई सीपमूलक तथा जीविकोपार्जनमुखी शिक्षासँग जोड्नुपर्ने।
- योग्य विषयगत शिक्षकको सुनिश्चितता तथा नियमित क्षमता विकास गर्नुपर्ने।

**४. समावेशीकरण तथा समता**

- लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई समेट्ने समावेशी रणनीति निर्माण गर्नुपर्ने।
- विद्यालयमा GEDSI तथा गुनासो सुनुवाइ समिति गठन गर्नुपर्ने।
- अपाङ्गता भएका बालबालिकाका लागि छात्रावाससहित निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने।
- सबै विद्यालयमा अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री शौचालय सुनिश्चित गर्नुपर्ने।

**५. शिक्षक व्यवस्थापन तथा विकास**

- विद्यार्थी–शिक्षक अनुपात अनुसार दरबन्दी व्यवस्थापन गर्नुपर्ने।
- शिक्षक व्यवस्थापनमा दलित, महिला तथा अल्पसंख्यक समुदायलाई प्राथमिकता दिनुपर्ने।
- ICT, आधुनिक शिक्षण विधि तथा मूल्याङ्कन प्रणालीसम्बन्धी दीर्घकालीन तालिम सञ्चालन गर्नुपर्ने।

**६. प्रविधिको प्रयोग**

- सबै विद्यालयलाई प्रविधिमैत्री बनाउँदै स्मार्ट बोर्ड, इन्टरनेट तथा डिजिटल सामग्रीको व्यवस्था गर्नुपर्ने।
- शिक्षकहरूलाई ICT सम्बन्धी व्यवहारिक तालिम उपलब्ध गराउनुपर्ने।
- अपाङ्गता भएका बालबालिकाको पहुँच वृद्धि गर्न सहायक प्रविधि प्रयोग गर्नुपर्ने।

**७. आपतकालीन तथा संकटमा शिक्षा**

- आपतकालीन अवस्थामा अनलाइन तथा वैकल्पिक सिकाइ प्रणाली सञ्चालन गर्नुपर्ने।
- "Free Wi-Fi Palika" कार्यक्रम लागू गर्नुपर्ने।
- विपद् तथा महामारीका समयमा मनोसामाजिक परामर्श तथा सुरक्षित सिकाइ केन्द्रको व्यवस्था गर्नुपर्ने।
- जलवायु परिवर्तन तथा हरित विद्यालय अवधारणालाई कार्यान्वयन गर्नुपर्ने।

**८. संस्थागत संरचना तथा कार्यान्वयन**

- विद्यालय शिक्षा क्षेत्र योजना (SESP) लाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने।
- वडा स्तरीय शिक्षा समिति गठन गर्नुपर्ने।
- SMC/PTA को क्षमता अभिवृद्धि तथा नियमित अद्यावधिक गर्नुपर्ने।
- निजी क्षेत्र तथा नागरिक समाजसँग स्रोत परिचालन तथा सहकार्य रणनीति निर्माण गर्नुपर्ने।

**थप सुझावहरू**

- समावेशी शिक्षालाई गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा प्राथमिकतासहित समावेश गर्नुपर्ने।
- अपाङ्गता भएका तथा सीमान्तकृत बालिकाका लागि लक्षित बजेट व्यवस्था स्पष्ट गर्नुपर्ने।
- दिवा खाजा कार्यक्रमअन्तर्गत अपाङ्गता भएका बालबालिकाका लागि "Safety Corner" को व्यवस्था गर्नुपर्ने।
- विद्यार्थी संख्या अनुसार सुविधायुक्त भौतिक संरचना तथा शिक्षक व्यवस्थापन सुनिश्चित गर्नुपर्ने।

# विषयसूची

परिच्छेद १ : परिचय ........ 19

१.१ पृष्ठभूमि ........ 19

१.२ वर्तमान अवस्था ........ 19

१.३ मुख्य समस्या तथा चुनौतीको विश्लेषण ........ 35

१. ४ शिक्षा क्षेत्रका चुनौतीहरूको SWOT विश्लेषण ........ 37

१.५ शिक्षाको संरचनाः ........ 38

परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ 39

२.१ दुरदृष्टि ........ 39

२.२ लक्ष्य ........ 39

२.३ उद्देश्य ........ 39

२.४ रणनीति ........ 40

२.५ कार्यनीति ........ 41

२.६ अपेक्षित मुख्य उपलब्धि ........ 42

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ 43

राष्ट्रिय ........ 43

परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू ........ 48

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ 48

३.१.१ वर्तमान अवस्था ........ 48

३.१.२ उद्देश्य ........ 49

३.१.३ रणनीतिहरू ........ 50

३.१.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 50

३.२ आधारभूत शिक्षा ........ 51

३.२.१ वर्तमान अवस्था ........ 51

३.२.२ उद्देश्य ........ 53

३.२.३ रणनीतिहरु ........ 53

३.२.४ प्रमुख उपलब्धि तथा नतिजाहरु ........ 54

३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 55

३.३ माध्यमिक शिक्षा ........ 55

३.३.१ वर्तमान अवस्था ........ 56

३.३.२ उद्देश्यहरु ........ 58

३.३.३ रणनीतिहरु ........ 58

३.३.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 59

३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 60

३ . ४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ 61

३.४.१ वर्तमान अवस्था ........ 61
३.४.२ उद्देश्य ........ 63
३.४.३ रणनीति ........ 63
३.४.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 63
**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र ........ 65**
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ 65
४.१.१ वर्तमान अवस्था ........ 65
४.१.२ उद्देश्य ........ 67
४.१.३ रणनीतिहरू ........ 67
४.१.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 68
४.१. ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 69
४.२ शिक्षक व्यवस्थापन र विकास ........ 69
४.२.१ बर्तमान अवस्था ........ 69
४.२.२ उद्देश्य ........ 71
४.२.३ रणनीतिहरू ........ 72
४.२.४ प्रमुख उपलब्धि र नतिजा ........ 72
४.२. ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 73
४.३ शैक्षिक समता र समावेशीकरण ........ 74
४.३.१ वर्तमान अवस्था ........ 74
४.३.२ उद्देश्यहरू ........ 75
४.३.३ रणनीतिहरू ........ 75
४.३.४ प्रमुख उपलब्धि र नतिजा ........ 76
४.३. ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 77
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ 77
४.४.१ वर्तमान अवस्था ........ 78
४.४.२ उद्देश्य ........ 79
४.४.३ रणनीतिहरू ........ 79
४.४.४ प्रमुख उपलब्धिहरु तथा नतिजा ........ 80
४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 81
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ........ 81
४.५.१ वर्तमान अवस्था ........ 82
४.५.२ उद्देश्यहरू ........ 83
४.५.३ रणनीतिहरू ........ 83
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 83
४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 84
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ 85
४.६.१ वर्तमान अवस्था ........ 85
४.६.२ उद्देश्य ........ 86

४.६.३ रणनीतिहरू ........ 86
४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 87
४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 88
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ 88
४.७.१ वर्तमान अवस्था ........ 88
४.७.२ उद्देश्यहरू ........ 89
४.७.३ रणनीतिहरू ........ 90
४.७.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 90
४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 91
परिच्छेद ५ : अन्य उपक्षेत्र ........ 93
५.१ उच्च शिक्षा ........ 93
५.१.१ वर्तमान अवस्था ........ 94
५.१.२ उद्देश्यहरु ........ 94
५.१.३ रणनितिहरु ........ 95
५.१.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 95
५.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ 96
परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन ........ 97
६.१ शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास ........ 97
६.१.१ वर्तमान अवस्था ........ 98
६.१.२ उद्देश्य ........ 99
६.१.३ रणनीतिहरू ........ 100
६.१.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 100
६.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 101
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ 102
६.२.१ वर्तमान अवस्था ........ 102
६.२.२ उद्देश्यहरू ........ 104
६.२.३ रणनीति ........ 104
६.२.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 105
६.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ 106
परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन ........ 107
७.१ वर्तमान अवस्था ........ 107
७.२ उद्देश्य ........ 109
७.३ रणनितिहरु ........ 109
७.४ प्रमुख उपलब्धि ........ 110
७. ५ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 110
७.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया ........ 112
७.७ योजना कार्यान्वयनका लागि विषयगत रणनीति, कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन ........ 113

**परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन ..... 115**
८.१ वर्तमान अवस्था ..... 115
८.२ उद्देश्य ..... 116
८.३ रणनीतिहरू ..... 116
८.४ प्रमुख उपलब्धि तथा नतिजा ..... 117
८.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ..... 117
**अनुसुची १ : योजनाको लेखाजोखा तथा सुझाव पत्र ..... 118**
**अनुसूची २: स्थानीय शिक्षा योजनाको ढाँचा..... 121**
**अनुसुची ३ विद्यालयको विद्यमान समस्या तथा तिनका मुख्य कारण र असरको विश्लेषण..... 122**
**अनुसुची ४ स्थानिय शिक्षा क्षेत्र योजना लेखाजोखा विवरण..... 123**
**अनुसूची ५ लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा क्षेत्रका (SWOT) विश्लेषण ..... 124**
**अनुसूची ५ शिक्षाक्षेत्रको योजना निर्माणका लागि नीतिगत दस्तावेज ..... 126**
**सन्दर्भ सामग्रीहरु..... 129**

## तालिकाहरुको सूची


तालिका नं 1 पतारी गाउँपालिकाको उमेरगत जनसंख्या विवरण . . . . . 23
तालिका नं 2 जनगणना २०७८ र २०८६ सम्मको प्रक्षेपित बिद्यालय र अन्य उमेर समुहको जनसंख्या (जम्मामा) . . . . . 24
तालिका नं 3 मध्यकालिन खर्च संरचना प्रक्षेपण (सन् २०२०/२०२३) . . . . . 27
तालिका नं 4 बिद्यालयको विवरण तथा सङ्ख्या . . . . . 29
तालिका नं 5 शिक्षक सङ्ख्या र प्रबित्ति . . . . . 31
तालिका नं 6 लक्ष्मीपुर पतारी गाउँपालिका सामुदायिक विद्यालयको कक्षा गत र तहगत जम्मा विद्यार्थी . . . . . 32
तालिका नं 8 पूर्व वालविकास तथा शिक्षाको नतिजा तथा परिमाणात्मक लक्ष्य . . . . . 50
तालिका नं 9 पूर्व वालविकास तथा शिक्षाको *प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य* . . . . . 51
तालिका नं 10 आधारभूत शिक्षाको नतिजा तथा परिमाणात्मक लक्ष्य . . . . . 54
तालिका नं 11 आधारभूत शिक्षाको *प्रमुख क्रियाकलाप र वार्षिक* . . . . . 55
तालिका नं 15 माध्यमिक तहको प्रमुख क्रियाकलाप तथा वार्षिक लक्ष्य . . . . . 60
तालिका नं 15 अनौपचारी तथा आजिवन शिक्षा क्षेत्रको मुख्य क्रियाकलाप तथा वार्षिक लक्ष्य सहित . . . . . 64
तालिका नं 16 पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मूल्यांकन क्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य . . . . . 68
तालिका नं 17 पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मूल्यांकन क्षेत्रको प्रमुख क्रियाकलाप तथा वार्षिक लक्ष्य . . . . . 69
तालिका नं 18 शिक्षक व्यवस्थापन र विकास क्षेत्रको लक्ष्मीपुर पतारी गाउँपालिकाको वर्तमान अवस्था . . . . . 70
तालिका नं 19 शिक्षक व्यवस्थापन र विकास क्षेत्रको मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य . . . . . 73
तालिका नं 20 शिक्षक व्यवस्थापन र विकास क्षेत्रको मुख्य क्रियाकलाप तथा वार्षिक लक्ष्य निधार्रण . . . . . 74
तालिका नं 21 शैक्षिक समता र समावेशीकरण क्षेत्रको मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य . . . . . 77
तालिका नं 22 शैक्षिक समता र समावेशीकरण क्षेत्रको मुख्य क्रियाकलाप तथा वार्षिक लक्ष्य . . . . . 77
तालिका नं 23 विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमको नतिजा तथा परिमाणात्मक लक्ष्य . . . . . 80
तालिका नं 24 विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमको मुख्य क्रियाकलाप तथा वार्षिक लक्ष्य सहित . . . . . 81
तालिका नं 25 सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता कार्यक्रम कार्यान्वयन पछि प्राप्त मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य . . . . . 84
तालिका नं 26 सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता कार्यक्रम कार्यान्वयनको मुख्य क्रियाकलाप तथा वार्षिक लक्ष्य सहित . . . . . 85
तालिका नं 27 विद्दालय भौतिक भूर्वाधार विकास सम्बन्धि क्षेत्रको नतिजा तथा परिमाणात्क लक्ष्य . . . . . 87
तालिका नं 28 विद्दालय भौतिक भूर्वाधार विकास सम्बन्धि क्षेत्रको प्रमुख क्रियाकलाप तथा वार्षिक लक्ष्य . . . . . 88
तालिका नं 29 विद्यालयमा सूचना तथा सञ्चार प्रविधि क्षेत्र सम्बन्धि प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य . . . . . 91
तालिका नं 30 विद्यालयमा सूचना तथा सञ्चार प्रविधि क्षेत्र सम्बन्धि प्रमुख क्रियाकलाप तथा वार्षिक लक्ष्य . . . . . 92
तालिका नं 31 उच्च शिक्षा क्षेत्रको मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य . . . . . 96
तालिका नं 32 उच्च शिक्षा क्षेत्रको मुख्य क्रियाकलाप तथा वार्षिक लक्ष्य . . . . . 96
तालिका नं 33 सुशासन तथा व्यवस्थापन क्षेत्रका मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य . . . . . 101
तालिका नं 35 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयनको प्रवन्ध क्षेत्रको मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य . . . . . 105
तालिका नं 36 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयनको प्रवन्ध क्षेत्रको मुख्य क्रियाकलाप तथा वार्षिक लक्ष्य निर्धारण . . . . . 106
तालिका नं 37 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयन गर्न संघीय सरकारबाट चाहिने बजेट अनुमान . . . . . 110
तालिका नं 38 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयन गर्न प्रदेश सरकारबाट चाहिने बजेट अनुमान . . . . . 111
तालिका नं 39 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयन गर्न स्थानिय सरकारबाट चाहिने बजेट अनुमान . . . . . 112
तालिका नं 40 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयन गर्न संघसंस्थाबाट चाहिने बजेट अनुमान . . . . . 112
तालिका नं 41 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयन गर्न वार्षिक बजेट अनुमान . . . . . 113
तालिका नं 42 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयन गर्न बार्षिक योजना तथा अनुमानित बजेट . . . . . 114
तालिका नं 43 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयन पश्चात प्राप्त प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य . . . . . 117

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान, (जारी २०७२) ले संघीय गणतन्त्र अन्तर्गत राज्य व्यवस्था संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको परिकल्पना अनुरुप क्रियाशील रहेका छन्। उक्त संविधानले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखे अनुरुप शिक्षा सम्बन्धी हक तथा प्राथमिकताहरु स्थापित गरेको छ। उक्त संवैधानिक शिक्षा सम्बन्धी हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा सम्बन्धी हकहरुलाई प्रत्याभूत गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति नीतिगत व्यवस्था गरेको छ।

नेपालको शिक्षा क्षेत्रमा सुधार र विकासका प्रयासहरू राणाकालको उत्तरार्धदेखि नै सुरु भएको पाइन्छ। तर, योजनाबद्ध रूपमा शिक्षा विकासको सुरुवात नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन, २०११ बाट भएको मानिन्छ। त्यसपछि सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८–२०३२), राष्ट्रिय शिक्षा आयोग २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्चस्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८ तथा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०७६ जस्ता विभिन्न आयोग र कार्यदलका प्रतिवेदनहरू तयार भई कार्यान्वयनमा आएका छन्।

यसका साथै शिक्षा क्षेत्रको विकासका लागि विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरू सञ्चालन गरिएका छन्। तीमध्ये रेडियो शिक्षा शिक्षक तालिम परियोजना २०३५, निरीक्षण एकाइ परियोजना २०३७, सेती परियोजना २०३८, विज्ञान शिक्षा परियोजना २०३८, प्राथमिक शिक्षा परियोजना २०४१, आधारभूत आवश्यकता परिपूर्ति योजना २०४४, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, माध्यमिक शिक्षा विकास परियोजना २०५०, शिक्षाका लागि खाद्य कार्यक्रम २०५२, शिक्षक शिक्षा आयोजना (२०५९–२०६५), माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३–२००८), सामुदायिक विद्यालय सहयोग कार्यक्रम (२०५९–२०६६) तथा व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (२०६८–२०७२) प्रमुख छन्।

त्यसैगरी, "सबैका लागि शिक्षा" कार्यक्रम (२००१–२०१५), सहस्राब्दी विकास लक्ष्य (२०००–२०१५) र दिगो विकासका लागि शिक्षा कार्यक्रम (२०१५–२०३०) ले निर्धारण गरेका उद्देश्य तथा सूचकहरू हासिल गर्न विद्यालय क्षेत्र सुधार योजना (२००९–२०१५) र विद्यालय क्षेत्र विकास योजना (२०१६–२०२२) कार्यान्वयनमा ल्याइयो।

यी सबै प्रयास र अनुभवलाई आधार मानी लक्ष्मीपुर पतारी गाउँपालिकाले आगामी १० वर्षको शैक्षिक विकासलाई लक्षित गरी स्थानिय शिक्षा क्षेत्र योजना (Local Education Sector Plan - LESP) तयार गरेको छ।

## १.२ वर्तमान अवस्था

लक्ष्मीपुर पतारी गाउँपालिकामा हाल शिक्षा क्षेत्रको समग्र अवस्था विश्लेषण गर्दा यहाँ कुल ३१ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन्, जसमा १७ वटा सामुदायिक, ६ वटा धार्मिक र ८ वटा संस्थागत विद्यालयहरू पर्दछन्। सबै वडामा विद्यालयको पहुँच रहे तापनि भौतिक पूर्वाधार, शैक्षिक गुणस्तर र स्रोतसाधनको उपलब्धतामा एकरूपता देखिँदैन। केही विद्यालयहरूमा विषयगत दक्ष शिक्षकको कमी रहेको छ भने ICT तथा प्रविधिमा आधारित शिक्षणको प्रयोग अझै सीमित अवस्थामा छ।

शिक्षा सुधारका लागि गाउँपालिकाले विद्यालय भवन निर्माण तथा मर्मत, शिक्षक तालिम तथा क्षमता विकास, छात्रवृत्ति कार्यक्रम र विद्यालय भर्ना अभियानजस्ता विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यी कार्यक्रमहरू संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा समुदायको सहकार्यमा वार्षिक योजना र बजेट प्रणालीमार्फत कार्यान्वयन गरिएका छन्। लक्ष्मीपुर पतारी गाउँपालिकामा शिक्षा क्षेत्रमा महत्वपूर्ण प्रगति भए पनि अझै

गुणस्तर, पूर्वाधार, शिक्षक व्यवस्थापन र प्रविधि प्रयोगका क्षेत्रमा सुधारको आवश्यकता छ। आगामी स्थानिय शिक्षा योजना (LESP) मार्फत यी चुनौतीहरूलाई सम्बोधन गर्दै समावेशी र गुणस्तरीय शिक्षा प्रणाली विकास गर्न सकिन्छ ।

लक्ष्मीपुर पतारी गाउँपालिकाले वार्षिक बजेट तथा कार्यक्रममार्फत गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्न विभिन्न शैक्षिक हस्तक्षेपहरू सञ्चालन हुँदै आएका छन्। गाउँपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकता दिँदै पूर्वाधार विकास, पहुँच विस्तार र सिकाइ सुधारलाई केन्द्रमा राखेर कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ। वार्षिक बजेट योजनाअन्तर्गत विद्यालय भवन निर्माण तथा मर्मत, कक्षाकोठा सुधार, शौचालय तथा खानेपानी व्यवस्थापनजस्ता भौतिक पूर्वाधार विकासका कार्यहरू निरन्तर रूपमा सञ्चालन गरिएका छन् । त्यसैगरी, प्रारम्भिक बाल विकास केन्द्रहरूको सुदृढीकरण, आधारभूत तहमा भर्ना अभियान, र विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षामा पुनः समेट्ने कार्यक्रमहरू पनि सञ्चालन गरिएका छन् । छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रममार्फत विपन्न, दलित, बालिका तथा जोखिममा रहेका बालबालिकाको शिक्षामा पहुँच विस्तार गर्ने प्रयास गरिएको छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक तालिम, क्षमता विकास कार्यक्रम तथा विषयगत शिक्षण सुधारका गतिविधिहरू पनि बजेटमार्फत समावेश गरिएका छन्। साथै, विद्यालयमा ICT तथा प्रविधि आधारित शिक्षण विस्तार गर्ने, डिजिटल सिकाइ सामग्री उपलब्ध गराउने र सिकाइ सुधारका लागि अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्ने कार्यक्रमहरू पनि कार्यान्वयनमा छन् ।

गाउँपालिकाले विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा समुदायसँगको सहकार्यमा शिक्षा सुधारका कार्यक्रमहरू अघि बढाउँदै आएको छ। यी सबै हस्तक्षेपहरूको उद्देश्य सबै बालबालिकालाई समावेशी, सुरक्षित र गुणस्तरीय आधारभूत शिक्षा प्रदान गर्नु हो। यद्यपि, विद्यालयहरूको गुणस्तरमा एकरूपता ल्याउने, विषयगत दक्ष शिक्षकको पूर्ण व्यवस्था गर्ने र प्रविधिमैत्री शिक्षणलाई विस्तार गर्ने कार्य अझै निरन्तर चुनौतीका रूपमा रहेका छन् ।

**आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम मार्फत शिक्षा क्षेत्रका प्रमुख उपलब्धिहरू**

१. किशोरी शिक्षा कार्यक्रममार्फत विद्यालयबाहिर रहेका ९४ जना किशोरीहरूलाई शैक्षिक सत्र २०८२ मा विद्यालयमा भर्ना गरियो ।

२. बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानसम्बन्धी कार्यक्रममार्फत २२ जना शिक्षकहरूको क्षमता विकास गरी प्रारम्भिक बालविकासदेखि कक्षा ३ सम्मका २,७०० विद्यार्थीहरूको प्रारम्भिक अपाङ्गता पहिचान कार्य सम्पन्न गरियो ।

३. प्रारम्भिक बालविकास कक्षाका विद्यार्थीहरूको सिकाइमा सुधार ल्याउने उद्देश्यले ३४ जना बालविकास सहजकर्ता शिक्षकहरूको क्षमता विकास तालिम सम्पन्न गरियो ।

४. आधारभूत तह (कक्षा १–३) मा अध्यापन गराउने ३० जना शिक्षकहरूलाई एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम सञ्चालन गरी क्षमता विकास गरियो ।

५. सामुदायिक विद्यालयमा सूचना प्रविधिसम्बन्धी कार्य गर्ने २२ जना शिक्षकहरूलाई आईटी स्रोत शिक्षकसम्बन्धी क्षमता विकास तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरियो ।

६. शैक्षिक सत्र २०८१ मा विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भई विघटन भएका २२ वटा सामुदायिक विद्यालयमध्ये २१ वटा विद्यालयमा विद्यालय सञ्चालन, व्यवस्थापन तथा रेखदेखका लागि विद्यालय व्यवस्थापन समिति सौहार्दपूर्ण वातावरणमा गठन गरियो ।

७. शिक्षकहरूको वृत्तिविकासका लागि समयमै कार्यसम्पादन मूल्याङ्कन लगायतका कार्य सम्पन्न गरियो । यसअन्तर्गत माध्यमिक तह द्वितीयमा १ जना, प्राथमिक तह प्रथममा ३ जना र प्राथमिक तह द्वितीयमा २ जना शिक्षक बढुवा भएका छन् ।

८. यस गाउँपालिकाको शैक्षिक व्यवस्थापनका निम्ति १० वर्षे गाउँ शिक्षा योजना तथा Education Profile निर्माण एवं अध्यावधिक गरिएको छ ।

९. स्थानीय विषयवस्तुबारे शिक्षण सिकाइ हुने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ ।

१०. ५४ जना बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरूलाई कार्यप्रति उत्साहित गर्न प्रोत्साहनस्वरूप गाउँपालिकाबाट थप रु. ७,०००/- मासिक तलबभत्ता प्रदान गरिएको छ।

११. आर्थिक वर्ष २०८१/८२ मा USAID को EGL कार्यक्रममार्फत १६ वटा सामुदायिक विद्यालयहरूमा कक्षा १–३ सम्मको कक्षाकोठा व्यवस्थापन कार्य सम्पन्न गरिएको छ।

१२. आवश्यकताअनुसार गाउँपालिका स्तरीय प्रधानाध्यापक बैठक तथा तालिममार्फत सम्पूर्ण प्रधानाध्यापकहरूको नेतृत्व तथा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीसम्बन्धी क्षमता अभिवृद्धि गरिएको छ।

१३. यस गाउँपालिकाअन्तर्गत सञ्चालित सम्पूर्ण विद्यालयहरूको शैक्षिक गतिविधिमा एकरूपता कायम गर्न वार्षिक शैक्षिक क्यालेन्डर निर्माण तथा कार्यान्वयन गरिएको छ।

१४. श्री जनता डोमी चौधरी माध्यमिक विद्यालय को शैक्षिक व्यवस्थापनका निम्ति रु. १५ लाख अनुदान प्रदान गरिएको छ।

१५. खेलकुद विकासका लागि विभिन्न अध्यक्ष कप तथा उपाध्यक्ष कप प्रतियोगिताहरू आयोजना गरिएका छन्।

**लक्ष्मीपुर पतारी गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम अन्तर्गत शिक्षा क्षेत्रतर्फ नीति तथा कार्यक्रम**

१. गाउँपालिकाभित्र रहेका विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकाहरू विद्यालयबाहिर नरहने गरी विद्यालय भर्ना अभियान सञ्चालन गरिनेछ।

२. सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्म अध्ययनरत बालबालिकाहरूका लागि आवश्यक कापी, पेन्सिल, कटर तथा इरेजर वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

३. विद्यालय अनुगमनलाई प्रभावकारी बनाउन नमुनाका रूपमा विद्यालयहरूमा सी.सी. क्यामरा जडान गरिनेछ।

४. प्राविधिक, सीपमूलक तथा व्यवसायमुखी शिक्षामा जोड दिन विद्यालयमा शैक्षिक क्यालेन्डरबमोजिम प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलापसँगै विभिन्न प्रकारका सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

५. दण्ड तथा हिंसारहित सिकाइ वातावरण सिर्जना गरी बालमैत्री शिक्षण–सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ।

६. शिक्षण कार्यमा ICT को पहुँच विस्तार गर्दै प्रविधिमैत्री शिक्षालाई अवलम्बन गरिनेछ।

७. प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन गर्न प्रत्येक माध्यमिक विद्यालयमा स्मार्ट बोर्ड जडान गरिनेछ।

८. सामुदायिक विद्यालयहरूको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीहरूको आकर्षण बढाउन विद्यालय अनुगमन कार्यलाई निरन्तरता दिइनेछ।

९. पठनपाठन कार्यप्रति अभिभावकहरूलाई बढी जिम्मेवार बनाउन टोल–टोलमा अभिभावक सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१०. विद्यालयका नयाँ भौतिक निर्माण कार्यहरू बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री बनाइनेछ।

११. शिक्षकहरूको पेशागत दक्षताका लागि क्षमता विकास तालिम, शैक्षिक सामग्री निर्माण तालिम तथा प्रधानाध्यापक र लेखा कर्मचारीहरूका लागि व्यावसायिक क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनुका साथै IEMIS व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२. विद्यालयको लेखापरीक्षण तथा सामाजिक परीक्षणलाई पारदर्शी एवं यथार्थमुखी बनाउन प्रोत्साहित गरिनेछ।

१३. अभिभावकहरूको माग र आवश्यकताअनुसार सामुदायिक विद्यालयहरूमा कक्षा १ देखि १० सम्म अंग्रेजी माध्यमबाट पठनपाठन सञ्चालन गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

१४. विद्यालयमा उपलब्ध कम्प्युटर, ल्यापटप तथा मल्टिमिडियामार्फत सञ्चालन हुने सूचना तथा पठनपाठन कार्यका लागि वैकल्पिक विद्युतीय ऊर्जाको व्यवस्था गर्न विभिन्न संघसंस्थासँग साझेदारी गरिनेछ।

१५. बालबालिकाको पोषण स्तरमा सुधार ल्याउन तथा शैक्षिक सत्र पूरा नगरी बीचमै कक्षा छोड्ने समस्या समाधान गर्न सामुदायिक विद्यालयका कक्षा ५ सम्मका सबै बालबालिकाहरूलाई विद्यालय समयमा ६ दिनमा ६ प्रकारका दिवाखाजा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६. साक्षर गाउँपालिका घोषणा गर्न अनौपचारिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिनेछन्। साथै, यस अभियानमा सामुदायिक विद्यालयहरूलाई समेत परिचालन गरिनेछ।

१७. गाउँपालिकाभित्र रहेका संस्थागत विद्यालयहरूले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानको उच्च कदर गर्दै त्यहाँ रहेको प्राज्ञिक ज्ञान, सीप, कला र क्षमतालाई सामुदायिक विद्यालयमा उपयोग गर्न समन्वय र सहकार्य गरिनेछ।

१८. अध्यक्ष कप तथा वडा स्तरीय, गाउँपालिका स्तरीय एवं अन्तरविद्यालय खेलकुद कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

१९. स्थानीय पाठ्यक्रम निर्माण गरी गाउँपालिकाभित्र रहेका ऐतिहासिक तथा पुरातात्त्विक स्थानहरूको बारेमा विद्यालयमा शिक्षण गरिनेछ।

२०. स्थानीय तहको साझेदारीमा भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२१. सामुदायिक विद्यालयहरूको बाउन्ड्रीवाल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२२. गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्ने उद्देश्यले गाउँपालिकाभित्रका सम्पूर्ण सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरूको कक्षा ८ को गाउँपालिका स्तरीय वार्षिक परीक्षा सञ्चालन गरी गाउँपालिकाबाटै उत्तरपुस्तिका परीक्षण तथा नतिजा प्रकाशन गरिनेछ। साथै, अन्य कक्षाको परीक्षा कार्यक्रम सम्बन्धित विद्यालयमै सञ्चालन हुने गरी गाउँपालिकाबाट परीक्षा सामग्री उपलब्ध गराइनेछ र गृहविद्यालयलाई नै परीक्षा केन्द्र कायम गरिनेछ।

२३. अपाङ्गता भएका व्यक्ति तथा वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका परिवारका बालबालिकाहरूलाई शिक्षामा विशेष अवसर सुनिश्चित गरिनेछ।

२४. शिक्षाको पहुँच विस्तार गर्ने, गुणस्तर अभिवृद्धि गर्ने, संस्थागत क्षमता विकास गर्ने तथा आधुनिक शिक्षा पद्धति कायम गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२५. प्रयोगविहीन स्थानीय सामग्रीहरूको प्रयोग गरी शैक्षिक सामग्री निर्माण गर्ने संस्थाहरूसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

२६. लागूऔषध दुर्व्यसन न्यूनीकरणका लागि स्थानीय तह–प्रहरी–विद्यालय समन्वय कार्यक्रम सञ्चालन गरिनेछ।

२७. विद्यालयको प्रशासनिक कार्यलाई छिटो, छरितो तथा व्यवस्थित बनाउन "एक विद्यालय, एक कम्प्युटर सेट" कार्यक्रम सञ्चालन गरिनेछ।

२८. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न स्वयंसेवक शिक्षक भर्ना गरिनेछ।

लक्ष्मीपुर पतारी गाउँपालिकाको भौगोलिक, जनसाङ्ख्यिक,आर्थिक तथा अन्य पक्षहरुको विश्लेषण यस प्रकारको रहेको छ।

**(क) भौगोलिक अवस्थितिको विश्लेषण**

लक्ष्मीपुर पतारी गाउँपालिका सिराहा जिल्लामा अवस्थित छ। यसको कुल क्षेत्रफल करिब ४२.३३ वर्ग किलोमिटर रहेको छ। भौगोलिक रूपमा यो समथर तराई क्षेत्रअन्तर्गत पर्दछ। गाउँपालिकाको सिमाना उत्तरतर्फ धनगढीमाई नगरपालिका र लहान नगरपालिका, दक्षिणतर्फ बरियारपट्टी गाउँपालिका, पूर्वतर्फ सखुवानन्कारकट्टी गाउँपालिका र पश्चिमतर्फ सुखीपुर नगरपालिका रहेका छन्। प्रशासनिक रूपमा यसलाई ६ वटा वडामा विभाजन गरिएको छ र गाउँपालिकाको केन्द्र वडा नं. ३ महेशपुर पतारीमा अवस्थित छ। जैविक विविधताको दृष्टिले यहाँ कृषि–आधारित जैविक प्रणाली प्रबल छ। धान, गहुँ, मकै, दलहन तथा तरकारी बालीहरूको उत्पादन प्रमुख रूपमा हुने गर्दछ। साथै, स्थानीय वनस्पति, पशुपालन तथा ग्रामीण पारिस्थितिक प्रणालीले जैविक विविधतालाई समर्थन गरेको छ। प्राकृतिक प्रकोपको दृष्टिले यो क्षेत्र बाढी, डुबान, गर्मी लहर (heat wave) तथा कहिलेकाहीँ हावाहुरीजस्ता जोखिममा पर्ने गर्दछ।

**(ख) जनसाङ्ख्यिक सरंचनाको विश्लेषण**

लक्ष्मीपुर पतारी गाउँपालिकाको कुल जनसंख्या ३१,११८ रहेको छ। यसमध्ये पुरुषको संख्या १५,०६८ जना (४८.४१ प्रतिशत) र महिलाको संख्या १६,०५० जना (५१.५९ प्रतिशत) रहेको छ। यस आधारमा गाउँपालिकामा महिलाको जनसंख्या पुरुषभन्दा केही बढी रहेको देखिन्छ। गाउँपालिकाको लैङ्गिक अनुपात १.०६ रहेको छ, जसले प्रति १०० महिलामा करिब १०६ पुरुष रहेको संकेत गर्दछ। जनसंख्याको बनावट हेर्दा बालबालिका, किशोर–किशोरी, युवा, वयस्क तथा ज्येष्ठ नागरिक सबै उमेर समूहका मानिसहरू यहाँ बसोबास गर्दछन्।

गाउँपालिकामा दलित, जनजाति, मुस्लिम, पिछडिएका वर्ग तथा अन्य सीमान्तकृत समुदायहरूको पनि उल्लेखनीय उपस्थिति रहेको छ। साथै, अपाङ्गता भएका व्यक्तिहरूको समेत बसोबास रहेकोले समावेशी विकास र सेवाप्रवाह आवश्यक देखिन्छ। जनसंख्या वृद्धि दर ०.९९ % मध्यम रहेको अनुमान गरिन्छ। शिक्षा, स्वास्थ्य, रोजगारी तथा वैदेशिक रोजगारका कारण बसाइँसराइँको अवस्था पनि देखिन्छ। विशेषगरी युवा जनशक्ति रोजगारी तथा अध्ययनका लागि शहर तथा विदेशतर्फ जाने प्रवृत्ति बढ्दो छ। अर्कोतर्फ, गाउँपालिकामा आन्तरिक बसाइँसराइँको प्रभाव पनि सीमित रूपमा देखिन्छ।

भविष्यमा जनसंख्याको संरचना तथा आवश्यकतामा परिवर्तन आउने सम्भावना भएकाले शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार तथा सामाजिक सेवाको योजना बनाउँदा जनसंख्या प्रक्षेपणलाई आधार बनाउन आवश्यक देखिन्छ। विभिन्न उमेर समूहको जनसंख्यालाई तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं 1 पतारी गाउँपालिकाको उमेरगत जनसंख्या विवरण**

| उमेर समूह | जनसङ्ख्या<br>जम्मा जनसङ्ख्यामा प्रतिशत | | |
|---|---|---|---|
| | २०७८ | | जनसङ्ख्या वृद्धि दर |
| ०-४ वर्ष | ३४५० | ९% | ०.९९ |
| ५-९ वर्ष | ३७४७ | ८.३% | |
| १०-१४ वर्ष | ३६३४ | ८.५% | |
| १५-१९ वर्ष | ३४५९ | ८.९% | |
| २०-२४ वर्ष | २९५० | १०.५% | |
| २५-२९ वर्ष | २४४६ | १२.% | |
| ३०-३४ वर्ष | १९१९ | १६.% | |
| ३५-३९ वर्ष | २२५९ | १३.७% | |
| ४०-४४ वर्ष | १४७२ | २१.१% | |
| ४५-४९ वर्ष | १४७१ | २१.१% | |
| ५०-५४ वर्ष | १२४५ | २४.९% | |
| ५५-५९ वर्ष | १०८५ | २८.६% | |
| ६०-६४ वर्ष | ९९५ | ३१.२७% | |
| ६५-६९ वर्ष | ९३४ | ३३.३% | |
| ७०-७४ वर्ष | ६५५ | ४७.५% | |
| ७५-७९ वर्ष | २६५ | १७% | |
| ८०-८४ वर्ष | ९१ | ४१% | |
| ७५-७९ वर्ष | २६५ | १७% | |
| ८०+ वर्ष | १८६ | १६% | |
| जम्मा | ३१११८ | | |

स्रोतः *Census 2078*

तालिका नं  2 जनगणना २०७८ र २०८६ सम्मको प्रक्षेपित बिद्यालय र अन्य उमेर समुहको जनसंख्या (जम्मामा)

| उमेर समूह | २०७८ को जनगणना | प्रक्षेपित जनसंख्या (जम्मामा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
| ३ | ७७४ | ७८२ | ७८९ | ७९७ | ८०५ | ८१३ | ८२१ | ८२६ | ८३ |
| ४ | ७७४ | ७८२ | ७८९ | ७९७ | ८०५ | ८१३ | ८२१ | ८२६ | ८३ |
| ५ | ७०९ | ७१६ | ७२३ | ७३० | ७३७ | ७४५ | ७५२ | ७६० | ७६७ |
| ५-९ | ३५३२ | ३५६७ | ३६०१ | ३६३९ | ३६७४ | ३७१० | ३७४७ | ३७८४ | ३८२१ |
| १०-१२ | २१८२ | २२०४ | २२२६ | २२४८ | २२७० | २२९२ | २३१५ | २३३८ | २३६१ |
| ५-१२ | ५७१४ | ५७७१ | ५८२७ | ५८८७ | ५९४४ | ६००२ | ६०६२ | ६१२२ | ६१८२ |
| १३-१४ | १२४४ | १२५६ | १२६९ | १२८१ | १२९४ | १३०७ | १३१९ | १३३३ | १३४६ |
| १५-१६ | १४३१ | १४५२ | १४६० | १४७४ | १४८९ | १५०३ | १५१८ | १५३३ | १५४८ |
| १३-१६ | २६७५ | २७०१ | २७२९ | २७५५ | २७८३ | २८१० | २८३७ | २८७७ | २८९४ |
| ५+ | २७८६६ | २८१४१ | २८२४० | २८७०२ | २८९८६ | २९२७३ | २९५६३ | २९८५५ | ३०११५ |
| १५-२४ | ६२११ | ६२२७ | ६३३५ | ६३२७ | ६४६१ | ६५२५ | ६५६८ | ६६५४ | ६७०२ |
| १५+ | २०९०८ | २१११५ | २१३२४ | २१५३५ | २१७४८ | २१९६४ | २२१८१ | २२४०२ | २२६२२ |
| जम्मा | ७४०२० | ७४७५३ | ७५४९२ | ७६२४२ | ७६९९६ | ७७७५७ | ७८५२५ | ७९३०४ | ८००८९ |

**क) कृषि योग्य भूमि र उत्पादन**

लक्ष्मीपुर पतारी गाउँपालिका मा कृषि नै मुख्य पेशा तथा आयआर्जनको प्रमुख आधार रहेको छ। गाउँपालिकामा धान, गहुँ, मकै, दलहन, तेलहन तथा तरकारी बालीको उत्पादन व्यापक रूपमा हुने गरेको छ। यहाँको अधिकांश कृषि योग्य भूमि समथर तराई क्षेत्रमा अवस्थित भएकाले खेतीका लागि उपयुक्त मानिन्छ। सिंचाइको लागि मुख्य रूपमा नहर, ट्युबवेल, बोरिङ, पोखरी तथा वर्षामा आधारित प्रणाली प्रयोग हुँदै आएको छ। केही क्षेत्रमा वर्षभरि सिंचाइ सुविधा उपलब्ध भए पनि धेरै खेतीयोग्य जमिन अझै मौसमी वर्षामा निर्भर रहेको अवस्था छ। विशेषगरी सुख्खा मौसममा पर्याप्त सिंचाइ अभावका कारण उत्पादनमा कमी आउने गरेको छ।

**प्रमुख बाली**

यस गाउँपालिकामा कृषि प्रमुख जीविकोपार्जनको आधार हो। यहाँ मुख्य रूपमा धान, गहुँ, मकै, दलहन (मसुरो, चना, मुंग आदि), तेलहन (तोरी), आलु तथा विभिन्न तरकारी बाली खेती गरिन्छ। साथै, स्थानीय आवश्यकता तथा बजारको मागअनुसार आँप, लिची, केरा, अम्बा लगायतका मौसमी फलफूल समेत उत्पादन गरिँदै आएको छ, जसले कृषकहरूको आयआर्जन र खाद्य सुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याएको छ।बालीचक्र

**कृषि**

लक्ष्मीपुर पतारी गाउँपालिका मा अधिकांश जनसंख्या कृषि पेशामा आबद्ध रहेको पाइन्छ। यहाँको कृषि प्रणाली परम्परागत भए पनि पछिल्लो समय आधुनिक कृषि प्रविधि, उन्नत बीउ, रासायनिक तथा प्रांगारिक मल, कृषि औजार तथा सिंचाइ प्रविधिको प्रयोग बढ्दै गएको छ । गाउँपालिकामा खाद्यान्न बालीसँगै व्यावसायिक तरकारी खेती, फलफूल खेती, पशुपालन

तथा माछापालनको सम्भावना पनि उच्च रहेको छ। कृषकहरूलाई कृषि तालिम, बीउबिजन, सिंचाइ सुविधा तथा बजार पहुँच विस्तार गरिएमा कृषि उत्पादन तथा आयस्तर वृद्धि हुने सम्भावना रहेको छ।

यस गाउँपालिकामा कृषि तथा पशुपालन स्थानीय अर्थतन्त्रको प्रमुख आधारका रूपमा रहेका छन्। यहाँ धान, गहुँ, मकै, तोरी, दलहन, तरकारी तथा फलफूल मुख्य कृषि बालीका रूपमा उत्पादन गरिन्छ। धान र गहुँ मुख्य खाद्यान्नका रूपमा घरायसी उपभोग तथा बिक्रीका लागि प्रयोग गरिन्छ भने मकै मानव उपभोगका साथै पशु आहारका रूपमा उपयोग हुने गरेको छ। तोरीबाट खाने तेल उत्पादन गरिन्छ भने दलहनले पोषणयुक्त खाद्यान्न उपलब्ध गराउनुका साथै माटोको उर्वराशक्ति कायम राख्न सहयोग पुऱ्याउँछ। तरकारी तथा फलफूल खेतीले स्थानीय बजारमा आपूर्ति, पोषण सुधार तथा व्यावसायिक आम्दानीमा योगदान पुऱ्याएको छ। त्यसैगरी, पशुपालनबाट दूध, मासु तथा अतिरिक्त आम्दानी प्राप्त हुने गरेको छ भने माछापालन पनि खाद्य सुरक्षासँगै आयआर्जनको महत्वपूर्ण स्रोतका रूपमा विकास हुँदै गएको छ।

लक्ष्मीपुर पतारी गाउँपालिका मा कृषि उत्पादनको मुख्य आधार सिंचाइ प्रणाली भए पनि हालसम्म पर्याप्त र दिगो सिंचाइ सुविधा पूर्ण रूपमा विकास हुन सकेको छैन। गाउँपालिकाको अधिकांश कृषियोग्य भूमि वर्षामा आधारित खेती प्रणालीमा निर्भर रहेको पाइन्छ। विशेषगरी धान खेतीका लागि मनसुन वर्षामा उच्च निर्भरता रहेको छ।

सिंचाइका प्रमुख स्रोतहरूमा नहर, गहिरो बोरिङ (Deep Boring), ट्यूबवेल, निजी बोरिङ, पोखरी तथा वर्षाको पानी रहेका छन्। यस गाउँपालिकाका केही क्षेत्रमा किसानहरूले आधुनिक सिंचाइ प्रविधि जस्तै ड्रिप इरिगेशन (Drip Irrigation), मल्चिङ प्रविधि तथा साना सिंचाइ प्रणाली प्रयोग गर्न थालेका छन्। यसले तरकारी तथा व्यावसायिक खेतीमा सकारात्मक प्रभाव पारेको छ। यसैगरी, खुट्टीखोला सिंचाइ नहर परियोजना सञ्चालनमा आएपछि लक्ष्मीपुर पतारीसहित सिराहाका विभिन्न स्थानीय तहका करिब ९३५ बिगाहा जमिनमा सिंचाइ सुविधा पुग्ने अपेक्षा गरिएको छ ।

सिंचाइ क्षेत्रका मुख्य समस्याहरू

यस गाउँपालिकाको कृषि प्रणाली अझै पनि ठूलो मात्रामा वर्षामा आधारित भएकाले उत्पादनमा अनिश्चितता देखिने गरेको छ। गहिरा बोरिङ, नहर तथा अन्य सिंचाइ पूर्वाधारहरू पूर्ण रूपमा सञ्चालनमा आउन नसक्दा वर्षभरि पर्याप्त सिंचाइ सुविधा उपलब्ध हुन सकेको छैन। भूमिगत पानीको सतह क्रमशः घट्दै जानु, विद्युत् तथा पाइपलाइन पूर्वाधारको अभाव, साना तथा सीमित सिंचाइ आयोजनाहरू, साथै जलवायु परिवर्तनका कारण खडेरी र अनियमित वर्षाको समस्या बढ्दै जाँदा कृषि उत्पादन र उत्पादकत्वमा नकारात्मक प्रभाव परेको छ।

**सिंचाइ क्षेत्रका सम्भावना तथा अवसर**

यस गाउँपालिकामा सिंचाइ क्षेत्रको विकासका लागि प्रशस्त सम्भावना रहेका छन्। सौर्य ऊर्जामा आधारित सिंचाइ प्रणालीको विस्तार, ड्रिप तथा स्प्रिंकलरजस्ता आधुनिक सिंचाइ प्रविधिको प्रयोग र प्रवर्द्धन, साथै सञ्चालनमा नरहेका नहर तथा गहिरा बोरिङहरूको मर्मत तथा पुनः सञ्चालनमार्फत वर्षभरि सिंचाइ सुविधा विस्तार गर्न सकिन्छ। कृषि सहकारी तथा किसान समूहमार्फत सामूहिक सिंचाइ व्यवस्थापनलाई सुदृढ बनाउन सकिनेछ। त्यसैगरी, वर्षा पानी संकलन, जल संरक्षण तथा पुनर्भरणसम्बन्धी कार्यक्रमहरूको विस्तारबाट जलस्रोतको दिगो उपयोग सुनिश्चित गर्दै कृषि उत्पादन र उत्पादकत्वमा उल्लेखनीय वृद्धि गर्न सकिने पर्याप्त अवसर रहेको छ।

यसरी, लक्ष्मीपुर पतारी गाउँपालिकामा सिंचाइको अवस्था सुधारोन्मुख भए पनि अझै दिगो, भरपर्दो र वर्षभरि सञ्चालन हुने सिंचाइ पूर्वाधार विकास गर्न आवश्यक देखिन्छ।

### ख) पर्यटकीय एवं ऐतिहासिक विशेषता

लक्ष्मीपुर पतारी गाउँपालिकाको पहिचान, इतिहास र सांस्कृतिक सम्पदासँग गहिरो रूपमा जोडिएको महत्वपूर्ण धरोहरमध्ये **पतारी पोखरी** एक प्रमुख ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्थल हो। गाउँपालिकाको नामकरणसमेत यसै पतारी पोखरीको नामबाट भएको मान्यता स्थानीय समुदायमा रहिआएको छ। प्राचीनकालदेखि नै यो पोखरी स्थानीय जनजीवन,

धार्मिक आस्था र सामाजिक गतिविधिको केन्द्रका रूपमा स्थापित रहेको छ। पतारी पोखरी प्राकृतिक सौन्दर्यले भरिपूर्ण जलाशय मात्र नभई यस क्षेत्रको ऐतिहासिक सभ्यता र सांस्कृतिक पहिचानको जीवन्त प्रतीकका रूपमा परिचित छ। स्थानीय जनविश्वासअनुसार यस पोखरीसँग धार्मिक तथा आध्यात्मिक महत्व जोडिएको छ, जसका कारण वर्षभरि नै श्रद्धालु तथा दर्शनार्थीहरूको आगमन हुने गर्दछ।

पतारी पोखरीको विशेष महत्व यहाँ हरेक वर्ष **वैशाख २ गते लाग्ने ऐतिहासिक तथा धार्मिक मेलासँग** जोडिएको छ। उक्त अवसरमा सिरहा जिल्लासहित छिमेकी जिल्लाहरू तथा भारतका सीमावर्ती क्षेत्रबाट समेत हजारौं श्रद्धालु, भक्तजन तथा दर्शकहरूको सहभागिता रहने गर्दछ। मेलामा धार्मिक पूजाआजा, सांस्कृतिक कार्यक्रम, स्थानीय व्यापारिक गतिविधि तथा सामाजिक भेटघाटका कार्यक्रमहरू सञ्चालन हुने भएकाले यो मेला धार्मिक आस्थाको केन्द्र मात्र नभई सामाजिक सद्भाव र सांस्कृतिक एकताको प्रतीकका रूपमा पनि परिचित छ।

विगतमा पतारी पोखरी स्थानीय समुदायका लागि खानेपानी, सिँचाइ तथा जलस्रोत व्यवस्थापनको महत्वपूर्ण आधारका रूपमा रहेको थियो। पोखरी वरपर विकसित बस्ती तथा कृषि प्रणालीले यस क्षेत्रको ऐतिहासिक विकास र जीवनशैलीलाई प्रतिविम्बित गर्दछ। यसले स्थानीय वातावरणीय सन्तुलन कायम राख्न र जैविक विविधताको संरक्षणमा समेत योगदान पुऱ्याउँदै आएको छ।

हाल पतारी पोखरी धार्मिक पर्यटन, सांस्कृतिक संरक्षण तथा स्थानीय आर्थिक विकासको महत्वपूर्ण सम्भावना बोकेको स्थलका रूपमा रहेको छ। यसको संरक्षण, सौन्दर्यीकरण तथा व्यवस्थित विकासमार्फत गाउँपालिकाको ऐतिहासिक पहिचानलाई थप सशक्त बनाउन सकिने देखिन्छ। साथै, वार्षिक मेलाको प्रवर्द्धनले आन्तरिक पर्यटन विकास, स्थानीय उत्पादनको बजारीकरण तथा सांस्कृतिक सम्पदाको संरक्षणमा समेत महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ।

यसरी पतारी पोखरी लक्ष्मीपुर पतारी गाउँपालिकाको ऐतिहासिक गौरव, धार्मिक आस्था, सांस्कृतिक सम्पदा तथा प्राकृतिक सौन्दर्यको अनुपम धरोहरका रूपमा स्थापित रहेको छ। यसको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्नु सम्पूर्ण गाउँपालिकावासीको साझा दायित्व तथा गौरवको विषय हो ।

**(ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण**

लक्ष्मीपुर पतारी गाउँपालिका सामाजिक तथा सांस्कृतिक विविधताले सम्पन्न क्षेत्र हो। यहाँ विभिन्न जातजाति, धर्म, भाषा तथा संस्कृतिका समुदायहरूको बसोबास रहेको छ। गाउँपालिकामा मुख्य रूपमा मधेसी, यादव, मुस्लिम, दलित, जनजाति तथा अन्य समुदायहरूको सहअस्तित्व पाइन्छ। हिन्दु र मुस्लिम धर्मावलम्बीहरूको बाहुल्यता रहेको यस क्षेत्रमा धार्मिक सहिष्णुता, सामाजिक सद्भाव तथा पारस्परिक सहयोगको भावना कायम रहेको छ।

यहाँका समुदायहरूमा परम्परागत संस्कार, चाडपर्व, रीतिरिवाज तथा सामाजिक मूल्य–मान्यताहरू अझै पनि महत्वपूर्ण रूपमा प्रचलनमा रहेका छन्। छठ, होली, दीपावली, ईद, विवाह, व्रतबन्ध तथा अन्य सांस्कृतिक कार्यक्रमहरू सामूहिक रूपमा मनाउने परम्परा रहेको छ। यसले सामाजिक एकता र सांस्कृतिक पहिचानलाई मजबुत बनाएको छ । भाषागत रूपमा यहाँ मैथिली प्रमुख मातृभाषाका रूपमा प्रयोग हुने गर्दछ भने नेपाली भाषा पनि प्रशासनिक, शैक्षिक तथा औपचारिक कार्यमा व्यापक रूपमा प्रयोग हुन्छ। गाउँपालिकामा परम्परागत कृषि प्रणाली, हस्तकला, पशुपालन तथा स्थानीय प्रविधिमा आधारित सीपहरू अझै पनि व्यवहारमा रहेका छन्। स्थानीय समुदायमा पुस्तान्तरण हुँदै आएका रैथाने ज्ञान तथा सीपहरूले ग्रामीण जीवनयापन र सामाजिक संरचनालाई निरन्तरता दिएका छन् । समग्रमा, लक्ष्मीपुर पतारी गाउँपालिका सामाजिक, सांस्कृतिक तथा भाषिक विविधताले सम्पन्न क्षेत्र भएकाले समावेशी विकास, सांस्कृतिक संरक्षण तथा स्थानीय ज्ञान र सीपको प्रवर्द्धनमा विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका सामाजिक तथा सांस्कृतिक विविधताले सम्पन्न स्थानीय तह हो। यहाँ विभिन्न जातजाति, भाषा, धर्म, संस्कार तथा परम्पराको सहअस्तित्व पाइन्छ। गाउँपालिकामा बसोबास गर्ने समुदायहरूमध्ये यादव समुदायको जनसंख्या सबैभन्दा बढी (६,२०६) रहेको छ भने नेवार समुदायको जनसंख्या सबैभन्दा कम (१४) रहेको छ। यस बाहेक तत्मा/तत्वा,

मुस्लिम, तेली, दनुवार, चमार/हरिजन/राम, थारु, धानुक, धोबी, खत्वे, केवत, मल्लाह, मुसहर, हलुवाई, दुसाद/पासवान/, सुढी, हजाम/ठाकुर, बरही, सोनार, कथबनियाँ, कर्मी, बाँतर/सरदार, कल्वार, राजधोब, सुनुवार, क्षेत्री, नेवार, ब्राह्मण–पहाडी, माली, कायस्थ, कामी, डोम, मोझी, कोइरी/कुसवाहा, ब्राह्मण–तराई, दमाई/ढोली लगायतका समुदायहरूको बसोबास रहेको छ।

भाषागत रूपमा यहाँ मुख्यतः मैथिली भाषा बोलिने भए पनि उर्दू, थारु, दनुवार, नेपाली, माघी, सुनुवार, भोजपुरी, नेवारी तथा राई भाषाको समेत प्रयोग हुने गर्दछ। धार्मिक रूपमा हिन्दू, मुस्लिम, बौद्ध तथा क्रिश्चियन धर्मावलम्बीहरूको बसोबास रहेको छ। यहाँका समुदायहरूले दशैं, तिहार, छठ, चण्डी, बुद्ध जयन्ती, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, नागपञ्चमी तथा ईदजस्ता विभिन्न चाडपर्वहरू उत्साहका साथ मनाउने गर्दछन्।

**(घ) आर्थिक अवस्था विश्लेषण**

नेपाललाई कम आय भएको मुलुकबाट मध्यम आय भएको राष्ट्रमा रूपान्तरण गर्ने सरकारको लक्ष्यलाई सहयोग पुऱ्याउने उद्देश्यले लक्ष्मीपुर पतारी गाउँपालिकाले विभिन्न आर्थिक गतिविधिहरूलाई प्राथमिकताका साथ अघि बढाउँदै आएको छ। गाउँपालिकाको मुख्य आर्थिक आधार कृषि क्षेत्र हो। यहाँका अधिकांश नागरिक कृषि, पशुपालन तथा साना व्यापार व्यवसायमा संलग्न रहेका छन्। धान, गहुँ, मकै, दलहन तथा तरकारी खेती यहाँका प्रमुख कृषि गतिविधिहरू हुन्।

स्थानीय नागरिकहरूको आर्थिक अवस्था सुधार गर्न गाउँपालिकाले उन्नत जातका पशुपालन, गुणस्तरीय बीउबिजन वितरण, व्यावसायिक खेती प्रवर्द्धन, सिँचाइ व्यवस्थापन तथा कृषि आधुनिकीकरणका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। साथै, रोजगार तथा स्वरोजगारमुखी तालिम, सीप विकास कार्यक्रम र साना उद्यम प्रवर्द्धनमार्फत आयआर्जनका अवसर सिर्जना गर्ने प्रयास गरिएको छ। यद्यपि, कोभिड–१९ महामारीले कृषि, व्यापार, वैदेशिक रोजगार तथा समग्र आर्थिक गतिविधिमा नकारात्मक प्रभाव पारेको थियो। महामारीका कारण रोजगारीका अवसर घट्नुका साथै उत्पादन तथा आयआर्जनमा कमी आएको देखिन्छ। त्यसपछि पनि गाउँपालिकाले आर्थिक पुनरुत्थानका लागि कृषि, रोजगार र स्वरोजगारका कार्यक्रमहरूलाई निरन्तरता दिँदै आएको छ। समग्रमा, लक्ष्मीपुर पतारी गाउँपालिकाको अर्थतन्त्र मुख्यतः कृषि र वैदेशिक रोजगारीमा आधारित रहेको भए पनि स्थानीय उत्पादन, उद्यमशीलता र रोजगार सिर्जनालाई प्रवर्द्धन गर्दै आर्थिक विकासका सम्भावनाहरू विस्तार हुँदै गएका छन्।

तालिका नं 3 मध्यकालिन खर्च संरचना प्रक्षेपण (सन् २०२०/२०२३)

| | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | MTEF 2020/2023 (प्रक्षेपण) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | 2020/21 | 2021/22 | 2022/23 |
| कुल गार्हस्थ उत्पादन ( हालको मूल्य रु. अरबमा) | 2,253.2 | 2,674.5 | 3,044.9 | 3,458.8 | 3,767.0 | 4,312.9 | 5,024.3 | 5,837.0 |
| % आर्थिक वृद्धि | 0.6 | 8.2 | 6.7 | 7.0 | 2.3 | 7.0 | 9.9 | 9.6 |
| % मूल्य वृद्धि | 5.2 | 9.7 | 6.7 | 6.2 | 6.5 | 7.0 | 6.0 | 6.0 |
| प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (रु.) | 79,500 | 93,100 | 104,600 | 117,300 | 126,000 | 142,000 | 163,400 | 187,600 |
| % प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादनमा वृद्धि (स्थिर मूल्यमा) | -0.8 | 6.8 | 5.3 | 5.6 | 0.9 | 5.3 | 8.6 | 8.3 |

स्रोत: *NPC, 2020a.*

समग्र आर्थिक सूचकहरूमा सुधारको सम्भावना देखिए पनि यसको वितरणमा उल्लेखनीय असमानता कायम रहेको छ। प्रदेशगत रूपमा हेर्दा बागमती प्रदेशमा जनसंख्या अनुपातभन्दा धेरै उच्च आर्थिक उत्पादन रहेको छ भने मधेश प्रदेशमा जनसंख्याको अनुपातमा आर्थिक उत्पादन निकै कम रहेको देखिन्छ। उदाहरणका लागि, बागमती प्रदेशमा कुल जनसंख्याको २०.९ प्रतिशत बसोबास गरे पनि GDP मा यसको योगदान ३५.८ प्रतिशत रहेको छ। तर, मधेश प्रदेशमा २०.४ प्रतिशत जनसंख्या भए पनि GDP मा योगदान केवल १३.८ प्रतिशत मात्र रहेको छ।

### (ङ) शैक्षिक अवस्थाको विश्लेषण

लक्ष्मीपुर पतारी गाउँपालिकामा हाल १७ वटा सामुदायिक, ६ वटा धार्मिक र ८ वटा संस्थागत गरी जम्मा ३१ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन्। गाउँपालिकाको शिक्षा सम्बन्धी तथ्याङ्क अनुसार प्रारम्भिक बालविकास (ECD) शिक्षाको अनुभव लिएर कक्षा १ मा नवप्रवेश गर्ने बालबालिकाको प्रतिशत ६४.८० रहेको छ, जसले प्रारम्भिक शिक्षामा पहुँच विस्तार हुँदै गएको संकेत गर्दछ।

कक्षा १ मा कुल भर्ना दर १२७.५ प्रतिशत तथा खुद भर्ना दर ९८.० प्रतिशत रहेको छ। आधारभूत तह (कक्षा १–५) मा कुल भर्ना दर ११९.५ प्रतिशत, खुद भर्ना दर ९६.७ प्रतिशत तथा लैङ्गिक समता सूचक १.०३ रहेको छ, जसले बालबालिकाबीच लैङ्गिक समानता सकारात्मक अवस्थामा रहेको देखाउँछ। यस तहमा शिक्षक–विद्यार्थी अनुपात ४९:१ रहेको छ। त्यसैगरी, आधारभूत तह (कक्षा ६–८) मा कुल भर्ना दर १०९.८ प्रतिशत, खुद भर्ना दर ८९.८ प्रतिशत तथा लैङ्गिक समता सूचक १.१९ रहेको छ। यस तहमा शिक्षक–विद्यार्थी अनुपात १३०:१ रहेकोले शिक्षक अभावको अवस्था स्पष्ट देखिन्छ। कक्षा ८ को टिकाउ दर ९०.५ प्रतिशत तथा उत्तीर्ण दर ७९.७ प्रतिशत रहेको छ । माध्यमिक तह (कक्षा ९–१०) मा कुल भर्ना दर ११०.७ प्रतिशत, खुद भर्ना दर ६४.५ प्रतिशत तथा लैङ्गिक समता सूचक ०.८६ रहेको छ। शिक्षक–विद्यार्थी अनुपात ८६:१ रहेकोले यस तहमा पनि पर्याप्त शिक्षक व्यवस्थापनको आवश्यकता देखिन्छ। कक्षा १० को टिकाउ दर ६०.५ प्रतिशत मात्र रहेकोले विद्यार्थी टिकाइ तथा सिकाइ उपलब्धिमा अझै चुनौती रहेको देखिन्छ।

विद्यालय क्षेत्र विकास योजना (२०७३–२०७८) ले शिक्षा क्षेत्र सुधारका लागि विभिन्न योजना तथा कार्यक्रमहरू अघि सारेपछि लक्ष्मीपुर पतारी गाउँपालिकाले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन सुधार गर्न केही महत्वपूर्ण पहलहरू गरेको छ। विद्यालय पूर्वाधार सुधार, भर्ना अभियान, शिक्षक व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधारका कार्यक्रम सञ्चालन गरिए तापनि कक्षा ५, ८ र १० को टिकाउ तथा उत्तीर्ण दरमा अपेक्षित सुधार आउन सकेको छैन ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा क्षेत्रसँग सम्बन्धित २३ वटा अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ। सोही व्यवस्थाअनुसार लक्ष्मीपुर पतारी गाउँपालिकाले गाउँ शिक्षा योजना, शिक्षा पार्श्वचित्र निर्माण तथा कार्यान्वयनका कार्यहरू गर्दै आएको छ। साथै, गाउँपालिकाले समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले शैक्षिक अन्तरक्रिया, शिक्षकहरूको पेशागत क्षमता विकास, विद्यालय व्यवस्थापन सुदृढीकरण, सिकाइ उपलब्धि सुधार तथा गुणस्तरीय शिक्षासम्बन्धी विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

तालिका नं 4 बिद्यालयको विवरण तथा सङ्ख्या

| बिद्यालयको प्रकार | सन्चालित कक्षा अनुसारको सङ्ख्या | | | | | | | | | | | | | तहगत सङ्ख्या | | | | | | जम्मा संख्या इसिडी सहित | CLC | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | EC-ED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १-५ | ६-८ | १-८ | ९-१० | ११-१२ | ९-१२ | | | |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | १६२७ | १२२४ | १११८ | १०४३ | ९५८ | ७३० | ७४१ | ९१२ | ९९७ | ६२२ | ५७६ | २९७ | ४०७ | ५०७३ | २६५० | ७७२३ | ११९८ | ७०४ | १८२२ | ११२५२ | ० | ० |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | ७१२ | ७२१ | ७३१ | ७५५ | ७४६ | ६१५ | ६७१ | ७९१ | ९७० | ६२२ | ५७६ | २९७ | ४०७ | ३५६८ | २४३२ | ६००० | ११९८ | ७०४ | १९०२ | ८६१४ | ० | ० |
| संस्थागत बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | ८७१ | ३७९ | ३४७ | २४४ | १९३ | १०० | ७० | १२१ | २७ | | | | | १२६३ | २१८ | १४८१ | | | | | | |
| सामुदयिक बिशेष बिद्यालय | | | | | | | | | | | | | | | | | | | | | | |
| सामुदयिक धार्मिक बिद्यालयको सङ्ख्या | ४४ | १२४ | ४० | ४४ | १९ | १५ | ० | ० | ० | ० | ० | ० | ० | २४२ | | | | | | २८६ | | |
| समुदायिक शुन्य दरबन्दी भएका बिद्यालय | | | | | | | | | | | | | | | | | | | | | | |
| समाहित शिक्षा सहितका बिद्यालयहरुको सङ्ख्या | | | | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आवासिय सुबिधा सहितका बिद्यालयहरु | | | | | | | | | | | | | | | | | | | | | | |
| प्राबिधिक धार सहितका सामुदयिक बिद्यालय (कक्षा ९-१२) | | | | | | | | | | | | | | | | | | | | | | |
| नमूना बिद्यालय कार्यक्रम सहितका बिद्यालयहरु | | | | | | | | | | | | | | | | | | | | | | |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका बिद्यालयहरु (सबै प्रकारका) | | | | | | | | | | | | | | | | | | | | | | |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका सामुदयिक बिद्यालयहरु | | | | | | | | | | | | | | | | | | | | | | |
| खुल्ला बिद्यालय सङ्ख्या | | | | | | | | | | | | | | | | | | | | | | |
| सामुदायिक सिकाई केन्द्रहरुको सङ्ख्या | | | | | | | | | | | | | | | | | | | | | | |
| अनौपचारिक बैकल्पिक र प्रौढ बिद्यालय | | | | | | | | | | | | | | | | | | | | | | |

## तालिका नं  5 शिक्षक सङ्ख्या र प्रबित्ति

| तह गत | | सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | | सामुदायिक बिद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजी श्रोतबाट नियुक्त शिक्षक समेत्) | | | | | सबै प्रकारका बिद्यालयको शिक्षक सङ्ख्या (संस्थागतको समेत्) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | अस्थायी | जम्मा | महिला | महिला % | बिद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या | महिला % | जम्मा | महिला | पुरुष | महिला % |
| पूर्व प्र.बि./बा.बि.के. | ३३ | ० | | ३३ | ३३ | १०० % | १: २२ | ० | ० | ० | ० | ० | ११ | ८ | ३ | ७२.७२ |
| आधारभूत (१-५) | ५२ | १० | ५ | ६७ | १४ | २१ % | १:५३ | ५ | २ | ३ | ० | ६६.६६ | २० | १२ | ८ | ६० |
| आधारभूत (६-८) | ८ | ६ | | १४ | ० | ० % | १ :१७३ | | | | | | | | | |
| माध्यमिक (९-१०) | ९ | १४ | ० | २३ | ० | ० % | १:५२ | | | | | | | | | |
| माध्यमिक (११-१२) | ० | ८ | ० | ८ | ० | ० % | १:८८ | | | | | | | | | |
| उच्च शिक्षा | | | | | | | | | | | | | | | | |

तालिका नं 6 **लक्ष्मीपुर पतारी गाउँपालिका** सामुदायिक विद्यालयको कक्षा गत र तहगत जम्मा विद्यार्थी

| Class | | | | Grade(1-5) | | | Grade(6-8) | | | Grade(9-10) | | | Grade(11-12) | | | Total with ECD | | | Total without ECD | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **SchoolName** | **SchoolCode** | **Head Teacher Name** | **Head Teacher Contact Number** | **Girls** | **Boys** | **Total** | **Girls** | **Boys** | **Total** | **Girls** | **Boys** | **Total** | **Girls** | **Boys** | **Total** | **Girls** | **Boys** | **Total** | **Girls** | **Boys** | **Total** |
| Total | | | | 1765 | 1803 | 3568 | 1298 | 1134 | 2432 | 635 | 563 | 1198 | 400 | 304 | 704 | 4432 | 4182 | 8614 | 4098 | 3804 | 7902 |
| Aa Vi Dewadi Sitapur | 160990002 | Mohit Narayan Yadav | 9804783414 | 79 | 71 | 150 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 94 | 88 | 182 | 79 | 71 | 150 |
| Aa Vi Dhanchhabar | 160670002 | Tarni Prasad Chaudhary | 9804719334 | 68 | 61 | 129 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 82 | 80 | 162 | 68 | 61 | 129 |
| Aa Vi Harinagar | 160720001 | Kapileshwar Yadav | 9842864690 | 67 | 67 | 134 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 84 | 88 | 172 | 67 | 67 | 134 |
| Aa Vi Kalyanpur | 160990005 | UmatLal Yadav | 9807742827 | 27 | 12 | 39 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 27 | 12 | 39 | 27 | 12 | 39 |
| Aa Vi Pathargadha | 160570002 | Rajdev Yadav | 9814779288 | 65 | 81 | 146 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 85 | 98 | 183 | 65 | 81 | 146 |
| Aa Vi Rampur Pipra Pr Dh | 160850002 | Siyaram Yadav | 9842826831 | 123 | 127 | 250 | 21 | 15 | 36 | 0 | 0 | 0 | 0 | 0 | 0 | 188 | 192 | 380 | 144 | 142 | 286 |
| Dhamiyain Ma Vi Maheshpur Patari | 160720003 | Mithlesh Yadav | 9842642203 | 173 | 240 | 413 | 113 | 149 | 262 | 59 | 60 | 119 | 21 | 32 | 53 | 404 | 532 | 936 | 366 | 481 | 847 |
| Janta Aa Vi Salokhari | 160990003 | Ratilal Yadav | 9807746688 | 64 | 51 | 115 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 85 | 74 | 159 | 64 | 51 | 115 |
| Janta Aa Vi Siswa | 160570011 | Tripitlal Yadav | 9805924673 | 54 | 59 | 113 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 60 | 74 | 134 | 54 | 59 | 113 |
| JANTA DOMI CHAUDHARY MA VI POKHARBHINDA PARSA | 160870001 | Tarnee Prasad Chaudhary | 9852832425 | 159 | 130 | 289 | 275 | 256 | 531 | 164 | 163 | 327 | 217 | 176 | 393 | 835 | 745 | 1580 | 815 | 725 | 1540 |
| Janta Nanda Lalita Ma Vi Laxmipur Patari | 160670001 | Binod Kumar Singh | 9852833830 | 168 | 165 | 333 | 210 | 192 | 402 | 124 | 117 | 241 | 26 | 8 | 34 | 550 | 499 | 1049 | 528 | 482 | 1010 |
| Jinis Sanjan Yadav Janta Basic School Sitapur Pr Dh | 160990007 | Birbal Sah | 9819312981 | 31 | 24 | 55 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 42 | 37 | 79 | 31 | 24 | 55 |
| Lal Chandra Aa Vi Parsa Pokharbhinda | 160870002 | Saukhilal Saphee | 9804728632 | 97 | 94 | 191 | 13 | 6 | 19 | 0 | 0 | 0 | 0 | 0 | 0 | 146 | 144 | 290 | 110 | 100 | 210 |
| Rama Mahanthi Yadav Janta Ma Vi Sitapur Pr Dh | 160990001 | Kashendra prasad yadav | 9819797172 | 150 | 156 | 306 | 363 | 288 | 651 | 157 | 117 | 274 | 136 | 88 | 224 | 823 | 660 | 1483 | 806 | 649 | 1455 |
| Sarup Mukhiya Aa Vi Brahampuri Patari | 160670003 | Shobhit Prasad Singh | 9815713526 | 76 | 123 | 199 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 87 | 135 | 222 | 76 | 123 | 199 |
| Secondary School Kharukyahi | 160570001 | Mahendra Prasad Sah | 9849013022 | 191 | 183 | 374 | 219 | 168 | 387 | 84 | 74 | 158 | 0 | 0 | 0 | 514 | 444 | 958 | 494 | 425 | 919 |
| Secondary School Pipra Pr Dh | 160850001 | Gangaram Mandal | 9826727960 | 173 | 159 | 332 | 84 | 60 | 144 | 47 | 32 | 79 | 0 | 0 | 0 | 326 | 280 | 606 | 304 | 251 | 555 |

**Source; IEMIS 2082/Laxmipur Patari LG**

# **लक्ष्मीपुर पतारी गाउँपालिका** धार्मिक विद्यालय तथा मदरसाहरुको कक्षा गत र तहगत जम्मा विद्यार्थी

| Class | | | | | | ECD/PPC | | | 1 | | | 2 | | | 3 | | | 4 | | | 5 | | | Total with ECD | | | Total without ECD | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| S.N | SchoolName | SchoolCode | Contact Number | Head Teacher Name | Head Teacher Contact Number | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| | Total | | | | | 26 | 18 | 44 | 55 | 69 | 124 | 19 | 21 | 40 | 25 | 19 | 44 | 10 | 9 | 19 | 4 | 11 | 15 | 139 | 147 | 286 | 113 | 129 | 242 |
| 1 | Madarsa Mohammadiya Kasimul Uloom | 160570013 | 9816724464 | Ranjit KUmar Ram | 9816724464 | 0 | 0 | 0 | 3 | 6 | 9 | 6 | 9 | 15 | 9 | 7 | 16 | 7 | 6 | 13 | 4 | 11 | 15 | 29 | 39 | 68 | 29 | 39 | 68 |
| 2 | Madrasa Huseniya | 160110013 | 9817789811 | Md.Israfil Miya | 9817789811 | 7 | 5 | 12 | 19 | 24 | 43 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 26 | 29 | 55 | 19 | 24 | 43 |
| 3 | Madrasa Islamia Pokharbhinda | 160870008 | 9803593204 | Wasima khatun | 9803593204 | 0 | 0 | 0 | 10 | 17 | 27 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 10 | 17 | 27 | 10 | 17 | 27 |
| 4 | Madrasa Mazharul Uloom Al Salafiya Kharukyahi | 160570019 | 9804716376 | Habib Miya | 9707665047 | 0 | 0 | 0 | 8 | 10 | 18 | 7 | 3 | 10 | 12 | 6 | 18 | 0 | 0 | 0 | 0 | 0 | 0 | 27 | 19 | 46 | 27 | 19 | 46 |
| 5 | Madrassa Rajbiya Salokhari | 160990006 | 9826729509 | Md. Kalam | 9826729509 | 0 | 0 | 0 | 12 | 5 | 17 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 12 | 5 | 17 | 12 | 5 | 17 |
| 6 | Mahad Al Banat Al Salihat Kanya Biddalay Kharukyahi | 160570012 | 9804703981 | Mukesh Kumar Yadav | 9804703981 | 19 | 13 | 32 | 3 | 7 | 10 | 6 | 9 | 15 | 4 | 6 | 10 | 3 | 3 | 6 | 0 | 0 | 0 | 35 | 38 | 73 | 16 | 25 | 41 |

**Source; IEMIS 2082/Laxmipur Patari LG**

## लक्ष्मीपुर पतारी गाउँपालिका संस्थागत विद्या**लयहरुको** कक्षा गत र तहगत जम्मा विद्यार्थी

| Class | | | | | ECD/PPC | | | Grade(1-5) | | | 6 | | | 7 | | | 8 | | | Total with ECD | | | Total without ECD | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| S.N | SchoolName | SchoolCode | Head Teacher Name | Head Teacher Contact Number | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| | Total | | | | 335 | 536 | 871 | 455 | 808 | 1263 | 14 | 56 | 70 | 41 | 80 | 121 | 10 | 17 | 27 | 855 | 1497 | 2352 | 520 | 961 | 1481 |
| 1 | Durga Public E B S | 160720007 | Raj Kishor Mandal | 9804748551 | 43 | 78 | 121 | 79 | 141 | 220 | 6 | 13 | 19 | 13 | 28 | 41 | 0 | 0 | 0 | 140 | 260 | 401 | 98 | 182 | 280 |
| 2 | Gyankunj Pathashala | 160110011 | Rajesh Kumar Singh | 9804732181 | 27 | 42 | 69 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 27 | 42 | 69 | 0 | 0 | 0 |
| 3 | MITHILA PATHSHALA SIRAHA | 160110012 | Madan Kumar Purbey | 9842925873, 9709117402 | 85 | 118 | 203 | 19 | 41 | 60 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 104 | 159 | 263 | 19 | 41 | 60 |
| 4 | Moonrise Residential Ebs | 160720006 | Mr. Ugra Narayan Yadav | 9804727114 | 4 | 7 | 11 | 74 | 128 | 202 | 3 | 13 | 16 | 9 | 23 | 32 | 8 | 16 | 24 | 98 | 187 | 285 | 94 | 180 | 274 |
| 5 | Om Sunshine EBS Laxmipur Patari | 160570018 | Pramendra Kumar Yadav | 9805944673 | 12 | 30 | 42 | 109 | 184 | 293 | 2 | 14 | 16 | 13 | 20 | 33 | 0 | 0 | 0 | 136 | 248 | 384 | 124 | 218 | 342 |
| 6 | Ram Janaki E B S | 160990008 | Ramchalitar sah | 9811732018 | 84 | 138 | 222 | 80 | 145 | 225 | 3 | 16 | 19 | 1 | 5 | 6 | 2 | 1 | 3 | 169 | 305 | 475 | 86 | 167 | 253 |
| 7 | SARASWATI KUNJ HIGH SCHOOL PVT LTD LAXMIPUR PATARI | 160570017 | Santosh khadagi | 9828723881 | 45 | 72 | 117 | 88 | 146 | 234 | 0 | 0 | 0 | 5 | 4 | 9 | 0 | 0 | 0 | 138 | 222 | 360 | 93 | 150 | 243 |
| 8 | Yuvi Educational Academy School | 160110010 | Niraj Kumar Yadav | 9814793234 | 35 | 51 | 86 | 6 | 23 | 29 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 41 | 74 | 115 | 6 | 23 | 29 |

**Source; IEMIS 2082/Laxmipur Patari LG**

### १.३ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

समस्या वृक्ष (Problem Tree) र विश्लेषण सहित)

लक्ष्मीपुर पतारी गाउँपालिकाको शैक्षिक अवस्थाको अध्ययन गर्दा विद्यालय शिक्षामा पहुँच, गुणस्तर, व्यवस्थापन, समावेशिता तथा सिकाइ उपलब्धिसम्बन्धी विभिन्न समस्या तथा चुनौतीहरू देखिएका छन्। यस्ता समस्याहरूको प्रभावकारी समाधानका लागि समस्या वृक्ष (Problem Tree) मार्फत मूल समस्या, त्यसका कारण तथा प्रभावहरूको विश्लेषण गरिएको छ।

समस्या वृक्ष (Problem Tree)

मुख्य समस्या "विद्यालय शिक्षाको गुणस्तर तथा सिकाइ उपलब्धि अपेक्षाअनुसार सुधार हुन नसक्नु"

समस्याका प्रमुख कारणहरू

१. पहुँच तथा समावेशितासम्बन्धी समस्या

- विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाको न्यून सहभागिता
- बालिका, दलित, मुस्लिम तथा अपांगता भएका बालबालिकाको नियमितता कमजोर हुनु
- प्रारम्भिक बालविकासमा सबै बालबालिकाको पहुँच सुनिश्चित हुन नसक्नु

२. शैक्षिक गुणस्तरसँग सम्बन्धित समस्या

- विषयगत तथा दक्ष शिक्षकको अभाव हुनु
- शिक्षक तालिम तथा पेशागत विकासका अवसर सीमित हुनु
- सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ प्रभावकारी हुन नसक्नु

३. भौतिक पूर्वाधार तथा स्रोत व्यवस्थापनसम्बन्धी समस्या

- पर्याप्त कक्षाकोठा, शौचालय तथा खानेपानीको अभाव
- पुस्तकालय, प्रयोगशाला तथा ICT सामग्रीको कमी
- विद्यालयमा सुरक्षित तथा बालमैत्री वातावरण पूर्ण रूपमा सुनिश्चित हुन नसक्नु

४. व्यवस्थापन तथा संस्थागत क्षमता सम्बन्धी समस्या

- विद्यालय व्यवस्थापन तथा नेतृत्व क्षमता कमजोर हुनु
- विद्यालय व्यवस्थापन समिति तथा अभिभावकको सक्रिय सहभागिता कम हुनु

५. सामाजिक तथा आर्थिक कारणहरू

- गरिबी तथा बेरोजगारीको प्रभाव
- वैदेशिक रोजगारीका कारण अभिभावकीय निगरानी कमजोर हुनु
- बालविवाह, बालश्रम तथा सामाजिक कुरीतिको प्रभाव

समस्याको प्रभाव (Effects)

- विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनु
- कक्षा दोहोरिने तथा विद्यालय छोड्ने दर वृद्धि हुनु
- माध्यमिक तहको नतिजा कमजोर रहनु
- दक्ष जनशक्ति उत्पादनमा कमी आउनु
- बेरोजगारी तथा सामाजिक समस्या वृद्धि हुनु
- समावेशी तथा गुणस्तरीय शिक्षा हासिल गर्ने लक्ष्य प्रभावित हुनु

**मुख्य समस्या तथा चुनौतीहरू**

- सबै बालबालिकाको विद्यालय शिक्षामा समान तथा समतामूलक पहुँच सुनिश्चित हुन नसक्नु।
- आर्थिक रूपमा विपन्न, दलित, मुस्लिम, जनजाति, अपांगता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको विद्यालयमा न्यून सहभागिता रहनु।
- विद्यार्थी भर्ना दर वृद्धि भए पनि नियमित उपस्थिति तथा विद्यालयमा टिकाइ राख्ने अवस्थामा चुनौती रहनु।

- आधारभूत तथा माध्यमिक तहमा विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर रहनु।
- विषयगत तथा दक्ष शिक्षकको अभाव हुनु तथा शिक्षक दरबन्दी असन्तुलित हुनु।
- शिक्षकको पेशागत क्षमता विकास तथा तालिमका अवसर सीमित हुनु।
- विद्यालयमा पर्याप्त कक्षाकोठा, शौचालय, खानेपानी, पुस्तकालय, प्रयोगशाला तथा सूचना प्रविधियुक्त शिक्षण सामग्रीको अभाव हुनु।
- बालमैत्री, सुरक्षित तथा समावेशी सिकाइ वातावरण पूर्ण रूपमा सुनिश्चित हुन नसक्नु।
- प्रारम्भिक बालविकास तथा आधारभूत तहबीच समन्वित सिकाइ प्रणाली कमजोर हुनु।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणालीको प्रभावकारी प्रयोग हुन नसक्नु।
- विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा समुदायको सक्रिय सहभागिता अपेक्षाअनुसार हुन नसक्नु।
- विद्यालयको शैक्षिक, प्रशासनिक तथा वित्तीय व्यवस्थापनमा संस्थागत क्षमता कमजोर रहनु।

**लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू**

लक्ष्मीपुर पतारी गाउँपालिकाले शिक्षा क्षेत्रमा विभिन्न सुधारात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको भए पनि गुणस्तरीय, समावेशी तथा प्रविधिमैत्री शिक्षाको सुनिश्चितताका लागि अझै धेरै चुनौतीहरू विद्यमान रहेका छन्। गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषणका आधारमा शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू निम्नानुसार रहेका छन्।

१. गुणस्तरीय शिक्षाको सुनिश्चितता :
विद्यालयहरूमा सिकाइ उपलब्धि अपेक्षित स्तरमा पुग्न नसक्नु, विद्यार्थीको आधारभूत सिकाइ क्षमता कमजोर हुनु तथा शिक्षण सिकाइ प्रक्रियामा प्रभावकारिताको कमी रहनु प्रमुख चुनौतीका रूपमा रहेका छन्।

२. शिक्षक व्यवस्थापन तथा विषयगत शिक्षकको अभाव :
विद्यालयहरूमा विषयगत तथा दक्ष शिक्षकको पर्याप्त व्यवस्था हुन नसक्नु, शिक्षक दरबन्दी असन्तुलित हुनु तथा आवश्यकताअनुसार शिक्षक र प्रधानाध्यापक व्यवस्थापन गर्न कठिनाइ हुनु।

३. प्रारम्भिक बालविकास शिक्षाको व्यवस्थापन :
प्रारम्भिक बालविकास केन्द्र/कक्षाहरूलाई मापदण्डअनुसार सञ्चालन, समायोजन तथा पुनर्वितरण गर्न चुनौती रहेको छ। बालमैत्री सिकाइ सामग्री तथा दक्ष सहजकर्ताको अभाव पनि देखिएको छ।

४. विद्यालय पूर्वाधारको अभाव :
धेरै विद्यालयहरूमा पर्याप्त कक्षाकोठा, शौचालय, खानेपानी, पुस्तकालय, प्रयोगशाला, खेलमैदान तथा सुरक्षित भवनको अभाव रहेको छ। बालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री संरचनाको कमी पनि चुनौतीको विषय बनेको छ।

५. सूचना तथा सञ्चार प्रविधिको सीमित पहुँच :
विद्यालयहरूमा इन्टरनेट, कम्प्युटर तथा प्रविधिमैत्री शिक्षण सामग्रीको अभाव हुनुका साथै शिक्षक र विद्यार्थीमा सूचना प्रविधिको प्रयोगसम्बन्धी दक्षता सीमित रहनु।

६. विद्यार्थी भर्ना, नियमितता तथा सिकाइ निरन्तरता :
विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय पहुँचमा ल्याउन, नियमित उपस्थित गराउन तथा विद्यालय छोड्ने दर न्यूनीकरण गर्न अझै चुनौती रहेको छ। विशेषगरी आर्थिक तथा सामाजिक कारणले केही बालबालिका विद्यालय बाहिर रहने अवस्था देखिन्छ।

७. समावेशी तथा समान शिक्षाको चुनौती :
दलित, विपन्न, अपाङ्गता भएका, सीमान्तकृत तथा बालिकाहरूको शिक्षामा समान पहुँच र सहभागिता सुनिश्चित गर्न थप प्रयास आवश्यक रहेको छ।

८. माध्यमिक तथा प्राविधिक शिक्षाको विकास :
माध्यमिक तहमा गुणस्तरीय शिक्षा विस्तार गर्नुका साथै प्राविधिक तथा व्यावसायिक शिक्षालाई स्थानीय आवश्यकता र रोजगारीसँग जोड्न चुनौती रहेको छ।

९. अभिभावक तथा समुदायको न्यून सहभागिता :
विद्यालय व्यवस्थापन तथा शैक्षिक गतिविधिमा अभिभावक र समुदायको सक्रिय सहभागिता अपेक्षाकृत कम रहनु।

१०. शैक्षिक योजना तथा अनुगमन प्रणाली :
शिक्षा क्षेत्रमा तयार गरिएका योजना, नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन तथा मूल्यांकनलाई थप सुदृढ गर्न आवश्यक रहेको छ।
११. जीवनोपयोगी तथा व्यवहारिक शिक्षाको अभाव :
विद्यालय शिक्षालाई दैनिक जीवन, सीप विकास तथा स्थानीय आवश्यकता अनुरूप व्यवहारिक बनाउन पाठ्यक्रम तथा सिकाइ प्रक्रियामा सुधार आवश्यक रहेको छ।
१२. विपद् तथा सामाजिक जोखिमको प्रभाव :
बाढी, डुबान, गरिबी, बालविवाह, वैदेशिक रोजगारीको प्रभाव तथा सामाजिक समस्याका कारण विद्यार्थीहरूको सिकाइमा नकारात्मक असर पर्ने गरेको छ।
यी चुनौतीहरूको समाधानका लागि गाउँपालिका, विद्यालय, अभिभावक, समुदाय, शिक्षक तथा सरोकारवाला निकायबीच समन्वय, सहकार्य र दीर्घकालीन शैक्षिक योजना आवश्यक रहेको छ ।

## १. ४ शिक्षा क्षेत्रका चुनौतीहरूको SWOT विश्लेषण

विद्यालय शिक्षाको प्रभावकारी योजना निर्माण तथा कार्यान्वयनका लागि शिक्षा क्षेत्रको वर्तमान अवस्था, उपलब्ध स्रोत, संस्थागत क्षमता, अवसर तथा चुनौतीहरूको विश्लेषण आवश्यक हुन्छ । यसका लागि SWOT (Strengths, Weaknesses, Opportunities and Threats) विश्लेषण एक उपयुक्त विधि मानिन्छ । यस विधिमार्फत शिक्षा क्षेत्रका सबल पक्ष, कमजोर पक्ष, उपलब्ध अवसर तथा सम्भावित चुनौतीहरूको पहिचान गरी सुधारका क्षेत्र निर्धारण गर्न सहयोग पुग्दछ ।
लक्ष्मीपुर पतारी गाउँपालिकाको शैक्षिक अवस्थालाई आधार मानी गरिएको SWOT विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**SWOT विश्लेषण**

| पक्ष | विवरण |
|---|---|
| **Strengths (सबल पक्ष)** | • स्थानीय तहको शिक्षा क्षेत्रमा बढ्दो प्राथमिकता तथा लगानी<br>• अधिकांश वडामा विद्यालय तथा प्रारम्भिक बालविकास केन्द्रको पहुँच<br>• समुदाय तथा अभिभावकमा शिक्षाप्रतिको सकारात्मक धारणा विकास हुँदै जानु<br>• विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको संरचना सक्रिय रहनु<br>• संघीय, प्रदेश तथा स्थानीय सरकारबाट विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन हुनु<br>• केही विद्यालयमा सूचना प्रविधिको प्रयोग प्रारम्भ हुनु<br>• छात्रवृत्ति तथा दिवा खाजा कार्यक्रम सञ्चालन हुनु |
| **Weaknesses (कमजोर पक्ष)** | • विद्यार्थीको सिकाइ उपलब्धि अपेक्षाअनुसार सुधार हुन नसक्नु<br>• विषयगत तथा दक्ष शिक्षकको अभाव रहनु<br>• विद्यालयमा पर्याप्त भौतिक पूर्वाधार तथा शैक्षिक सामग्रीको कमी<br>• ICT तथा प्रविधिमैत्री शिक्षण सिकाइ प्रणाली कमजोर हुनु<br>• नियमित अनुगमन तथा मूल्यांकन प्रणाली प्रभावकारी नहुनु<br>• विद्यालय व्यवस्थापन तथा नेतृत्व क्षमता सीमित हुनु<br>• विद्यार्थीको नियमितता तथा टिकाउ दरमा समस्या रहनु<br>• समुदाय तथा अभिभावकको सक्रिय सहभागिता अपेक्षाकृत कम हुनु |

| पक्ष | विवरण |
|---|---|
| **Opportunities (अवसर)** | • संघीय तथा प्रदेश सरकारबाट शिक्षा क्षेत्रमा प्राप्त हुने अनुदान तथा कार्यक्रम<br>• सूचना तथा सञ्चार प्रविधिको बढ्दो पहुँच<br>• स्थानीय पाठ्यक्रम तथा सीपमूलक शिक्षा कार्यान्वयन गर्ने सम्भावना<br>• गैरसरकारी संस्था तथा विकास साझेदारसँग सहकार्यको अवसर<br>• शिक्षामा समावेशिता तथा लैङ्गिक समानताप्रति बढ्दो सामाजिक सचेतना<br>• शिक्षक क्षमता विकास तथा तालिमका अवसर विस्तार हुँदै जानु<br>• डिजिटल शिक्षण सिकाइ प्रणाली विकास गर्ने सम्भावना |
| **Threats (चुनौती/जोखिम)** | • गरिबी तथा आर्थिक समस्याका कारण विद्यार्थी विद्यालय छोड्ने जोखिम<br>• वैदेशिक रोजगारी तथा बसाईँसराइको प्रभाव<br>• बालविवाह, बालश्रम तथा सामाजिक कुरीतिको प्रभाव<br>• विपद्, बाढी तथा प्राकृतिक प्रकोपबाट विद्यालय सञ्चालनमा असर पर्नु<br>• प्रविधि तथा इन्टरनेट पहुँचमा असमानता<br>• निजी तथा सामुदायिक विद्यालयबीच गुणस्तरीय असन्तुलन<br>• अभिभावकको न्यून शैक्षिक चेतना तथा कमजोर निगरानी<br>• सीमित स्रोतसाधनका कारण योजनाको प्रभावकारी कार्यान्वयनमा कठिनाइ |

**SWOT विश्लेषणको निष्कर्ष**

लक्ष्मीपुर पतारी गाउँपालिकामा विद्यालय शिक्षाको पहुँच विस्तार हुँदै गएको तथा स्थानीय तहले शिक्षा क्षेत्रमा प्राथमिकता दिएको अवस्था सकारात्मक पक्षका रूपमा देखिन्छ। तथापि, गुणस्तरीय शिक्षा, दक्ष शिक्षक, भौतिक पूर्वाधार, प्रविधिमैत्री शिक्षण सिकाइ तथा प्रभावकारी व्यवस्थापनका क्षेत्रमा अझै सुधार आवश्यक रहेको देखिन्छ।

त्यसैगरी, सूचना प्रविधिको विकास, सरकारी अनुदान तथा विकास साझेदारसँगको सहकार्य शिक्षा सुधारका महत्वपूर्ण अवसरका रूपमा रहेका छन्। तर गरिबी, सामाजिक कुरीति, वैदेशिक रोजगारी, प्राकृतिक विपद् तथा सीमित स्रोतसाधन शिक्षा क्षेत्रका प्रमुख चुनौतीका रूपमा रहेका छन्।

यस SWOT विश्लेषणका आधारमा शिक्षा क्षेत्रका सबल पक्षलाई सुदृढ गर्दै कमजोर पक्ष सुधार गर्ने, उपलब्ध अवसरको अधिकतम उपयोग गर्ने तथा सम्भावित चुनौती न्यूनीकरण गर्ने रणनीति अवलम्बन गर्नु आवश्यक देखिन्छ।

**१.५ शिक्षाको संरचना:**

नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन्। यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ।

## परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

लक्ष्मीपुर पतारी गाउँपालिका को शिक्षा योजना निर्माण गर्दा नेपालको संविधान, प्रचलित शिक्षा ऐन, स्थानीय सरकार सञ्चालन ऐन, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, संघ–प्रदेश–स्थानीय तहबीचको समन्वय व्यवस्था तथा स्थानीय आवश्यकता र अवस्थालाई आधारका रूपमा लिएको छ। यस गाउँपालिकाको सामाजिक, आर्थिक, भाषिक तथा सांस्कृतिक विविधता, शैक्षिक अवस्था, उपलब्ध स्रोत–साधन तथा समुदायको आवश्यकता अनुसार योजना निर्माण गर्नु आवश्यक हुन्छ। लक्ष्मीपुर पतारी गाउँपालिकामा ६ वटा वडा, करिब ३१ हजारभन्दा बढी जनसंख्या तथा साक्षरता दर ६४.७९ प्रतिशत रहेको छ। यस गाउँपालिकाभित्र सामुदायिक, धार्मिक तथा संस्थागत गरी करिब ३१ विद्यालय सञ्चालनमा रहेका छन्।

### २.१ दुरदृष्टि

"शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति विकासमार्फत सामाजिक तथा आर्थिक रूपान्तरण गरी समृद्ध समाज निर्माणका लागि आवश्यक आत्मनिर्भर, प्रतिस्पर्धी र जिम्मेवार नागरिकको विकासमा योगदान गर्ने।"

### २.२ लक्ष्य

"गुणस्तरीय, समतामूलक तथा समावेशी शिक्षामार्फत दक्ष, प्रतिस्पर्धी, जीवनोपयोगी सीपयुक्त र सामाजिक मूल्य मान्यताप्रति सचेत नागरिक तयार गर्ने।"

### २.३ उद्देश्य

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच, सहभागिता तथा निरन्तरता सुनिश्चित गर्दै कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित हुन नदिने व्यवस्था गर्नु।

२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर सुनिश्चित गरी विद्यार्थीको सिकाइ उपलब्धि, सिर्जनशीलता तथा व्यवहारिक ज्ञान अभिवृद्धि गर्नु।

३. राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरू हासिल गराउँदै विद्यार्थीमा ज्ञान, सीप, क्षमता तथा सकारात्मक व्यवहार विकास गर्नु।

४. बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित तथा समावेशी भौतिक पूर्वाधार निर्माण गरी प्रभावकारी सिकाइ वातावरण विकास गर्नु।

५. स्थानीय आवश्यकता, भाषा, संस्कृति, कला, सीप तथा परम्परागत ज्ञानलाई समेटेर स्थानीय पाठ्यक्रम निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्नु।

६. विषयगत तथा कक्षागत आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गरी विद्यालयमा योग्य, दक्ष तथा पर्याप्त शिक्षकको उपलब्धता सुनिश्चित गर्नु।

७. शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गरी डिजिटल तथा प्रविधिमैत्री शिक्षा प्रणाली विकास गर्नु।

८. अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइका अवसर विस्तार गरी सबै नागरिकलाई निरन्तर सिकाइमा सहभागी गराउनु।

९. आपतकालीन, विपद्, संकट तथा महामारीजस्ता परिस्थितिमा पनि विद्यार्थीको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्दै वैकल्पिक तथा प्रविधिमैत्री सिकाइ प्रणाली सञ्चालन गर्नु।

१०. विद्यालय बाहिर रहेका, जोखिममा परेका, विपन्न, दलित, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकालाई विद्यालय शिक्षाको मूलधारमा ल्याई शिक्षामा समावेशिता सुनिश्चित गर्नु।

११. शिक्षकहरूको पेशागत क्षमता विकास, तालिम, अनुभव आदानप्रदान तथा निरन्तर पेशागत सहयोगमार्फत शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी, विद्यार्थीकेन्द्रित तथा नतिजामुखी बनाउनु।

१२. विद्यालय व्यवस्थापन तथा शैक्षिक सुशासनलाई पारदर्शी, उत्तरदायी, सहभागितामूलक तथा परिणाममुखी बनाउँदै संस्थागत क्षमता अभिवृद्धि गर्नु।
१३. विद्यालय, अभिभावक, समुदाय, स्थानीय तह तथा अन्य सरोकारवालाबीच समन्वय, सहकार्य र साझेदारी अभिवृद्धि गरी शिक्षाको समग्र विकासमा सामूहिक उत्तरदायित्व स्थापित गर्नु।
१४. विद्यार्थीहरूमा जीवनोपयोगी सीप, नैतिक शिक्षा, नेतृत्व क्षमता, उद्यमशीलता, अनुशासन, सामाजिक उत्तरदायित्व तथा सकारात्मक सोचको विकास गर्नु।
१५. विद्यालय शिक्षामा समावेशिता, लैङ्गिक समानता, सामाजिक न्याय तथा विभेदरहित वातावरण सुनिश्चित गर्दै सबैका लागि समान अवसरको प्रवर्द्धन गर्नु ।
१६. विद्यालयमा स्वच्छ खानेपानी, सरसफाइ, स्वास्थ्य, पोषण, मानसिक स्वास्थ्य तथा सुरक्षित वातावरण सुनिश्चित गरी स्वस्थ र सुरक्षित सिकाइ संस्कृतिको विकास गर्नु ।
१७. प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार तथा सुदृढीकरण गरी विद्यार्थीलाई रोजगार, स्वरोजगार तथा उद्यमशीलतामुखी सीप प्रदान गर्नु ।
१८. डिजिटल शिक्षण सामग्री, ई–लर्निङ, स्मार्ट कक्षा तथा प्रविधिमैत्री व्यवस्थापन प्रणाली विकास गरी आधुनिक शिक्षाको प्रवर्द्धन गर्नु ।
१९. प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म सिकाइ निरन्तरता, गुणस्तरीय शिक्षण तथा शैक्षिक सुधार सुनिश्चित गर्दै विद्यार्थीको समग्र विकासमा जोड दिनु ।
२०. स्थानीय कला, संस्कृति, भाषा, साहित्य, इतिहास तथा परम्परागत ज्ञान–सीपको संरक्षण, संवर्द्धन र पुस्तान्तरण गर्दै शिक्षासँग प्रभावकारी रूपमा आबद्ध गर्नु ।

**२.४ रणनीति**

१. सबै बालबालिकाको विद्यालय पहुँच तथा सहभागिता सुनिश्चित गर्न नियमित भर्ना अभियान, पुनःभर्ना कार्यक्रम तथा समुदाय परिचालनलाई प्रभावकारी बनाइनेछ।
२. विपन्न, दलित, जनजाति, अपाङ्गता भएका, बालिका तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि लक्षित सहयोग तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
३. आधारभूत तथा माध्यमिक तहमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यार्थीकेन्द्रित, व्यवहारिक तथा सिकाइमुखी शिक्षण विधि अवलम्बन गरिनेछ।
४. शिक्षकहरूको पेशागत क्षमता विकासका लागि नियमित तालिम, अनुभव आदानप्रदान, कक्षा अवलोकन तथा पेशागत सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
५. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गर्न निरन्तर मूल्याङ्कन, अतिरिक्त सिकाइ सहयोग तथा सुधारात्मक कार्यक्रम लागू गरिनेछ।
६. विद्यालयको भौतिक पूर्वाधारलाई बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित तथा वातावरणमैत्री बनाउन आवश्यक संरचना निर्माण तथा मर्मत कार्य गरिनेछ।
७. स्थानीय भाषा, संस्कृति, कला, परम्परा तथा ज्ञान–सीप समेटेर स्थानीय पाठ्यक्रम निर्माण तथा प्रभावकारी कार्यान्वयन गरिनेछ।
८. शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल तथा प्रविधिमैत्री शिक्षा प्रणाली विकास गरिनेछ।
९. विषयगत तथा कक्षागत आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गरी आवश्यकतानुसार शिक्षक समायोजन तथा व्यवस्थापन गरिनेछ।
१०. विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको पहिचान गरी विद्यालय शिक्षाको मूलधारमा ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

११. विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक तथा समुदायबीच सहकार्य, समन्वय तथा सहभागिता अभिवृद्धि गरिनेछ।
१२. विद्यालयमा सुशासन, पारदर्शिता तथा उत्तरदायित्व सुनिश्चित गर्न नियमित अनुगमन, मूल्याङ्कन तथा सामाजिक परीक्षण प्रणाली लागू गरिनेछ।
१३. विद्यार्थीहरूमा जीवनोपयोगी सीप, नैतिकता, नेतृत्व क्षमता तथा सकारात्मक सोच विकास गर्न अतिरिक्त क्रियाकलाप तथा व्यवहारिक सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ।
१४. विद्यालयमा स्वास्थ्य, पोषण, सरसफाइ, मानसिक स्वास्थ्य तथा सुरक्षित वातावरण सुनिश्चित गर्न विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।
१५. प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गरी विद्यार्थीलाई रोजगार तथा स्वरोजगारमुखी सीप प्रदान गरिनेछ।
१६. अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइका अवसर विस्तार गरी सबै नागरिकका लागि निरन्तर सिकाइ सुनिश्चित गरिनेछ।
१७. विपद्, महामारी तथा आपतकालीन अवस्थामा पनि सिकाइ निरन्तरता कायम राख्न वैकल्पिक तथा प्रविधिमा आधारित शिक्षण प्रणाली सञ्चालन गरिनेछ।
१८. शिक्षा क्षेत्रको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार तथा विकास साझेदार संस्थासँग समन्वय र स्रोत परिचालन गरिनेछ ।

**२.५ कार्यनीति**

कार्यनीति भन्नाले योजनाको लक्ष्य तथा उद्देश्य पूरा गर्न निर्धारण गरिएका रणनीतिहरूको व्यवहारिक कार्यान्वयनका लागि अपनाइने कार्यविधि, कार्यक्रम तथा क्रियाकलापहरूलाई जनाउँछ। कार्यनीतिहरू व्यवहारिक, स्पष्ट, कार्यान्वयनयोग्य तथा परिणाममुखी हुनुपर्दछ। प्रत्येक रणनीतिसँग सम्बन्धित एक वा एकभन्दा बढी कार्यनीतिहरू निर्धारण गरिन्छन् र सम्बन्धित रणनीति नम्बर कोष्ठकमा उल्लेख गरिन्छ ।

कार्यनीतिहरू

१. विद्यालय उमेर समूहका सबै बालबालिकाको घरधुरी तथ्याङ्क संकलन गरी विद्यालय भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गरिनेछ। (रणनीति १)
२. विद्यालय बाहिर रहेका, जोखिममा परेका तथा सीमान्तकृत बालबालिकाको पहिचान गरी लक्षित छात्रवृत्ति, शैक्षिक सामग्री तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति २, १०)
३. विद्यालयमा नियमित शिक्षक उपस्थिती, कक्षा सञ्चालन तथा सिकाइ उपलब्धिको अनुगमन प्रणाली सुदृढ गरिनेछ। (रणनीति ३, १२)
४. शिक्षकहरूको क्षमता विकासका लागि विषयगत तालिम, पेशागत विकास कार्यक्रम तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति ४)
५. सिकाइ उपलब्धि सुधारका लागि अतिरिक्त कक्षा, सुधारात्मक शिक्षण तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरिनेछ। (रणनीति ५)
६. विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री तथा सुरक्षित भौतिक संरचना निर्माण तथा मर्मत गरिनेछ। (रणनीति ६)
७. स्थानीय भाषा, कला, संस्कृति, इतिहास तथा परम्परागत ज्ञान समेटेर स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ। (रणनीति ७)
८. विद्यालयहरूमा कम्प्युटर, इन्टरनेट तथा डिजिटल शिक्षण सामग्रीको व्यवस्था गरी सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ सञ्चालन गरिनेछ। (रणनीति ८)
९. विषयगत तथा कक्षागत आवश्यकता अनुसार शिक्षक दरबन्दी मिलान, समायोजन तथा व्यवस्थापन गरिनेछ। (रणनीति ९)
१०. विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा समुदायको सक्रिय सहभागितामा विद्यालय सुधार योजना कार्यान्वयन गरिनेछ। (रणनीति ११)
११. विद्यालयमा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा नियमित अनुगमनमार्फत सुशासन र पारदर्शिता प्रवर्द्धन गरिनेछ। (रणनीति १२)

१२. विद्यार्थीहरूमा नेतृत्व, नैतिक शिक्षा, जीवनोपयोगी सीप तथा सकारात्मक व्यवहार विकास गर्न अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ। (रणनीति १३)
१३. विद्यालयमा स्वच्छ खानेपानी, शौचालय, सरसफाइ, स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति १४)
१४. प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रम सञ्चालन गरी विद्यार्थीलाई सीपमूलक तथा रोजगारमुखी शिक्षा प्रदान गरिनेछ। (रणनीति १५)
१५. अनौपचारिक शिक्षा, साक्षरता तथा आजीवन सिकाइ कार्यक्रम समुदायस्तरमा सञ्चालन गरिनेछ। (रणनीति १६)
१६. विपद्, महामारी तथा आपतकालीन अवस्थाका लागि वैकल्पिक सिकाइ सामग्री, अनलाइन तथा दूरशिक्षा प्रणाली विकास गरिनेछ। (रणनीति १७)
१७. शिक्षा क्षेत्रको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय, प्रदेश तथा संघीय निकायसँग समन्वय तथा साझेदारी गरिनेछ। (रणनीति १८)

### २.६ अपेक्षित मुख्य उपलब्धि

लक्ष्मीपुर पतारी गाउँपालिका को शिक्षा योजनाका अपेक्षित उपलब्धिहरू

१. गाउँपालिकाभित्र विद्यालय उमेर समूहका सबै बालबालिकाको विद्यालय शिक्षामा समतामूलक पहुँच तथा नियमित सहभागिता सुनिश्चित भएको हुनेछ।
२. प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म भर्नादर, टिकाउदर तथा सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार भएको हुनेछ।
३. आधारभूत तथा माध्यमिक तहमा विद्यार्थीहरूको पढाइ, लेखाइ, गणित तथा व्यवहारिक सीपसम्बन्धी सिकाइ उपलब्धि राष्ट्रिय मापदण्डअनुसार सुधार भएको हुनेछ।
४. विद्यालय बाहिर रहेका, जोखिममा परेका, दलित, विपन्न, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाहरू विद्यालय शिक्षाको मूलधारमा समावेश भएका हुनेछन्।
५. गाउँपालिकाका विद्यालयहरूमा बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित तथा समावेशी भौतिक पूर्वाधार निर्माण भई गुणस्तरीय सिकाइ वातावरण विकास भएको हुनेछ।
६. स्थानीय भाषा, संस्कृति, कला, इतिहास तथा स्थानीय ज्ञान–सीप समेटिएको स्थानीय पाठ्यक्रम निर्माण तथा प्रभावकारी कार्यान्वयन भएको हुनेछ।
७. विद्यालयहरूमा विषयगत तथा कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन सन्तुलित भई शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी बनेको हुनेछ।
८. शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धि भई विद्यार्थीकेन्द्रित, प्रविधिमैत्री तथा नतिजामुखी शिक्षण सिकाइ प्रणाली विकास भएको हुनेछ।
९. विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार भई डिजिटल शिक्षण सिकाइ प्रणाली प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ।
१०. विद्यालय व्यवस्थापन, अनुगमन तथा शैक्षिक सुशासन प्रणाली पारदर्शी, उत्तरदायी तथा सहभागितामूलक बनेको हुनेछ।
११. विद्यालय, अभिभावक, समुदाय तथा स्थानीय तहबीच समन्वय, सहकार्य र साझा उत्तरदायित्वको संस्कृति विकास भएको हुनेछ।
१२. विद्यार्थीहरूमा जीवनोपयोगी सीप, नैतिक मूल्य–मान्यता, नेतृत्व क्षमता, सामाजिक उत्तरदायित्व तथा सकारात्मक सोचको विकास भएको हुनेछ ।
१३. विद्यालयहरूमा स्वास्थ्य, पोषण, सरसफाइ, सुरक्षित खानेपानी तथा बाल संरक्षणसम्बन्धी व्यवस्था सुदृढ भएको हुनेछ ।
१४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थीहरूको पहुँच वृद्धि भई रोजगार तथा स्वरोजगारमुखी सीप विकास भएको हुनेछ ।
१५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रममार्फत निरक्षरता न्यूनीकरण भई समुदायमा सिकाइ संस्कृतिको विकास भएको हुनेछ ।
१६. विपद्, महामारी तथा आपतकालीन अवस्थाहरूमा पनि वैकल्पिक सिकाइ प्रणालीमार्फत शिक्षाको निरन्तरता सुनिश्चित भएको हुनेछ ।

१७. विद्यालय शिक्षामा लैङ्गिक समानता, सामाजिक समावेशिता तथा विभेदरहित वातावरण सुदृढ भएको हुनेछ।
१८. समग्र शिक्षा प्रणाली सुदृढ भई गाउँपालिकामा दक्ष, सिर्जनशील, नैतिकवान, जीवनोपयोगी सीपयुक्त तथा जिम्मेवार नागरिक उत्पादन भएको हुनेछ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

लक्ष्मीपुर पतारी गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना (सन् २०२५–२०३४) अन्तर्गत शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर, समावेशिता, सुशासन तथा प्रविधिमैत्री शिक्षाको विकासलाई केन्द्रमा राखी निम्न मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ। लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र विकास, गुणस्तर अभिवृद्धि, समावेशिता, सुशासन तथा दिगो शैक्षिक सुधारलाई मध्यनजर गर्दै निम्न मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ। यी सूचकहरू प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, जीवनपर्यन्त शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, सुशासन तथा शिक्षामा लगानीलगायतका क्षेत्रसँग सम्बन्धित रहेका छन्।

यस शिक्षा योजनामा समावेश गरिएका लक्ष्यहरू आधार वर्ष २०८२ लाई आधार मानी २०८४, २०८५ र २०८६ सम्म चरणबद्ध रूपमा हासिल गर्ने गरी निर्धारण गरिएको छ। सूचकहरूको आधार तथ्याङ्क स्थानीय तह, प्रदेश तथा राष्ट्रिय स्तरका तथ्याङ्क, EMIS, Toolkit, जनगणना, विद्यालय विवरण तथा सम्बन्धित शैक्षिक प्रतिवेदनहरूबाट लिइनेछ।
यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) निम्नबमोजिम हुने छ।

तालिका नं ७ : शिक्षा क्षेत्रका मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८६ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ९१.२ | ९२ | ९३.० | ९३.२ | | Toolkit |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **८६.२** | **८९.५** | **९४.०** | **९९.०** | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ८६ | ८९ | ९२ | ९२ | Flash report | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **६८.६** | **७३.०** | **८५.०** | **९५.0** | | |
| **२.** | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९४.० | ९५ | ९६ | ९७ | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९६.९** | **९७.५** | **९९.०** | **१००** | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ११२.० | १११.० | १०५.० | १०२.० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **१२१.९** | **११५.०** | **१०७.०** | **१०५.०** | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.२ | ९६.० | ९७.० | ९८.० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९७.1** | **९९.०** | **९९.५** | **१००** | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | **१२५.४** | **११८.०** | **११५.०** | **११०.०** | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **११९.२** | **११५.०** | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ९५.९ | ९७.० | ९८.० | ९९.० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९८.३** | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | | स्थानीय | ८३.३ | ८६.० | ९०.० | ९९.0 | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **११३** | **११०** | **१०७** | **१०५.०** | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | | स्थानीय | **९३.०** | **९४.०** | **९५.०** | **९८.०** | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **९३.०** | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | | स्थानीय | ९५.९ | ९७.० | ९८.० | ९९.० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **८५.८** | **९३.१** | **९५.५** | **९९.५** | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | | स्थानीय | ७८.० | ८२.० | ८३.० | ९०.० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **२२.२** | **२०.०** | **१५.०** | **१०.०** | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | स्थानीय | ०.९७ | ०.९८ | ०.९९ | **१.०** | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **१.०६** | | | **१.०१** | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | | स्थानीय | **९५.२** | **९७.०** | **९८.०** | **९९.०** | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **९३.४** | **९९.०** | | **१००** | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | स्थानीय | १२०.६ | ११५.० | ११२.० | ११०.० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **११०.४** | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ७५.६ | ७९.६ | ८५.० | ९०.० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **७९.३** | | | **९५.०** | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ८३.६ | ८५.० | ९२.० | ९५.० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **७२.७** | | | **९५.०** | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | **१.०४** | **१.०२** | **१.०२** | **१.०१** | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **१.०१** | **१.०१** | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ४३.२ | ४५.० | ४७.२ | ५२.० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | ५४.४ | ५८.५ | ६२.२ | ६५.१ | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४३.१ | ४५.२ | ४७.४ | ५०.१ | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि | नेपाली भाषा | स्थानीय | ५४.३ | ५५.२ | ५८.३ | ६०.० | IEMIS | |
| | | | प्रदेश | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | राष्ट्रिय | | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | | ४४.० | ४९.० | ५०.२ | ५७.० | IEMIS | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | | ४९.० | ५०.२ | ५२.० | ५७.० | IEMIS | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | | ६.४ | ५.४ | ४.४ | २.४ | IEMIS | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **२.९** | **१.०** | **०.५** | **०** | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | | ८.६६ | ६.४ | ४.२ | ३.२ | IEMIS | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **६.६** | | **१.०** | **०** | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | | ४१ | ४५ | ४८ | ५० | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **४३.७** | **४५.०** | **५०.०** | **५०.०** | | |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | | ७९.६ | ८२.६ | ८९.६ | ९१.६ | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **४७.६** | | **६५.०** | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | | ८४.६ | ८९.६ | ९१.६ | ९४.६ | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **७१.४** | | | **९९.०** | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | | १.२३ | १.०१ | ०.९ | ०.९६ | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **१.०२** | **१.००** | **१.००** | **१.००** | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | स्थानीय | | ६९.६ | ७२.६ | ७९.६ | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **९७.५** | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | स्थानीय | | ६१.१ | ६३.१ | ६५.१ | .६७१ | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **६०.३** | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | | २४% | २७% | २८% | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **२४.०** | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | | स्थानीय | | **२१.५०** | **२३.०** | **२५.०** | **३०.०** | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **२०.६** | **२२.०** | **२७.०** | **३३.०** | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | | स्थानीय | विज्ञान | ० | ० | ० | ० | | |
| | | | | प्रा.व्या. | ११.१ | १५.१ | १७.१ | २०.१ | | |
| | | | प्रदेश | विज्ञान | | | | | | |
| | | | | प्रा.व्या. | | | | | | |
| | | | राष्ट्रिय | विज्ञान | | | **१५.०** | | | |
| | | | | प्रा.व्या. | **१०.०** | **१७.०** | **३०.०** | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | | नेपाली भाषा | स्थानीय | **५८** | ६१ | **६३** | **६५** | | |
| | | | | प्रदेश | | | | | | |
| | | | | राष्ट्रिय | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गणित | स्थानीय | **४५** | ४७ | **४९** | **५१** | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | ४५ | ४७ | **४९** | **५१** | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४७ | ४९ | **५१** | **५३** | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४. | जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ६४.९ | ७१.१ | ८०.१ | ९० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **५८.०** | | **९५.०** | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ९६.१ | ९७ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **८२.०** | **८९.०** | **९५.०** | **१००** | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ९६ | ९७ | ९८ | ९९ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **९२.०** | | **९९.०** | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | ०.४१ | ०.५२ | ०.५७ | ०.५९ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **०.६५** | | | **०.८०** | | |
| **५.** | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **३१.०** | **४०.०** | **५०.०** | **७५.०** | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | ३२ | ४० | ५२ | ७० | | |
| | | | छात्र | ९१ | ९० | १०० | ११० | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| **६.** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ५३:१ | ५२:१ | ५१:१ | ५०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | १७३:१ | १४३:१ | १०३:१ | ८०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ७४:१ | ७०:१ | ६८:१ | ६४:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ५२:१ | ५१:१ | ५०:१ | ५०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | ६२:१ | ५५:१ | ५०:१ | ४५:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |

| ७. | शिक्षामा लगानी | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

# परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

यस परिच्छेदमा लक्ष्मीपुर पतारी गाउँपालिका को विद्यालय शिक्षा क्षेत्रअन्तर्गत रहेका मुख्य उपक्षेत्रहरूको वर्तमान अवस्था, समस्या तथा चुनौतीहरूको विश्लेषण गरी सम्बन्धित उपक्षेत्रका उद्देश्य, रणनीति, अपेक्षित उपलब्धि, नतिजा तथा मुख्य क्रियाकलापहरू प्रस्तुत गरिको छ। विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं सीप विकासलाई समावेश गरिएको छ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा  प्रत्येक बालबालिकालाई प्रारम्भिक" मा (३) को आठौँ संशोधनले २०२८ भनी उल्लेख गरेको साथै शिक्षा ऐन "बालविकास तथा बाल सहभागिताको हक हुनेछ बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नुका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०६७ मा उल्लेख भएको र नेपालको पन्ध्रौं र  सोह्रौ पञ्चबर्षिय योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ।

### ३.१.१ वर्तमान अवस्था

लक्ष्मीपुर पतारी गाउँपालिकामा हाल १७ वटा सामुदायिक विद्यालयहरूमा ३३ वटा विद्यालय स्तरमा बालविकास र शिक्षा कक्षाहरू सञ्चालनमा रहेका छन्। ती सबै ३३ वटा बालविकास कक्षाहरू पूर्ण रूपमा सरकारी अनुदानमा सञ्चालित छन्। साथै, यी बालविकास तथा शिक्षा तहमा ३३ जना बालविकास शिक्षकहरू  सेवारत रहेका छन् उनीहरु सबै जना तालिम प्राप्त रहेका छन्। यसरी हेर्दा ३ वटा बालविकास र शिक्षा भएका ४ वटा सामुदायिक विद्यालय, २ वटा बालविकास र शिक्षा भएका ९ वटा सामुदायिक विद्यालय, १ वटा मात्र बालविकास र शिक्षा भएका ३ वटा विद्यालयमा तथा शुन्य भएको श्री आधारभूत विद्यालय, कल्याणपुर वडा नं ६ मा नभएको हुदाँ अगामी १० वर्षमा एउटा उपलब्ध गर्ने योजना रहने छ।

लक्ष्मीपुर गाउँपालिकामा ४–५ वर्ष उमेर समूहको कुल जनसंख्या १५२७ रहेकोमध्ये ७१२ सामुदायिकमा र ५८८ संस्थागत र धार्मिक विद्यालयहरु  (८५ प्रतिशत) बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छन्। कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभवसहितको भर्नादर ८६ प्रतिशत रहेको छ। त्यसैगरी, प्रारम्भिक बालविकास तथा शिक्षामा लैङ्गिक समता सूचक ०.८२ रहेको छ।  प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरूमध्ये शतप्रतिशत महिला रहेका छन्। उनीहरूको शैक्षिक योग्यताको विश्लेषण गर्दा १ जना एस.एल.सी.भन्दा कम, १६ जना एस.एल.सी. उत्तीर्ण, १४ जना आई.एड. (प्रवीणता प्रमाणपत्र तह) उत्तीर्ण तथा १ जना बी.एड. उत्तीर्ण रहेको देखिन्छ। समग्र रूपमा हेर्दा, अधिकांश सहजकर्ताहरूले नेपाल सरकारले प्रारम्भिक बालविकास सहजकर्ताका लागि निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता (एस.एल.सी. वा सो सरह) पूरा गरेका छन्। तथापि, १ जना सहजकर्ताको शैक्षिक योग्यता एस.एल.सी.भन्दा कम रहेको हुँदा भविष्यमा उनीहरूको क्षमता अभिवृद्धि तथा आवश्यक शैक्षिक योग्यता हासिल गर्न प्रोत्साहन गर्ने व्यवस्था आवश्यक देखिन्छ। यी बालविकास तथा शिक्षा सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रहरूको भौतिक तथा शैक्षिक अवस्थालाई हेर्दा, प्रारम्भिक

बालविकास सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका, २०६७ (पहिलो संशोधन, २०७५) अनुसार कुनै पनि बालविकास केन्द्रले आवश्यक न्यूनतम मापदण्ड पूरा गरेको अवस्था देखिँदैन। अधिकांश बालविकास केन्द्रहरू बालमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री वातावरणयुक्त बन्न सकेका छैनन्। केन्द्रहरूमा आवश्यक भौतिक पूर्वाधार, शैक्षिक सामग्री, सुरक्षित तथा आकर्षक सिकाइ वातावरणको अभाव देखिन्छ।

यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा विभिन्न चुनौतीहरू विद्यमान रहेका छन् । यहाँ ३३ वटा बालविकास केन्द्रमध्ये कुनै पनि केन्द्रले न्यूनतम मापदण्ड पूरा गर्न सकेका छैनन्। प्रारम्भिक बालविकास उमेर समूहका करिब ५ प्रतिशत बालबालिका अझै विद्यालय बाहिर रहेका छन् । त्यस्तै, बालविकास केन्द्रमा भर्ना भएका कुल बालबालिकामध्ये ८५ प्रतिशत मात्र उपयुक्त उमेर समूहका रहेका छन्। प्रारम्भिक बालविकास तथा शिक्षा अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको दर ८६ प्रतिशत मात्र रहेको छ।

**प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान चुनौतीहरू**

लक्ष्मीपुर पतारी गाउँपालिका मा प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा निम्न चुनौतीहरू विद्यमान रहेका छन् –

१. प्रारम्भिक बालविकास सहजकर्ताको नियुक्ति प्रक्रियासम्बन्धी स्पष्ट मापदण्ड, न्यूनतम शैक्षिक योग्यता तथा तालिम व्यवस्थापन प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु।

२. गाउँपालिकाभित्र सञ्चालित १७ वटै प्रारम्भिक बालविकास केन्द्रहरूले न्यूनतम मापदण्ड पूरा गर्न नसक्नु।

३. प्रारम्भिक बालविकास उमेर समूहका करिब ५ प्रतिशत बालबालिका अझै विद्यालय तथा बालविकास केन्द्रको पहुँच बाहिर रहनु।

४. प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकामध्ये करिब ६५ प्रतिशत मात्र उपयुक्त उमेर समूहका हुनु, जसले उमेरअनुसारको सिकाइ व्यवस्थापनमा चुनौती सिर्जना गर्नु ।

५. प्रारम्भिक बालविकास तथा शिक्षा अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ८६ प्रतिशत मात्र हुनु।

६. प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु तथा खेलमैत्री, बालकेन्द्रित शिक्षण विधिको पर्याप्त प्रयोग नहुनु ।

७. सहजकर्ताहरूको पारिश्रमिक न्यून हुनुका कारण पेशाप्रति आकर्षण, स्थायित्व तथा कार्यप्रेरणामा कमी देखिनु।

८. अपाङ्गता भएका बालबालिकाको अद्यावधिक तथा व्यवस्थित तथ्याङ्क उपलब्ध नहुनु, जसले समावेशी योजना निर्माण तथा सेवा प्रवाहमा समस्या सिर्जना गर्नु ।

९. प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत कुनै पनि सहजकर्ताले आधारभूत तालिम प्राप्त नगरेको अवस्था रहनु, जसले शिक्षण सिकाइ प्रक्रियाको गुणस्तरमा प्रत्यक्ष असर पार्नु ।

### ३.१.२ उद्देश्य

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो। यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ ।

१. १४ वटा नयाँ सहित ३ ओटै बालविकास केन्द्रहरुलाई न्यूनतम मापदण्ड पुरा गरेको सुनिश्चित गर्नु ।
२. शतप्रतिशत बालवालिकाहरुको लागि प्रारम्भिक बालविकासको अवसर सुनुश्चित गर्नु ।
३. शिक्षक र विद्यार्थी अनुपातलाई राष्ट्रिय मापदण्ड अनुसार पुर्याउन ४ वटा नयाँ बा.वि. केन्द्र स्थापना गर्नु ।
४. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।
५. ३३ वटै सहजकर्ताहरुलाई क्षमताविकास तालिम दिई प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउनु ।
६. सबै सहजकर्ताहरुको तलब ILO को मापदण्ड बमोजिम वृद्धि गर्नु ।
७. प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरुमा भएको अपाङ्गताको पहिचान गरि सहयोग सुनिश्चित गर्नु।

### ३.१.३ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीने छ -

१. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन गरि आवश्यकता अनुसार थप १४ ओटा बालविकास केन्द्रहरुको स्थापना र संचालन गर्ने ।
२. प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन २०७५ अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरु गुणस्तर सुनिश्चित गर्ने ।
३. अभिभावक शिक्षा मार्फत प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरुलाई बालविकास केन्द्रमा भर्ना गराउने ।
४. सहजकर्ताहरुको पारिश्रमिक तथा अन्य सेवासुविधाहरु वृद्धि गर्ने ।
५. प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरुमा भएको अपाङ्गता पहिचान गरी सहयोगको सुनिश्चितता गर्ने ।
६. प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमनको सुनिश्चितता गर्ने ।
७. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिताका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरू सँग समन्वय र सहकार्य गर्ने ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाले गुणस्तरीय, समावेशी तथा बालमैत्री प्रारम्भिक बालविकास तथा शिक्षामा समान पहुँच प्राप्त गरेका हुनेछन्।

२. गाउँपालिकाभित्र सञ्चालनमा रहेका सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूले न्यूनतम राष्ट्रिय मापदण्ड पूरा गरी सुरक्षित, खेलमैत्री र सिकाइमैत्री वातावरणमा सेवा प्रदान गरेका हुनेछन्।

३. कक्षा १ मा भर्ना हुने सबै बालबालिकाहरू प्रारम्भिक बालविकास तथा शिक्षा अनुभवसहित विद्यालय भर्ना भएका हुनेछन्, जसले आधारभूत तहमा सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुर्‍याएको हुनेछ।

४. प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत सबै सहजकर्ताहरूले आवश्यक न्यूनतम शैक्षिक योग्यता, आधारभूत तथा पुनर्ताजगी तालिम प्राप्त गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरेका हुनेछन्।

५. अपाङ्गता भएका, सीमान्तकृत तथा विपन्न समुदायका बालबालिकाको प्रारम्भिक बालविकास तथा शिक्षामा समावेशी, समान र अर्थपूर्ण सहभागिता सुनिश्चित भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ ।*

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना सङ्ख्या | ७१२ | १०७२ | ११८५ | १२९८ | १४११ | १५०० |
| २ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | १ | ३ | ५ | ४ | ४ | १६ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धि तालिम प्राप्त शिक्षकहरुको संख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| ४ | अभिभावक शिक्षाबाट लाभान्वित अभिभावकहरुको संख्या | ४५० | ५५० | १०५० | १५०८ | १८०१ | १९०४ |

तालिका नं 7 पूर्व वालविकास तथा शिक्षाको नतिजा तथा परिमाणात्मक लक्ष्य

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ।*

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | केन्द्र | ० | २ | ४ | २ | ३ | १३ | २५ |
| २ | शिक्षक/सहयोगी कार्यकर्ताहरुको योग्यता र क्षमता विकास | जना | ० | २ | १ | ४ | २ | ०९ | १५ |
| ३ | बालविकास सहजकर्ताका लागि पेशागत विकास तालिम (प्रथम र दोस्रो चरण) | संख्या | ३३ | ३३ | ३५ | ३७ | ३७ | १६९ | २०० जना |
| ४ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका अभिभावकहरुका लागि सचेतना/शिक्षा कार्यक्रम | संख्या | ४५० | १५०२ | १६०५ | १७०८ | १८०१ | ९९२९ | १५००० जना |
| ५ | प्रारम्भिक बालविकास शिक्षा केन्द्रहरुलाई न्यूनतम राष्ट्रिय मापदण्ड अनुसार समतामूलक बनाउन आवश्यकता पहिचान गरी माग परिपूर्ति गर्ने | संख्या | ० | १३ | ७ | ५ | ७ | ३३ | ५० |
| ६ | पालिका स्तरीय अपाङ्गता भएका बालबालिकाहरुको पहिचान र सहयोग कार्यक्रम | पटक | ३१ | ३२ | ३३ | ३३ | ३४ | १६३ | २०० |
| ७ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका बालबालिकाहरुका लागि दिवाखाजा कार्यक्रम विद्यालय | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | १७ |
| ८ | प्रारम्भिक बालविकास तथा शिक्षा सहजकर्ताहरुको पारिश्रमिक तथा सेवा सुविधाक | संख्या | ३३ | ३३ | ३४ | ३५ | ३५ | ३५ | ६५ |

तालिका नं 8 पूर्व वालविकास तथा शिक्षाको *प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

## ३.२ आधारभूत शिक्षा

नेपालको संविधान, २०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठ सम्म दिइने शिक्षा हो। विद्यालय क्षेत्र सुधार योजना २०६६ देखि २०७२ ले विधालय शिक्षाको पुर्नसंरचना गरेर कक्षा १- ८ लाई आधारभूत शिक्षा, कक्षा ९- १२ लाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ।आधारभूत तहको शिक्षाको महत्त्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि लक्ष्मीपुर पतारी गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षाअन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ३.२.१ वर्तमान अवस्था

लक्ष्मीपुर पतारी गाउँपालिकामा जम्मा ३१ वटा विद्यालय रहेका छन्। तीमध्ये सामुदायिक विद्यालय १७ वटा रहेका छन् भने निजी विद्यालय ८ वटा र धार्मिक मदर्सा ६ वटा रहेका छन्। सामुदायिक विद्यालयमध्ये आधारभूत तहका विद्यालयहरूमा कक्षा १ देखि ३ सम्म सञ्चालन भएका २ वटा, कक्षा १ देखि ५ सम्म सञ्चालन भएका ७ वटा, तथा कक्षा १ देखि ८ सम्म सञ्चालन भएका २ वटा विद्यालय रहेका छन्। यसरी आधारभूत तहका सामुदायिक विद्यालयको संख्या ११ वटा रहेको छ। बाँकी ६ वटा सामुदायिक विद्यालय माध्यमिक तहका हुन्। त्यसैगरी, गाउँपालिकामा ८ वटा निजी विद्यालय तथा ६ वटा धार्मिक मदर्सा सञ्चालनमा रहेका छन्। यसरी लक्ष्मीपुर पतारी गाउँपालिकामा सामुदायिक, निजी तथा धार्मिक शिक्षण संस्थासहित कुल ३१ वटा विद्यालय रहेका छन्।

फल्यास रिपोर्ट २०८२ अनुसार यस गाउँपालिकामा कक्षा १–८ सम्मको खुद भर्नादर ९५.२ प्रतिशत रहेको छ भने कुल भर्ना १२०.६ प्रतिशत रहेको छ। त्यस्तै कक्षा ८ सम्मको टिकाउ दर छात्रा ८६.३ प्रतिशत र छात्र ८८.० प्रतिशत रहेको छ । यस गाउँपालिकामा IEMIS 2082 को आधारमा आधारभूत तह १ – ५ मा १७६५ छात्रा र १८०३ छात्र गरि जम्मा ३५६८ जना छात्रछात्राहरु अध्ययनरत छ भने आधारमा आधारभूत तह ६– ८ मा १२९८ छात्रा र ११३४ छात्र गरि जम्मा २४३२ अध्ययनरत छ। त्यसैरी १ – ५ मा जनजाती १८८ छात्रा र १८० छात्र जम्मा ३६८ अध्ययनरत छ भने दलित ६१३ छात्रा र ६८१ छात्र जम्मा १२९४ दलित छात्रछात्रा अध्ययनरत रहेको देखिन्छ भने।

यसै गरि आधारभूत तह ६– ८ मा जनजाती १६४ छात्रा १५५ छात्र जम्मा ३२९ र दलित ४२८ छात्रा र ४०१ छात्र जम्मा ८२९ छात्रछात्रा अध्ययनरत रहेका छन्। IEMIS 2082 को रिपोर्ट अनुसार आधारभूत तहमा जनजाती विद्यार्थीको संख्या ११५५ जना, दलित विद्यार्थी संख्या २५१८ जना र मधेशी (अन्य) विद्यार्थी संख्या ५०४९ जना रहेका छन्। यस गाउँपालिका को कक्षा १-५ को विद्यालय छाड्ने दर १.४ प्रतिशत रहेको छ भने कक्षा ६-८ को ३.३ प्रतिशत रहेका छन्। यस गाउँपालिका मा कक्षा दोहर्याउने दर १-५ कक्षाको १.८ प्रतिशत रहेको छ भने कक्षा ६-८ को ३.२ प्रतिशत रहेका छन्।

शिक्षक विद्यार्थी अनुपात IEMIS २०८२ को तथ्याङ्कअनुसार यस गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा आधारभूत तह (कक्षा १–५) मा १,७६५ छात्रा र १,८०३ छात्र गरी जम्मा ३,५६८ जना विद्यार्थी अध्ययनरत छन्। त्यसैगरी, आधारभूत तह (कक्षा ६–८) मा १,२९८ छात्रा र १,१३४ छात्र गरी जम्मा २,४३२ जना विद्यार्थी अध्ययनरत रहेका छन्।
यस आधारमा आधारभूत तह (कक्षा १–८) मा कुल ६,००० जना विद्यार्थी अध्ययनरत रहेका छन्। हाल आधारभूत तहमा ८८ जना शिक्षक कार्यरत रहेकाले समग्र शिक्षक–विद्यार्थी अनुपात करिब १:६८ रहेको देखिन्छ। तहगत रूपमा हेर्दा, कक्षा १–५ मा ७२ जना शिक्षक कार्यरत रहेकाले शिक्षक–विद्यार्थी अनुपात करिब १:५० रहेको छ भने कक्षा ६–८ मा १६ जना शिक्षक कार्यरत रहेकाले शिक्षक–विद्यार्थी अनुपात करिब १:१५२ रहेको देखिन्छ।
यस तथ्याङ्कले विशेषगरी आधारभूत तह (कक्षा ६–८) मा शिक्षक–विद्यार्थी अनुपात अपेक्षाकृत उच्च रहेको देखाउँछ। यसले शिक्षण–सिकाइ प्रक्रियाको प्रभावकारिता र सिकाइ उपलब्धिमा असर पार्न सक्ने भएकाले विषयगत शिक्षक व्यवस्थापन तथा दरबन्दी पुनर्वितरणमा विशेष ध्यान दिन आवश्यक देखिन्छ।
आधारभूत तह (कक्षा १–८) अन्तर्गत सामुदायिक विद्यालयहरूमा हाल कुल ८८ जना शिक्षक दरबन्दीमा कार्यरत रहेका छन्। तीमध्ये एस.एल.सी. योग्यता भएका १० जना, प्रवीणता प्रमाणपत्र (आई.एड.) तह उत्तीर्ण ३८ जना, स्नातक तह उत्तीर्ण २५ जना तथा स्नातकोत्तर तह उत्तीर्ण १५ जना रहेका छन्। कक्षा १–५ मा कार्यरत शिक्षककहरूमध्ये १० जना एस.एल.सी., ३४ जना प्रवीणता प्रमाणपत्र तह, १८ जना स्नातक तथा १० जना स्नातकोत्तर योग्यताधारी छन्। त्यसैगरी, कक्षा ६–८ मा ४ जना प्रवीणता प्रमाणपत्र तह, ७ जना स्नातक तथा ५ जना स्नातकोत्तर योग्यताधारी शिक्षक कार्यरत रहेका छन्।
समग्र रूपमा हेर्दा, आधारभूत तहमा कार्यरत सबै शिक्षकहरूले नेपाल सरकारले सम्बन्धित तहका लागि निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता पूरा गरेका छन्, जसले आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धिमा सकारात्मक योगदान पुर्‍याउने अपेक्षा गर्न सकिन्छ।
लक्ष्मीपुर पतारी गाउँपालिका अन्तर्गत आधारभूत शिक्षाको क्षेत्रमा निम्न चुनौतीहरू विद्यमान रहेका छन् –
१. गाउँपालिकाभित्र रहेका १७ वटै सामुदायिक आधारभूत विद्यालयमा निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा नियमित सहभागिता सुनिश्चित गर्न चुनौती रहनु।
२. आधारभूत तहको खुद भर्ना दर ९५.२ प्रतिशत रहे पनि अझै शतप्रतिशत भर्ना सुनिश्चित गर्न नसक्नु।
३. सिकाइको गुणस्तर अपेक्षाअनुसार अभिवृद्धि हुन नसक्दा विद्यार्थीहरूको सिकाइ उपलब्धिमा अपेक्षित सुधार हुन नसक्नु।
४. विद्यालयहरूको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरण पर्याप्त रूपमा सुधार हुन नसक्दा विद्यालयहरू पूर्ण रूपमा बालमैत्री तथा अपाङ्गमैत्री बन्न नसक्नु।

५. विद्यालय व्यवस्थापन तथा शैक्षिक विकासमा परिवार, समुदाय, गैरसरकारी संस्था, निजी क्षेत्र तथा सरोकारवालाहरूको प्रभावकारी सहभागिता तथा उत्तरदायित्व सुनिश्चित हुन नसक्नु।

६. विपद्, महामारी तथा अन्य प्रकोपजन्य जोखिमको समयमा बालबालिकाको सिकाइ निरन्तरता कायम राख्न प्रभावकारी वैकल्पिक प्रणालीको अभाव हुनु।

७. शिक्षक तथा विद्यालयस्तरमा सूचना तथा सञ्चार प्रविधिको दक्षता तथा पहुँच सीमित हुनुका कारण शिक्षण सिकाइ प्रक्रियामा प्रविधिको प्रभावकारी प्रयोग हुन नसक्नु।

८. विद्यालय बाहिर रहेका, जोखिममा रहेका तथा सीमान्तकृत समुदायका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन चुनौती रहनु।

९. शिक्षक विद्यार्थी अनुपात, विषयगत शिक्षक व्यवस्थापन तथा नियमित शिक्षक पेशागत विकासमा कमी रहनु।

१०. विद्यालयमा सुरक्षित खानेपानी, सरसफाइ, पुस्तकालय, प्रयोगशाला तथा सिकाइ सामग्रीको पर्याप्त व्यवस्था हुन नसक्नु।

### ३.२.२ उद्देश्य

आधारभूत शिक्षाका उद्देश्य

१. सबै बालबालिकालाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा समतामूलक पहुँच, सहभागिता तथा निरन्तरता सुनिश्चित गर्नु।

२. आधारभूत तहमा खुद भर्ना दर, टिकाउ दर तथा कक्षा पूरा गर्ने दर अभिवृद्धि गर्नु।

३. सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीहरूको सिकाइ उपलब्धि, सिर्जनशीलता तथा जीवनोपयोगी सीप विकास गर्नु।

४. विद्यालयहरूको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरण सुधार गरी विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री तथा सुरक्षित बनाउनु।

५. विद्यालय व्यवस्थापन, शैक्षिक सुशासन तथा जनसहभागिता अभिवृद्धि गरी परिवार, समुदाय, गैरसरकारी संस्था तथा निजी क्षेत्रको जिम्मेवारी र सहभागिता सुदृढ गर्नु।

६. विपद्, महामारी तथा प्रकोपजन्य अवस्थाहरूमा पनि बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गर्नु।

७. सूचना तथा सञ्चार प्रविधिको पहुँच तथा दक्षता वृद्धि गरी शिक्षण सिकाइ प्रक्रियामा प्रभावकारी प्रयोग गर्नु।

८. विद्यालय बाहिर रहेका, जोखिममा रहेका तथा सीमान्तकृत समुदायका बालबालिकालाई विद्यालय शिक्षाको मूलधारमा ल्याउनु।

९. शिक्षकहरूको पेशागत क्षमता विकास तथा विषयगत शिक्षक व्यवस्थापन सुदृढ गरी प्रभावकारी शिक्षण सिकाइ वातावरण निर्माण गर्नु।

१०. विद्यालयहरूमा सुरक्षित खानेपानी, सरसफाइ, पुस्तकालय, प्रयोगशाला तथा आवश्यक सिकाइ सामग्रीको उपलब्धता सुनिश्चित गर्नु।

### ३.२.३ रणनीतिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ -

१. विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने
२. विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने ।
३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने ।
४. विद्यालयमा न्यूनतम् भौतिक सुविधा सुनिश्चितता गर्ने ।
५. मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने ।

६. वैकल्पिक/अनौपचारिक/खुला/परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि कार्यक्रम सञ्चालन गर्ने ।

७. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने ।

८. शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने ।

९. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गर्ने

१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने ।

११. स्थानीय पाठ्यक्रम मार्फत बहुभाषिक र प्रकोप व्यवस्थापन तथा न्युनिकरण सम्बन्धी ज्ञान दिने ।

१२. विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजाहरु

अपेक्षित उपलब्धिहरू

१. सबै बालबालिकाको विद्यालयमा पहुँच तथा सहभागिता सुनिश्चित भई विद्यालय बाहिर रहेका बालबालिकाको संख्या न्यून हुने ।

२. विद्यालयमा गुणस्तरीय, समावेशी तथा प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण विकास हुने ।

३. शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरूको क्षमता अभिवृद्धि भई विद्यालय व्यवस्थापन प्रभावकारी हुने ।

४. विद्यार्थीहरूको सिकाइ उपलब्धि, स्वास्थ्य, पोषण तथा नियमित उपस्थितिमा सुधार आउने ।

५. विद्यालय तथा शैक्षिक निकायहरूमा सुशासन, पारदर्शिता र उत्तरदायित्वमा अभिवृद्धि हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

*योजनाको कार्यान्वियनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ ।*

| क्र.स. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabiling Conditions ) पुरा गरेका आधारभूत तहका विधालयको सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | १७ |
| २ | आधारभूत तह ( कक्षा १-८) मा बिधार्थी सङ्ख्या | ८७२२ | ८८०९ | ८८९६ | ८९८३ | ९०७० | ९१५७ |
| ३ | तालिम प्राप्त शिक्षकको सङ्ख्या | ४० | १० | | | १८ | ६८ |
| ४ | महिला शिक्षक संख्या | २० | २० | २० | २० | २० | २० |
| ५ | स्थानीय पाठ्यक्रम २०८० को कार्यान्वयन | बनेको | | | | | |
| ६ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्र | १७ | १७ | १७ | १७ | १७ | १७ |

तालिका नं 9 आधारभूत शिक्षाको नतिजा तथा परिमाणात्मक लक्ष्य

### ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने*

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | | १ | | | | १ | गाउँपालिका |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनराबलोकन | पटक | | १ | | | १ | ३ | गाउँपालिका |
| ३ | आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | १५६ | १५१ | १४६ | १४१ | १३६ | १०० | गाउँपालिका |
| ४ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास | संख्या | | २ | ४ | ५ | ५ | १७ | गाउँपालिका |
| ५ | स्थानीय पाठ्यक्रम २०८२ को कार्यान्वयन | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | १७ | गाउँपालिका |
| ६ | प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति योजना तयार गरी कार्यान्वयन | पटक | | १ | | | | १ | गाउँपालिका |
| ७ | सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | संघ र नगरपालिका |
| ८ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | नगरपालिका |
| ९ | विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका |
| १० | अपाङ्गताभएकाहरुको प्रारम्भिक पहिचान गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | १ | संघ र नगरपालिका |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ र नगरपालिका |
| १२ | एकीकृत पाठयक्रम सम्बन्धि (कक्षा १-३) का शिक्षकलाई क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ र नगरपालिका |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ३ | ५ | ४ | ३ | ३ | १७ | गाउँपालिका |
| १४ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ३ | ५ | ४ | ३ | ३ | १७ | गाउँपालिका |

तालिका नं 10 आधारभूत शिक्षाको *प्रमुख क्रियाकलाप र वार्षिक*

## ३.३ माध्यमिक शिक्षा

शिक्षा ऐन २०२८ ले कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेको छ। नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने मौलिक हक सुनिश्चित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले माध्यमिक शिक्षा उपलब्ध गराउने दायित्व राज्यको हुने व्यवस्था गरेको छ। संविधानले विद्यालय शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राख्दै संघ, प्रदेश र स्थानीय तहको साझा जिम्मेवारीको विषयका रूपमा समेत स्थापित गरेको छ। यसले गुणस्तरीय, समावेशी र पहुँचयुक्त शिक्षा सुनिश्चित गर्न तीनै तहका सरकारबीच समन्वय र सहकार्य आवश्यक रहेको स्पष्ट गर्दछ।

लक्ष्मीपुर पतारी गाउँपालिकाले माध्यमिक शिक्षालाई गुणस्तरीय, प्रविधिमैत्री, सीपमूलक, समावेशी तथा रोजगारमुखी बनाउने नीति अवलम्बन गरेको छ। आधारभूत तह पूरा गरेका विद्यार्थीहरूलाई उनीहरूको रुचि, क्षमता र आवश्यकता अनुसार साधारण, प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ आकर्षित गर्ने उद्देश्य गाउँपालिकाले लिएको छ। माध्यमिक तहको

शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, व्यावहारिक तथा आधुनिक प्रविधिसँग जोडेर विद्यार्थीमा आत्मनिर्भरता, सिर्जनशीलता र प्रतिस्पर्धी क्षमता विकास गर्ने लक्ष्य राखिएको छ।

यस लक्ष्मीपुर पतारी गाउँपालिकाभित्र रहेका माध्यमिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि, विज्ञान तथा सूचना प्रविधिमा पहुँच विस्तार, दक्ष शिक्षक व्यवस्थापन, सिकाइ उपलब्धि सुधार तथा विद्यालयमा विद्यार्थी टिकाइ बढाउने विषयलाई प्राथमिकतामा राखिएको छ । विशेषगरी विपन्न, दलित, मुस्लिम, जनजाति, अपाङ्गता भएका तथा अन्य सीमान्तकृत समुदायका विद्यार्थीहरूको माध्यमिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न छात्रवृत्ति, परामर्श, अभिभावक सचेतना तथा सहयोगात्मक कार्यक्रमहरू सञ्चालन गरिने नीति लिइएको छ।

यस तहको शिक्षामार्फत विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि आवश्यक आधार तयार गर्नुका साथै प्राविधिक तथा व्यावसायिक सीपमार्फत स्वरोजगार र आयआर्जनतर्फ उन्मुख गराउने उद्देश्य गाउँपालिकाको रहेको छ। साथै विद्यालयहरूलाई बालमैत्री, सुरक्षित, लैङ्गिक तथा समावेशी वातावरणयुक्त बनाउँदै गुणस्तरीय माध्यमिक शिक्षा प्रदान गर्ने दिशामा लक्ष्मीपुर पतारी गाउँपालिका प्रतिबद्ध रहेको छ।

**३.३.१ वर्तमान अवस्था**

लक्ष्मीपुर पतारी गाउँपालिकामा हाल कक्षा १–१० सम्म सञ्चालित २ वटा तथा कक्षा १–१२ सम्म सञ्चालित ४ वटा विद्यालय रहेका छन्  यसरी हेर्दा माध्यमिक तहसम्म विद्यालयको संख्या ६ वटा रहेको छ । ती विद्यालयहरूमध्ये १ वटा विद्यालयमा प्राविधिक धार अन्तर्गत सिभिल इन्जिनियरिङ विषयको अध्यापन भइरहेको छ। गाउँपालिकाभित्र कक्षा ११–१२ मा शिक्षा र व्यवस्थापन (वाणिज्य) संकायमा अध्ययन–अध्यापन सञ्चालन भइरहेको अवस्था छ । यस गाउँपालिकामा माध्यमिक तह (कक्षा ९–१२) मा प्राविधिक धार सहित शिक्षक दरबन्दी सीमित रहेको अवस्था छ। यहाँ कक्षा ९–१० मा छात्रा ६३५ जना र छात्र ५६३ जना गरी जम्मा १,१९८ जना विद्यार्थी अध्ययनरत रहेका छन्। त्यसैगरी कक्षा ११–१२ मा छात्रा ४०० जना र छात्र ३०४ जना गरी जम्मा ७०४ जना विद्यार्थी रहेका छन्। यसरी कक्षा ९–१२ सम्म कुल विद्यार्थी संख्या १,८९४ पुगेको छ। माध्यमिक तहमा कार्यरत शिक्षकहरूको अवस्थालाई हेर्दा स्थायी ९ जना र राहत १४ जना गरी जम्मा २३ जना शिक्षक कार्यरत रहेका छन्। शिक्षक–विद्यार्थी अनुपात १:८२ रहेको देखिन्छ, जुन राष्ट्रिय मापदण्डको तुलनामा उच्च रहेको हुँदा शिक्षक अभावको अवस्था स्पष्ट देखिन्छ। यस गाउँपालिकाको माध्यमिक तहमा सहज भर्नादर ९७.५ प्रतिशत रहेको छ भने खुद भर्नादर ७९.६ प्रतिशत रहेको छ।

यस गाउँपालिकामा सामाजिक समावेशी अवस्थालाई हेर्दा कक्षा ९–१० मा जनजाति समुदायका छात्रा १०१ जना र छात्र ८५ जना गरी जम्मा १८६ जना रहेका छन्। त्यसैगरी दलित समुदायका छात्रा १७२ जना र छात्र १७३ जना गरी जम्मा ३४५ जना रहेका छन् भने मधेशी तथा अन्य समुदायका ६६७ जना छात्र–छात्रा अध्ययनरत रहेका छन्। तथ्याङ्क विश्लेषण गर्दा छात्राको संख्या छात्रको तुलनामा केही बढी रहेको देखिन्छ। EMIS तथ्याङ्क अनुसार माध्यमिक तह कक्षा ९–१० मा २ जना छात्रा अपाङ्गता भएका विद्यार्थी अध्ययनरत रहेका छन् । यसले समावेशी शिक्षाको पहुँच विस्तार हुँदै गएको संकेत गरे पनि अपाङ्गमैत्री भौतिक संरचना, सिकाइ सामग्री तथा सहयोगी सेवामा थप सुधार आवश्यक रहेको देखिन्छ।

सिकाइ उपलब्धिको अवस्थालाई हेर्दा माध्यमिक तह कक्षा ९–१० मा विद्यालय छाड्ने दर ४ प्रतिशत रहेको छ भने दोहोऱ्याउने दर २५ प्रतिशत रहेको छ। त्यसैगरी उत्तीर्ण दर कक्षा ९ मा ७५ प्रतिशत र कक्षा १० मा ९९ प्रतिशत रहेको छ। कक्षा ९ मा दोहोऱ्याउने दर उच्च हुनु सिकाइ उपलब्धि सुधार, अतिरिक्त सिकाइ सहयोग तथा नियमित अनुगमनको आवश्यकता रहेको संकेत गर्दछ। यस गाउँपालिकाका ६ वटा माध्यमिक विद्यालयहरूमा बाल क्लब गठन भए तापनि ती क्लबहरूको पुनर्गठन तथा प्रभावकारी परिचालन आवश्यक देखिएको छ। त्यसैगरी ४ वटा विद्यालयमा पुस्तकालय व्यवस्था रहेको भए पनि तिनलाई थप व्यवस्थित, स्रोतसम्पन्न तथा विद्यार्थीमैत्री बनाउनुपर्ने आवश्यकता रहेको छ । गाउँपालिकाका ६ वटै माध्यमिक विद्यालयहरूमा विद्यालय सुधार योजना (SIP) तथा EMIS अध्यावधिक कार्य नियमित रूपमा भइरहेको अवस्था छ।

माध्यमिक तह कक्षा ९–१२ मा कार्यरत शिक्षकहरूमध्ये स्नातक तह उत्तीर्ण ५ जना र स्नातकोत्तर तह उत्तीर्ण ३ जना शिक्षक रहेका छन् । यसले शैक्षिक योग्यतायुक्त शिक्षकको उपस्थिति देखाए पनि विषयगत दक्षता, तालिम तथा प्रविधिमैत्री शिक्षण क्षमतामा थप विकास आवश्यक रहेको देखिन्छ । यस गाउँपालिकाभित्र रहेका जम्मा १७ वटा माध्यमिक तहहरूमध्ये ३ वटामा भौतिक पूर्वाधार अपर्याप्त रहेको अवस्था छ । ४ वटा विद्यालयमा पर्याप्त कक्षाकोठा, छात्र–छात्रा मैत्री शौचालय तथा स्वच्छ खानेपानीको व्यवस्था रहेको छ भने केवल १ वटा विद्यालयमा मात्र अपाङ्गमैत्री संरचना रहेको अवस्था छ । यसले अधिकांश विद्यालयहरूमा समावेशी तथा बालमैत्री भौतिक वातावरण निर्माण गर्न थप लगानी र सुधार आवश्यक रहेको देखाउँछ ।

समग्र तथ्याङ्क विश्लेषण गर्दा माध्यमिक तहमा शिक्षक दरबन्दी न्यून, भौतिक पूर्वाधार असन्तुलित तथा दोहोऱ्याउने दर उच्च रहेको देखिन्छ । त्यसैले संघ तथा प्रदेश सरकारसँग समन्वय गरी शिक्षक दरबन्दी थप व्यवस्थापन गर्नुपर्ने, गाउँपालिकाले दीर्घकालीन शिक्षक व्यवस्थापन योजना निर्माण गर्नुपर्ने तथा सिकाइ उपलब्धि सुधारका लागि अतिरिक्त कक्षा, शैक्षिक परामर्श, अभिभावक सहभागिता तथा विद्यार्थी सहयोग कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

कक्षा १० का विद्यार्थीहरूको सिकाइ उपलब्धि विश्लेषण गर्दा नेपाली विषयमा औसत प्राप्ताङ्क ५८ रहेको छ, जुन अन्य विषयको तुलनामा राम्रो देखिन्छ । तर गणित र विज्ञान विषयमा ४५/४५ तथा अङ्ग्रेजी विषयमा ४७ अङ्क प्राप्त भएकोले यी विषयहरूमा सिकाइ उपलब्धि कमजोर रहेको देखिन्छ । विशेषगरी गणित, विज्ञान र अङ्ग्रेजी विषयमा आधारभूत सीप तथा अवधारणागत सिकाइमा सुधार गर्न आवश्यक रहेको देखिन्छ । यसका लागि विषयगत अतिरिक्त कक्षा, शिक्षक क्षमता विकास, नियमित मूल्याङ्कन तथा प्रविधिमैत्री शिक्षण विधिको प्रयोग आवश्यक देखिन्छ । माध्यमिक तह (कक्षा ९–१२) मा खुद भर्ना दर ७९.६ प्रतिशत रहेको छ, जुन राष्ट्रिय औसत ४७.६ प्रतिशतभन्दा उल्लेखनीय रूपमा उच्च रहेको छ । यसले गाउँपालिकामा माध्यमिक शिक्षामा पहुँच राम्रो रहेको देखाउँछ । त्यसैगरी कूल भर्ना दर ८४.६ प्रतिशत रहेको छ, जुन राष्ट्रिय औसत ७१.४ प्रतिशतभन्दा बढी हो । यसले विद्यालय पहुँच, अभिभावक सचेतना तथा विद्यार्थी भर्ना अभियान प्रभावकारी रहेको संकेत गर्दछ ।

माध्यमिक तहको कूल भर्ना दरमा लैङ्गिक समता सूचक १.२३ रहेको छ, जुन राष्ट्रिय सूचक १.०२ भन्दा उच्च रहेको देखिन्छ। यसले छात्राहरूको सहभागिता छात्रको तुलनामा बढी रहेको तथा माध्यमिक तहमा लैङ्गिक समानताको सकारात्मक अवस्था रहेको संकेत गर्दछ । तथापि छात्रहरूको विद्यालय टिकाइ तथा नियमित उपस्थिति वृद्धि गर्न विशेष कार्यक्रम आवश्यक देखिन्छ। आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर ६९.६ प्रतिशत मात्र रहेको छ, जुन राष्ट्रिय औसत ९७.५ प्रतिशतभन्दा धेरै कम हो । यसले कक्षा ८ पूरा गरेपछि ठूलो सङ्ख्यामा विद्यार्थी माध्यमिक तहमा प्रवेश नगर्ने वा अध्ययन निरन्तरता कायम नराख्ने अवस्था रहेको देखाउँछ । आर्थिक अवस्था, अभिभावकको कमजोर सचेतना, बालविवाह, श्रममा संलग्नता, कमजोर सिकाइ उपलब्धि तथा विद्यालय पहुँचका समस्याहरू यसका प्रमुख कारण हुन सक्ने देखिन्छ ।

**लक्ष्मीपुर पतारी गाउँपालिकाको माध्यमिक शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू**

- माध्यमिक तहमा खुद भर्नादर तथा आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर अपेक्षित स्तरमा पुग्न नसक्नु ।
- बालविवाह, बालश्रम, गरिबी, वैदेशिक रोजगारको प्रभाव तथा अभिभावकको कमजोर सचेतनाका कारण विद्यार्थी टिकाइ र नियमित उपस्थितिमा समस्या रहनु ।
- गणित, विज्ञान तथा अङ्ग्रेजी विषयमा विद्यार्थीहरूको सिकाइ उपलब्धि कमजोर हुनु तथा व्यवहारिक, अवधारणागत र गुणस्तरीय शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी हुन नसक्नु ।
- विज्ञान तथा प्राविधिक–व्यावसायिक शिक्षामा विद्यार्थी आकर्षण न्यून हुनुका साथै प्रयोगशाला, उपकरण, सूचना प्रविधि तथा दक्ष विषयगत शिक्षकको अभाव रहनु ।

• माध्यमिक तहका करिब ४० प्रतिशत शिक्षकहरू पेशागत तालिमबाट वञ्चित रहनु तथा विषयगत दरबन्दी र दक्ष मानवस्रोत व्यवस्थापन प्रभावकारी हुन नसक्नु ।

• केही विद्यालयहरूमा कक्षाकोठा, पुस्तकालय, शौचालय, खानेपानी, सूचना प्रविधि तथा अन्य आधारभूत शैक्षिक पूर्वाधार अपर्याप्त हुनु ।

• अपाङ्गता भएका बालबालिकाको सही पहिचान, अभिलेखीकरण तथा आवश्यक सहयोगको अभाव रहनुका साथै विद्यालयको भौतिक तथा शैक्षिक वातावरण पूर्ण रूपमा बालमैत्री, समावेशी तथा अपाङ्गमैत्री बन्न नसक्नु ।

• विद्यालयमा व्यवस्थित पुस्तकालय, बाल क्लब, गुनासो सुनुवाइ प्रणाली तथा विद्यार्थी नेतृत्व विकास कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन नसक्नु ।

• निःशुल्क माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्वयन हुन नसक्दा आर्थिक रूपमा कमजोर, विपन्न तथा सीमान्तकृत वर्गका विद्यार्थीहरूको शिक्षा पहुँच प्रभावित हुनु ।

• विद्यालय शिक्षालाई पूर्ण रूपमा समावेशी, समतामूलक तथा लैङ्गिक संवेदनशील बनाउन आवश्यक नीति, पूर्वाधार, स्रोतसाधन तथा व्यवहारगत सुधार पर्याप्त रूपमा हुन नसक्नु ।

• विद्यालय सुशासन, शैक्षिक अनुगमन, अभिभावक–समुदायको सहभागिता तथा उत्तरदायित्व प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु ।

**३.३.२ उद्देश्यहरु**

१. माध्यमिक शिक्षामा सबै बालबालिकाको निःशुल्क, समावेशी तथा गुणस्तरीय पहुँच सुनिश्चित गर्नु ।

२. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण सुधार गरी विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित तथा समावेशी बनाउनु

३. माध्यमिक तहमा खुद भर्नादर तथा टिकाउ दर वृद्धि गर्नुका साथै कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दर न्यूनीकरण गर्नु ।

४. सिकाइलाई जीवनोपयोगी, व्यवहारिक तथा प्रविधिमैत्री बनाउँदै प्राविधिक एवं व्यावसायिक सीपसहित प्रतिस्पर्धी, सक्षम र उत्पादनशील जनशक्ति विकास गर्नु ।

५. गणित, विज्ञान, अङ्ग्रेजी तथा सूचना प्रविधि विषयको सिकाइ उपलब्धिमा सुधार गरी विद्यार्थीको शैक्षिक क्षमता अभिवृद्धि गर्नु ।

६. शिक्षकहरूको पेशागत क्षमता विकास, विषयगत दक्षता तथा प्रविधिमैत्री शिक्षण सीप अभिवृद्धि गर्नु ।

७. विद्यालय सुशासन, अभिभावक–समुदाय सहभागिता तथा उत्तरदायी शैक्षिक व्यवस्थापन प्रणाली सुदृढ गर्नु ।

**३.३.३ रणनीतिहरु**

**योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः**

१. विद्यालय नक्साङ्कनमार्फत सबै बालबालिकाको माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा आवश्यकताअनुसार नयाँ व्यवस्थापन गरिनेछ ।

२. निःशुल्क तथा समावेशी माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति, प्रोत्साहन तथा लक्षित सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

३. माध्यमिक तहमा सञ्चालन भइरहेका प्राविधिक तथा व्यावसायिक धारका विद्यालयहरूको गुणस्तर सुधारका लागि आवश्यक पूर्वाधार, उपकरण, दक्ष जनशक्ति तथा शैक्षिक सहयोग उपलब्ध गराइनेछ ।

४. विद्यालयहरूको शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी प्रविधिमैत्री शिक्षण प्रणाली विकास गरिनेछ ।

५. विद्यालय व्यवस्थापन तथा प्रशासनलाई प्रभावकारी बनाउन योग्यता, क्षमता र नेतृत्व दक्षताका आधारमा प्रधानाध्यापक व्यवस्थापन गरिनेछ ।

६. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधार गरी विद्यालयहरूलाई बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित तथा समावेशी बनाइनेछ ७. सामुदायिक विद्यालयमा कक्षा ११–१२ मा विज्ञान विषय अध्ययनप्रति आकर्षण बढाउन आवश्यक प्रयोगशाला, उपकरण तथा दक्ष शिक्षक सहितको पूर्वाधार विकास गरिनेछ।

८. आवश्यकता तथा विद्यार्थी सङ्ख्याका आधारमा विषयगत शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप व्यवस्थापन गरिनेछ।

९. विद्यार्थी टिकाइ तथा सिकाइ उपलब्धि सुधार गर्न अतिरिक्त कक्षा, परामर्श सेवा, नियमित मूल्याङ्कन तथा अभिभावक सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१०. विद्यालय सुशासन सुदृढ गर्न बाल क्लब, गुनासो सुनुवाइ समिति, विद्यालय व्यवस्थापन समिति तथा अभिभावक–समुदायको सक्रिय सहभागिता अभिवृद्धि गरिनेछ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. माध्यमिक शिक्षामा सबै बालबालिकाको निःशुल्क, समावेशी तथा गुणस्तरीय पहुँच सुनिश्चित भई खुद भर्नादर र टिकाउ दरमा वृद्धि भएको हुनेछ।

२. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण सुधार भई विद्यालयहरू बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित तथा समावेशी बनेका हुनेछन्।

३. गणित, विज्ञान, अङ्ग्रेजी तथा सूचना प्रविधि विषयमा विद्यार्थीहरूको सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ।

४. विज्ञान तथा प्राविधिक–व्यावसायिक शिक्षामा विद्यार्थी सहभागिता वृद्धि भई सीपयुक्त, सक्षम तथा उत्पादनशील जनशक्ति विकास भएको हुनेछ।

५. शिक्षकहरूको पेशागत क्षमता, विद्यालय सुशासन, सूचना प्रविधिमैत्री शिक्षण प्रणाली तथा अभिभावक–समुदाय सहभागितामा सुधार भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

*योजनाको कार्यान्वियनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ।*

| क्रस | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी संख्या | ११९८ | १२२० | १२२० | १२३५ | १२४० | १२५० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी संख्या | ७०४ | ७१० | ७२० | ७२५ | ७२५ | ७४० |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी संख्या | ० | ४० | ५० | ६० | ७० | ८० |
| ४ | प्राविधिक धार तर्फ अध्ययनरत विद्यार्थी संख्या | ४० | ४५ | ५५ | ६५ | ७० | ७० |
| ५ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका माध्यमिक विद्यालय संख्या | २ | ६ | ६ | ६ | ६ | ६ |
| ६ | निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्नादर | ७९.६ | ८०.५ | ८१.५ | ८२.५ | ८३.५ | ८४.० |
| ७ | माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार | १ | १ | २ | २ | २ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग | ० | ० | १ | १ | १ | १ |
| ९ | बाल क्लव पुर्नगठन | ७ | ७ | ७ | ७ | ७ | ७ |
| १० | पुस्तकालय व्यवस्थापन तथा परिचालन | ४ | ५ | ५ | ६ | ७ | ७ |
| ११ | गुनासो सुनुवाई समिति गठन तथा परिचालन | १७ | १७ | १७ | १७ | १७ | १७ |

तालिका नं १४ माध्यमिक तहको नतिजा तथा परिमाणात्मक लक्ष्य

## ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने।*

| क्र. स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० | १ | २ | ४ | गाउँपालिका |
| २ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | १ | १ | १ | २ | ० | २ | गाउँपालिका |
| ३ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | ० | ० | १ | ० | ० | १ | गाउँपालिका |
| ४ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, वास सहितको शौचालय, खानेपानीमा सुधार | पटक | ० | १ | १ | १ | १ | ७ | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | १ | १ | १ | १ | १ | २ | प्रदेश/ गाउँपालिका |
| ६ | सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | ० | १ | १ | १ | १ | ७ | संघ/ प्रदेश/ गाउँपालिका |
| ७ | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम | संख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | संघ/ प्रदेश/ गाउँपालिका |
| ८ | प्रकोप तथा जोखिम न्युनिकरण सम्बन्धी सचेतना | संख्या | ० | १ | १ | १ | १ | ७ | गाउँपालिका |
| ९ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | संख्या | ० | २०० | २०० | २०० | २०० | ८०० | गाउँपालिका |
| १० | सिकाइ सामग्री व्यवस्थापन | पटक | ० | ४ | ३ | ० | ० | ७ | गाउँपालिका |
| ११ | विद्यालय भर्ना तथा स्वागत कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |
| १२ | बाल क्लव पुर्नगठन | संख्या | | ५ | २ | | | ७ | गाउँपालिका |
| १३ | पुस्तकालय व्यवस्थापन | संख्या | ३ | १ | १ | १ | १ | ७ | संघ/ प्रदेश/ गाउँपालिका |
| १४ | अभिभावक सचेतना कार्यक्रम | संख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | गाउँपालिका |
| १५ | अपाङ्गता अल्पशंख्यक र पछाडिपरेका तथा विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई माध्यमिक शिक्षामा पहुँच विस्तारकक | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |

तालिका नं 115 माध्यमिक तहको प्रमुख क्रियाकलाप तथा वार्षिक लक्ष्य

**३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ**

नेपालको संविधान, शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई शिक्षाको महत्वपूर्ण अंगका रूपमा स्वीकार गरेका छन्। यी कानुनी तथा नीतिगत व्यवस्थाहरूले शिक्षालाई औपचारिक विद्यालय प्रणालीमा मात्र सीमित नराखी व्यक्ति, समुदाय तथा समाजको आवश्यकता अनुसार निरन्तर सिकाइका अवसर सुनिश्चित गर्ने उद्देश्य राखेका छन्।

नेपालको संविधानको धारा ३१ ले शिक्षालाई मौलिक हकका रूपमा व्यवस्था गर्दै प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नुका साथै जीवनपर्यन्त सिकाइका अवसर उपलब्ध गराउने राज्यको दायित्व स्पष्ट गरेको छ। संविधानले महिला, दलित, पिछडिएका वर्ग, अल्पसंख्यक तथा आदिवासी जनजातिलगायत सबै समुदायलाई शिक्षामा समान अवसर प्रदान गर्न विशेष जोड दिएको छ। यस व्यवस्थाले बालबालिका, किशोरी, युवा, वयस्क तथा अशिक्षित नागरिकहरूलाई अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रममार्फत शिक्षामा सहभागी गराउन आधार प्रदान गरेको छ।

शिक्षा ऐन, २०२८ ले औपचारिक शिक्षा प्रणालीमा सहभागी हुन नसकेका वा शिक्षाबाट वञ्चित भएका व्यक्तिहरूका लागि वैकल्पिक सिकाइ कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ। यस अन्तर्गत साक्षरता कक्षा, वयस्क शिक्षा, समुदायमा आधारित शिक्षा, निरन्तर शिक्षा तथा सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ। अनौपचारिक शिक्षाले विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिक, महिला, गरिब, श्रमिक तथा सीमान्तकृत समुदायलाई लक्षित गरी आधारभूत साक्षरता, जीवनोपयोगी सीप तथा सामाजिक चेतना विकासमा सहयोग पुर्‍याएको छ।

शिक्षा नियमावली, २०५९ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत तथा कार्यगत व्यवस्था गरेको छ। यसले विशेषगरी निम्न विषयहरूलाई प्राथमिकता दिएको छः

१. **साक्षरता तथा जीवनोपयोगी शिक्षा :** अशिक्षित तथा न्यून साक्षर नागरिकहरूलाई पढ्ने, लेख्ने, गणना गर्ने तथा दैनिक जीवनमा उपयोगी सीप विकास गर्ने अवसर प्रदान गर्नु।

२. **प्राविधिक तथा व्यावसायिक शिक्षा :** रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्न व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्नु।

३. **समुदायमा आधारित शिक्षा :** स्थानीय आवश्यकता, स्रोत र सम्भावनाका आधारमा समुदायस्तरमा शिक्षण तथा सिकाइ कार्यक्रम सञ्चालन गर्नु।

४. **आजीवन सिकाइ :** नागरिकलाई उमेरको सीमाभन्दा बाहिर जीवनभर नयाँ ज्ञान, सीप तथा प्रविधिसँग अद्यावधिक रहने वातावरण सिर्जना गर्नु।

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले समाजमा शिक्षा, चेतना तथा सीपको स्तर अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्दछ। यसले औपचारिक शिक्षा प्राप्त गर्न नसकेका वा बीचमै पढाइ छोडेका व्यक्तिहरूलाई पुनः सिकाइको अवसर प्रदान गर्दछ। विशेषगरी महिला, दलित, आदिवासी जनजाति, अशिक्षित वयस्क तथा सीमान्तकृत समुदायलाई सशक्त बनाउन यस्ता कार्यक्रम प्रभावकारी माध्यम बनेका छन्।

३.४.१ वर्तमान अवस्था

लक्ष्मीपुर पतारी गाउँपालिका मा विगतमा अनौपचारिक शिक्षा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन सकेको अवस्था छैन। अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ तथा निरन्तर शिक्षासम्बन्धी कार्यक्रम सञ्चालनका लागि विभिन्न योजना तथा अवधारणाहरू निर्माण हुँदै आए तापनि ती कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयनमा आउन सकेका छैनन्। लक्ष्मीपुर पतारी गाउँपालिकामा निरन्तर शिक्षा, खुला सिकाइ तथा अनौपचारिक शिक्षासम्बन्धी कार्यक्रमहरू सीमित रूपमा सञ्चालन भइरहेका छन्। विद्यालय बाहिर रहेका किशोर–किशोरी, महिला तथा वयस्कहरूलाई लक्षित गरी साक्षरता तथा जीवनोपयोगी

सीपसम्बन्धी कार्यक्रम सञ्चालनको आवश्यकता रहेको छ । यस गाउँपालिकाले अन्य दातृ निकायको सहकार्य तथा समन्वयनमा किशोरी कक्षाऽ ६ देखि ९ किशोरीहरुको लागि किशोरी कक्षा संचालन गरि ९४ जना विद्यालय बाहिर रहेका दलित, सिमान्तकृत तथा पिछडिएका समुदायका किशोरीहरुलाई अनौपचारिक शिक्षा कार्यक्रम मार्फत विद्यालय भर्ना गराई विद्यालय नियमित गराएका छन् । उक्त कार्यक्रममा सहभागी भएका किशोरीहरुलाई सामान्य साक्षर सीप विकास गरि विद्यालय भर्ना गरेका छन्, यस्ता किशोरीहरुको सिकाइ उपलब्धि सामान्य रहेको, उमेर सामान्य बालवालिकाहरु भन्दा बढि रहेको साथै आर्थिक तथा सामाजिक परस्थिति फरक रहेकाले उनीहरुलाई विद्यालय टिकाउ चुनैती समेत रहेको छ ।

स्थानीय तहमा सिलाइ–कटाइ, कम्प्युटर, कृषि, पशुपालन, उद्यमशीलता तथा अन्य आयआर्जनमुखी तालिमहरू विभिन्न सरकारी तथा गैरसरकारी संस्थामार्फत सञ्चालन भइरहेका भए पनि ती कार्यक्रमहरू पर्याप्त, व्यवस्थित तथा दिगो रूपमा विस्तार हुन सकेका छैनन् । सामुदायिक सिकाइ केन्द्रहरूको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा चुनौती रहेको छ । केही केन्द्रहरू सीमित स्रोतसाधनका आधारमा सञ्चालन भइरहेका छन् भने अधिकांश केन्द्रहरूमा आवश्यक भौतिक पूर्वाधार, शैक्षिक सामग्री तथा नियमित कार्यक्रमको अभाव रहेको देखिन्छ । यस लक्ष्मीपुर पतारी गाउँपालिका भित्र कुनै पनि सामुदायिक पुस्तकालय सञ्चालन तथा पठन संस्कृतिको विकासका प्रयास सीमित रहेका छन् । विद्यालय तथा समुदायस्तरमा व्यवस्थित पुस्तकालयको अभावले बालबालिका, युवा तथा वयस्कहरूमा स्वअध्ययन र निरन्तर सिकाइको अवसर सीमित भएको छ ।

स्थानीय तहले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ प्रवर्द्धनका लागि महिला सशक्तीकरण, सीप विकास तालिम, सचेतनामूलक कार्यक्रम तथा सामुदायिक सहभागितामूलक गतिविधिहरू सञ्चालन गर्दै आएको छ । तथापि यस्ता कार्यक्रमहरूलाई थप व्यवस्थित, प्रविधिमैत्री तथा रोजगारमुखी बनाउन आवश्यक देखिन्छ । लक्ष्मीपुर पतारी गाउँपालिकामा हालसम्म सामुदायिक सिकाइ केन्द्र (Community Learning Center–CLC) स्थापना तथा सञ्चालन भएको अवस्था छैन । जसका कारण विद्यालय बाहिर रहेका किशोर–किशोरी, महिला, वयस्क तथा सीमान्तकृत समुदायलाई निरन्तर शिक्षा, साक्षरता, जीवनोपयोगी सीप तथा आजीवन सिकाइका अवसरहरू सीमित भएका छन् । सामुदायिक सिकाइ केन्द्रले समुदायस्तरमा साक्षरता अभिवृद्धि, सीप विकास, स्वरोजगार प्रवर्द्धन, महिला सशक्तीकरण, डिजिटल साक्षरता तथा सामाजिक सचेतना विस्तारमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस्ता केन्द्रमार्फत विद्यालय बाहिर रहेका व्यक्तिहरूलाई पुनः शिक्षाको पहुँचमा ल्याउन, आयआर्जनमूलक तालिम सञ्चालन गर्न तथा समुदायमा पठन संस्कृतिको विकास गर्न सहयोग पुग्दछ ।

लक्ष्मीपुर पतारी गाउँपालिकाको कुल जनसंख्या २७,८६६ मध्ये ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूमध्ये साक्षर जनसंख्या १८,०५४ रहेको छ भने पूर्ण रूपमा निरक्षर जनसंख्या ९,७०५ रहेको छ, जुन कुल जनसंख्याको करिब ३५ प्रतिशत हुन आउँछ। गाउँपालिकाको कुल साक्षरता दर ६५.३ प्रतिशत रहेको छ, जसमध्ये महिला साक्षरता दर ५५.३ प्रतिशत र पुरुष साक्षरता दर ७५.१ प्रतिशत रहेको छ।

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू लक्ष्मीपुर पतारी गाउँपालिका मा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ क्षेत्रमा निम्न चुनौतीहरू विद्यमान रहेका छन् –

१. अनौपचारिक शिक्षा, साक्षरता तथा आजीवन सिकाइ कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन हुन नसक्नु ।
२. महिला, दलित, विपन्न, अशिक्षित वयस्क तथा सीमान्तकृत समुदायको अनौपचारिक शिक्षामा न्यून सहभागिता रहनु ।
३. अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालनका लागि पर्याप्त बजेट, स्रोत–साधन तथा दक्ष जनशक्तिको अभाव हुनु ।
४. समुदायस्तरमा साक्षरता तथा निरन्तर सिकाइप्रतिको चेतना र आकर्षण न्यून हुनु ।
५. स्थानीय आवश्यकता तथा रोजगारीसँग जोडिएका जीवनोपयोगी तथा सीपमूलक कार्यक्रमको अभाव हुनु ।
६. अनौपचारिक शिक्षा कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा अभिलेखीकरण प्रणाली प्रभावकारी नहुनु ।
७. प्रविधिमैत्री तथा डिजिटल सिकाइ अवसरहरू सीमित हुनु ।
८. निरक्षर तथा अर्धसाक्षर नागरिकहरूको अद्यावधिक तथ्याङ्क व्यवस्थापन व्यवस्थित रूपमा हुन नसक्नु ।

९. प्राविधिक तथा व्यावसायिक सीप विकास तालिम र अनौपचारिक शिक्षाबीच प्रभावकारी समन्वय हुन नसक्नु ।

१०. विपद्, महामारी तथा आर्थिक समस्याका कारण निरन्तर सिकाइ कार्यक्रम प्रभावित हुनु।

११. अनौपचारिक शिक्षा कार्यक्रमलाई स्थानीय विकास, आयआर्जन तथा स्वरोजगारसँग प्रभावकारी रूपमा जोड्न नसक्नु।

### ३.४.२ उद्देश्य

१. सबै नागरिकका लागि अनौपचारिक शिक्षा, साक्षरता तथा आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु ।

२. निरक्षर तथा अर्धसाक्षर नागरिकहरूको साक्षरता दर अभिवृद्धि गरी कार्यमूलक साक्षरता विकास गर्नु ।

३. महिला, दलित, विपन्न, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायलाई अनौपचारिक शिक्षामा समावेशी पहुँच सुनिश्चित

४. अनौपचारिक शिक्षा कार्यक्रमलाई जीवनोपयोगी सीप, आयआर्जन तथा स्वरोजगारसँग आबद्ध गर्नु ।

५. समुदायमा निरन्तर सिकाइ, अध्ययन संस्कृति तथा ज्ञानमूलक समाज निर्माणलाई प्रवर्द्धन गर्नु ।

६. प्राविधिक तथा व्यावसायिक सीप विकास कार्यक्रममार्फत युवाहरू तथा वयस्कहरूको क्षमता अभिवृद्धि गर्नु ।

७. स्थानीय आवश्यकता तथा समुदायको मागअनुसार समुदायमा आधारित शिक्षा तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्नु ।

८. सूचना तथा सञ्चार प्रविधिमा आधारित वैकल्पिक तथा डिजिटल सिकाइ अवसर विस्तार गर्नु ।

### ३.४.३ रणनीति

१. निरक्षर तथा अर्धसाक्षर नागरिकहरूको पहिचान गरी लक्षित साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

२. महिला, दलित, विपन्न, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायलाई प्राथमिकतामा राखी समावेशी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

३. अनौपचारिक शिक्षा कार्यक्रमलाई जीवनोपयोगी सीप, आयआर्जन तथा स्वरोजगारसँग आबद्ध गर्ने।

४. स्थानीय आवश्यकता, भाषा, संस्कृति तथा समुदायको मागअनुसार समुदायमा आधारित सिकाइ कार्यक्रम विकास तथा सञ्चालन गर्ने ।

५. युवाहरू तथा वयस्कहरूका लागि प्राविधिक तथा व्यावसायिक सीप विकास तालिम सञ्चालन गर्ने।

६. सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल तथा वैकल्पिक सिकाइ प्रणालीको विस्तार गर्ने।

७. सामुदायिक सिकाइ केन्द्र, पुस्तकालय तथा अध्ययन केन्द्रहरूलाई सुदृढ गरी आजीवन सिकाइको वातावरण निर्माण गर्ने।

८. अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालनका लागि सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा समुदायसँग समन्वय तथा सहकार्य अभिवृद्धि गर्ने ।

९. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा अभिलेखीकरण प्रणाली सुदृढ गर्ने।

१०. स्वास्थ्य, सरसफाइ, लैङ्गिक समानता, वातावरण संरक्षण, नागरिक उत्तरदायित्व तथा सामाजिक रूपान्तरणसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

११. विपद्, महामारी तथा विशेष परिस्थितिमा पनि निरन्तर सिकाइका अवसर सुनिश्चित गर्न वैकल्पिक सिकाइ प्रणाली विकास गर्ने।

१२. साक्षरता तथा सीप विकास कार्यक्रमलाई स्थानीय विकास, उद्यमशीलता तथा रोजगारका अवसरसँग जोड्ने।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

प्रमुख उपलब्धि

१. महिला, दलित, विपन्न, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रममा सहभागिता वृद्धि भएको हुनेछ।

२. अनौपचारिक शिक्षा कार्यक्रमलाई जीवनोपयोगी सीप, आयआर्जन तथा स्वरोजगारसँग प्रभावकारी रूपमा आबद्ध गरिएको हुनेछ।

३. युवाहरू तथा वयस्कहरूका लागि प्राविधिक तथा व्यावसायिक सीप विकास कार्यक्रम सञ्चालन भएका हुनेछन्।

४. सूचना तथा सञ्चार प्रविधिमा आधारित वैकल्पिक तथा डिजिटल सिकाइ प्रणालीको विस्तार भएको हुनेछ।

५. सामुदायिक सिकाइ केन्द्र तथा अध्ययन केन्द्रहरू प्रभावकारी रूपमा सञ्चालन भएका हुनेछन्।

६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा अभिलेखीकरण प्रणाली सुदृढ भएको हुनेछ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

*योजनाको कार्यान्वियनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएका छन् ।*

| क्र.स. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | अनौपचारिक शिक्षा संचालन भएको केन्द्र सङ्ख्या | ० | ० | ० | ० | ० | संघ वा गाउँपालिका |
| २ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाई केन्द्रको सङ्ख्या | ० | १ | २ | १ | ३ | गाउँपालिका |
| ३ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | ० | १ | १ | २ | संघ वा गाउँपालिका |
| ४ | विज्ञ समूह निर्माण र परिचालन | ० | १ | १ | १ | २ | गाउँपालिका वा संघसंस्था |

तालिका नं 16 अनौपचारी तथा आजिवन शिक्षा क्षेत्रको मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य

### ३.४.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने*

| क्र.स | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरूको विवरण संकलन | पटक | १ | ० | ० | ० | ० | १ | गाउँपालिका |
| २ | गाउँपालिका साक्षर घोषणा | वडागत | ६ | ० | ० | ० | ० | ६ | गाउँपालिका |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के सञ्चालन र व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसग आवद्ध गर्ने | पुस्तकालय | ० | १ | १ | ० | ० | २ | गाउँपालिका |
| ५ | सा.सि.के.मा प्रविधिको विकास गर्ने | संख्या | ० | ० | १ | | १ | २ | गाउँपालिका |
| ६ | सा.सि.के. ले समुदायमा आधारीत संघ सस्थासँग सहकार्य गर्ने | निरन्तर | ३ | १ | १ | १ | १ | ७ | सा. सि.के. |
| ७ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | ० | ० | १ | ० | ० | १ | गाउँपालिका |
| ८ | विज्ञ समूह निर्माण | पटक | १ | ० | ० | ० | १ | २ | गाउँपालिका संघसंस्था |

तालिका नं 12 अनौपचारी तथा आजिवन शिक्षा क्षेत्रको मुख्य क्रियाकलाप तथा वार्षिक लक्ष्य सहित

## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र विकास तथा विद्यालय शिक्षामा अपेक्षित उपलब्धि हासिल गर्न विभिन्न अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरूको महत्वपूर्ण भूमिका रहेको छ। विद्यालय शिक्षालाई गुणस्तरीय, समावेशी, सुरक्षित, प्रविधिमैत्री तथा दिगो बनाउन शिक्षक व्यवस्थापन तथा पेशागत विकास, समता तथा समावेशीकरण, स्वास्थ्य–पोषण तथा दिवा खाजा, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, सूचना तथा सञ्चार प्रविधि, विद्यालय भौतिक पूर्वाधार विकास, विद्यालय सुशासन तथा समुदाय सहभागिता जस्ता विषयहरूलाई प्राथमिकताका साथ समेट्न आवश्यक देखिन्छ। लक्ष्मीपुर पतारी गाउँपालिकामा विद्यालय शिक्षाको क्षेत्रमा पहुँच तथा भर्नादरमा केही सुधार भए तापनि गुणस्तरीय सिकाइ, समावेशी वातावरण, प्रविधिमैत्री शिक्षण तथा सुरक्षित विद्यालय व्यवस्थापनमा विभिन्न चुनौतीहरू विद्यमान रहेका छन्। केही विद्यालयहरूमा पर्याप्त भौतिक पूर्वाधार, प्रयोगशाला, पुस्तकालय, सूचना तथा सञ्चार प्रविधि, सुरक्षित खानेपानी तथा सरसफाइको व्यवस्था अझै अपर्याप्त रहेको छ। विद्यालयहरूलाई पूर्ण रूपमा बालमैत्री, अपाङ्गमैत्री तथा समावेशी बनाउन थप प्रयास आवश्यक देखिन्छ।

शिक्षक व्यवस्थापन तथा पेशागत विकासतर्फ विषयगत शिक्षक अभाव, तालिमप्राप्त शिक्षकको कमी तथा आधुनिक शिक्षण विधिको सीमित प्रयोग चुनौतीका रूपमा रहेका छन्। सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणाली अझै प्रभावकारी रूपमा विस्तार हुन सकेको छैन। विद्यालयमा इन्टरनेट पहुँच, कम्प्युटर तथा डिजिटल सिकाइ सामग्रीको अभावले प्रविधिमैत्री शिक्षा कार्यान्वयनमा कठिनाइ देखिएको छ। शिक्षालाई सर्व सुल्भ बनाउन विभिन्न सिद्धान्तहरु जस्तै समता तथा समावेशीकरणका दृष्टिले दलित, विपन्न, सीमान्तकृत, अपाङ्गता भएका बालबालिका तथा विद्यालय बाहिर रहेका किशोर–किशोरीहरूको शिक्षा पहुँच तथा सिकाइ निरन्तरतामा चुनौती रहेको छ। महिला साक्षरता दर पुरुषको तुलनामा न्यून रहेको तथा विद्यालय छोड्ने समस्या अझै विद्यमान रहेको छ। यसका लागि लक्षित छात्रवृत्ति, सचेतनामूलक कार्यक्रम तथा समुदाय सहभागितामा आधारित कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ। स्वास्थ्य, पोषण तथा दिवा खाजाको व्यवस्थापनले विद्यार्थीको नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा स्वास्थ्य सुधारमा सकारात्मक प्रभाव पार्ने भएकाले यस क्षेत्रलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक देखिन्छ। त्यसैगरी बाढी, महामारी तथा अन्य विपद् वा सङ्कटपूर्ण अवस्थामा सिकाइ निरन्तरता कायम राख्न वैकल्पिक सिकाइ प्रणाली तथा विद्यालय सुरक्षा व्यवस्थापनलाई सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ।

लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र सुधारका लागि यी अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरूलाई शिक्षा योजनाको अभिन्न अंगका रूपमा समेटी स्पष्ट उद्देश्य, रणनीति, उपलब्धि, गतिविधि तथा लक्ष्य निर्धारण गरी कार्यान्वयन गर्नु आवश्यक देखिन्छ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ वर्तमान अवस्था

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को कार्यान्वयनका सन्दर्भमा लक्ष्मीपुर पतारी गाउँपालिकाले नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रम कार्यान्वियन गर्दै आएको छ। सोहीअनुसार कक्षा १ र कक्षा ११ मा नयाँ पाठ्यक्रम लागू गरिएको थियो भने हाल विद्यालय तहका अधिकांश कक्षाहरूमा नयाँ पाठ्यक्रम कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ। विद्यालय शिक्षालाई सान्दर्भिक, व्यवहारिक तथा प्रभावकारी बनाउन पाठ्यक्रमको गुणस्तर तथा स्थानीय सान्दर्भिकता सुदृढ गर्ने प्रयास भइरहेको छ।

गाउँपालिकाले आधारभूत तह कक्षा १–८ का लागि स्थानीय विषयको पाठ्यक्रम निर्माण गर्ने तथा कक्षा १–३ पाठ्यक्रम बनासके तापनि पाठ्यपुस्तक निर्माणधिनमा रहेको छ। यस सँगै कक्षा १–३ का लागि नेपाली भाषामा हाम्रो लक्ष्मीपुर पतारी

स्थानीय विषयको पाठ्यपुस्तक निर्माण, छपाइ तथा वितरण गरी विद्यालयहरूमा कार्यान्वयनमा ल्याउने भएकोछ । स्थानीय पाठ्यक्रममा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, कृषि, वातावरण तथा स्थानीय ज्ञान र सीपलाई समावेश गरिएको छ, जसले बालबालिकालाई आफ्नै परिवेशसँग जोडेर सिकाइलाई व्यवहारिक र जीवनोपयोगी बनाउन सहयोग पुऱ्याएको छ ।

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउने प्रयास भइरहेको भए पनि आवश्यक उपकरण, इन्टरनेट पहुँच तथा डिजिटल सिकाइ सामग्रीको अभावका कारण यसको प्रभावकारी कार्यान्वयनमा चुनौती देखिएको छ । विशेषगरी विज्ञान, गणित तथा प्राविधिक विषयहरूमा प्रयोगात्मक सिकाइ सामग्री तथा प्रयोगशालाको कमी रहेको छ ।

विद्यार्थी मूल्याङ्कन प्रणालीमा निर्माणात्मक, निरन्तर, आन्तरिक तथा बाह्य मूल्याङ्कन पद्धति कार्यान्वयन भइरहेको छ । आधारभूत तहमा निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन प्रणालीलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगका रूपमा लिइएको छ भने माध्यमिक तहमा आन्तरिक तथा बाह्य मूल्याङ्कन प्रणाली लागू गरिएको छ । कक्षा ८ को परीक्षा गाउँपालिका स्तरमा सञ्चालन हुँदै आएको छ भने कक्षा १० र १२ को परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशनअनुसार सञ्चालन हुने गरेको छ ।

प्रत्येक विषयमा विषयवस्तुको प्रकृतिअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म प्रयोगात्मक कार्य, परियोजना कार्य तथा सामुदायिक अभ्यासमा सहभागी गराउने व्यवस्था गरिएको छ । सिकाइमा भाषागत सहजता कायम गर्न आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा तथा बहुभाषिक माध्यमको प्रयोगमार्फत शिक्षण सिकाइ सहजीकरण गर्ने नीति अवलम्बन गरिएको छ । त्यसैगरी सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारिक सीपका रूपमा समावेश गर्दै शिक्षण सिकाइको माध्यमका रूपमा प्रयोग विस्तार गर्ने प्रयास भइरहेको छ । विद्यार्थी मूल्याङ्कन प्रणालीलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगका रूपमा प्रयोग गर्ने नीति लिइएको छ । आधारभूत तह कक्षा १–३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ । यसै गरि कक्षा ४–५ तथा कक्षा ६–८ मा ५० प्रतिशत निर्माणात्मक र ५० प्रतिशत निर्णयात्मक मूल्याङ्कन प्रणाली कार्यान्वयन गरिएको छ । आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरिएको छ भने कक्षा ८ को वार्षिक परीक्षा गाउँपालिका स्तरमा सञ्चालन हुँदै आएको छ । त्यसैगरी कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशनअनुसार सञ्चालन हुने गरेको छ ।

**प्रमुख समस्या र चुनौतीहरू**

• राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक स्रोत–साधन, दक्ष जनशक्ति तथा नियमित प्राविधिक सहयोगको अभाव रहनु ।

• स्थानीय पाठ्यक्रम तथा स्थानीय विषयका पाठ्यपुस्तकहरूको पूर्ण कार्यान्वयन, परीक्षण तथा नियमित अद्यावधिक कार्य प्रभावकारी रूपमा हुन नसक्नु ।

• गणित, विज्ञान, अङ्ग्रेजी तथा प्राविधिक विषयहरूमा प्रयोगात्मक सिकाइ सामग्री, प्रयोगशाला तथा सूचना प्रविधिमा आधारित शिक्षण स्रोतको अभाव रहनु ।

• शिक्षकहरूमा आधुनिक, प्रविधिमैत्री तथा विद्यार्थी केन्द्रित शिक्षण विधि र निर्माणात्मक मूल्याङ्कनसम्बन्धी दक्षता पर्याप्त नहुनु ।

• विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच, डिजिटल उपकरण तथा इन्टरनेट सेवाको कमी हुनु ।

• मातृभाषा तथा बहुभाषिक माध्यमबाट शिक्षण सिकाइ प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक सामग्री तथा दक्ष शिक्षकको अभाव रहनु ।

• निर्माणात्मक, निरन्तर तथा व्यवहारिक मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कठिनाइ हुनु ।

• विद्यालयमा आधारित परीक्षा, परीक्षण विश्लेषण तथा सिकाइ उपलब्धिमा आधारित सुधार योजना कार्यान्वयन कमजोर रहनु।

• विद्यार्थीहरूको सिकाइ उपलब्धि विशेषगरी गणित, विज्ञान तथा अङ्ग्रेजी विषयमा अपेक्षित स्तरमा पुग्न नसक्नु ।

• स्थानीय आवश्यकता, जीवनोपयोगी सीप, उद्यमशीलता तथा व्यवहारिक शिक्षालाई पाठ्यक्रमसँग प्रभावकारी रूपमा एकीकृत गर्न चुनौती रहनु ।

**४.१.२ उद्देश्य**

१. कक्षा १–३ मा एकीकृत पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

२. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

३. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराई विषयवस्तुहरूलाई अन्तरसम्बन्धित रूपमा एकीकृत गर्दै शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

४. स्थानीय पाठ्यक्रममार्फत सक्षम, सिर्जनशील, प्रतिस्पर्धी तथा उत्तरदायी नागरिक विकास गर्न सहयोग पुऱ्याउनु ।

५. विद्यार्थीहरूको सिकाइ समस्याको समाधानमुखी, निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन प्रणालीको व्यवस्था गर्नु।

६. स्थानीय भाषा, संस्कृति, कला, इतिहास, वातावरण तथा स्थानीय ज्ञान–सीपलाई पाठ्यक्रम र सिकाइ प्रक्रियामा समावेश गर्नु ।

७. सूचना तथा सञ्चार प्रविधिमा आधारित प्रविधिमैत्री, व्यवहारिक तथा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रणाली विकास गर्नु ।

८. प्रयोगात्मक, परियोजनामूलक तथा जीवनोपयोगी सिकाइ अभ्यासमार्फत विद्यार्थीहरूको सिर्जनशीलता, समस्या समाधान क्षमता तथा व्यवहारिक सीप अभिवृद्धि गर्नु ।

**४.१.३ रणनीतिहरू**

**उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः**

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुरूप पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीबारे सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गरिनेछ ।

३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धि गरिनेछ ।

४. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।

५. शिक्षकका लागि शिक्षक निर्देशिका, स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गरिनेछ ।

६. शिक्षणको माध्यम भाषाका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा तथा बहुभाषिक पद्धतिको प्रयोग गरिनेछ।

७. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिनेछ ।

८. विद्यालयमा आधारित विद्यार्थी सहयोग पद्धतिको विकास गरिनेछ ।

९. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१०. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक समानता, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन तथा वातावरण संरक्षणसम्बन्धी विषयवस्तुलाई प्राथमिकताका साथ समावेश गरिनेछ ।

११. विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई शिक्षकको पेशागत विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अनुकूल वातावरण सिर्जना गरिनेछ ।

१२. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा प्रयोग गरिनेछ ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइ प्रक्रियामार्फत विद्यार्थीहरूमा ज्ञान, सीप, व्यवहार तथा जीवनोपयोगी दक्षतामा सकारात्मक परिवर्तन आएको हुनेछ।

२. स्थानीय आवश्यकता, भाषा, संस्कृति तथा परिवेशमा आधारित स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भई विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

४. शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धि भई प्रविधिमैत्री, विद्यार्थी केन्द्रित तथा व्यवहारिक शिक्षण सिकाइ प्रणाली सुदृढ भएको हुनेछ।

५. विद्यालयहरूमा प्रयोगात्मक, परियोजनामूलक तथा जीवनोपयोगी सिकाइ अभ्यास विस्तार भई विद्यार्थीहरूको सिर्जनशीलता, समस्या समाधान क्षमता तथा व्यवहारिक सीप विकास भएको हुनेछ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ।*

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय संख्या | ० | १७ | १७ | १७ | १७ | १७ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय संख्या | १ | ५ | ५ | ३ | २ | २ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय संख्या | ० | १ | १ | १ | १ | २ |
| ६ | प्रविधिमैत्री शिक्षण सिकाइ सामग्री प्रयोग गर्ने विद्यालय संख्या | ० | २ | २ | २ | २ | १० |
| ७ | प्रयोगात्मक तथा परियोजनामूलक सिकाइ क्रियाकलाप सञ्चालन भएका विद्यालय संख्या | ० | १ | १ | १ | १ | ४ |
| ८ | शिक्षकहरूलाई पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी तालिम प्रदान | ०५ | १० | १५ | २० | २५ | २५ |

तालिका नं 13 पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मूल्यांकन क्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य

### ४.१. ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५वर्ष ) | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय पाठ्यक्रम २०७८ कार्यान्वयन | | ० | ७ | ८ | १७ | १७ | १७ | गाउँपालिका |
| १.१ | स्थानीय पाठ्यक्रम परीक्षण | कक्षा /विषय | ० | ५ | १० | १७ | १७ | १७ | गाउँपालिका |
| १.२ | स्थानीय पाठ्यक्रम कार्यान्वियन | कक्षा /विषय | ० | १ | ४ | १७ | १७ | १७ | गाउँपालिका |
| १.३ | सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण | कक्षा /विषय | १-३ | १ | १ | १ | १ | १ | गाउँपालिका |
| १.४ | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधिकरण | कक्षा /विषय | १-३ | १ | १ | १ | १ | १ | गाउँपालिका |
| २. | विद्यार्थी मूल्याङ्कन | कक्षा /विषय | १-३ | १ | १ | १ | १ | १ | गाउँपालिका |
| २.१ | नमुना साधन विकास | कक्षा /विषय | | १-३ | | | १-५ | | गाउँपालिका |
| २.२ | कार्य सञ्चयिका फायलको प्रयोग | कक्षा / विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | | विद्यालय |
| ३ | मातृभाषा वा स्थानीय भाषा | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| ३.१ | स्थानीय पाठ्यक्रमलाई मातृभाषा वा स्थानीय भाषामा रूपान्तरण गर्ने | संख्या | ० | ० | ० | १ | ० | १ | गाउँपालिका |
| ३.२ | सिकाइ सहजीकरण पुस्तिकालाई मातृभाषा वा स्थानीय भाषामा रूपान्तरण गर्ने | कक्षा /विषय | ० | ० | ० | १ | ० | १ | गाउँपालिका |
| ४ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री | प्रतिशत | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | संघ |

तालिका नं 14 पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मूल्यांकन क्षेत्रको प्रमुख क्रियाकलाप तथा वार्षिक लक्ष्य

## ४.२ शिक्षक व्यवस्थापन र विकास

नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रबर्द्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ । यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

### ४.२.१ बर्तमान अवस्था

लक्ष्मीपुर पतारी गाउँपालिकामा आधारभूत तथा माध्यमिक तहमा कार्यरत शिक्षकहरूको सङ्ख्या विद्यालय तथा विद्यार्थी अनुपातको आधारमा पर्याप्त नदेखिएको अवस्था रहेको छ ।

लक्ष्मीपुर पतारी गाउँपालिकाको वर्तमान शिक्षक दरबन्दी तपसील बमोजिमएको रहेको छ ।

| | | शिक्षक दरबन्दी | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | | | राहत | | | अस्थाय | |
| सि नं | विद्यालयको नाम | मा.शि | नि.मा.शि | प्रा.शि | मा.शि | नि.मा.शि | प्रा.शि | प्रा.शि | बा शिक्षक |
| १ | श्री आ. वि रामपुर पिप्रा | | | ३ | | | १ | १ | ३ |
| २ | श्री मा.वि. पिप्रा प्र.ध. | | | ४ | | | २ | १ | २ |
| ३ | श्री जनता डोमी चौधरी मा.वि. | ४ | ३ | ६ | ९ | ३ | | | २ |
| ४ | श्री ला. च.आ.वि.पर्सा | | | ५ | | | | | २ |
| ५ | श्री धमियाइन मा. वि. | | १ | ३ | | | १ | | ३ |
| ६ | श्री आ.वि. हरिनगर | | | २ | | | | | २ |
| ७ | श्री ज.त.न.मा.वि लक्ष्मीपुर | ४ | ४ | ६ | | १ | | | २ |
| ८ | श्री स.मु.आ.वि. ब्रह्मपुरी | | | ३ | | | | | १ |
| ९ | श्री आ. वि धन्छवार | | | २ | | | | | ३ |
| १० | श्री मा.वि. खरुक्याही | | | ३ | | | २ | | ३ |
| ११ | श्री ज.आ.वि. सिसवा | | | १ | | | १ | | २ |
| १२ | श्री आ.वि.पत्थरगाढा | | | ३ | | | १ | | २ |
| १३ | श्री रा.म.या.ज.मा.वि सितापुर | १ | | ३ | ५ | २ | १ | ३ | १ |
| १४ | श्री ज. आ.वि.सलोखरी | | | ३ | | | | | १ |
| १५ | श्री ज.आ.वि. देवाडी | | | ३ | | | १ | | २ |
| १६ | श्री आ.वि.कल्याणपुर | | | १ | | | | | ० |
| १७ | श्री जि.सं.या.ज.आ.वि. सितापुर | | | १ | | | | | २ |
| | | ९ | ८ | ५२ | १४ | ६ | १० | ५ | ३३ |

तालिका नं 15 शिक्षक व्यवस्थापन र विकास क्षेत्रको लक्ष्मीपुर पतारी गाउँपालिकाको वर्तमान अवस्था

उपलब्ध तथ्यांकअनुसार लक्ष्मीपुर पतारी गाउँपालिकाभित्र रहेका १७ वटा सामुदायिक विद्यालयमा शिक्षक दरबन्दीको अवस्था विश्लेषण गर्दा कुल १३७ जना शिक्षक कार्यरत रहेको देखिन्छ। जसमध्ये स्थायी तर्फ माध्यमिक तहमा ९ जना, निम्न माध्यमिक तहमा ८ जना र प्राथमिक तहमा ५२ जना शिक्षक रहेका छन्। त्यसैगरी राहत तर्फ माध्यमिक तहमा १४ जना, निम्न माध्यमिक तहमा ६ जना तथा प्राथमिक तहमा १० जना शिक्षक कार्यरत छन् भने अस्थायी प्राथमिक तहमा ५ जना शिक्षक रहेका छन्। साथै बाल शिक्षकको संख्या ३३ रहेको देखिन्छ। यसबाट विद्यालयहरूमा विशेषगरी प्राथमिक तहमा शिक्षक संख्या बढी केन्द्रित रहेको स्पष्ट हुन्छ।

विद्यालयगत विश्लेषण गर्दा श्री जनता डोमी चौधरी मा.वि. मा सबैभन्दा बढी शिक्षक दरबन्दी रहेको देखिन्छ, जहाँ स्थायी, राहत तथा अन्य गरी कुल २७ जना शिक्षक कार्यरत छन्। त्यसैगरी श्री रा.म.या.ज.मा.वि सितापुर मा पनि १६ जना शिक्षक रहेको देखिन्छ, जसले यी विद्यालयहरूमा विद्यार्थी संख्या तथा शैक्षिक गतिविधि बढी रहेको संकेत गर्दछ। अर्कोतर्फ श्री आ.वि.कल्याणपुर र श्री जि.सं.या.ज.आ.वि. सितापुर जस्ता विद्यालयमा शिक्षक संख्या अत्यन्त न्यून रहेको देखिन्छ, जसले शिक्षण सिकाइ प्रक्रियामा प्रत्यक्ष प्रभाव पार्न सक्ने अवस्था सिर्जना गर्दछ। उक्त तथ्यांकले राहत तथा बाल शिक्षकमा अत्यधिक निर्भरता रहेको पनि देखाउँछ। कुल ३३ जना बाल शिक्षक कार्यरत हुनु भनेको प्राथमिक तहमा स्थायी दरबन्दी पर्याप्त नभएको संकेत हो। विशेषगरी ग्रामीण तथा आधारभूत तहका विद्यालयहरूमा स्थायी शिक्षक अभाव पूर्ति गर्न बाल शिक्षक तथा राहत शिक्षक प्रयोग गरिएको अवस्था देखिन्छ। यसले दीर्घकालीन रूपमा शिक्षक व्यवस्थापन, गुणस्तरीय शिक्षण तथा शैक्षिक स्थायित्वमा चुनौती उत्पन्न गर्न सक्छ।

लक्ष्मीपुर पतारी गाउँपालिकाको विद्यार्थी र शिक्षक अनुपात हेर्दा आधारभूत तह १–५ मा ५३: १, आधारभूत तह ६–८ मा १७३: १, अर्थात एकदमै कम रहको छ, त्यस्तै आधारभूत तह १–८ मा ७४: १, माध्यमिक तहमा ९–१० मा ५२: १, माध्यमिक तहमा ९–१२ मा ६२: १ रहेको छ। लक्ष्मीपुर पतारी गाउँपालिका को विद्यार्थी–शिक्षक अनुपात विश्लेषण गर्दा तहगत रूपमा शिक्षक व्यवस्थापनमा असन्तुलन रहेको देखिन्छ। आधारभूत तह कक्षा १–५ मा विद्यार्थी–शिक्षक अनुपात ५३:१ रहेको छ, जसले एक जना शिक्षकले औसत ५३ जना विद्यार्थीलाई अध्यापन गरिरहेको अवस्था देखाउँछ। यो अनुपात राष्ट्रिय मापदण्डको तुलनामा थोरै उच्च रहेको छ, जसका कारण कक्षाकोठा व्यवस्थापन, व्यक्तिगत सिकाइ सहजीकरण तथा गुणस्तरीय शिक्षणमा चुनौती उत्पन्न हुन सक्छ। तथ्याङ्कले गाउँपालिकामा शिक्षक–विद्यार्थी अनुपात असन्तुलित रहेको देखाउँछ। विशेषगरी आधारभूत तह (कक्षा ६–८) मा १७३:१ अनुपात अत्यन्त उच्च रहेकाले विषयगत शिक्षकको अभाव स्पष्ट देखिन्छ। आधारभूत तह (कक्षा १–८) मा ७४:१, माध्यमिक तह (कक्षा ९–१०) मा ५२:१ तथा कक्षा (९–१२) मा ६२:१ अनुपातले पनि शिक्षक दरबन्दी अपर्याप्त रहेको पुष्टि गर्दछ। यस अवस्थाले शिक्षण–सिकाइको गुणस्तर, विद्यार्थीको सिकाइ उपलब्धि तथा विद्यालयको समग्र शैक्षिक अवस्थामा नकारात्मक प्रभाव पार्ने भएकाले शिक्षक दरबन्दी पुनर्वितरण, विषयगत शिक्षक नियुक्ति तथा आवश्यकतानुसार नयाँ स्थायी दरबन्दी सिर्जना गर्न आवश्यक देखिन्छ।

**लक्ष्मीपुर पतारी गाउँपालिका मा शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरू निम्न बमोजिम रहेका छन्**

१. विद्यालय तथा तहगत आवश्यकता अनुसार शिक्षक दरबन्दीको समुचित वितरण हुन नसक्नु।

२. आधारभूत तह विशेषगरी कक्षा ६–८ मा विषयगत शिक्षकको अभाव रहनु तथा विद्यार्थी–शिक्षक अनुपात अत्यधिक उच्च हुनु।

३. राहत, अस्थायी तथा बाल शिक्षकमा अत्यधिक निर्भरता रहनु, जसले शिक्षण कार्यको स्थायित्व र गुणस्तरमा प्रभाव पार्नु।

४. विज्ञान, गणित, अंग्रेजी तथा प्राविधिक विषयका दक्ष र प्रशिक्षित शिक्षकको अभाव हुनु तथा विषयगत दरबन्दी अपुग हुनु।

५. दुर्गम तथा ग्रामीण क्षेत्रका विद्यालयमा शिक्षक टिकाइ राख्न कठिनाइ हुनु।

६. शिक्षक पेशागत सहयोग, मार्गदर्शन तथा परामर्शको सुदृढ प्रणाली प्रभावकारी रूपमा स्थापित हुन नसक्नु।

७. शिक्षकको नियमित पेशागत विकास, तालिम, क्षमता अभिवृद्धि तथा प्रविधिमैत्री शिक्षण सम्बन्धी अवसर सीमित हुनु।

८. समयसापेक्ष शिक्षक क्षमता विकास तथा आधुनिक शिक्षण विधिमा आधारित तालिम कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन नसक्नु।

९. शिक्षण सिकाइ प्रक्रियालाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि, सामग्री तथा क्रियाकलापमा आवश्यक विविधता ल्याउन नसक्नु।

१०. विद्यालयबीच शिक्षक संख्या, विषयगत उपलब्धता तथा शिक्षक–विद्यार्थी अनुपातमा असन्तुलन रहनु।

११. शिक्षक दरबन्दी, विद्यार्थी संख्या र वास्तविक आवश्यकता बीच समन्वय तथा समयसापेक्ष दरबन्दी मिलान हुन नसक्नु।

१२. शिक्षकको नियमित अनुगमन, कार्यसम्पादन मूल्याङ्कन तथा प्रोत्साहन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु।

१३. सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक सीप, स्रोत तथा पूर्वाधारको अभाव हुनु।

१४. शिक्षकको समयमै पदपूर्ति, रिक्त दरबन्दी व्यवस्थापन तथा अग्रिम रूपमा स्वयंसेवक शिक्षक सूची तयारी प्रणाली प्रभावकारी हुन नसक्नु।

१५. शिक्षण पेशालाई आकर्षक, सम्मानित तथा दक्ष जनशक्तिको रोजाइको पेशाका रूपमा विकास गर्न नसक्नु।

१६. समावेशी, बालमैत्री तथा सिकाइ उपलब्धिमुखी शिक्षण अभ्यासलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न चुनौती रहनु।

### ४.२.२ उद्देश्य

लक्ष्मीपुर पतारी गाउँपालिका को शिक्षा क्षेत्र योजनाअन्तर्गत शिक्षक व्यवस्थापन र विकासका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएका छन् –

१. शिक्षकको छनौट, नियुक्ति, पदपूर्ति, पुनर्वितरण तथा दरबन्दी मिलान प्रक्रियालाई प्रभावकारी, पारदर्शी र आवश्यकता आधारित बनाउनु।

२. शिक्षक विकास, निरन्तर पेशागत सहयोग, क्षमता अभिवृद्धि तथा कार्यसम्पादन सुधारका लागि संस्थागत पेशागत सहायता प्रणाली स्थापना तथा सुदृढ गर्नु।

३. सबै तह तथा विषयमा योग्य, दक्ष, प्रशिक्षित, प्रविधिमैत्री र क्षमतावान् शिक्षकहरूको उपलब्धता सुनिश्चित गर्नु।

४. आधारभूत तथा माध्यमिक तहमा विद्यार्थी–शिक्षक अनुपात सन्तुलित बनाउन आवश्यकता अनुसार शिक्षक व्यवस्थापन गर्नु।
५. विज्ञान, गणित, अंग्रेजी, प्राविधिक तथा अन्य विषयगत शिक्षकको उपलब्धता सुनिश्चित गर्नु।
६. शिक्षण सिकाइ प्रक्रियालाई विद्यार्थी केन्द्रित, समावेशी, बालमैत्री तथा सिकाइ उपलब्धिमुखी बनाउन शिक्षकको पेशागत क्षमता विकास गर्नु।
७. सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणाली प्रभावकारी बनाउन शिक्षकहरूको डिजिटल तथा प्रविधि सम्बन्धी क्षमता अभिवृद्धि गर्नु।
८. पालिका अन्तर्गत स्वयंसेवक शिक्षक छनोट तथा परिचालन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउनु।
९. शिक्षकको नियमित अनुगमन, मूल्याङ्कन, प्रोत्साहन तथा उत्तरदायित्व प्रणालीलाई सुदृढ गर्नु।
१०. शिक्षण पेशालाई मर्यादित, आकर्षक र प्रतिस्पर्धी पेशाका रूपमा विकास गर्न आवश्यक सहजीकरण गर्नु।

### ४.२.३ रणनीतिहरू

लक्ष्मीपुर पतारी गाउँपालिका मा शिक्षक व्यवस्थापन तथा विकासका उद्देश्य हासिल गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ

१. शिक्षक–विद्यार्थी अनुपात, तहगत आवश्यकता तथा विषयगत मागका आधारमा शिक्षक दरबन्दी मिलान, पुनर्वितरण तथा व्यवस्थापन गरिनेछ।
२. रिक्त दरबन्दीमा स्थानीय तहबाट आवश्यक प्रक्रिया पूरा गरी शिक्षक व्यवस्थापन तथा स्वयंसेवक शिक्षक परिचालन गरिनेछ।
३. शिक्षकको निरन्तर पेशागत विकासका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरी शिक्षण सीप विकास, विषयगत दक्षता तथा प्रविधिमैत्री शिक्षण सम्बन्धी सेवाकालीन तालिम सञ्चालन गरिनेछ।
४. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइनेछ। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह सञ्चालन तथा स्रोत शिक्षक एवं अनुभवी शिक्षकमार्फत कोचिङ र मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयन गरिनेछ।
५. शिक्षकको उपस्थिति, नियमितता, पेशागत अनुशासन तथा कार्यसम्पादन सुधार गर्न प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन गरिनेछ।
६. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग आबद्ध गरी नतिजाप्रति जवाफदेही हुने प्रणाली विकास गरिनेछ।
७. शिक्षण सिकाइ प्रक्रियालाई विद्यार्थी केन्द्रित, समावेशी, बालमैत्री तथा उपलब्धिमूलक बनाउन आधुनिक तथा सहभागितामूलक शिक्षण विधि अवलम्बन गरिनेछ।
८. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षकको डिजिटल क्षमता विकास तथा प्रविधि प्रयोगलाई प्रोत्साहन गरिनेछ।
९. विज्ञान, गणित, अंग्रेजी तथा प्राविधिक विषयका दक्ष शिक्षक व्यवस्थापनका लागि सम्बन्धित निकायसँग सहकार्य तथा समन्वय गरिनेछ।
१०. शिक्षकको कार्यसम्पादनमा आधारित प्रोत्साहन, सम्मान तथा पुरस्कार प्रणाली विकास गरी शिक्षण पेशाप्रति उत्प्रेरणा अभिवृद्धि गरिनेछ।

### ४.२.४ प्रमुख उपलब्धि र नतिजा

लक्ष्मीपुर पतारी गाउँपालिका को शिक्षा क्षेत्र योजनाअन्तर्गत शिक्षक व्यवस्थापन तथा विकास कार्यक्रम कार्यान्वयनबाट हासिल हुने प्रमुख उपलब्धिहरू निम्नानुसार हुनेछन् –

१. दरबन्दी मिलान तथा पुनर्वितरण सम्पन्न भई तहगत, कक्षागत तथा विषयगत रूपमा शिक्षक व्यवस्थापन प्रभावकारी भएको हुनेछ।
२. विद्यालयमा आवश्यक विषयगत शिक्षकको उपलब्धता सुनिश्चित भई शिक्षक–विद्यार्थी अनुपातमा सुधार भएको हुनेछ।
३. शिक्षकहरूले निरन्तर पेशागत विकास, सेवाकालीन तालिम तथा क्षमता अभिवृद्धिका अवसर प्राप्त गरेका हुनेछन्।

४. शिक्षक पेशागत सहयोग प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भई शिक्षकलाई नियमित कोचिङ, मेन्टोरिङ तथा पेशागत सहयोग उपलब्ध भएको हुनेछ।

५. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ सञ्चालन गर्न शिक्षकको डिजिटल तथा प्रविधिमैत्री क्षमता विकास भएको हुनेछ।

६. शिक्षकको उपस्थिति, नियमितता, कार्यसम्पादन तथा पेशागत उत्तरदायित्वमा सुधार आएको हुनेछ।

७. शिक्षण सिकाइ प्रक्रिया विद्यार्थी केन्द्रित, समावेशी, बालमैत्री तथा उपलब्धिमूलक बनेको हुनेछ।

८. विज्ञान, गणित, अंग्रेजी तथा प्राविधिक विषयका दक्ष शिक्षक व्यवस्थापनमा सुधार भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिने छ।*

| क्र.स. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | १० | २० | ३३ | ३३ | ३३ | ३३ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक संख्या | ४० | १५ | १३ | ६८ | ६८ | ६८ |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक संख्या | ० | ० | ८ | ८ | ८ | ८ |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | १७ | १७ | १७ | १७ | १७ | १७ |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | १ | २ | ३ | ५ | १० | १७ |

तालिका नं 16 शिक्षक व्यवस्थापन र विकास क्षेत्रको मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य

## ४.२. ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ ।*

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५वर्ष ) | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १.१ | स्वयम् सेवक शिक्षक तयारी | संख्या | ४ | १३ | ० | ० | ० | १७ | गाउँपालिका |
| १.२ | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | १ | ० | ० | ० | ० | १ | गाउँपालिका |
| २ | शिक्षक तयारी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २.१ | नया नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | ० | १ | ० | १ | ० | २ | संघ, प्रदेश/ गाउँपालिका |
| ३ | कक्षा १-३ को शिक्षकलाई एकिकृत पाठयक्रम सम्बन्धि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | संघ गाउँपालिका |
| ३.१ | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | ० | १ | ० | ० | ० | १ | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.२ | उपचारात्मक शिक्षण पद्धति अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | १० | विद्यालय |
| ३.३ | एक विद्यालय एक पुस्तकालय | संख्या | ४ | ० | १ | ० | १ | ६ | संघ, प्रदेश/ गाउँपालिका |
| ३.४ | एक विद्यालय एक ICT ल्याव | संख्या | २ | | ५ | | ५ | १७ | संघ /प्रदेश/ गाउँपालिका |
| ४.१ | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ४.२ | बाल विकास सहजकर्ताको लागि ३० आधारभूत तालिम | पटक | १ | | | १ | | २ | गाउँपालिका |
| ५ | शिक्षक उत्तरदायित्व | | १७ | १७ | १७ | १७ | १७ | १७ | गाउँपालिका |
| ५.१ | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्यालय | १७ | १७ | १७ | १७ | १७ | १७ | गाउँपालिका |
| ५.२ | विद्यालयमा छुट्टै प्र.अ. पदको व्यवस्था गर्ने | संख्या | ० | ० | १ | ० | ० | १ | गाउँपालिका |
| ६ | शिक्षकको आपूर्ति र वितरणविद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | | १ | क | १ | | २ | संघ /प्रदेश/ गाउँपालिका |

तालिका नं 17 शिक्षक व्यवस्थापन र विकास क्षेत्रको मुख्य क्रियाकलाप तथा वार्षिक लक्ष्य निधारण

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

लक्ष्मीपुर पतारी गाउँपालिका सामाजिक, आर्थिक, सांस्कृतिक विविधता भएको स्थानीय तह हो । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यहाँ बसोबास गर्ने जातिहरु मध्ये सबै भन्दा बढी यादव(६२०६) र सबै भन्दा कम राई(१४) रहेको छ ।सम्रगमा तत्मा/तत्वा , मुस्लिम , तेली , दनुवार , चमार/हरिजन/राम , थारु , धानुक ,धोबि , खत्वे ,केवत, मल्लाह, मुसहर, हलुवाई, दुसाद/पासवान/पासी, सुढी, हजाम/ठाकुर, तराई अन्य, बरही, सोनार, कथबनियाँ, कर्मी, बाँतर/सरदार, कल्वार, संयासी, नेवार, माली, क्यास्थ, डोम, मोझि, कोइरी/कुसुवाहा, ब्राहमिन–तराइ, दमाइ/धोली, राइ अन्य आदी । यहाँ मैथली, उर्दु, थारु, दनुवार, नेपाली, माघी, राइ आदी भाषा बोलिन्छन्। यो स्थानीय तहमा हिन्दू, इसलाम ,बौद्ध, क्रिश्चियन धर्मावलम्बीहरु बसोबास गर्छन् भने उनीहरुले दशैं, तिहार, चण्डी, बुद्ध जयन्ती, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, ईदजस्ता चाडपर्वहरु मान्ने गर्दछन्। यस पालिकाभित्र रहेका बहुविशेषताहरुबीचमा एकीकरण भएको अवस्था छ। अनेकताबीच एकता कायम भएको छ। त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सहअस्तित्व-, सहिष्णुता, मेलमिलाप कायम भएको ।

**लक्ष्मीपुर पतारी गाउँपालिकामा शैक्षिक समता तथा समावेशीकरणका असल अभ्यासहरू**

- विपन्न, दलित, जनजाति, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकालाई छात्रवृत्ति, शैक्षिक सामग्री तथा पोशाक सहयोग प्रदान।
- विद्यालयमा बालमैत्री तथा समावेशी सिकाइ वातावरण निर्माणमा प्राथमिकता।
- छात्रा शिक्षाको प्रवर्द्धन तथा विद्यालय बाहिर रहेका बालबालिकाको पुनःभर्ना अभियान सञ्चालन।
- खेलकुद तथा अतिरिक्त क्रियाकलापमार्फत सबै बालबालिकाको समान सहभागिता सुनिश्चित गर्ने प्रयास।
- शिक्षक नियुक्ति तथा व्यवस्थापनमा समावेशीतालाई प्राथमिकता।
- अभिभावक तथा समुदायको सहभागिता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन।
- समता लक्षित विभिन्न शैक्षिक कार्यक्रमहरूको कार्यान्वयन।

**मुख्य समस्या तथा चुनौतीहरू**

- अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक भौतिक पूर्वाधार, सहयोगी सामग्री तथा विशेष शिक्षण सीपयुक्त शिक्षकको अभाव।

- आर्थिक रूपमा विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाको विद्यालय पहुँच, नियमित उपस्थिति र सिकाइ उपलब्धि कमजोर।
- भाषिक तथा सामाजिक विविधताअनुसार शिक्षण सामग्री तथा सिकाइ सहजीकरण पर्याप्त नभएको।
- विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको पहिचान, पुनःभर्ना र निरन्तर सिकाइ सुनिश्चित गर्न कठिनाइ।
- समावेशी शिक्षण विधि, बालमैत्री वातावरण तथा समतामूलक मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक स्रोत, बजेट र दक्ष जनशक्तिको अभाव।

लक्ष्मीपुर पतारी गाउँपालिका मा शैक्षिक समता तथा समावेशीकरणलाई विद्यालय शिक्षाको महत्वपूर्ण आधारका रूपमा लिइएको छ। बालबालिकाको जातजाति, लैङ्गिक, भाषिक तथा सामाजिक अवस्थासम्बन्धी विवरण सङ्कलन तथा अभिलेखीकरण गर्ने कार्य क्रमशः व्यवस्थित हुँदै गएको छ। अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान, पहुँच सुनिश्चितता तथा व्यक्तिगत सहयोग प्रणाली विकासका लागि आवश्यक उपकरण, सहयोगी सामग्री तथा सहजीकरणको आवश्यकता रहेको देखिन्छ। आर्थिक रूपमा विपन्न, दलित, जनजाति, अल्पसंख्यक तथा विभिन्न कठिन परिस्थितिमा रहेका बालबालिकाका लागि छात्रवृत्ति, शैक्षिक सामग्री सहयोग तथा समता लक्षित कार्यक्रम सञ्चालन हुँदै आएका छन्।

### ४.३.२ उद्देश्यहरू

लक्ष्मीपुर पतारी गाउँपालिका मा शैक्षिक समता र समावेशीकरणसँग सम्बन्धित स्थानीय तहका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी तथा समतामूलक पहुँच सुनिश्चित गर्नु।

२. विपन्न, सीमान्तकृत, अपाङ्गता भएका तथा विभिन्न कठिन परिस्थितिमा रहेका बालबालिकाको विद्यालय पहुँच, सहभागिता तथा निरन्तर सिकाइ सुनिश्चित गर्नु।

३. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धिमा सुधार गर्नु।

४. विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंसा तथा दुर्व्यवहार हुन नदिई बालबालिकाको नियमित उपस्थिति, सहभागिता तथा सिकाइ सहज हुने सुरक्षित, समावेशी र बालमैत्री वातावरण सिर्जना गर्नु।

५. छात्रवृत्ति, शैक्षिक सहयोग तथा समता लक्षित कार्यक्रममार्फत कमजोर तथा जोखिममा रहेका बालबालिकालाई सहयोग उपलब्ध गराउनु।

६. पाठ्यक्रम, शिक्षण विधि, सिकाइ सामग्री तथा मूल्याङ्कन प्रणालीलाई समावेशी, सहभागितामूलक तथा बालमैत्री बनाउनु।

७. शिक्षक, अभिभावक तथा समुदायमा समावेशी शिक्षा, लैङ्गिक समानता तथा बालअधिकार सम्बन्धी सचेतना अभिवृद्धि गर्नु।

### ४.३.३ रणनीतिहरू

लक्ष्मीपुर पतारी गाउँपालिका मा शैक्षिक समता तथा समावेशीकरणका उद्देश्य हासिल गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ-

१. लक्षित समूहका बालबालिकाको पहिचान, अभिलेखीकरण तथा आवश्यकतामा आधारित शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

२. विपन्न, दलित, जनजाति, अपाङ्गता भएका, बालिका तथा विभिन्न कठिन परिस्थितिमा रहेका बालबालिकाका लागि छात्रवृत्ति, शैक्षिक सामग्री तथा सहयोग कार्यक्रम विस्तार गरिनेछ।

३. विद्यालयमा समावेशी, सुरक्षित, बालमैत्री तथा विभेदरहित सिकाइ वातावरण निर्माण गरिनेछ।

४. विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको पुनःभर्ना, निरन्तरता तथा वैकल्पिक सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ।

५. पाठ्यक्रम, शिक्षण विधि, सिकाइ सामग्री तथा मूल्याङ्कन प्रणालीलाई समावेशी, सहभागितामूलक तथा बालमैत्री बनाइनेछ।

६. अपाङ्गता भएका बालबालिकाका लागि पहुँचयुक्त भौतिक पूर्वाधार, सहयोगी सामग्री तथा आवश्यक सहयोग प्रणाली विकास गरिनेछ।
७. शिक्षक, अभिभावक तथा समुदायको समावेशी शिक्षा, लैङ्गिक समानता तथा बालअधिकार सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ।
८. खेलकुद, अतिरिक्त क्रियाकलाप तथा नेतृत्व विकास कार्यक्रममार्फत सबै बालबालिकाको समान सहभागिता सुनिश्चित गरिनेछ।
९. शिक्षक नियुक्ति, व्यवस्थापन तथा विद्यालय सञ्चालन प्रक्रियामा समावेशीकरणलाई प्राथमिकता दिइनेछ।
१०. संघ, प्रदेश तथा सरोकारवाला निकायसँग समन्वय गरी समता तथा समावेशीकरणसम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

### ४.३.४ प्रमुख उपलब्धि र नतिजा

उपलब्धि

लक्ष्मीपुर पतारी गाउँपालिका मा शैक्षिक समता तथा समावेशीकरण कार्यक्रम कार्यान्वयनबाट हासिल हुने प्रमुख उपलब्धिहरू निम्नानुसार हुनेछन् –
१. लक्षित समूहका बालबालिकाको विद्यालय पहुँच, सहभागिता तथा नियमिततामा वृद्धि भएको हुनेछ।
२. विद्यालयमा समावेशी, सुरक्षित, बालमैत्री तथा विभेदरहित सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ।
३. विपन्न, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाले छात्रवृत्ति तथा आवश्यक शैक्षिक सहयोग प्राप्त गरेका हुनेछन्।
४. विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको पुनःभर्ना तथा निरन्तर सिकाइ सुनिश्चित भएको हुनेछ।
५. समावेशी शिक्षण विधि, सिकाइ सामग्री तथा मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनबाट सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।
६. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुने ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ।*

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या | ३०१७ | २८१८ | २६१७ | २४१७ | २२१७ | २०१७ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.७९ | ०.७९ | ०.८० | ०.८० | ०.८० | ०.८० |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ०.९३ | ०.९३ | ०.९४ | ०.९५ | ०.९६ | ०.९७ |
| ४ | आधारभूत तहमा महिला शिक्षकको सङ्ख्या | १४ | २० | २० | २० | २० | २० |
| ५ | माध्यमिक तहमा महिला शिक्षकको सङ्ख्या | ० | ५ | ५ | १० | १५ | १५ |
| ६ | समता, समावेशीकरण, बाल अधिकार तथा लैङ्गिक समानतासम्बन्धी जनचेतनामूलक अभियान सञ्चालन गर्ने | ० | १७ | १७ | १७ | १७ | १७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालयस्तरमा गुनासो सुनुवाइ संयन्त्र स्थापना | ३ | १७ | १७ | १७ | १७ | १७ |
| ८ | पारदर्शी रूपमा छात्रवृत्ति वितरण गर्ने तथा लाभग्राही अभिलेख व्यवस्थापन गर्ने | ० | १७ | १७ | १७ | १७ | १७ |

तालिका नं 18 शैक्षिक समता र समावेशीकरण क्षेत्रको मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य

### ४.३. ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ ।*

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षामा समता र समाबेशीकरण अवस्था र आवश्यकता पहिचान | पटक | | | १ | | | २ | गाउँपालिका |
| २ | विद्यालयहरूमा वालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | ६ | २ | २ | २ | २ | १४ | संघ/ प्रदेश/ गाउँपालिका |
| ३ | विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सा.सि.के. |
| ४ | मातृभाषामा सिकाइको अवसर प्रदान गरिने। | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | विद्यालय |
| ५ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | गाउँपालिका |
| ६ | मनोसामाजिक परामर्श | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | विद्यालय |
| ७ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | संघ/ प्रदेश/ गाउँपालिका |
| ८ | गुनासो सुनुवाई समिति गठन र परिचालन | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | गाउँपालिका वा संघ संस्था |
| ०९ | गुनासो सुनुवाई समिति को क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | १० | पालिका संघ संस्था |
| १० | बालिका तथा समाबेशी शिक्षा संजालको परिचालन | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका संघ संस्था |
| ११ | पारदर्शी रूपमा छात्रवृत्ति वितरण गर्ने तथा लाभग्राही अभिलेख व्यवस्थापन गर्ने विद्यालय | संख्या | २ | ४ | १० | १७ | १७ | १७ | विद्यालय |

तालिका नं 19 शैक्षिक समता र समावेशीकरण क्षेत्रको मुख्य क्रियाकलाप तथा वार्षिक लक्ष्य

### ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

लक्ष्मीपुर पतारी गाउँपालिका मा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमअन्तर्गत आधारभूत तहका अर्थात प्रारम्भक बाल र शिक्षा कक्षा देखि कक्षा ५ सम्मका विद्यार्थीहरूलाई लक्षित गरी विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन हुँदै आएको छ। दिवा खाजा व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा स्थानीय तहको समन्वयमा खाद्य सामग्री व्यवस्थापन, खाना पकाउने तथा वितरण कार्य सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रमले विद्यार्थीको विद्यालय उपस्थितिमा वृद्धि, पोषण सुधार तथा सिकाइमा सकारात्मक प्रभाव पारेको देखिन्छ।

विद्यालयहरूमा स्वास्थ्य तथा पोषणसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। नियमित स्वास्थ्य परीक्षण, जुकाको औषधि वितरण, खोप अभियान, किशोरी स्वास्थ्य तथा महिनावारी सरसफाइसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिँदै आएको छ। साथै विद्यार्थी तथा अभिभावकलाई व्यक्तिगत सरसफाइ, पोषण तथा स्वास्थ्य व्यवहार सम्बन्धी जानकारी प्रदान गर्ने कार्य पनि भइरहेको छ।

विद्यालयमा सरसफाइ तथा स्वच्छताको अवस्था सुधार गर्न शौचालय निर्माण, हात धुने स्थान व्यवस्थापन, स्वच्छ खानेपानीको व्यवस्था तथा विद्यालय परिसर सफाइ कार्यक्रम सञ्चालन गरिएका छन्। केही विद्यालयमा बालमैत्री तथा लैङ्गिकमैत्री शौचालय निर्माण गरिएको भए पनि सबै विद्यालयमा पर्याप्त सरसफाइ तथा स्वच्छता मापदण्ड पूर्ण रूपमा कायम हुन सकेको छैन।

स्थानीय तहले विद्यालय स्वास्थ्य तथा पोषण सुधारका लागि दिवा खाजा कार्यक्रम सञ्चालन, स्वास्थ्य तथा सरसफाइ सचेतना अभियान, विद्यालय स्वास्थ्य परीक्षण तथा स्वच्छ विद्यालय प्रवर्द्धन कार्यक्रम जस्ता असल अभ्यासहरू कार्यान्वियन गर्दै आएको छ। साथै विद्यालय, स्वास्थ्य संस्था तथा समुदायबीच समन्वय गरी स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने अभ्यास पनि विस्तार हुँदै गएको छ। नेपालको हाल कार्यान्वयनमा रहेको १६ औं योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्त्वपूर्ण योगदान दिएको छ ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन् ।

### ४.४.१ वर्तमान अवस्था

लक्ष्मीपुर पतारी गाउँपालिका मा नेपाल सरकारबाट विद्यालय दिवा खाजा कार्यक्रम लागू हुनुभन्दा पूर्व नै स्थानीय तहको संरचना बनेपछि प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्म विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन गरिएको थियो। यस कार्यक्रमले प्रारम्भिक बालविकास शिक्षामा बालबालिकाको उल्लेखनीय सहभागिता वृद्धि गर्नुका साथै विद्यालयप्रति अभिभावक तथा समुदायको सक्रिय सहभागिता बढाउन महत्वपूर्ण योगदान पुऱ्याएको थियो। आर्थिक वर्ष २०७६/०७७ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम लागू गरेपछि पालिकाभित्र कक्षा ०–५ सञ्चालन भएका विद्यालयमार्फत विद्यार्थीहरू लाभान्वित हुँदै आएका छन्।

लक्ष्मीपुर पतारी गाउँपालिका मा बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानसम्बन्धी कार्यक्रमअन्तर्गत २२ जना शिक्षकहरूको क्षमता विकास गरी प्रारम्भिक बालविकासदेखि कक्षा ३ सम्म अध्ययनरत २,७०० जना विद्यार्थीहरूको प्रारम्भिक अपाङ्गता पहिचान कार्य सम्पन्न गरिएको छ। यस कार्यक्रमले विशेष आवश्यकता भएका बालबालिकाको पहिचान, सहजीकरण तथा समावेशी शिक्षामा पहुँच अभिवृद्धि गर्न सहयोग पुगेको छ । त्यसैगरी बालबालिकाको पोषण स्तरमा सुधार ल्याउन तथा शैक्षिक सत्र पूरा नगरी बीचमै विद्यालय छोड्ने समस्या न्यूनीकरण गर्न सामुदायिक विद्यालयका कक्षा ५ सम्मका सबै बालबालिकालाई विद्यालय समयमा ६ दिनमा ६ प्रकारका पौष्टिक दिवा खाजा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइएको छ। यस कार्यक्रमले विद्यार्थीको नियमित उपस्थिति, सिकाइ सहभागिता तथा स्वास्थ्य अवस्थामा सकारात्मक सुधार ल्याउन सहयोग पुगेको देखिन्छ।

साथै कक्षा ६ देखि १२ सम्म अध्ययनरत किशोरीहरूका लागि सेनिटरी प्याडको व्यवस्था गरिएको छ, जसले महिनावारी स्वास्थ्य व्यवस्थापन, विद्यालय उपस्थितिमा निरन्तरता तथा किशोरीमैत्री शिक्षण वातावरण निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

लक्ष्मीपुर पतारी गाउँपालिका मा विद्यालय दिवा खाजा, स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयनका क्रममा निम्न चुनौतीहरू पहिचान गरिएका छन् –

१. दिवा खाजा, स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता कार्यक्रमको प्रभावकारी तथा व्यवस्थित कार्यान्वयन सुनिश्चित गर्न चुनौती रहनु।

२. सबै विद्यालयमा नियमित स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक स्वास्थ्यकर्मी तथा स्वास्थ्य सहयोग प्रणालीको अभाव हुनु।

३. विद्यालय दिवा खाजाका लागि उपयुक्त मापदण्ड तथा स्वरूप निर्धारण गरी पौष्टिक, सन्तुलित तथा स्वस्थकर खाजा सुनिश्चित गर्न कठिनाइ हुनु।

४. पोषणसम्बन्धी सचेतना अभिवृद्धिका लागि सचित्र तथा व्यवहारिक पोषण पाठ्यक्रम निर्माण र प्रभावकारी कार्यान्वयन हुन नसक्नु।

५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादन, स्थानीय खाद्य सामग्री तथा स्थानीय व्यापारसँग प्रभावकारी रूपमा आबद्ध गर्न चुनौती रहनु।

६. विद्यालयमा सरसफाइ तथा स्वच्छता मापदण्ड विकास, कार्यान्वयन तथा नियमित अनुगमन प्रभावकारी बनाउन आवश्यक स्रोतसाधन तथा व्यवस्थापनको अभाव हुनु।

### ४.४.२ उद्देश्य

लक्ष्मीपुर पतारी गाउँपालिका मा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमसँग सम्बन्धित उद्देश्यहरू निम्नानुसार रहेका छन् –

१. प्रत्येक विद्यालयमा अध्ययनरत बालबालिकालाई स्वस्थकर, सुरक्षित तथा पौष्टिक दिवा खाजा प्राप्त हुने सुनिश्चित गर्नु।

२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा, सुविधा तथा व्यवहारमा सुधार गर्नु।

३. विद्यालय, अभिभावक, स्वास्थ्य संस्था, समुदाय तथा अन्य सरोकारवालाहरूबीच समन्वय र सहभागिता सुदृढ गरी बालबालिकाको पोषण अवस्था, स्वास्थ्य तथा सिकाइ उपलब्धिमा सुधार गर्नु।

४. विद्यालयमा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता मापदण्ड कार्यान्वयन गरी स्वस्थ तथा बालमैत्री वातावरण निर्माण गर्नु।

५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादन तथा पोषणमैत्री खाद्य प्रणालीसँग आबद्ध गर्दै दिगो र प्रभावकारी बनाउनु।

### ४.४.३ रणनीतिहरू

लक्ष्मीपुर पतारी गाउँपालिका मा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमका उद्देश्य हासिल गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ

१. विद्यालय दिवा खाजा कार्यक्रमलाई व्यवस्थित, पोषणयुक्त तथा स्वस्थकर बनाउन स्थानीय स्तरमा उपलब्ध खाद्य सामग्रीको प्रयोगलाई प्राथमिकता दिइनेछ।

२. विद्यालयमा स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी नियमित सचेतना, स्वास्थ्य परीक्षण तथा व्यवहार परिवर्तन कार्यक्रम सञ्चालन गरिनेछ।

३. प्रत्येक विद्यालयमा सुरक्षित खानेपानी, शौचालय, हात धुने स्थान तथा फोहोर व्यवस्थापनसहित सरसफाइ तथा स्वच्छता मापदण्ड कार्यान्वयन गरिनेछ।

४. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालनका लागि विद्यालय, स्वास्थ्य संस्था, अभिभावक, समुदाय तथा सरोकारवालाबीच समन्वय र सहकार्य सुदृढ गरिनेछ।

५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादन, स्थानीय बजार तथा पोषणमैत्री खाद्य प्रणालीसँग आबद्ध गरिनेछ।

६. विद्यालयमा किशोरी स्वास्थ्य, महिनावारी सरसफाइ तथा व्यक्तिगत स्वच्छतासम्बन्धी शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

७. स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रणाली विकास गरिनेछ।
८. विद्यालयमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य सहयोग प्रणाली विस्तारका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

### ४.४.४ प्रमुख उपलब्धिहरु तथा नतिजा

उपलब्धिहरु

लक्ष्मीपुर पतारी गाउँपालिका मा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम कार्यान्वयनबाट हासिल हुने प्रमुख उपलब्धिहरू निम्नानुसार हुनेछन् –

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य, पोषण तथा सरसफाइ अवस्थामा सुधार भएको हुनेछ।
२. विद्यालय दिवा खाजा कार्यक्रममार्फत बालबालिकाले नियमित रूपमा स्वस्थकर तथा पौष्टिक खाजा प्राप्त गरेका हुनेछन्।
३. बालबालिकाको नियमित उपस्थिति, सिकाइ सहभागिता तथा सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।
४. विद्यालयमा सुरक्षित, समावेशी, बालमैत्री तथा रमाइलो सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ।
५. किशोरी स्वास्थ्य, व्यक्तिगत सरसफाइ तथा मनोसामाजिक कुशलता (**Well-being**) मा सकारात्मक सुधार भएको हुनेछ।
६. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने।

नतिजा तथा परिमाणात्मक लक्ष्य

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिने छ।*

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-५ | १-५ | १-५ | १-५ | १-५ | १-५ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको संख्या | ० | १७ | १७ | १७ | १७ | १७ |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ७ | कक्षा ६–१२ सम्मका किशोरीहरूलाई सेनिटरी प्याड तथा महिनावारी स्वास्थ्यसम्बन्धी सहयोग उपलब्ध गराउने | ६ | ६ | ६ | ६ | ६ | ६ |
| ८ | विद्यालयमा अध्ययनरत बालबालिकाको नियमित स्वास्थ्य परीक्षण तथा स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गर्ने | ० | १० | १७ | १७ | १७ | १७ |
| ९ | प्रारम्भिक बालविकासदेखि कक्षा ३ सम्मका बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान कार्यक्रम विस्तार गर्ने | १७ | १७ | १७ | १७ | १७ | १७ |

तालिका नं 20 विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमको नतिजा तथा परिमाणात्मक लक्ष्य

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ ।*

| क्र. स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय दिवा खाजा कर्यविधि २०७७ अद्यावधिक र परिमार्जन | पटक | | १ | | | | १ | गाउँपालिका |
| २ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा बितरण गर्ने विद्यालय | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | गाउँपालिका विद्यालय |
| ३ | विद्यालयमा पोषण कर्नर निर्माण | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | गाउँपालिका विद्यालय |
| ४ | विद्यालयहरूमा उपयुक्त भान्सा कोठाको व्यवस्थापन | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | गाउँपालिका |
| ५ | अभिभावक आमा समूह | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | विद्यालय |
| ६ | User Manual समेतको प्राथमिक उपचार बाकस | संख्या | १ | | २ | | २ | ५ | गाउँपालिका |
| ७ | एक विद्यालय एक स्वास्थकर्मी | संख्या | १ | | २ | | २ | ५ | संघ/ प्रदेश/ गाउँपालिका |
| ८ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | ७-८ | ७-८ | ७-८ | ७-८ | ७-८ | ७-८ | विद्यालय |
| ९ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | संख्या | १२ | | ५ | | ५ | २२ | संघ/ प्रदेश/ गाउँपालिका |

तालिका नं 21 विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमको मुख्य क्रियाकलाप तथा वार्षिक लक्ष्य सहित

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

लक्ष्मीपुर पतारी गाउँपालिकामा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलताको क्षेत्रमा विद्यालयहरूलाई बालमैत्री, सुरक्षित तथा विपद् उत्थानशील बनाउने प्रयासहरू हुँदै आएका छन्। केही विद्यालयमा सुरक्षित भवन, भूकम्प प्रतिरोधी संरचना, खुला तथा सुरक्षित कक्षाकोठा, खानेपानी, शौचालय तथा बालमैत्री सिकाइ वातावरण निर्माण गरिएको भए पनि सबै विद्यालयमा आवश्यक मापदण्ड पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। विशेषगरी पुराना भवन, अपर्याप्त भौतिक संरचना तथा विपद् जोखिमयुक्त क्षेत्रका विद्यालयहरूमा अझ सुधार आवश्यक देखिन्छ।

भूकम्प, आगलागी, बाढी, महामारी तथा अन्य विपद्का कारण प्रभावित विद्यालय तथा बालबालिकाको व्यवस्थापनका लागि विभिन्न समयमा संघ, प्रदेश, स्थानीय तह तथा विकास साझेदार संस्थाहरूको सहयोगमा राहत, शैक्षिक सामग्री वितरण, अस्थायी सिकाइ केन्द्र सञ्चालन तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गरिएका छन्। विशेषगरी कोभिड–१९ महामारीका समयमा विद्यालय बन्द हुँदा वैकल्पिक सिकाइ, स्वास्थ्य सुरक्षा सामग्री वितरण, सचेतना कार्यक्रम तथा सीमित रूपमा अनलाइन तथा वैकल्पिक शिक्षण सिकाइ अभ्यास सञ्चालन गरिएको थियो। तर इन्टरनेट पहुँच, डिजिटल उपकरण तथा प्रविधिमैत्री वातावरणको अभावका कारण सबै विद्यार्थी समान रूपमा लाभान्वित हुन सकेका थिएनन्। स्थानीय तहमा आगलागी, बाढी, चट्याङ, हावाहुरी तथा अन्य प्राकृतिक विपद्का जोखिम रहेका कारण विद्यालय तथा बालबालिकाको सुरक्षा व्यवस्थापन चुनौतीपूर्ण रहेको छ। विपद् जोखिम न्यूनीकरणसम्बन्धी सचेतना, विद्यालय सुरक्षा योजना, प्राथमिक उपचार, उद्धार अभ्यास तथा आपतकालीन तयारीका कार्यक्रम सञ्चालन गरिए पनि सबै विद्यालयमा प्रभावकारी अभ्यास तथा पर्याप्त स्रोतसाधनको अभाव देखिन्छ।

### ४.५.१ वर्तमान अवस्था

लक्ष्मीपुर पतारी गाउँपालिका मा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलताको अवस्था विश्लेषण गर्दा विद्यालयहरूलाई बालमैत्री, सुरक्षित तथा विपद् उत्थानशील बनाउने प्रयासहरू भइरहेको देखिन्छ। केही विद्यालयमा सुरक्षित भवन, खानेपानी, शौचालय तथा बालमैत्री सिकाइ वातावरण निर्माण गरिए पनि सबै विद्यालयमा आवश्यक सुरक्षा तथा विपद् व्यवस्थापन मापदण्ड पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। पुराना तथा जीर्ण विद्यालय भवन, सीमित भौतिक पूर्वाधार तथा विपद् जोखिमयुक्त स्थानमा रहेका विद्यालयहरू अझ बढी जोखिममा रहेका छन्।

लक्ष्मीपुर पतारी गाउँपालिका प्रकोप जोखिम भएको क्षेत्रमा पर्दछ। यँहा बाढी, पहिरो, हावा हुण्डरी, भुइचालो, शितलहर, महामारी आदि विपदको अबस्था आइरहन्छ। यस्तो अबस्थामा परिस्थितिजन्य शिक्षा दिनु आबश्यक छ । परिस्थितिजन्य शिक्षा भन्नाले युद्द, द्वन्द, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ । यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनुपर्दछ ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आफ्नो नीति कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षामा समावेश गर्ने गरेका छन् । विशेषत २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड १९ लगायतका- क्षेत्रको योजनामा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका मा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलतासम्बन्धी प्रमुख चुनौतीहरू निम्नानुसार रहेका छन् –

१. सबै विद्यालयमा सुरक्षित, बालमैत्री तथा विपद् उत्थानशील भौतिक पूर्वाधार सुनिश्चित गर्न नसक्नु।
२. पुराना तथा जीर्ण विद्यालय भवन, अपर्याप्त कक्षाकोठा तथा जोखिमयुक्त स्थानमा रहेका विद्यालयको व्यवस्थापन गर्न कठिनाइ हुनु।
३. बाढी, आगलागी, हावाहुरी, चट्याङ तथा महामारीजस्ता विपद्को जोखिम न्यूनीकरणका लागि पर्याप्त तयारी, स्रोतसाधन तथा पूर्वाधारको अभाव हुनु।
४. विद्यालय सुरक्षा योजना, उद्धार अभ्यास तथा आपतकालीन तयारी कार्यक्रम सबै विद्यालयमा प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु।
५. आपतकालीन अवस्थामा शिक्षा तथा सिकाइ निरन्तरताका लागि वैकल्पिक सिकाइ प्रणाली तथा आवश्यक सामग्रीको अभाव हुनु।
६. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच, डिजिटल उपकरण तथा इन्टरनेट सेवाको समान उपलब्धता हुन नसक्नु।
७. शिक्षक, विद्यार्थी तथा समुदायमा विपद् जोखिम न्यूनीकरण तथा सुरक्षा सचेतना पर्याप्त रूपमा विकास हुन नसक्नु।
८. विद्यालयमा प्राथमिक उपचार सामग्री, स्वास्थ्य सुरक्षा सामग्री तथा विपद् व्यवस्थापन सामग्रीको अभाव हुनु।

९. विपद् प्रभावित बालबालिकाको मनोसामाजिक सहयोग तथा पुनःसिकाइ व्यवस्थापन प्रभावकारी रूपमा सञ्चालन गर्न चुनौती रहनु।

१०. विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि पर्याप्त बजेट, दक्ष जनशक्ति तथा संस्थागत समन्वयको अभाव हुनु।

### ४.५.२ उद्देश्यहरू

लक्ष्मीपुर पतारी गाउँपालिका मा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलतासम्बन्धी उद्देश्यहरू निम्नानुसार रहेका छन् –

१. सङ्कट तथा विपद्को सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्वसावधानी, तयारी तथा सचेतनाको वातावरण निर्माण गर्नु।

२. प्रकोप जोखिम न्यूनीकरणसम्बन्धी सूचना तथा सञ्चार प्रविधिको विकास, पहुँच विस्तार तथा प्रभावकारी प्रयोगमा जोड दिनु।

३. विद्यालयमा सुरक्षित, बालमैत्री तथा विपद् उत्थानशील शिक्षण सिकाइ वातावरण सुनिश्चित गर्नु।

४. आपतकालीन तथा विपद्को अवस्थामा शिक्षा तथा सिकाइ निरन्तरता सुनिश्चित गर्नु।

५. विद्यालय, शिक्षक, विद्यार्थी तथा समुदायमा विपद् जोखिम न्यूनीकरण, सुरक्षा तथा उत्थानशीलतासम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्नु।

### ४.५.३ रणनीतिहरू

लक्ष्मीपुर पतारी गाउँपालिका मा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलताका उद्देश्य हासिल गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ ;

१ विद्यालयमा विपद् प्रतिरोधी, सुरक्षित तथा बालमैत्री भौतिक पूर्वाधारको निर्माण, मर्मत तथा पुनर्स्थापना गरिनेछ।

२. स्थानीय तहले सम्भावित सङ्कट तथा विपद्को जोखिम पहिचान र मूल्याङ्कनका आधारमा पूर्वतयारी, पूर्वानुमान तथा प्रतिकार्यसम्बन्धी बृहत योजना निर्माण गर्ने तथा विद्यालयहरूले विद्यालयस्तरीय विपद् व्यवस्थापन योजना तयार गर्नेछन्।

३. विद्यार्थी, शिक्षक, अभिभावक तथा समुदायको प्रकोप रोकथाम, उद्धार, प्राथमिक उपचार, सुरक्षा तथा पुनर्स्थापनासम्बन्धी क्षमता विकास गरिनेछ।

४. विद्यालयलाई शान्ति क्षेत्रका रूपमा कायम गरी विद्यालय सुरक्षा तथा संरक्षणप्रति सबै सरोकारवालालाई जिम्मेवार र उत्तरदायी बनाइनेछ।

५. विपद् तथा आपतकालीन अवस्थामा शिक्षा, स्वास्थ्य, राहत तथा आवश्यक सेवा प्रवाहका लागि प्रभावकारी समन्वय तथा सेवा प्रवाह संयन्त्र विकास गरिनेछ।

६. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी आपतकालीन अवस्थामा वैकल्पिक सिकाइ तथा शिक्षण प्रणाली सञ्चालन गरिनेछ।

७. विद्यालयमा नियमित रूपमा विपद् सचेतना, सुरक्षा अभ्यास तथा उद्धारसम्बन्धी अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

लक्ष्मीपुर पतारी गाउँपालिका मा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता कार्यक्रम कार्यान्वयनबाट हासिल हुने प्रमुख उपलब्धिहरू निम्नानुसार हुनेछन् –

१. विद्यालयहरूमा सुरक्षित, बालमैत्री तथा विपद् उत्थानशील भौतिक तथा शिक्षण सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ।

२. विद्यालय तथा समुदायमा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा सुरक्षा सचेतनामा अभिवृद्धि भएको हुनेछ।

३. विद्यार्थी, शिक्षक तथा अभिभावकमा प्रकोप रोकथाम, उद्धार तथा आपतकालीन व्यवस्थापनसम्बन्धी क्षमता विकास भएको हुनेछ।

४. आपतकालीन तथा विपद्को अवस्थामा शिक्षा तथा सिकाइ निरन्तरता सुनिश्चित भएको हुनेछ।

५. विद्यालय सुरक्षा योजना, विपद् व्यवस्थापन प्रणाली तथा सेवा प्रवाह संयन्त्र प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ।*

| क्र.स. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिप सहित महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमखुीकरण कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ |
| २ | हरित विद्यालय सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ |
| ३ | जलवायुपरिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वियन गर्ने विद्यालय सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ |
| ४ | विद्यालयमा नियमित विपद् सचेतना, उद्धार तथा सुरक्षा अभ्यास सञ्चालन गर्ने | ० | १७ | १७ | १७ | १७ | १७ |
| ५ | विद्यालयस्तरीय विपद् व्यवस्थापन तथा सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्ने | ० | ५ | १० | १३ | १५ | १७ |
| ६ | विव्यस र शिभस गठन र परिचालन | ५ | १७ | १७ | १७ | १७ | १७ |
| ७ | प्रविधि मैत्री शिक्षण सिकाइ संचालन | ० | २ | ४ | १७ | १७ | १७ |
| ८ | थप साहायक कक्षा संचालन विद्यालय सङ्ख्या | १ | ४ | १७ | १७ | १७ | १७ |

तालिका नं 22 सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता कार्यक्रम कार्यान्वयन पछि प्राप्त मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने।*

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विपद् प्रतिरोधी तथा बालमैत्री विद्यालय भौतिक पूर्वाधार निर्माण तथा मर्मत | आवश्यक तानुसार | १७ | १७ | १७ | १७ | १७ | १७ | संघ/ प्रदेश/ गाउँपालिका |
| २ | विद्यालयस्तरीय विपद् व्यवस्थापन तथा सुरक्षा योजना निर्माण र कार्यान्वयन | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | संघ वा गाउँपालिका |
| ३ | विद्यार्थी, शिक्षक तथा अभिभावकलाई विपद् जोखिम न्यूनीकरण, प्राथमिक उपचार तथा सुरक्षा तालिम सञ्चालन | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | संघ तथा गाउँपालिका |
| ४ | विद्यालयमा विपद् सचेतना, उद्धार तथा सुरक्षा अभ्यास कार्यक्रम सञ्चालन | निरन्तर | १७ | १७ | १७ | १७ | १७ | १७ | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | आपतकालीन अवस्थामा वैकल्पिक सिकाइ तथा सूचना प्रविधिमा आधारित शिक्षण प्रणाली सञ्चालन | प्रतिशत | १७ | १७ | १७ | १७ | १७ | १७ | गाउँपालिका |
| ६ | विपद् प्रतिरोधी तथा बालमैत्री विद्यालय भौतिक पूर्वाधार निर्माण तथा मर्मत | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | गाउँपालिका |
| ७ | विद्यालयस्तरीय विपद् व्यवस्थापन तथा सुरक्षा योजना निर्माण र कार्यान्वयन | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | शिक्षक तथा विव्यस समितिलाई तालिम | पटक | १ | १ | १ | १ | १ | १७ | गाउँपालिका |
| ९ | विपद् प्रतिरोधी विद्यालय संखया | संख्या | १ | १ | १ | १ | १ | १७ | गाउँपालिका |
| १० | प्रविधि मैत्री शिक्षण सिकाइ संचालन | संख्या | ० | १ | ३ | ४ | १० | १७ | |
| ११ | थप साहायक कक्षा संचालन | संख्या | १ | २ | ३ | ४ | १० | १७ | विद्यालय |

तालिका नं 23 सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता कार्यक्रम कार्यान्वयनको मुख्य क्रियाकलाप तथा वार्षिक लक्ष्य सहित

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

शिक्षा नियमावली, २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ० ७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा. माध्यमिक तहलागि प्रति विद्यार्थी १०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ. । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.१ वर्तमान अवस्था

लक्ष्मीपुर पतारी गाउँपालिका मा विद्यालय भौतिक अवस्थाको विश्लेषण गर्दा पालिकाभित्र कुल ३१ वटा विद्यालयमध्ये १७ वटा सामुदायिक, ६ वटा धार्मिक तथा ८ वटा संस्थागत विद्यालय रहेका छन्। सामुदायिक विद्यालयतर्फ १७ वटा पक्की भवन तथा ५९ वटा कच्ची भवन रहेका छन् भने कुल १५३ वटा पक्की कक्षाकोठा रहेका छन् भने नयाँ कक्षा कोठा बनाउन ८८ पर्ने देखिन्छ। त्यस्तै खानेपानी १७ वटा भए पनि दुइ विद्यालय खानेपानीको अवस्था दैनिय छ अर्थात १६ वटा थप खानेपानीको सुविधाको व्यवस्थापन गर्न जरुरी छ । तीमध्ये ४ वटा मल्टिमिडिया सुविधासहितका कक्षाकोठा तथा ४ वटा स्मार्ट बोर्डसहितका RCC पक्की कक्षाकोठा रहेका छन्। बाँकी अधिकांश सामुदायिक विद्यालयमा १५४ वटा ट्रष्ट प्रकारका पक्की कक्षाकोठा रहेका कारण विद्यालयमा RCC संरचनाको संख्या अपेक्षाकृत कम रहेको देखिन्छ। हाल पालिकाभित्र १२ वटा विद्यालयमा ४ कोठे पक्की भवन निर्माण तथा निर्माणाधीन अवस्थामा रहेका छन्।

विद्यालयमा आधारभूत सरसफाइ तथा स्वच्छता सुविधातर्फ हेर्दा छात्रा शौचालय भएका ५१, छात्र शौचालय भएका ५९ तथा महिला शिक्षक शौचालय भएका २५ विद्यालय रहेका छन्। खानेपानीको आफ्नै स्रोत भएका ५६ विद्यालय, बाह्य स्रोतमा निर्भर ४ विद्यालय तथा कुनै स्थायी स्रोत नभएका ४ विद्यालय रहेका छन्। यसले अधिकांश विद्यालयमा खानेपानी सुविधा पुगेको देखिए पनि केही विद्यालयमा अझै सुरक्षित खानेपानी व्यवस्थापन चुनौतीका रूपमा रहेको देखाउँछ।

विद्यालय वातावरण तथा व्यवस्थापनतर्फ ५ विद्यालयमा स्टाफ कोठा, ८ विद्यालयमा स्टोर कोठा, ५ वटामा अन्य कोठा तथा ७ विद्यालयमा पर्याप्त खेलमैदान रहेका छन्। अधिकांश विद्यालयमा बाउण्ड्रीवाल निर्माण भइसकेको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माणको कार्य भइरहेको छ। साथै विपद् तथा जोखिम व्यवस्थापनसम्बन्धी विषयवस्तु स्थानीय पाठ्यक्रममार्फत प्रारम्भिक कक्षादेखि समावेश गरिएको छ, जसले विद्यालय सुरक्षा तथा विपद् सचेतनामा सकारात्मक योगदान पुऱ्याएको

देखिन्छ। तथापि विद्यालय भौतिक पूर्वाधारलाई पूर्ण रूपमा सुरक्षित, समावेशी, बालमैत्री तथा मापदण्डअनुसार व्यवस्थित बनाउन थप लगानी, पूर्वाधार विकास तथा प्रभावकारी व्यवस्थापनको आवश्यकता रहेको देखिन्छ ।
लक्ष्मीपुर पतारी गाउँपालिको विद्यालयहरुको भैतिक व्यवस्थापनमा देखिएका चुनौतीहरु यस प्रकारका रहेको छ ।

- विद्यालय भवन, कक्षाकोठा, शौचालय, खानेपानी, पुस्तकालय तथा खेलमैदान लगायतका भौतिक पूर्वाधारको विकास र विस्तारमा लक्ष्मीपुर पतारीको सीमित स्रोत तथा क्षमता चुनौतीको रूपमा रहेको।
- विद्यालय पूर्वाधार निर्माण तथा मर्मत कार्यलाई गुणस्तरीय, पारदर्शी तथा जवाफदेही बनाउन प्रभावकारी अनुगमन तथा प्राविधिक व्यवस्थापनमा कठिनाइ रहेको।
- सुरक्षित विद्यालय अवधारणाअनुसार भूकम्प प्रतिरोधी, बालसुरक्षित तथा मापदण्डमा आधारित विद्यालय गुरुयोजना निर्माण र कार्यान्वयनमा चुनौती रहेको।
- विद्यालय पूर्वाधार विकासका लागि आवश्यक आर्थिक स्रोत, प्राविधिक जनशक्ति तथा साझेदारी व्यवस्थापनमा पर्याप्त स्रोत अभाव रहेको।
- विद्यालयका पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता मैत्री तथा लैङ्गिक समावेशी बनाउन आवश्यक संरचना तथा पहुँचयुक्त सुविधा विस्तार गर्न चुनौती रहेको।

**४.६.२ उद्देश्य**

१. लक्ष्मीपुर पतारी गाउँपालिका भित्रका विद्यालयहरूमा सुरक्षित, गुणस्तरीय तथा मापदण्डमा आधारित विद्यालय पूर्वाधार विकास तथा कार्यान्वयन गर्नु।
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक कक्षाकोठा, शौचालय, खानेपानी, पुस्तकालय, प्रयोगशाला तथा सूचना प्रविधिमैत्री भौतिक सुविधा सुनिश्चित गर्दै पूर्वाधार विकास, मर्मत सम्भार तथा सुदृढीकरण गर्नु।
३. जलवायु परिवर्तनका असरबाट सुरक्षित रहने गरी वातावरणमैत्री तथा क्लाइमेट स्मार्ट विद्यालय पूर्वाधार निर्माण तथा विस्तारलाई प्रवर्द्धन गर्नु।
४. विद्यालय पूर्वाधारलाई बालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिक समावेशी बनाउँदै सबै बालबालिकाको सहज पहुँच सुनिश्चित गर्नु।
५. विद्यालय पूर्वाधार विकास तथा व्यवस्थापनमा समुदाय, विद्यालय व्यवस्थापन समिति तथा सरोकारवालाको सहभागिता र जवाफदेहितालाई सुदृढ गर्नु।

**४.६.३ रणनीतिहरू**

१. विद्यालय पूर्वाधार विकासका लागि विद्यालयको तह, विद्यार्थी सङ्ख्या, भौगोलिक अवस्था तथा आवश्यकता अनुसार मापदण्ड तथा भौतिक सूचक विकास गरी कार्यान्वयन गरिनेछ।
२. एक विद्यालयमा आवश्यक सम्पूर्ण पूर्वाधारहरू समेटेर "पूर्ण विद्यालय" अवधारणाअनुसार कक्षाकोठा, प्रशासनिक कक्ष, शौचालय, खानेपानी, भान्सा तथा खेलमैदानसहित समग्र पूर्वाधार विकास गरिनेछ।
३. विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहबीच लागत साझेदारी तथा विभिन्न सरकारी, गैरसरकारी एवं समुदायमा आधारित संस्थासँग समन्वय गरी स्रोत व्यवस्थापन गरिनेछ।
४. प्रकोप तथा विपद्का कारण क्षति पुगेका विद्यालय भवनहरूको आवश्यकताअनुसार पुनर्निर्माण, सुदृढीकरण, मर्मत सम्भार तथा वैकल्पिक व्यवस्थापन गरिनेछ।
५. विद्यालय पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय, वातावरणमैत्री तथा जलवायु उत्थानशील (Climate Smart) प्रणाली विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।
६. विद्यालय पूर्वाधार निर्माण तथा स्रोत परिचालनमा तीन तहका सरकारबीच समन्वय र एकद्वार प्रणाली अवलम्बन गरिनेछ।
७. विद्यालय पूर्वाधार विकास तथा संरक्षणमा स्थानीय समुदाय, विद्यालय व्यवस्थापन समिति, अभिभावक, सरकारी तथा गैरसरकारी संघसंस्थाको सक्रिय सहभागिता र साझेदारी सुनिश्चित गरिनेछ ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. सबै विद्यालयमा आवश्यकताअनुसार पर्याप्त तथा मापदण्डअनुकूल भौतिक पूर्वाधार निर्माण हुने।

२. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा सुरक्षित बन्ने।

३. विद्यालयहरूमा सुरक्षित खानेपानी, शौचालय, कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला तथा खेलमैदानको सुविधा विस्तार हुने।

४. प्रकोप तथा विपद् प्रतिरोधी विद्यालय भवन निर्माण तथा पुराना संरचनाको सुदृढीकरण हुने।

५. विद्यालय पूर्वाधार विकासमा समुदाय, अभिभावक तथा सरोकारवालाको सहभागिता र स्वामित्व अभिवृद्धि हुने।

६. जलवायु उत्थानशील (Climate Smart) तथा वातावरणमैत्री विद्यालय पूर्वाधारको विकास हुने।

७. विद्यालय पूर्वाधारको नियमित मर्मत सम्भार तथा व्यवस्थापन प्रणाली सुदृढ हुने।

नतिजा तथा परिमाणात्मक लक्ष्य

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ ।*

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | १७ | १७ | १७ | १७ | १७ | १७ |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा संख्या | २२ | १६ | १० | १० | १० | २२ |
| ३ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा संख्या | | २ | २ | २ | २ | |
| ४ | नयाँ निर्माण गर्नु पर्ने शौचालय संख्या | | २ | २ | २ | २ | |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय कक्षाकोठा संख्या | २ | २ | २ | २ | २ | २ |
| ६ | विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको संख्या | २ | २ | २ | २ | २ | २ |
| ७ | विद्यालय पूर्वाधार मर्मत सम्भार योजना लागू भएका विद्यालयको प्रतिशत | ५ | ५ | ५ | २ | २ | १७ |

तालिका नं 24 विद्यालय भौतिक भूर्वाधार विकास सम्बन्धि क्षेत्रको नतिजा तथा परिमाणात्क लक्ष्य

### ४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ ।*

| क्र.स | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | | १ | | | | २ | गाउँपालिका |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार | पटक | | १ | | | | | गाउँपालिका |
| ३ | अपाङ्गमैत्री ,बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार निर्माण | संख्या | २ | २ | २ | २ | २ | | गाउँपालिका |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | २ | २ | २ | २ | २ | | संघ/ प्रदेश/ पालिका |
| ५ | विद्यालयको मर्मत सम्भार | निरन्तर | २ | २ | २ | २ | २ | | संघ/ प्रदेश/ पालिका |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन | आवश्यक | २ | २ | २ | २ | २ | | गाउँपालिका |
| ७ | छात्रा-छात्रका लागि वास सहित को शौचालय तथा खानेपानी पानी र सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | | गाउँपालिका |
| ८ | पुन रुपले जोखिम मुक्त रहेको विद्यालयको संख्या | संख्या | २ | ४ | ६ | ८ | १० | १७ | |

तालिका नं 25 विद्दालय भौतिक भूर्वाधार विकास सम्बन्धि क्षेत्रको प्रमुख क्रियाकलाप तथा वार्षिक लक्ष्य

### ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

आजको युग २१औँ शताब्दीलाई सूचना तथा सञ्चार प्रविधिको युगका रूपमा लिइन्छ। वर्तमान समयमा सूचना प्रविधिबिना शिक्षालगायत कुनै पनि क्षेत्रको कल्पना गर्न कठिन भएको छ। सूचना तथा सञ्चार प्रविधि भन्नाले ध्वनि, तस्बिर, अक्षर तथा तथ्याङ्कका रूपमा रहेका सूचनाहरूलाई कम्प्युटर, इन्टरनेट, दूरसञ्चार तथा अन्य विद्युतीय उपकरणको प्रयोगमार्फत सङ्कलन, भण्डारण, सम्पादन, सम्प्रेषण तथा प्रवाह गर्ने प्रक्रियालाई बुझिन्छ।

आधुनिक शिक्षा प्रणालीलाई विश्वव्यापीकरण, प्रतिस्पर्धात्मकता तथा प्रविधिमैत्री बनाउँदै लैजान सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका रहेको छ। विश्वका विकसित राष्ट्रहरूले दक्ष तथा प्रविधिमैत्री मानव संसाधन उत्पादनलाई प्राथमिकतामा राखेका छन्। त्यसैले विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउनु आजको आवश्यकता बनेको छ।

### ४.७.१ वर्तमान अवस्था

लक्ष्मीपुर पतारी गाउँपालिकाले वर्तमान समयको आवश्यकता अनुरूप शिक्षालाई सूचना तथा सञ्चार प्रविधिसँग आबद्ध गर्दै प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइरहेको छ। २१औँ शताब्दीको ज्ञान, सूचना र प्रविधिमा आधारित विश्व परिवेशलाई मध्यनजर गर्दै गाउँपालिकाले विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोग विस्तार गर्ने नीति अवलम्बन गरेको छ। सोहीअनुसार गाउँपालिकाभित्र रहेका १७ वटा सामुदायिक विद्यालयमा विद्युत् पहुँच विस्तार गरिएको छ भने विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, इन्टरनेट सेवा तथा डिजिटल शिक्षण सामग्रीको पहुँच क्रमशः सबै विद्यालयमा विस्तार गर्ने प्रयास भइरहेको छ। हाल गाउँपालिकामा मल्टिमिडिया सुविधासहितका २ वटा विद्यालय रहेका छन् भने १ विद्यालयमा स्मार्ट बोर्डको व्यवस्था गरिएको छ। यसले शिक्षण सिकाइ प्रक्रियालाई थप प्रभावकारी, आकर्षक तथा विद्यार्थीकेन्द्रित बनाउन सहयोग पुगेको छ।

विद्यालय प्रशासन तथा शैक्षिक व्यवस्थापनलाई थप व्यवस्थित, पारदर्शी तथा प्रविधिमैत्री बनाउन गाउँपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) सम्बन्धी तालिम विद्यालयका शिक्षक तथा कर्मचारीहरूलाई उपलब्ध गराउँदै आएको छ। यस प्रणालीमार्फत विद्यालयसम्बन्धी तथ्याङ्क संकलन, अभिलेखीकरण, योजना निर्माण, अनुगमन तथा प्रतिवेदन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने प्रयास गरिएको छ। साथै, विद्यालयस्तरमा डिजिटल अभिलेख व्यवस्थापन तथा सूचना प्रवाह प्रणालीलाई क्रमशः सुदृढ बनाउने कार्य भइरहेको छ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा निर्माण गरिएका डिजिटल सिकाइ सामग्री, ई–सामग्री, अनलाइन पाठ, सिकाइ पोर्टल तथा वैकल्पिक सिकाइ सामग्रीहरूको प्रयोग गाउँपालिकाका केही विद्यालयहरूमा सुरु भएको भए पनि यसको प्रभावकारी कार्यान्वयन अझै सीमित रहेको अवस्था छ। यस सन्दर्भमा आगामी दिनमा गाउँपालिकाले विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्दै डिजिटल शिक्षण सिकाइ प्रणालीलाई थप प्रभावकारी, समावेशी तथा पहुँचयोग्य बनाउनु आवश्यक देखिन्छ। विद्यालयहरूमा पर्याप्त कम्प्युटर तथा इन्टरनेट सुविधा विस्तार, शिक्षकहरूको प्रविधिसम्बन्धी क्षमता अभिवृद्धि, डिजिटल शिक्षण सामग्रीको प्रयोग, स्मार्ट कक्षा सञ्चालन तथा प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण निर्माणमा विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेको छ। साथै, विद्यार्थीहरूलाई समयानुकूल ज्ञान, सीप तथा प्रतिस्पर्धी क्षमता विकास गर्न सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गर्नु अपरिहार्य देखिन्छ।

**शिक्षामा सूचना तथा सञ्चार प्रविधिका चुनौतीहरू**

१. विद्यालयहरूमा पर्याप्त कम्प्युटर, इन्टरनेट, स्मार्ट बोर्ड, प्रोजेक्टर तथा अन्य सूचना प्रविधि उपकरणहरूको अभाव हुनु।

२. ग्रामीण तथा दुर्गम क्षेत्रमा नियमित विद्युत् आपूर्ति तथा गुणस्तरीय इन्टरनेट सेवाको कमी हुनु।

३. शिक्षक तथा विद्यार्थीहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी आवश्यक सीप, दक्षता तथा तालिमको अभाव हुनु।

४. विद्यालयहरूमा उपलब्ध प्रविधि उपकरणहरूको नियमित मर्मत सम्भार तथा प्राविधिक सहयोग व्यवस्थापनमा कठिनाइ हुनु।

५. आर्थिक स्रोतको सीमितताका कारण सबै विद्यालयमा सूचना प्रविधि पूर्वाधार विस्तार गर्न कठिनाइ हुनु।

६. डिजिटल शिक्षण सामग्री, ई–सामग्री तथा अनलाइन सिकाइ स्रोतहरूको प्रभावकारी प्रयोगमा कमी हुनु।

७. विपन्न तथा ग्रामीण समुदायका विद्यार्थीहरूमा मोबाइल, कम्प्युटर तथा इन्टरनेट पहुँचको असमानता हुनु।

८. विद्यालय तथा अभिभावक स्तरमा डिजिटल साक्षरताको कमीका कारण प्रविधिमैत्री शिक्षण सिकाइ प्रणाली प्रभावकारी बन्न नसक्नु।

९. सूचना प्रविधिको सुरक्षित, जिम्मेवार तथा नैतिक प्रयोगसम्बन्धी सचेतना तथा अभ्यासको कमी हुनु।

१०. विद्यालय प्रशासन तथा शैक्षिक व्यवस्थापन प्रणालीलाई पूर्ण रूपमा डिजिटल प्रणालीमा रूपान्तरण गर्न आवश्यक संरचना तथा जनशक्तिको अभाव हुनु।

**४.७.२ उद्देश्यहरू**

१. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण निर्माण गर्नु।

२. सबै विद्यालयमा कम्प्युटर, इन्टरनेट, डिजिटल सामग्री तथा आवश्यक सूचना प्रविधि पूर्वाधारको विकास तथा प्रयोग सुनिश्चित गर्नु।

३. शिक्षक, विद्यार्थी तथा विद्यालय कर्मचारीहरूको सूचना तथा सञ्चार प्रविधिसम्बन्धी ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्नु।

४. शिक्षण सिकाइ प्रक्रियामा डिजिटल सामग्री, मल्टिमिडिया तथा अनलाइन माध्यमको प्रभावकारी प्रयोगलाई प्रवर्द्धन गर्नु ।

५. विद्यालय प्रशासन, तथ्याङ्क व्यवस्थापन तथा शैक्षिक सूचना प्रणालीलाई प्रविधिमैत्री तथा व्यवस्थित बनाउनु ।

६. विपद्, महामारी वा आपत्कालीन अवस्थाहरूमा वैकल्पिक तथा अनलाइन शिक्षण प्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सक्षम बनाउनु।

७. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत शिक्षाको गुणस्तर, पहुँच, समावेशिता तथा सिकाइ उपलब्धिमा सुधार गर्नु।

**४.७.३ रणनीतिहरू**

१. विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्न आवश्यक कम्प्युटर, इन्टरनेट, स्मार्ट बोर्ड, प्रोजेक्टर तथा डिजिटल उपकरणहरूको व्यवस्थापन गरिनेछ।

२. शिक्षक, विद्यार्थी तथा विद्यालय कर्मचारीहरूको सूचना प्रविधिसम्बन्धी ज्ञान, सीप तथा क्षमता विकासका लागि नियमित तालिम, अभिमुखीकरण तथा सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

३. शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन डिजिटल सामग्री, ई–सामग्री, मल्टिमिडिया तथा अनलाइन सिकाइ माध्यमको प्रयोगलाई प्रवर्द्धन गरिनेछ।

४. विद्यालय प्रशासन, अभिलेख व्यवस्थापन तथा शैक्षिक तथ्याङ्क प्रणालीलाई क्रमशः डिजिटल तथा पेपरलेस प्रणालीमा रूपान्तरण गरिनेछ।

५. विपद्, महामारी वा आपत्कालीन अवस्थाहरूमा वैकल्पिक तथा अनलाइन शिक्षण प्रणाली सञ्चालन गर्न आवश्यक पूर्वाधार, सामग्री तथा प्राविधिक सहयोगको व्यवस्था गरिनेछ।

६. अपाङ्गता भएका, विपन्न तथा पहुँचबाट वञ्चित समूहका विद्यार्थीहरूलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच सुनिश्चित गरिनेछ।

७. विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रहरूमा विद्युतीय पुस्तकालय तथा डिजिटल सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ।

८. विद्यालयहरूमा सुरक्षित तथा व्यवस्थित प्रविधिमैत्री वातावरण निर्माण गर्न क्रमशः सि.सि. क्यामरा, विद्युतीय हाजिरी तथा डिजिटल प्रशासन प्रणाली लागू गरिनेछ।

**४.७.४ प्रमुख उपलब्धि तथा नतिजा**

उपलब्धिहरू

१. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भई विद्यालय शिक्षाको व्यवस्थापन, पारदर्शिता तथा सुशासनमा सुधार आउने।

२. शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग विस्तार भई सीपयुक्त, प्रतिस्पर्धी तथा प्रविधिमैत्री जनशक्ति विकास हुने।

३. विद्यालयहरूमा कम्प्युटर, इन्टरनेट, डिजिटल सामग्री तथा अन्य सूचना प्रविधि पूर्वाधारको पहुँच विस्तार हुने।

४ डिजिटल सामग्री, मल्टिमिडिया तथा अनलाइन माध्यमको प्रयोगबाट शिक्षण सिकाइ प्रक्रिया थप प्रभावकारी, आकर्षक तथा विद्यार्थी केन्द्रित बन्ने।

५. विपद्, महामारी तथा आपत्कालीन अवस्थाहरूमा वैकल्पिक तथा अनलाइन शिक्षण प्रणाली सञ्चालन गर्न विद्यालयहरू सक्षम बन्ने।

नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिको छ ।

| क्र.स. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | १७ |
| २ | कम्प्युटर, प्रोजेक्टर वा डिजिटल उपकरण भएका विद्यालयको प्रतिशत | १ | ३ | १ | १ | १ | ४ |
| ३ | सूचना तथा सञ्चार प्रविधिसम्बन्धी तालिम प्राप्त शिक्षक संख्या | २ | २ | २ | १ | १ | ८ |
| ४ | स्मार्ट बोर्ड वा मल्टिमिडिया सुविधा भएका विद्यालय संख्या | २ | २ | २ | २ | २ | |
| ५ | IEMIS नियमित अद्यावधिक गर्ने विद्यालयको प्रतिशत | ५० | ९० | ९५ | ९५ | १०० | १०० |
| ६ | सूचना तथा सञ्चार प्रविधिमा विद्यार्थीको पहुँच तथा सहभागिता | ५० | १०० | १२० | १५० | २०० | २५० |
| ७ | E-learning र digital materials बिकाश गर्ने , Data privacy, cyber bullying सम्बन्धि सचेतना | ० | ५० | १०० | १५० | २०० | ५०० |
| ८ | सूचक विकास गर्न पालिका स्तरीय कार्यविधि निर्माण | ० | १ | ० | १ | ० | १ |

**तालिका नं** 26 विद्यालयमा सूचना तथा सञ्चार प्रविधि क्षेत्र सम्बन्धि प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

## ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ /*

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | भौतिक लक्ष्य (१०वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयहरूमा इन्टरनेट तथा विद्युत् सुविधा विस्तार | संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | संघ/ प्रदेश/ पालिका |
| २ | कम्प्युटर, प्रोजेक्टर तथा ICT उपकरण व्यवस्थापन भएको विद्यालय संख्या | संख्या | ५ | ५ | ५ | ५ | ५ | १७ | प्र / .स्थानीय |
| ३ | शिक्षक तथा कर्मचारीलाई ICT तालिम प्राप्त शिक्षक तथा कर्मचारी संख्या | संख्या | २५ | ५० | ७५ | १०० | १२५ | १५० | विद्यालय |
| ४ | डिजिटल शिक्षण सामग्री तथा मल्टिमिडिया प्रयोग विस्तार भएको विद्यालय संख्या | संख्या | २ | २ | ४ | ५ | ४ | १७ | गाउँपालिका |
| ५ | IEMIS प्रणाली नियमित अद्यावधिक | संख्या | ८ | १२ | १५ | १७ | १७ | १७ | संघ/ प्रदेश/ गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | स्मार्ट कक्षा/स्मार्ट बोर्ड स्थापना भएको विद्यालय संख्या | संख्या | | ४ | | ३ | | ७ | |
| ७ | डिजिटल पुस्तकालय स्थापना तथा अद्यावधिक भएको विद्यालय संख्या | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | |
| ८ | विद्युतीय हाजिरी तथा सि.सि. क्यामरा जडान भएको विद्यालय संख्या | संख्या | १ | | | १ | | २ | |
| ९ | अनलाइन तथा वैकल्पिक शिक्षण प्रणाली सञ्चालन भएको विद्यालय संख्या | संख्या | २ | | | १ | | ३ | |
| १० | विद्यालयहरूमा इन्टरनेट तथा विद्युत् सुविधा विस्तार भएको विद्यालयको अवस्था | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

तालिका नं 27 विद्यालयमा सूचना तथा सञ्चार प्रविधि क्षेत्र सम्बन्धि प्रमुख क्रियाकलाप तथा वार्षिक लक्ष्य

# परिच्छेद ५ : अन्य उपक्षेत्र

लक्ष्मीपुर पतारी गाउँपालिकाको विद्यालय शिक्षा योजनामा विद्यालय शिक्षाका विभिन्न उपक्षेत्र तथा अन्तरसम्बन्धित विषयक्षेत्रहरूका अतिरिक्त स्थानीय आवश्यकता तथा प्राथमिकताका आधारमा अन्य महत्वपूर्ण उपक्षेत्रहरूलाई समेत समेट्न आवश्यक देखिन्छ। गाउँपालिकाको सामाजिक, आर्थिक, भाषिक तथा सांस्कृतिक अवस्थालाई मध्यनजर गर्दै प्रारम्भिक बालविकास तथा मन्टेसरी शिक्षाको विस्तार, प्राविधिक तथा व्यावसायिक सीपमूलक शिक्षा, उच्च शिक्षाको पहुँच तथा व्यवस्थापन, सामुदायिक तथा सार्वजनिक पुस्तकालय/वाचनालयको स्थापना र सञ्चालन, मातृभाषामा शिक्षा, समावेशी शिक्षा तथा विविधता व्यवस्थापनजस्ता विषयहरूलाई पनि स्थानीय शिक्षा योजनामा समावेश गर्न सकिनेछ ।

विशेषगरी प्रारम्भिक बालविकास तथा मन्टेसरी शिक्षामार्फत बालबालिकाको प्रारम्भिक सिकाइ क्षमताको विकास गर्ने, युवाहरूलाई रोजगारमुखी बनाउन प्राविधिक तथा व्यावसायिक तालिम विस्तार गर्ने तथा उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न आवश्यक समन्वय र सहकार्य गर्ने आवश्यकता रहेको छ। त्यसैगरी, समुदायमा अध्ययन संस्कृतिको विकास गर्न सामुदायिक पुस्तकालय तथा वाचनालयको स्थापना र सञ्चालनलाई प्राथमिकता दिन सकिनेछ । लक्ष्मीपुर पतारी गाउँपालिकामा विभिन्न जातजाति, भाषा तथा समुदायहरूको बसोबास रहेको सन्दर्भमा मातृभाषामा शिक्षण सिकाइ, समावेशी शिक्षा तथा विविधता व्यवस्थापनलाई विशेष महत्व दिनुपर्ने आवश्यकता रहेको छ। अपाङ्गता भएका, विपन्न, दलित, मुस्लिम, बालिका तथा सीमान्तकृत समुदायका बालबालिकाहरूको शिक्षामा समान पहुँच र सहभागिता सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ५.१ उच्च शिक्षा

कुनै पनि राष्ट्रको समृद्धि, सामाजिक रूपान्तरण तथा दिगो विकासका लागि शिक्षा महत्वपूर्ण आधार हो। माध्यमिक तहको शिक्षा पूरा गरेपछि विद्यार्थीहरू आफ्नो रुचि, क्षमता तथा आवश्यकता अनुसार उच्च शिक्षा हासिल गर्नतर्फ अग्रसर भइरहेका छन्। पछिल्लो समय उच्च शिक्षाप्रति विद्यार्थी तथा अभिभावकको आकर्षण बढ्दै गएको छ। देशको आर्थिक, सामाजिक, प्राविधिक तथा प्रशासनिक क्षेत्रमा दक्ष, सक्षम तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न उच्च शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

उच्च शिक्षा विशिष्टीकृत तथा व्यावसायिक प्रकृतिको हुने भएकाले विद्यार्थीहरूले आफ्नो रुचि तथा क्षमता अनुसार विभिन्न विषयमा विशेष ज्ञान, सीप तथा दक्षता हासिल गर्ने अवसर प्राप्त गर्दछन्। यसबाट शिक्षित, दक्ष तथा सिर्जनशील मानव संसाधन उत्पादन भई देश तथा समाजको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ। चिकित्सा, इन्जिनियरिङ, शिक्षा, व्यवस्थापन, कृषि, सूचना प्रविधि, विज्ञान तथा प्राविधिक क्षेत्रलगायत विभिन्न विषयमा उच्च शिक्षा हासिल गरेका जनशक्तिले राष्ट्र निर्माण तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछन् ।

मुलुकको समग्र विकासका लागि दक्ष, सक्षम तथा प्रतिस्पर्धी जनशक्तिको आवश्यकता पर्दछ। देशको शैक्षिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा औद्योगिक विकासलाई प्रभावकारी रूपमा अघि बढाउन योग्य तथा सीपयुक्त मानव संसाधनको महत्वपूर्ण भूमिका रहेको हुन्छ। यस्तो जनशक्ति उत्पादनका लागि विद्यालय तहको शिक्षा मात्र पर्याप्त नहुने भएकाले कक्षा १२ पश्चात् उच्च शिक्षाको आवश्यकता पर्दछ। उच्च शिक्षाले व्यक्तिलाई विशिष्टीकृत ज्ञान, सीप तथा व्यावसायिक दक्षता प्रदान गरी राष्ट्र निर्माण तथा सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउने आधार तयार गर्दछ। उच्च शिक्षाले व्यक्तिको जीवनस्तर सुधार गर्न, आधुनिक समाजका विभिन्न संघसंस्था तथा सेवा क्षेत्रको गुणस्तरीय विकास गर्न, कार्यक्षेत्रमा देखिने समस्याहरूको समाधान गर्न, ज्ञान, विज्ञान तथा प्रविधिको विकास गर्न तथा सामाजिक रूपान्तरणलाई गति दिन महत्वपूर्ण भूमिका खेल्दछ।

साथै, देशको विकास प्रक्रियालाई तीव्रता दिन आवश्यक दक्ष जनशक्ति उत्पादन तथा आपूर्तिमा उच्च शिक्षाको योगदान महत्वपूर्ण रहने गर्दछ।

### ५.१.१ वर्तमान अवस्था

लक्ष्मीपुर पतारी गाउँपालिकाका विद्यार्थीहरू पनि माध्यमिक शिक्षा पूरा गरेपछि उच्च शिक्षातर्फ आकर्षित हुँदै गएका छन्। तर आर्थिक अवस्था कमजोर हुनु, नजिकै गुणस्तरीय उच्च शिक्षा संस्थाको अभाव, प्राविधिक तथा व्यावसायिक शिक्षामा सीमित पहुँच, सूचना तथा परामर्शको कमी, छात्रवृत्ति तथा शैक्षिक सहायताको अभावजस्ता कारणले धेरै विद्यार्थीहरू उच्च शिक्षाबाट वञ्चित हुने अवस्था देखिन्छ। विशेषगरी विपन्न, दलित, मुस्लिम, बालिका तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई उच्च शिक्षामा पहुँच विस्तार गर्न विशेष पहल आवश्यक रहेको छ।

यस सन्दर्भमा गाउँपालिकाले उच्च शिक्षामा पहुँच अभिवृद्धि, छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम सञ्चालन, प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रवर्द्धन, शैक्षिक परामर्श तथा करियर मार्गदर्शन, उच्च शिक्षा संस्थासँग समन्वय तथा सहकार्य, तथा दक्ष जनशक्ति उत्पादनमा सहयोग पुर्‍याउने कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ। साथै, स्थानीय आवश्यकता तथा श्रम बजारको मागअनुसार सीपमूलक तथा रोजगारमुखी उच्च शिक्षालाई प्राथमिकता दिई युवाहरूलाई आत्मनिर्भर तथा प्रतिस्पर्धी बनाउन आवश्यक देखिन्छ। लक्ष्मीपुर पतारी गाउँपालिकामा हालसम्म उच्च शिक्षा प्रदायक संस्था सञ्चालनमा नरहेको अवस्था छ। यस कारण कक्षा १२ उत्तीर्ण गरेका अधिकांश विद्यार्थीहरू उच्च शिक्षा अध्ययनका लागि लहान, विराटनगर, जनकपुर तथा काठमाडौंलगायतका शहरहरूमा जान बाध्य भइरहेका छन्। आर्थिक अवस्था कमजोर भएका तथा विपन्न समुदायका धेरै विद्यार्थीहरू उच्च शिक्षामा पहुँच विस्तार गर्न कठिनाइ भोगिरहेका छन्। यसले गाउँपालिकाबाट बाह्य बसाइँसराइ बढ्नुका साथै धेरै विद्यार्थीहरू आर्थिक, सामाजिक तथा पारिवारिक कारणले उच्च शिक्षाबाट वञ्चित हुने अवस्था समेत सिर्जना भएको छ।

यस सन्दर्भमा लक्ष्मीपुर पतारी गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र उच्च शिक्षाको पहुँच विस्तार गर्न आवश्यक पहल गर्ने नीति अवलम्बन गर्नेछ। गाउँपालिकाभित्र कम्तीमा एउटा सामुदायिक विद्यालयलाई स्तरोन्नति गरी स्नातक तह सञ्चालन गर्ने वा छुट्टै स्नातक तथा स्नातकोत्तर तहको क्याम्पस स्थापना, संस्थागत विकास तथा सुदृढीकरण गर्ने लक्ष्यसहित आवश्यक समन्वय, सहकार्य तथा स्रोत व्यवस्थापन गर्दै अगाडि बढ्नेछ। साथै, प्राविधिक तथा व्यावसायिक उच्च शिक्षालाई समेत प्राथमिकता दिई स्थानीय आवश्यकता अनुसार दक्ष जनशक्ति उत्पादनमा जोड दिइनेछ।

उच्च शिक्षामा देखिएका विद्यमान चुनौतीहरू

१. स्नातक तथा स्नातकोत्तर तह सञ्चालनका लागि आवश्यक सम्बन्धन, अनुमति तथा कानुनी प्रक्रिया पूरा गर्न कठिनाइ हुनु।
२. क्याम्पस सञ्चालनका लागि आवश्यक भवन, कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, सूचना प्रविधि तथा अन्य भौतिक पूर्वाधार विकासमा पर्याप्त स्रोतको अभाव हुनु।
३. उच्च शिक्षा संस्थाको दीर्घकालीन स्थायित्व, संस्थागत विकास तथा प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्न चुनौती हुनु।
४. गुणस्तरीय, प्रतिस्पर्धी तथा रोजगारमुखी उच्च शिक्षा प्रदान गर्न दक्ष जनशक्ति, शैक्षिक स्रोत तथा आधुनिक शिक्षण प्रणालीको अभाव हुनु।
५. योग्य प्राध्यापक, प्रशिक्षक तथा प्रशासनिक जनशक्तिको व्यवस्थापन, टिकाइ राख्ने तथा क्षमता विकास गर्न कठिनाइ हुनु।

### ५.१.२ उद्देश्यहरु

१. लक्ष्मीपुर पतारी गाउँपालिकाभित्र स्नातक तथा स्नातकोत्तर तहको क्याम्पस स्थापना, संस्थागत विकास तथा सुदृढीकरण गर्नु।
२. उच्च शिक्षा संस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, शैक्षिक सामग्री तथा सूचना प्रविधिमैत्री वातावरण विकास गर्नु।

३. गुणस्तरीय उच्च शिक्षा सञ्चालनका लागि आवश्यक दक्ष प्राध्यापक, प्रशिक्षक तथा प्रशासनिक जनशक्ति व्यवस्थापन गर्नु।

४. स्थानीय आवश्यकता तथा श्रम बजारको मागअनुसार गुणस्तरीय, व्यावसायिक तथा रोजगारमुखी उच्च शिक्षा प्रवर्द्धन गर्नु।

५. विपन्न, दलित, मुस्लिम, बालिका तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्नु ।

### ५.१.३ रणनितिहरु

१. लक्ष्मीपुर पतारी गाउँपालिकामा स्नातक तथा स्नातकोत्तर तह सञ्चालनका लागि त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय वा अन्य सम्बन्धित विश्वविद्यालयसँग सम्बन्धन तथा स्वीकृतिका लागि आवश्यक पहल गरिनेछ।

२. सम्बन्धन प्राप्त क्याम्पसको संस्थागत विकास, पूर्वाधार निर्माण तथा शैक्षिक गुणस्तर सुधारका लागि स्थानीय, प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी आवश्यक आर्थिक तथा प्राविधिक सहयोगको व्यवस्था गरिनेछ।

३. क्याम्पसको सुदृढीकरण, गुणस्तर अभिवृद्धि तथा शैक्षिक वातावरण सुधारका लागि विश्वविद्यालय अनुदान आयोग तथा अन्य निकायबाट अनुदान, सहयोग तथा साझेदारी प्राप्त गर्न आवश्यक पहल गरिनेछ।

४. उच्च शिक्षा संस्थामा आवश्यक भवन, पुस्तकालय, प्रयोगशाला, सूचना प्रविधि तथा अन्य शैक्षिक पूर्वाधार विकास गरिनेछ।

५. गुणस्तरीय शिक्षण सिकाइ सुनिश्चित गर्न दक्ष प्राध्यापक, प्रशिक्षक तथा प्रशासनिक जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास गरिनेछ।

६. विपन्न, दलित, मुस्लिम, बालिका तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न छात्रवृत्ति तथा सहायतामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. लक्ष्मीपुर पतारी गाउँपालिकाभित्र स्नातक तथा स्नातकोत्तर तहको उच्च शिक्षा संस्था स्थापना तथा सञ्चालन हुने।

२. उच्च शिक्षा अध्ययनका लागि बाहिरी शहरमा जानुपर्ने बाध्यता क्रमशः कम हुँदै जाने।

३. क्याम्पसमा आवश्यक भौतिक पूर्वाधार, पुस्तकालय, प्रयोगशाला तथा सूचना प्रविधिमैत्री वातावरण विकास हुने।

४. गुणस्तरीय तथा रोजगारमुखी उच्च शिक्षा प्रदान गर्न सक्षम शैक्षिक संस्था विकास हुने।

५. स्थानीय स्तरमै दक्ष, सक्षम तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन हुने।

६. विपन्न, दलित, मुस्लिम, बालिका तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच अभिवृद्धि हुने।

७. विश्वविद्यालय, सरकार तथा अन्य सरोकारवालासँग समन्वय र साझेदारीमा उच्च शिक्षा प्रणाली सुदृढ हुने।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष |
|---|---|---|---|---|---|---|
| १ | स्नातक तह सञ्चालनका लागि सम्बन्धन तथा स्वीकृतिको पहल | प्रक्रिया सुरु | सम्बन्धन प्राप्त | सञ्चालन तयारी | कक्षा सञ्चालन | नियमित सञ्चालन |
| २ | स्नातकोत्तर तह सञ्चालनको तयारी | सम्भाव्यता अध्ययन | पूर्वाधार तयारी | सम्बन्धन पहल | स्वीकृति प्रक्रिया | सञ्चालन तयारी |
| ३ | क्याम्पस भवन तथा भौतिक पूर्वाधार निर्माण | DPR तथा जग्गा व्यवस्थापन | भवन निर्माण सुरु | कक्षाकोठा विस्तार | पुस्तकालय/प्रयोगशाला निर्माण | पूर्वाधार सुदृढीकरण |
| ६ | विश्वविद्यालय तथा सरोकारवालासँग समन्वय | प्रारम्भिक समन्वय | सम्झौता तथा सहकार्य | अनुदान व्यवस्थापन | सहकार्य विस्तार | नियमित समन्वय |
| ७ | छात्रवृत्ति तथा सहायतामूलक कार्यक्रम सञ्चालन | कार्यविधि निर्माण | छात्रवृत्ति वितरण सुरु | लक्षित समूह विस्तार | निरन्तरता | प्रभाव मूल्याङ्कन |
| ८ | प्राविधिक तथा रोजगारमुखी विषय सञ्चालन | सम्भाव्यता अध्ययन | विषय छनोट | सम्बन्धन पहल | पाइलट सञ्चालन | नियमित सञ्चालन |

तालिका नं 28 उच्च शिक्षा क्षेत्रको मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य

### ५.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | क्याम्पस सम्बन्धन र अनुमति | पटक | | १ | | | | १ | विश्वविद्यालय |
| २ | क्याम्पस सञ्चालन | संख्या | | | १ | | | १ | गाउँपालिका |
| ३ | सुरक्षित पूर्वाधार निर्माण | पटक | | १ | | | १ | ३ | संघ/ प्रदेश/ गाउँपालिका |
| ४ | स्थायित्व तथा सुदृढीकरण | निरन्तर | | | | | | २ | गाउँपालिका |
| ५ | छात्रवृत्ति तथा सहायतामूलक कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | | १ | १ | १ | १ | १ | गाउँपालिका |
| ६ | पुस्तकालय, कम्प्युटर तथा इन्टरनेट सुविधा विस्तार गर्ने | पटक | | १ | | १ | | २ | गाउँपालिका |

तालिका नं 29 उच्च शिक्षा क्षेत्रको मुख्य क्रियाकलाप तथा वार्षिक लक्ष्य

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

शिक्षाजस्तो महत्वपूर्ण सामाजिक सेवालाई सबल, चुस्त, सेवामुखी तथा परिणाममुखी बनाउन सुशासन तथा व्यवस्थापनको भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ। सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारीबोध, जवाफदेहिता, विधिको शासन, समता, समावेशिता तथा व्यापक सहभागितालाई सुनिश्चित गर्दै योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउने संरचना तथा प्रक्रियालाई जनाउँछ। सुशासनले सहभागितामूलक निर्णय प्रक्रिया, सहमतिमा आधारित कार्यान्वयन, स्पष्ट दृष्टिकोण तथा उद्देश्यअनुसार कार्यसम्पादन, प्रभावकारी सेवा प्रवाह, कार्यकुशलता तथा नतिजामुखी व्यवस्थापनलाई जोड दिन्छ।

विद्यालय शिक्षामा सुशासन कायम गर्न शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी, पारदर्शी तथा उत्तरदायी बनाउनु आवश्यक हुन्छ। विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी तथा समुदायबीच समन्वय, सहकार्य तथा सहभागिता सुनिश्चित गर्दै विद्यार्थीको सिकाइ उपलब्धिप्रति सबै पक्षलाई जवाफदेही बनाउनु आवश्यक देखिन्छ। साथै, विद्यालय व्यवस्थापन, स्रोत साधन परिचालन, योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित तथा पारदर्शी बनाउन आवश्यक संरचना तथा कार्यप्रणाली विकास गर्नुपर्ने आवश्यकता रहेको छ।

नेपालको संविधानले संघ, प्रदेश तथा स्थानीय तह गरी तीन तहका सरकारलाई शिक्षासम्बन्धी एकल तथा साझा अधिकार प्रदान गरेको छ। सोहीअनुसार विद्यालय शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापनमा तीनै तहका सरकारको भूमिका महत्वपूर्ण रहेको छ। विद्यालय शिक्षा व्यवस्थापनमा स्थानीय सरकार, विद्यालय, समुदाय, गैरसरकारी संस्था तथा विकास साझेदारहरूको समेत महत्वपूर्ण योगदान रहने भएकाले आ–आफ्नो जिम्मेवारी तथा भूमिकाअनुसार सुशासन कायम गर्न सबै पक्षबीच समन्वय तथा सहकार्य आवश्यक हुन्छ।

लक्ष्मीपुर पतारी गाउँपालिकाले विद्यालय शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, व्यवस्थापकीय प्रबन्ध तथा अनुगमन एवं मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने नीति अवलम्बन गर्नेछ। विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक तथा सरोकारवालाको भूमिका प्रभावकारी बनाउँदै पारदर्शी, सहभागितामूलक तथा उत्तरदायी शिक्षा व्यवस्थापन प्रणाली विकास गरिनेछ। साथै, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS), नियमित अनुगमन, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा प्रतिवेदन प्रणालीमार्फत शिक्षा क्षेत्रमा सुशासन प्रवर्द्धन गरिनेछ।

यसका अतिरिक्त विद्यालय तहमा वित्तीय अनुशासन, स्रोत साधनको प्रभावकारी परिचालन, कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली तथा प्रविधिमैत्री प्रशासनिक प्रणालीलाई सुदृढ गर्दै शिक्षाको गुणस्तर अभिवृद्धि, सेवा प्रवाहमा सुधार तथा समग्र शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउनेतर्फ विशेष ध्यान दिइनेछ।

## ६.१ शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास

शिक्षा क्षेत्रको प्रभावकारी सञ्चालन, व्यवस्थापन तथा गुणस्तर अभिवृद्धिका लागि सक्षम संस्थागत संरचना तथा दक्ष जनशक्तिको विकास अत्यन्त आवश्यक हुन्छ। विद्यालय शिक्षालाई पारदर्शी, उत्तरदायी, सहभागितामूलक तथा परिणाममुखी बनाउन स्थानीय तह, विद्यालय, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा सरोकारवालाहरूको संस्थागत क्षमता सुदृढ हुनु आवश्यक देखिन्छ। प्रभावकारी व्यवस्थापन प्रणाली, स्पष्ट जिम्मेवारी, नियमित अनुगमन तथा समन्वयमार्फत शिक्षण सिकाइ प्रक्रियालाई थप गुणस्तरीय र प्रभावकारी बनाउन सकिन्छ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षा ऐन, शिक्षा नियमावली तथा संघीय र प्रदेश सरकारबाट जारी नीतिगत व्यवस्थाअनुसार गाउँपालिकाले स्थानीय शिक्षा व्यवस्थापनलाई व्यवस्थित गर्ने प्रयास गरिरहेको छ। गाउँपालिकाले विद्यालय

सञ्चालन, शिक्षक व्यवस्थापन, छात्रवृत्ति वितरण, शैक्षिक अनुगमन, परीक्षा सञ्चालन, प्रारम्भिक बालविकास, सूचना प्रविधि तथा विद्यालय पूर्वाधार व्यवस्थापनसँग सम्बन्धित विभिन्न कार्यविधि, निर्देशिका तथा मापदण्ड निर्माण तथा कार्यान्वयन गर्ने कार्य गरिरहेको छ।

तथापि, शिक्षा क्षेत्रसँग सम्बन्धित केही स्थानीय ऐन, कार्यविधि तथा मापदण्डहरूको पूर्ण विकास, अद्यावधिक तथा प्रभावकारी कार्यान्वयन अझै आवश्यक रहेको अवस्था छ। विद्यालय शिक्षालाई थप व्यवस्थित, पारदर्शी, उत्तरदायी तथा गुणस्तरीय बनाउन स्थानीय आवश्यकता अनुसार शिक्षा नीति, कार्यविधि, मापदण्ड तथा सञ्चालन निर्देशिकालाई समयानुकूल परिमार्जन तथा सुदृढीकरण गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ। साथै, विद्यालय व्यवस्थापन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन संस्थागत क्षमता अभिवृद्धि, नियमित अनुगमन तथा प्रविधिमैत्री प्रशासनिक प्रणालीको विकासमा विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेको छ ।

नेपाल सरकारले विद्यालय प्रशासन तथा शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउन एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) को प्रयोग, विद्यालय तथ्याङ्क व्यवस्थापन, डिजिटल अभिलेखीकरण तथा प्रविधिमैत्री प्रशासनिक प्रणालीको विकासलाई प्राथमिकता दिइएको छ। साथै, विद्यालयस्तरमा वित्तीय अनुशासन, लेखा व्यवस्थापन, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइजस्ता सुशासनसम्बन्धी अभ्यासलाई क्रमशः सुदृढ बनाइँदै लगिएको छ।

लक्ष्मीपुर पतारी गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, संघीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम तथा स्थानीय आवश्यकता अनुसार शिक्षा क्षेत्रका लागि वार्षिक बजेट निर्माण, स्वीकृति तथा कार्यान्वयन गर्ने कार्य गर्दै आएको छ। गाउँपालिकाले विद्यालय पूर्वाधार विकास, शिक्षक व्यवस्थापन, छात्रवृत्ति, शैक्षिक सामग्री, सूचना तथा सञ्चार प्रविधि, क्षमता विकास, प्रारम्भिक बालविकास तथा समावेशी शिक्षा कार्यक्रमलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने गरेको छ। गाउँ शिक्षा समिति, शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति तथा सरोकारवालासँग समन्वय गरी वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यास रहेको छ। स्वीकृत बजेट तथा कार्यक्रमलाई कार्ययोजना अनुसार विद्यालय तथा सम्बन्धित निकायमार्फत कार्यान्वयन गरिँदै आएको छ। तथापि, सीमित आन्तरिक स्रोत, बजेट कार्यान्वयनमा ढिलाइ तथा बढ्दो शैक्षिक आवश्यकता कारण सबै कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न चुनौती रहेको अवस्था छ।

### ६.१.१ वर्तमान अवस्था

लक्ष्मीपुर पतारी गाउँपालिकामा विद्यालय शिक्षाको सञ्चालन, व्यवस्थापन तथा समन्वय शिक्षा, युवा तथा खेलकुद शाखामार्फत सञ्चालन हुँदै आएको छ। संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित शिक्षा नीतिअनुसार गाउँपालिकाले विद्यालय शिक्षाको व्यवस्थापन गरिरहेको छ। विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा प्रधानाध्यापकमार्फत विद्यालयस्तरको व्यवस्थापन प्रणाली कार्यान्वयनमा रहेको छ। विद्यालय सञ्चालन, शिक्षक व्यवस्थापन, छात्रवृत्ति, अनुगमन तथा पूर्वाधार विकाससम्बन्धी विभिन्न कार्यविधि, निर्देशिका तथा मापदण्ड निर्माण तथा कार्यान्वयन गर्ने प्रयास भइरहेको भए पनि केही नीतिगत तथा व्यवस्थापकीय पक्षलाई अझ प्रभावकारी बनाउन आवश्यक देखिन्छ।

गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रमअनुसार शिक्षा क्षेत्रमा बजेट विनियोजन गर्दै विद्यालय पूर्वाधार विकास, शिक्षक व्यवस्थापन, सूचना प्रविधि, समावेशी शिक्षा तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्दै आएको छ। तथापि सीमित आर्थिक स्रोत तथा बढ्दो आवश्यकता कारण सबै कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न चुनौती रहेको छ। विद्यालयहरूमा विषयगत शिक्षक अभाव, प्राविधिक जनशक्तिको कमी तथा शिक्षक दरबन्दी असन्तुलन देखिन्छ। शिक्षक क्षमता विकास तथा सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणालीलाई सुदृढ गर्न थप आवश्यकता रहेको छ। विद्यालय व्यवस्थापनको अवस्था विद्यालयअनुसार फरक–फरक रहेको छ। केही विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति तथा अभिभावकको सक्रिय सहभागिता भए पनि केही विद्यालयहरूमा व्यवस्थापकीय क्षमता, नियमित अनुगमन तथा प्रभावकारी नेतृत्वको कमी देखिन्छ।

लेखाप्रणाली व्यवस्थापन, लेखापरीक्षण, सामाजिक परीक्षण तथा वित्तीय अनुशासन कायम गर्ने प्रयास भइरहेको भए पनि यसको प्रभावकारी कार्यान्वयनमा अझ सुधार आवश्यक रहेको छ।

शिक्षा क्षेत्रका लागि आवश्यक स्रोत साधन व्यवस्थापनमा संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय गरी स्रोत परिचालन गर्ने प्रयास भइरहेको छ। साथै, गैरसरकारी संस्था, विकास साझेदार तथा समुदायसँग सहकार्य गरी विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन भइरहेका छन्। सूचनाको हक, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा गुनासो सुनुवाइ प्रणाली कार्यान्वयनमा ल्याइएको भए पनि सेवाग्राहीमैत्री तथा प्रभावकारी गुनासो व्यवस्थापन प्रणालीलाई थप सुदृढ गर्न आवश्यक देखिन्छ । गाउँपालिकाले विद्यालय अनुगमन, शैक्षिक समीक्षा, IEMIS अद्यावधिक तथा कार्यसम्पादन मूल्याङ्कन प्रणाली सञ्चालन गर्दै शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिरहेको छ। तथापि संस्थागत क्षमता अभिवृद्धि, नतिजामुखी अनुगमन, प्रविधिमैत्री प्रशासनिक प्रणाली तथा उत्तरदायी व्यवस्थापन प्रणालीलाई अझ प्रभावकारी बनाउन आवश्यक देखिन्छ।

**चुनौतीहरू**

१. सबै विद्यालयमा अभिभावक–शिक्षक संघ प्रभावकारी रूपमा गठन तथा सञ्चालन हुन नसक्नु।

२. विद्यालय सुधार योजना (SIP) व्यवहारिक कार्यान्वयनभन्दा कागजी प्रक्रियामै सीमित रहनु।

३. विद्यालय व्यवस्थापन समिति गठन तथा सञ्चालन प्रक्रियामा राजनीतिक प्रभाव देखिनु।

४. विद्यालयमा समयमै सामाजिक परीक्षण तथा लेखापरीक्षण नहुनु र वित्तीय अनुशासन कमजोर हुनु।

५. गुनासो सुनुवाइ संयन्त्र प्रभावकारी रूपमा सञ्चालन नहुनु तथा सेवाग्राहीमा पर्याप्त जानकारीको अभाव हुनु।

६. विद्यालय अनुगमन, मूल्याङ्कन तथा कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली प्रभावकारी हुन नसक्नु।

७. विद्यालय व्यवस्थापन तथा शैक्षिक गतिविधिमा समुदाय तथा अभिभावकको सक्रिय सहभागिता अपेक्षित रूपमा हुन नसक्नु।

८. विषयगत तथा दक्ष शिक्षकको अभाव, शिक्षक दरबन्दी असन्तुलन तथा प्राविधिक जनशक्तिको कमी हुनु।

९. सूचना प्रविधिमैत्री प्रशासन, डिजिटल व्यवस्थापन प्रणाली तथा प्रविधिमा आधारित शिक्षण सिकाइको सीमित प्रयोग हुनु।

१०. विद्यालय व्यवस्थापन, सुशासन, पारदर्शिता तथा जवाफदेहिताको अभ्यासलाई सबै विद्यालयमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न चुनौती हुनु।

**६.१.२ उद्देश्य**

लक्ष्मीपुर पतारी गाउँपालिकाले शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास बढाउन निम्न बमोजिमका उद्देश्यहरु राखेका छन्

१. विद्यालयहरूमा अभिभावक–शिक्षक संघ (PTA) को प्रभावकारी गठन तथा सक्रिय सञ्चालन सुनिश्चित गर्नु।

२. विद्यालय सुधार योजना (SIP) लाई कागजी प्रक्रियाबाट व्यवहारिक तथा परिणाममुखी कार्यान्वयनमा रूपान्तरण गर्नु।

३. विद्यालय व्यवस्थापन समिति गठन तथा सञ्चालनमा राजनीतिक प्रभाव न्यूनीकरण गरी पारदर्शी र उत्तरदायी प्रणाली विकास गर्नु।

४. समयमै सामाजिक परीक्षण तथा लेखापरीक्षण सुनिश्चित गरी वित्तीय अनुशासन र पारदर्शिता कायम गर्नु।

५. प्रभावकारी गुनासो सुनुवाइ संयन्त्र स्थापना तथा सञ्चालन गरी सेवाग्राहीमैत्री शिक्षा सेवा प्रवाह सुनिश्चित गर्नु।

६. विद्यालय अनुगमन, मूल्याङ्कन तथा कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली सुदृढ गर्नु।

७. विद्यालय व्यवस्थापन तथा शैक्षिक गतिविधिमा समुदाय तथा अभिभावकको सक्रिय सहभागिता वृद्धि गर्नु।

८. सीमित आर्थिक स्रोतको प्रभावकारी परिचालन गरी शैक्षिक कार्यक्रम, पूर्वाधार विकास तथा क्षमता विकासलाई सुदृढ गर्नु।

९. विषयगत तथा दक्ष शिक्षकको आपूर्ति, दरबन्दी व्यवस्थापन तथा प्राविधिक जनशक्ति अभाव न्यूनीकरण गर्नु।

१०. सूचना प्रविधिमैत्री प्रशासन, डिजिटल व्यवस्थापन प्रणाली तथा प्रविधिमा आधारित शिक्षण सिकाइ विस्तार गर्नु।

११. विद्यालय व्यवस्थापनमा सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा जवाफदेहिताको अभ्यास संस्थागत गर्नु।

### ६.१.३ रणनीतिहरू

उल्लेखित उद्देश्यहरु पुरा गर्न देहाय बमोजिमका रणनितीहरु अपाईने छ ।

१. विद्यालय शिक्षा क्षेत्रका सबै शैक्षिक गतिविधिहरूको समन्वय, सहकार्य र प्रभावकारी सञ्चालनका लागि आवश्यक संस्थागत संरचना तथा संयन्त्र सुदृढ गरिनेछ।

२. विद्यालय सुधार योजना (SIP) लाई व्यवहारिक, परिणाममुखी तथा कार्यान्वियनयोग्य बनाउन विद्यालय तथा स्थानीय तहको संयुक्त अनुगमन प्रणाली विकास गरिनेछ।

३. विद्यालय व्यवस्थापन समिति तथा अभिभावक–शिक्षक संघको गठन, क्षमता विकास तथा सक्रिय सहभागितालाई संस्थागत रूपमा सुदृढ गरिनेछ।

४. विद्यालयमा समयमै सामाजिक परीक्षण तथा लेखापरीक्षण सुनिश्चित गर्न अनिवार्य प्रणाली लागू गरी वित्तीय पारदर्शिता कायम गरिनेछ।

५. प्रभावकारी गुनासो सुनुवाइ संयन्त्र स्थापना तथा सञ्चालन गरी सेवाग्राहीमैत्री सेवा प्रवाह सुनिश्चित गरिनेछ।

६. विद्यालय अनुगमन, मूल्याङ्कन तथा कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणालीलाई नतिजामुखी र प्रभावकारी बनाइनेछ।

७. विद्यालय व्यवस्थापन तथा शैक्षिक गतिविधिमा समुदाय, अभिभावक तथा सरोकारवालाको सक्रिय सहभागिता अभिवृद्धि गरिनेछ।

८. विषयगत तथा दक्ष शिक्षक व्यवस्थापन, दरबन्दी मिलान तथा प्राविधिक जनशक्ति आपूर्तिलाई प्रभावकारी बनाइनेछ।

९. सूचना प्रविधिमैत्री प्रशासन, डिजिटल शिक्षण सिकाइ तथा IEMIS प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१०. विद्यालय व्यवस्थापनमा सुशासन, पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्वलाई संस्थागत गरिनेछ।

### ६.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिहरु**

१. विद्यालय तथा स्थानीय तहमा आर्थिक, प्रशासनिक तथा शैक्षिक गतिविधिहरूमा पारदर्शिता अभिवृद्धि भई सूचना सहज रूपमा सार्वजनिक हुने।

२. सामाजिक परीक्षण, लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइ नियमित रूपमा सञ्चालन भई वित्तीय जवाफदेहिता सुदृढ हुने।

३. विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा प्रशासनिक निकायहरूमा जिम्मेवारी स्पष्ट भई उत्तरदायित्व प्रणाली सुदृढ हुने।

४. गुनासो सुनुवाइ संयन्त्र प्रभावकारी भई सेवाग्राहीप्रति उत्तरदायी सेवा प्रवाह सुनिश्चित हुने।

५. अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई कार्यसम्पादनमा आधारित जवाफदेही व्यवस्थापन विकास हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | | ३ | ३ | ३ | | |
| २ | अभिभाबक शिक्षक संघ भएका विद्यालय सङ्ख्या | ५ | ५ | ५ | १० | ५ | ५ |
| ३ | बिद्यालय सुधार योजना निर्माण र कार्यान्वन गर्ने बिद्यालय सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | १७ |
| ४ | माध्यमिक विद्यालयमा नेततृव तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | १७ |
| ५ | आधारभूत तहको विद्यालयमा नेततृवविकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | १७ |
| ६ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्नेविद्यालय सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | १७ |

तालिका नं 30 सुशासन तथा व्यवस्थापन क्षेत्रका मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य

### ६.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ ।*

| क्र. स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय व्यवस्थापन समिति गठन | संख्या | ५ | ५ | ५ | | | १५ | स्थानीय तह |
| २ | अभिभाबक शिक्षक संघ गठन | संख्या | ५ | १० | ५ | १० | ५ | ३५ | स्थानीय तह |
| ३ | बिद्यालय सुधार योजना निर्माण तथा अपडेट | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | बिद्यालय |
| ४ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | संख्या | २ | ६ | ५ | ५ | ५ | ३५ | स्थानीय तह |
| ५ | शिक्षा तालिम केन्द्रको स्थापना | संख्या | | १ | | | | १ | स्थानीय तह |
| ६ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | ४ | ५ | ३ | ७ | १० | १७ | स्थानीय तह |
| ७ | प्र.अ.लाई कार्यसम्पादन करार गरी जिम्मेवार वनाउने | संख्या | ४ | ५ | ५ | ५ | ५ | १७ | स्थानीय तह |
| ८ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | पद्धति | १ | ३ | ४ | ३ | ३ | १७ | स्थानीय तह |
| ९ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संख्या | १ | २ | १ | २ | २ | १३ | स्थानीय तह |
| १० | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत् तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र | ६ | ४ | ५ | ६ | ६ | १७ | स्थानीय तह र विद्यालय |
| ११ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | संरचना | ४ | ६ | ५ | ५ | ५ | १७ | स्थानीय तह |
| १२ | बिद्यालय कार्यसम्पादन एबम स्वमुल्यांकन गर्ने गराउने | पटक | १ | १ | १ | १ | १ | १० | स्थानीय तह |

### ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथाक जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ। त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु जरुरत छ। कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ। शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ। योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ।

नेपाल संघीय संरचनाको ढाँचामा रूपान्तरण भएकोले बिद्यालय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध गर्न कानूनी व्यवस्था गरिएकोछ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्षा शाखा रहेका छन्। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रूपान्तरण गर्नुपर्ने हुन्छ। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ। स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ।

स्थानीय शिक्षा योजना कार्यान्वयनअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, कार्यक्रम तथा क्रियाकलाप निर्धारण, कार्यान्वयन, वित्तीय व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कनलगायतका कार्यहरू समावेश रहेका छन्। योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, जनशक्ति, कार्यप्रक्रिया, जिम्मेवारी तथा उत्तरदायित्व स्पष्ट रूपमा निर्धारण गरिनु आवश्यक हुन्छ। योजना कार्यान्वयनलाई प्रभावकारी, दिगो तथा परिणाममुखी बनाउन नियमित अनुगमन, प्रगति समीक्षा, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा कार्यसम्पादन मूल्याङ्कन प्रणाली अवलम्बन गरिएको छ। साथै, वित्तीय अनुशासन, पारदर्शिता तथा उत्तरदायित्व सुनिश्चित गर्न लेखा व्यवस्थापन, लेखापरीक्षण तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित बनाउने प्रयास भइरहेको छ।

#### ६.२.१ वर्तमान अवस्था

लक्ष्मीपुर पतारी गाउँपालिकामा शिक्षा, युवा तथा खेलकुद शाखामार्फत स्थानीय शिक्षा योजनाको कार्यान्वयन, समन्वय, अनुगमन तथा व्यवस्थापन कार्य सञ्चालन हुँदै आएको छ। गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक तथा सरोकारवालाहरूको सहभागितामा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरी बजेट व्यवस्थापन तथा कार्यान्वयन गरिँदै आएको छ। लक्ष्मीपुर पतारी गाउँपालिकामा शिक्षा व्यवस्थापन तथा शैक्षिक कार्यक्रम सञ्चालनका लागि शिक्षा, युवा तथा खेलकुद शाखामा हाल २ जना जनशक्ति कार्यरत रहेका छन् र थप आवश्यकता अनुसार अन्य शाखाका कर्मचारी, विद्यालयका शिक्षक, कर्मचारी तथा कम्प्युटर अपरेटरहरूसँग समन्वय तथा सहकार्य गरी शैक्षिक योजना, कार्यक्रम तथा गतिविधिहरू सञ्चालन तथा कार्यान्वयन गरिँदै आएको छ। विद्यालयहरूको नियमित अनुगमन, कक्षाकोठा अवलोकन, कोचिङ तथा पृष्ठपोषण कार्य शिक्षा शाखा प्रमुख तथा सम्बन्धित शाखा अधिकृतमार्फत सञ्चालन हुने गरेको छ। साथै, शिक्षक तालिम, पेशागत क्षमता विकास तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यकताअनुसार बाह्य शिक्षा विज्ञ तथा प्रशिक्षकहरूको परिचालन गर्ने अभ्यास रहेको छ। विद्यालय प्रशासन तथा शैक्षिक व्यवस्थापनलाई प्रविधिमैत्री बनाउन IEMIS तथा अन्य डिजिटल प्रणालीमार्फत विद्यालय तथ्याङ्क अद्यावधिक, सेवा प्रवाहको निगरानी तथा योजना कार्यान्वयनको प्रगति समीक्षा गर्ने कार्य भइरहेको छ।

लक्ष्मीपुर पतारी गाउँपालिकाको समग्र शैक्षिक व्यवस्थापन तथा नीति निर्माणलाई व्यवस्थित गर्न गाउँपालिका अध्यक्षको अध्यक्षतामा पालिकास्तरीय शिक्षा समिति गठन गरिएको छ। उक्त समितिले शिक्षा सम्बन्धी नीति निर्माण, समन्वय, अनुगमन तथा आवश्यक निर्णय प्रक्रियालाई प्रभावकारी बनाउने कार्य गर्दै आएको छ। शिक्षा सम्बन्धी नीति तथा कार्यक्रमहरू गाउँ कार्यपालिका तथा गाउँसभाबाट स्वीकृत गरी कार्यान्वयन गरिने व्यवस्था रहेको छ। यसका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सामाजिक उत्तरदायित्व तथा समावेशी विकासलाई प्रवर्द्धन गर्न विभिन्न सामाजिक तथा शैक्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने कार्य भइरहेको छ। सामाजिक सुरक्षा तथा सामाजिक विकाससम्बन्धी कार्यक्रम सञ्चालनका लागि सामाजिक विकास समितिमार्फत आवश्यक समन्वय तथा जिम्मेवारी व्यवस्थापन गरिएको छ ।

लक्ष्मीपुर पतारी गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, शिक्षा सम्बन्धी नीतिगत व्यवस्था तथा स्थानीय आवश्यकता अनुसार वार्षिक शिक्षा कार्यक्रम तथा बजेट तर्जुमा गर्ने कार्य गर्दै आएको छ। गाउँपालिकाको आवधिक योजना, शिक्षा क्षेत्रका प्राथमिकता, विद्यालय सुधार योजना (SIP), संघ तथा प्रदेश सरकारबाट प्राप्त नीति तथा कार्यक्रम तथा स्थानीय आवश्यकता एवं मागका आधारमा वार्षिक कार्यक्रम तथा बजेट निर्माण गरिन्छ। शिक्षा, युवा तथा खेलकुद शाखामार्फत विद्यालय, सरोकारवाला, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा अभिभावकसँग समन्वय गरी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने अभ्यास रहेको छ। उक्त कार्यक्रम तथा बजेट गाउँ कार्यपालिका तथा गाउँसभाबाट स्वीकृत भएपछि कार्यान्वयनमा ल्याइने व्यवस्था रहेको छ। वार्षिक बजेटमार्फत विद्यालय पूर्वाधार विकास, शिक्षक व्यवस्थापन, छात्रवृत्ति, शैक्षिक सामग्री वितरण, सूचना तथा सञ्चार प्रविधि विस्तार, शिक्षक तालिम, क्षमता विकास, समावेशी शिक्षा तथा विद्यालय अनुगमनलगायतका कार्यक्रम सञ्चालन भइरहेका छन्। संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय गरी स्रोत परिचालन तथा कार्यक्रम कार्यान्वयन गर्ने अभ्यास पनि रहेको छ।

कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा, अनुगमन तथा मूल्याङ्कनका लागि नियमित बैठक, प्रतिवेदन प्रणाली, विद्यालय अनुगमन तथा IEMIS प्रणालीमार्फत तथ्याङ्क अद्यावधिक गर्ने कार्य हुँदै आएको छ। तथापि सीमित आर्थिक स्रोत, जनशक्ति अभाव, बजेट निकासा प्रक्रियामा ढिलाइ तथा बढ्दो शैक्षिक आवश्यकता कारण सबै कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न चुनौती रहेको अवस्था छ। गाउँपालिकाले शिक्षा क्षेत्रका लागि आवश्यक स्रोत साधन व्यवस्थापन गर्न संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय गरी बजेट तथा स्रोत परिचालन गर्दै आएको छ। विद्यालय पूर्वाधार, शैक्षिक सामग्री, सूचना तथा सञ्चार प्रविधि, शिक्षक तालिम तथा क्षमता विकासका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने प्रयास भइरहेको छ। साथै, गैरसरकारी संस्था, विकास साझेदार तथा समुदायसँग सहकार्य गरी विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन भइरहेका छन्। तथापि सीमित आर्थिक स्रोत, प्राविधिक सामग्री अभाव तथा बढ्दो शैक्षिक आवश्यकता कारण सबै विद्यालयमा पर्याप्त स्रोत साधन उपलब्ध गराउन चुनौती रहेको अवस्था छ।

लक्ष्मीपुर पतारी गाउँपालिकाले संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षा ऐन तथा प्रचलित नीतिगत व्यवस्थाअनुसार शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न ऐन, नियम, कार्यविधि तथा निर्देशिका निर्माण तथा कार्यान्वयन गर्ने प्रयास गरिरहेको छ। विद्यालय सञ्चालन, शिक्षक व्यवस्थापन, छात्रवृत्ति वितरण, विद्यालय अनुगमन, सामाजिक परीक्षण तथा शैक्षिक व्यवस्थापनसम्बन्धी कार्यविधिहरू क्रमशः निर्माण तथा परिमार्जन भइरहेका छन्। तथापि केही नीतिगत तथा व्यवस्थापकीय पक्षलाई समयानुकूल अद्यावधिक तथा प्रभावकारी कार्यान्वयन गर्न अझ आवश्यकता रहेको देखिन्छ ।

चुनौतीहरू

शिक्षा क्षेत्र योजना कार्यान्वयनका चुनौतीहरू

- शिक्षा शाखामा पर्याप्त जनशक्ति अभाव हुनु।
- शिक्षा क्षेत्रका कार्यक्रम सञ्चालनका लागि पर्याप्त तथा समयानुकूल बजेट उपलब्ध हुन नसक्नु।

- विद्यालय अनुगमन, मूल्याङ्कन तथा कार्यसम्पादन समीक्षा प्रभावकारी रूपमा सञ्चालन गर्न कठिनाइ हुनु।
- संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय तथा कार्यक्रम एकीकरण प्रभावकारी हुन नसक्नु।
- विद्यालय सुधार योजना (SIP) प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित प्रशासन तथा डिजिटल प्रणालीको सीमित प्रयोग हुनु।
- सबै विद्यालयमा आवश्यक भौतिक पूर्वाधार, शैक्षिक सामग्री तथा प्रविधि उपकरण उपलब्ध गराउन कठिनाइ हुनु।
- बजेट निकासा प्रक्रियामा ढिलाइका कारण कार्यक्रम कार्यान्वयन प्रभावित हुनु।
- विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा समुदायको सक्रिय सहभागिता अपेक्षित रूपमा हुन नसक्नु।
- सामाजिक परीक्षण, लेखापरीक्षण तथा गुनासो सुनुवाइ प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु।
- शिक्षा सम्बन्धी ऐन, नियम तथा कार्यविधिको प्रभावकारी कार्यान्वयनमा चुनौती हुनु।

**६.२.२ उद्देश्यहरू**

- शिक्षा क्षेत्र योजनाको प्रभावकारी, पारदर्शी तथा नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्नु।
- शिक्षा योजना कार्यान्वयनमा संस्थागत समन्वय, सहकार्य तथा उत्तरदायित्व प्रणाली सुदृढ गर्नु।
- शिक्षा क्षेत्रका कार्यक्रम तथा बजेटको प्रभावकारी व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्नु।
- विद्यालय तथा शिक्षा शाखाको व्यवस्थापकीय, प्राविधिक तथा संस्थागत क्षमता अभिवृद्धि गर्नु।
- शिक्षा क्षेत्र योजना कार्यान्वयनमा समुदाय, अभिभावक तथा सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गर्नु।
- सूचना प्रविधिमा आधारित शैक्षिक प्रशासन तथा योजना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्नु।

**६.२.३ रणनीति**

माथीका उद्देश्य हासिल गर्न स्थानिय तहले निम्न रणनितिहरु लिनेछन ।

- लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यक समितिहरू गठन तथा परिचालन गरिनेछ।
- संघीय तथा प्रदेश सरकारबाट प्राप्त सशर्त, समानीकरण तथा अन्य अनुदानका साथै स्थानीय स्रोतसमेत समावेश गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ।
- शिक्षा कार्यक्रमहरूको नियमित अनुगमन, सहजीकरण तथा मूल्याङ्कन गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चित गरिनेछ तथा आवश्यक नीति निर्देशन र समन्वय गरिनेछ।
- कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित गर्न आवश्यक कानुन, मापदण्ड, कार्यविधि तथा निर्देशिका निर्माण र कार्यान्वयन गरिनेछ।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय र कार्य सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।
- अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया, अभिभावक भेला तथा नियमित बैठक आयोजना गरी सामाजिक परीक्षणलाई प्रभावकारी बनाइनेछ।
- सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकाइकर्ताका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा, आयआर्जन तथा सीप विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरी आजीवन सिकाइ केन्द्रका रूपमा विकास गरिनेछ।

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- शिक्षा क्षेत्र योजनाको प्रभावकारी, पारदर्शी तथा नतिजामुखी कार्यान्वयन सुनिश्चित हुने।
- विद्यालय अनुगमन, मूल्याङ्कन तथा व्यवस्थापन प्रणाली सुदृढ भई शैक्षिक गुणस्तरमा सुधार आउने।
- वित्तीय व्यवस्थापन, सामाजिक परीक्षण तथा लेखापरीक्षण प्रणाली प्रभावकारी भई पारदर्शिता र जवाफदेहिता अभिवृद्धि हुने।
- अभिभावक, समुदाय तथा सरोकारवालाको सक्रिय सहभागिता वृद्धि भई विद्यालय व्यवस्थापनमा स्थानीय स्वामित्व सुदृढ हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा यस प्रकार छ :

| क्र.सं. | नतिजा तथा परिमाणात्मक लक्ष्य | आधार अवस्था | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा क्षेत्र योजनाअनुसार कार्यान्वयन भएका कार्यक्रम (%) | ५०% | ६०% | ७०% | ८०% | ९०% | १००% |
| २ | सामाजिक परीक्षण तथा लेखापरीक्षण गर्ने विद्यालय (%) | ४०% | ५०% | ६५% | ८०% | ९०% | १००% |
| ३ | SIP अद्यावधिक तथा कार्यान्वयन गर्ने विद्यालय (%) | ५०% | ६०% | ७०% | ८०% | ९०% | १००% |
| ४ | नियमित अनुगमन तथा मूल्याङ्कनमा समेटिएका विद्यालय (%) | ६०% | ७०% | ८०% | ९०% | ९५% | १००% |
| ५ | IEMIS नियमित अद्यावधिक गर्ने विद्यालय (%) | ७०% | ८०% | ८५% | ९०% | ९५% | १००% |
| ६ | अभिभावक तथा सरोकारवालासँग नियमित बैठक सञ्चालन गर्ने विद्यालय (%) | ५०% | ६०% | ७०% | ८०% | ९०% | १००% |
| ७ | क्षमता विकास तालिम प्राप्त शिक्षक तथा व्यवस्थापन समिति सदस्य (संख्या) | २० | ३० | ५० | ७० | ८५ | १०० |
| ८ | सामुदायिक सिकाइ केन्द्रमार्फत सञ्चालन भएका साक्षरता तथा सीप विकास कार्यक्रम (संख्या) | १ | २ | ४ | ६ | ८ | १० |

तालिका नं 31 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयनको प्रवन्ध क्षेत्रको मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य

### ६.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ ।*

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य ५ बर्ष | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ वर्ष | २ वर्ष | ३ वर्ष | ४ वर्ष | ५ वर्ष | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |
| २ | विद्यालय सधुार योजना निर्माण एवम् अद्यावधिक | पटक | १७ | १७ | १७ | १७ | १७ | १७ | बिद्यालय |
| ३ | अभिभावक तथा सरोकारवालासँग नियमित बैठक सञ्चालन गर्ने विद्यालय | संख्या | २ | ३ | ४ | | | | गाउँपालिका |
| ४ | क्षमता विकास तालिम प्राप्त शिक्षक तथा व्यवस्थापन समिति सदस्य (संख्या) | संख्या | ० | २५ | ५० | ७५ | १०० | २०० | गाउँपालिका |
| ५ | सामुदायिक सिकाइ केन्द्रमार्फत सञ्चालन भएका साक्षरता तथा सीप विकास कार्यक्रम (संख्या) | संख्या | ० | १ | ० | ० | ० | ० | गाउँपालिका |
| ६ | सामाजिक परीक्षण तथा लेखापरीक्षण गर्ने विद्यालय | संख्या | ० | ४ | ८ | १५ | १७ | १७ | बिद्यालय |
| ७ | एकीकृत शैक्षिक सूचना प्रणाली सदृढीकरण | पटक | १७ | १७ | १७ | १७ | १७ | १७ | बिद्यालय |

तालिका नं 32 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयनको प्रवन्ध क्षेत्रको मुख्य क्रियाकलाप तथा वार्षिक लक्ष्य निर्धारण

# परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँचसहित गुणस्तरीय शिक्षा प्रदान गर्नु संघ, प्रदेश तथा स्थानीय तहको साझा दायित्व हो। शिक्षा क्षेत्रको प्रभावकारी सञ्चालनका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकता निर्धारण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्नु आवश्यक हुन्छ। नेपालको संविधानअनुसार विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहबीच साझेदारीको व्यवस्था रहेको छ। स्थानीय तहका लागि संघीय सरकारबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान तथा विशेष अनुदानमार्फत वित्तीय हस्तान्तरण हुने व्यवस्था रहेको छ। सशर्त अनुदान सम्बन्धित मन्त्रालयद्वारा निर्धारित उद्देश्य तथा कार्यक्रम कार्यान्वयनका लागि उपलब्ध गराइन्छ भने समानीकरण, विशेष तथा समपूरक अनुदान स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा विनियोजन गरिन्छ ।

शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता तथा दिगो विकासका लक्ष्यहरू पूरा गर्न सहयोग गर्नुपर्दछ। नेपालको संवैधानिक व्यवस्थाअनुसार विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापनको मुख्य जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा अधिकार सूचीभित्र पर्ने विषय भएकाले यसको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय, निजी क्षेत्र तथा विकास साझेदारहरूको समेत साझेदारी आवश्यक पर्दछ।

शिक्षा क्षेत्रमा आवश्यक स्रोतको पहिचान, स्रोतको एकीकरण, उचित वितरण तथा प्रभावकारी उपयोग शिक्षामा लगानी व्यवस्थापनका महत्वपूर्ण पक्षहरू हुन्। विद्यालय शिक्षाका लागि आवश्यक वित्तीय स्रोत जुटाउने, प्राथमिकताका आधारमा स्रोत विनियोजन गर्ने, विनियोजित बजेटको प्रभावकारी प्रवाह सुनिश्चित गर्ने तथा उपलब्ध स्रोतको पारदर्शी र नतिजामुखी उपयोग गर्ने विषयमा विशेष ध्यान दिन आवश्यक हुन्छ ।

नेपालका अधिकांश राजनीतिक दलहरूले आफ्नो चुनावी घोषणापत्रमा कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षा क्षेत्रमा लगानी गर्ने प्रतिबद्धता व्यक्त गर्दै आएका छन्। तर व्यवहारमा शिक्षा क्षेत्रमा हुने लगानी क्रमशः घट्दो अवस्थामा देखिएको छ। विशेषगरी संघीय सरकारले शिक्षक तलब, दिवा खाजा तथा प्रति विद्यार्थी लागत (PCF) जस्ता शीर्षकमा मात्र सीमित सशर्त अनुदान उपलब्ध गराउने गरेको अवस्था छ, जुन विद्यालय शिक्षाको समग्र आवश्यकता पूरा गर्न पर्याप्त देखिँदैन। प्रदेश सरकारको शिक्षा क्षेत्रमा अपेक्षित लगानी तथा सक्रियता पनि कमजोर देखिएको छ। विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल जिम्मेवारीका रूपमा बुझ्ने प्रवृत्तिका कारण प्रदेश तहबाट शिक्षा क्षेत्रमा पर्याप्त बजेट विनियोजन हुन सकेको छैन। यसले स्थानीय तहमा शिक्षा क्षेत्रको वित्तीय भार थप बढाएको अवस्था छ ।

यस सन्दर्भमा लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापनसम्बन्धी वर्तमान अवस्थाको समीक्षा गरी विद्यमान चुनौतीहरूको पहिचान गरिएको छ। साथै, ती चुनौतीहरूको समाधान गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी, पारदर्शी तथा दिगो बनाउन आवश्यक उद्देश्य, रणनीतिहरू, स्रोतको आकलन, लगानीका प्राथमिक क्षेत्र तथा लागत अनुमानसमेत प्रस्तुत गरिएको छ ।

## ७.१ वर्तमान अवस्था

लक्ष्मीपुर पतारी गाउँपालिकामा शिक्षा क्षेत्रमा संघ, प्रदेश तथा स्थानीय तहबाट विभिन्न शीर्षकमा लगानी हुँदै आएको छ। संघीय सरकारबाट शिक्षक तलब, दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक, प्रति विद्यार्थी लागत (PCF), विद्यालय सञ्चालन अनुदान तथा केही पूर्वाधार विकास कार्यक्रमका लागि सशर्त अनुदान उपलब्ध हुँदै आएको छ। प्रदेश सरकारबाट सीमित रूपमा विद्यालय पूर्वाधार, शैक्षिक सामग्री, छात्रवृत्ति तथा क्षमता विकाससम्बन्धी कार्यक्रम सञ्चालनका लागि सहयोग प्राप्त हुने गरेको छ। स्थानीय तहले आफ्नो आन्तरिक स्रोत तथा वित्तीय हस्तान्तरणमार्फत प्राप्त बजेटबाट विद्यालय पूर्वाधार विकास,

सूचना तथा सञ्चार प्रविधि विस्तार, शिक्षक व्यवस्थापन, क्षमता विकास, शैक्षिक सामग्री वितरण, समावेशी शिक्षा तथा विद्यालय अनुगमनलगायतका क्षेत्रमा लगानी गर्दै आएको छ ।

विगत पाँच वर्षमा लक्ष्मीपुर पतारी गाउँपालिकाले शिक्षा क्षेत्रमा क्रमिक रूपमा लगानी वृद्धि गर्ने प्रयास गरेको देखिन्छ। विद्यालय भवन निर्माण तथा मर्मत, फर्निचर व्यवस्थापन, खानेपानी तथा शौचालय निर्माण, छात्रवृत्ति वितरण, शिक्षक तालिम, सूचना प्रविधि विस्तार तथा विद्यालय व्यवस्थापन सुधारका क्षेत्रमा लगानी गरिएको छ। केही विद्यालयमा मल्टिमिडिया, कम्प्युटर तथा इन्टरनेट सुविधा विस्तार गर्ने प्रयास गरिएको छ। तर बढ्दो शैक्षिक आवश्यकता, सीमित आन्तरिक स्रोत तथा अन्य पूर्वाधार विकासका क्षेत्रतर्फ बढी बजेट विनियोजन हुने प्रवृत्तिका कारण शिक्षा क्षेत्रमा अपेक्षित स्तरमा लगानी वृद्धि हुन सकेको छैन।

लक्ष्मीपुर पतारी गाउँपालिकाले शिक्षा क्षेत्रमा लगानी प्रवर्द्धन गर्न विभिन्न सकारात्मक तथा प्रभावकारी अभ्यासहरू अवलम्बन गर्दै आएको छ। गाउँपालिकाले विद्यालय पूर्वाधार विकास, सूचना तथा सञ्चार प्रविधि विस्तार, शैक्षिक गुणस्तर सुधार, शिक्षक क्षमता विकास तथा समावेशी शिक्षा कार्यक्रमलाई वार्षिक बजेट तथा कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्ने अभ्यास गरेको छ। संघ, प्रदेश, स्थानीय तह, गैरसरकारी संस्था, विकास साझेदार तथा समुदायसँग सहकार्य र लागत साझेदारीमार्फत शिक्षा क्षेत्रमा स्रोत परिचालन गर्ने प्रयास पनि भइरहेको छ। विद्यालय सुधार योजना (SIP) का आधारमा विद्यालयको आवश्यकता पहिचान गरी बजेट विनियोजन तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रणालीलाई क्रमशः प्रभावकारी बनाइएको छ ।

गाउँपालिकाले IEMIS तथा अन्य डिजिटल प्रणालीमार्फत विद्यालय तथ्याङ्क अद्यावधिक, योजना निर्माण, बजेट विनियोजन तथा अनुगमन गर्ने अभ्यास विकास गरेको छ। विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा समुदायको सक्रिय सहभागितामा विद्यालय मर्मत सम्भार, फर्निचर व्यवस्थापन, सरसफाइ तथा शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस पालिकाले विपन्न, दलित, बालबालिका तथा समावेशी समूहको शिक्षामा पहुँच सुनिश्चित गर्न छात्रवृत्ति, दिवा खाजा तथा लक्षित सहयोग कार्यक्रम सञ्चालन गर्नु पनि गाउँपालिकाको अर्को सकारात्मक अभ्यासका रूपमा रहेको छ।
आर्थिक वर्ष २०८२/०८३ का लागि लक्ष्मीपुर पतारी गाउँपालिकाको कुल बजेट रु. ४५ करोड ८४ लाख ५१ हजार विनियोजन गरिएको छ । मध्ये रु. .................. (............ प्रतिशत) शिक्षा क्षेत्रमा नेपाल सरकारको रु  कुल राष्ट्रिय बजेट: रु. १९ खर्ब ६४ अर्ब (NPR 1.964 trillion)  शिक्षा क्षेत्रको बजेट: रु. २ खर्ब ११ अर्ब ९० करोड (NPR 211.9 billion)  र स्थानीय सरकारको रु ..................रकम रहेको थियो । शिक्षामा लगानी बढाउनुपर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ ।

**लगानी तथा स्रोत व्यवस्थापनका चुनौतीहरू**

१. शिक्षा क्षेत्रको बढ्दो आवश्यकता, संवैधानिक व्यवस्था तथा दिगो विकास लक्ष्यअनुसार पर्याप्त तथा दिगो वित्तीय स्रोत सुनिश्चित गर्न कठिनाइ हुनु।

२. संघ, प्रदेश र स्थानीय तहबीच शिक्षा क्षेत्रमा लगानी, बजेट बाँडफाँट तथा वित्तीय हस्तान्तरण प्रणाली स्पष्ट र प्रभावकारी हुन नसक्नु।

३. शिक्षा क्षेत्रमा निजी क्षेत्र, समुदाय तथा विकास साझेदारको लगानीलाई व्यवस्थित, अभिलेखीकरण तथा प्रभावकारी रूपमा परिचालन गर्न नसक्नु।

४. प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तारका लागि आवश्यक वित्तीय स्रोत तथा पूर्वाधार व्यवस्थापनमा चुनौती हुनु।

५. वैदेशिक सहायता तथा विकास साझेदारबाट प्राप्त सहयोगको दिगोपना तथा प्रभावकारी परिचालन सुनिश्चित गर्न कठिनाइ हुनु।

६. सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ तथा डिजिटल पूर्वाधार विस्तारका लागि पर्याप्त स्रोत अभाव हुनु।
७. प्रारम्भिक बालविकास, आधारभूत, माध्यमिक, प्राविधिक तथा अनौपचारिक शिक्षाजस्ता उपक्षेत्रमा आवश्यकताअनुसार सन्तुलित लगानी सुनिश्चित गर्न कठिनाइ हुनु।
८. विद्यार्थीको सिकाइ उपलब्धि, गुणस्तर सुधार तथा सीप विकासमा केन्द्रित लगानी पर्याप्त हुन नसक्नु।
९. विपन्न, दलित, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता तथा समावेशिता सुनिश्चित गर्न पर्याप्त लगानी अभाव हुनु।
१०. गैरसरकारी क्षेत्र, समुदाय तथा अभिभावकबाट हुने योगदान र लगानीलाई प्रोत्साहन तथा अभिलेखीकरण गर्न नसक्नु।
११. वित्तीय व्यवस्थापन, बजेट कार्यान्वयन तथा लेखा प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक जनशक्ति तथा संस्थागत क्षमता अभाव हुनु।
१२. वित्तीय गतिविधिमा पारदर्शिता, जवाफदेहिता, सामाजिक परीक्षण तथा वित्तीय सुशासनलाई पूर्ण रूपमा प्रभावकारी बनाउन चुनौती हुनु।

## ७.२ उद्देश्य

**योजनाको वित्तीय व्यवस्थापनका उद्देश्यहरू**

१. विद्यालय शिक्षा क्षेत्रमा पहिचान गरिएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक तथा दिगो वित्तीय स्रोतको पहिचान, परिचालन तथा व्यवस्थापन गर्नु।
२. संघ, प्रदेश तथा स्थानीय तहबीच शिक्षा क्षेत्रमा लगानी, बजेट विनियोजन, वित्तीय हस्तान्तरण तथा जिम्मेवारीलाई स्पष्ट, समन्वित र प्रभावकारी बनाउनु।
३. विद्यालय शिक्षाका विभिन्न उपक्षेत्रमा आवश्यक वित्तीय स्रोतको यथार्थ प्रक्षेपण गरी प्राथमिकताका आधारमा लगानी सुनिश्चित गर्नु।
४. सूचना तथा सञ्चार प्रविधि, प्राविधिक तथा व्यावसायिक शिक्षा, समावेशी शिक्षा तथा गुणस्तर सुधारका कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यक्रमगत बजेट निर्धारण गर्नु।
५. विपन्न, सीमान्तकृत, अपाङ्गता भएका तथा सुविधाविहीन बालबालिकाको शिक्षामा पहुँच, सहभागिता तथा सिकाइ सुनिश्चित गर्न लक्षित लगानी अभिवृद्धि गर्नु।
६. गैरसरकारी क्षेत्र, समुदाय, अभिभावक तथा विकास साझेदारको योगदान र साझेदारीलाई प्रोत्साहन गर्दै शिक्षा क्षेत्रमा थप स्रोत परिचालन गर्नु।
७. वित्तीय व्यवस्थापन, खर्च प्रणाली, लेखा व्यवस्थापन, प्रतिवेदन तथा अनुगमन प्रक्रियालाई पारदर्शी, जवाफदेही तथा नतिजामुखी बनाउनु।
८. शिक्षा क्षेत्रमा विनियोजित स्रोतको प्रभावकारी उपयोग, नियमित अनुगमन, सामाजिक परीक्षण तथा वित्तीय सुशासन सुनिश्चित गर्नु।

## ७.३ रणनितिहरु

उल्लेखित उद्देश्यहरु पुरा गर्न देहाय बमोजिमको रणनीतिहरु उपनाइने छ ।
१ स्थानीय सरकारले आफ्नै स्रोतबाट शिक्षा क्षेत्रमा क्रमिक रूपमा लगानी वृद्धि गर्ने ।
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता, समता तथा गुणस्तर सुनिश्चित गर्न लगानीको प्रभावकारिता अभिवृद्धि गर्ने।
३. वार्षिक रूपमा कुल बजेटको उपयुक्त प्रतिशत शिक्षा क्षेत्रका कार्यक्रम तथा पूर्वाधार विकासका लागि विनियोजन गर्ने।
४. विद्यालय पूर्वाधार, सूचना तथा सञ्चार प्रविधि, शिक्षक क्षमता विकास, समावेशी शिक्षा तथा शैक्षिक गुणस्तर सुधारलाई प्राथमिकतामा राखी बजेट व्यवस्थापन गर्ने।

५. शिक्षा क्षेत्रमा निजी क्षेत्र, गैरसरकारी संस्था, विकास साझेदार तथा समुदायको लगानीलाई उचित नियमनसहित प्रोत्साहन तथा प्रवर्द्धन गर्ने।

६. मापदण्डका आधारमा खर्च, अनुगमन, लेखापरीक्षण तथा प्रतिवेदन प्रणाली अवलम्बन गरी वित्तीय सुशासन कायम गर्ने।

७. वित्तीय व्यवस्थापन क्षमता अभिवृद्धि गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्वलाई सुदृढ बनाउने।

८. संघ, प्रदेश, स्थानीय तह, समुदाय तथा विकास साझेदारबीच लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने।

९. विपन्न, सीमान्तकृत, अपाङ्गता भएका तथा सुविधाविहीन बालबालिकाको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न लक्षित लगानी वृद्धि गर्ने।

### ७.४ प्रमुख उपलब्धि

योजना कार्यन्वयनबाट प्राप्त हुने मुख्य उपलब्धिहरु देहाय बमोजिमको हुने छ ।

१. शैक्षिक पहुँच, समता, गुणस्तर तथा क्षमता विकासका लागि आवश्यक वित्तीय स्रोत तथा साधनको व्यवस्थापन सुदृढ भएको हुनेछ।

२. शिक्षा क्षेत्रमा संघ, प्रदेश, स्थानीय तह, समुदाय तथा गैरसरकारी क्षेत्रबीच लागत साझेदारी तथा स्रोत परिचालन प्रणाली प्रभावकारी भएको हुनेछ।

३. विद्यालय पूर्वाधार, सूचना तथा सञ्चार प्रविधि, समावेशी शिक्षा तथा शिक्षक क्षमता विकासमा लगानी वृद्धि भई शिक्षाको गुणस्तरमा सुधार आएको हुनेछ।

४. वित्तीय व्यवस्थापन, लेखा प्रणाली, सामाजिक परीक्षण, पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व प्रणाली सुदृढ भएको हुनेछ।

### ७. ५ प्रमुख क्रियाकलाप र लक्ष्य

सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट ( रु हजारमा)

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र बिषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा रु हजारमा | १० बर्षको जम्मा रु हजारमा |
|---|---|---|---|---|---|---|---|---|
| | | १ बर्ष | २ बर्ष | ३ बर्ष | ४ वर्ष | ५ वर्ष | | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | ३०० | ३५० | ३८० | ४२० | ४७० | १९२० | ३८४० |
| २ | आधारभूत शिक्षा | ४०० | ४२० | ४५० | ५०० | ७५० | २५२० | ५०४० |
| ३ | माध्यमिक शिक्षा | ६५०० | ७००० | ७५०० | ७८०० | ८००० | २९००० | ५८००० |
| ४ | प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम | ५०० | ७०० | ९०० | ११०० | १३०० | ४५०० | ९००० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाई | २५० | ३०० | २५० | २५० | २५० | १३०० | २६०० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्यांकन | २५२० | २६०० | २६४० | २७०० | २७५० | १३२१० | २६४२० |
| ७ | विद्यालय पोषण तथा स्वस्थ्य कार्यक्रम | ११००० | १३००० | १५००० | १७००० | १९००० | ७५००० | १५०००० |
| १० | विद्यालय सुरक्षा, विपत् न्युनिकरण तथा उत्थानशीलता | १०० | २०० | ३०० | ४०० | ५०० | १५०० | ३००० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ३२०० | ४००० | ४००० | ४००० | ४००० | १९२० | ३८४० |
| १२ | विद्यालयमा सुचना तथा सञ्चार प्रविधि | २०० | ३०० | ३०० | ३०० | ३०० | १४०० | २८०० |

तालिका नं 33 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयन गर्न संघीय सरकारबाट चाहिने बजेट अनुमान

मधेश प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट ( रु हजारमा)

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र बिषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा रु हजारमा | १० बर्षको जम्मा रु हजारमा |
|---|---|---|---|---|---|---|---|---|
| | | १ बर्ष | २ बर्ष | ३ बर्ष | ४ वर्ष | ५ वर्ष | | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | १०० | १५० | १८० | २२० | २७० | ९२० | १८४० |
| २ | आधारभूत शिक्षा | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६४० |
| ३ | माध्यमिक शिक्षा | ६५० | ७०० | ७५० | ७८० | ८०० | २९०० | ५८०० |
| ४ | प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम | ५०० | ७०० | ९०० | ११०० | १३०० | ४५०० | ९००० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाई | २५० | ३०० | २५० | २५० | २५० | १३०० | २६०० |
| ६ | विद्यालय भौतिक पूर्वाधार विकास | ३२०० | ४००० | ४००० | ४००० | ४००० | १९२० | ३८४० |
| ७ | वालविकास केन्द्र व्यवस्थापन सुधार | २५० | ३०० | २५० | २५० | २५० | १३०० | २६०० |
| ८ | स्वयम शिक्षक व्यवस्थापनका लागि | ६५० | ७०० | ७५० | ७८० | ८०० | २९०० | ५८०० |
| ९ | शैक्षिक सामाग्री वितरण | १०० | १५० | १८० | २२० | २७० | ९२० | १८४० |

तालिका नं 34 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयन गर्न प्रदेश सरकारबाट चाहिने बजेट अनुमान

गाउँपालिकाबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट ( रु हजारमा)

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र बिषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा रु हजारमा | १० बर्षको जम्मा रु हजारमा |
|---|---|---|---|---|---|---|---|---|
| | | १ बर्ष | २ बर्ष | ३ बर्ष | ४ वर्ष | ५ वर्ष | | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | २०० | २५० | २८० | ३२० | ३७० | १४२० | १८४० |
| २ | आधारभूत शिक्षा | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६४० |
| ३ | माध्यमिक शिक्षा | ६५० | ७०० | ७५० | ७८० | ८०० | २९०० | ५८०० |
| ४ | प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६४० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाई | २५० | ३०० | २५० | २५० | २५० | १३०० | २६०० |
| ६ | विद्यालय भौतिक पूर्वाधार विकास | ३२० | ४०० | ४०० | ४०० | ४०० | १९२० | ३८४० |
| ७ | विद्यालयमा सुचना तथा सञ्चार प्रविधि | २०० | ३०० | ३०० | ३०० | ३०० | १४०० | २८०० |
| ८ | उच्च शिक्षा | २०० | ३०० | ३०० | ३०० | ३०० | १४०० | २८०० |
| ९ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ५०० | ७०० | ८०० | ८०० | ९०० | ३७०० | ७४०० |
| १० | नयाँवालविकास केन्द्र स्थापना | २०० | २०० | २०० | २०० | २०० | १००० | २००० |
| ११ | सहयोगि कार्यकर्ता क्षमता विकास | २५० | ३०० | २५० | २५० | २५० | १३०० | २६०० |
| १२ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६४० |
| १३ | स्थानिय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | विद्यालयमा सुचना तथा सञ्चार प्रविधि | २०० | ३०० | ३०० | ३०० | ३०० | १४०० | २८०० |
| १५ | छात्रवृत्ति कार्यक्रम (दलित, विपन्न, अपाङ्गता, छात्रा आदि) | २५० | ३०० | २५० | २५० | २५० | १३०० | २६०० |
| १६ | विज्ञान तथा कम्प्युटर प्रयोगशाला व्यवस्थापन | २५० | ३०० | २५० | २५० | २५० | १३०० | २६०० |
| १७ | खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६४० |
| १८ | विद्यालय अनुगमन तथा शैक्षिक सुधार कार्यक्रम | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५००० |
| १९ | IEMIS अद्यावधिक तथा डिजिटल प्रशासन | २०० | ३०० | ३०० | ३०० | ३०० | १४०० | २८०० |
| २० | विद्यालय सरसफाइ, खानेपानी तथा शौचालय व्यवस्थापन | २५० | ३०० | २५० | २५० | २५० | १३०० | २६०० |

तालिका नं 35 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयन गर्न स्थानिय सरकारबाट चाहिने बजेट अनुमान

संघसंस्थाबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट ( रु हजारमा)

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र बिषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा रु हजारमा | १० बर्षको जम्मा रु हजारमा |
|---|---|---|---|---|---|---|---|---|
| | | १ बर्ष | २ बर्ष | ३ बर्ष | ४ वर्ष | ५ वर्ष | | |
| १ | शिक्षक तालिम तथा क्षमता विकास | २०० | २५० | २८० | ३२० | ३७० | १४२० | १८४० |
| २ | स्वास्थ्य, सरसफाइ तथा पोषण कार्यक्रम | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६४० |
| ३ | सामुदायिक सिकाइ तथा सचेतना कार्यक्रम | ६५० | ७०० | ७५० | ७८० | ८०० | २९०० | ५८०० |
| ४ | विपद् व्यवस्थापन तथा आपतकालीन शैक्षिक सहयोग | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६४० |
| ५ | किशोरी शिक्षा कार्यक्रम | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६०० |
| ६ | विद्यालय भवन मर्मत तथा पूर्वाधार सहयोग | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६०० |
| ७ | बालमैत्री तथा सुरक्षित विद्यालय कार्यक्रम | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६०० |
| ८ | Remedial support कक्षा सचालन वा समुदायमा आधारित थप टुउसन कक्षा | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६०० |

तालिका नं 36 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयन गर्न संघसंस्थाबाट चाहिने बजेट अनुमान

### ७.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयनका लागि विषयगत बजेट तर्जुमा प्रक्रिया सहभागितामूलक, आवश्यकतामा आधारित तथा नतिजामुखी ढङ्गबाट सञ्चालन गरिनेछ। बजेट तर्जुमा गर्दा गाउँपालिकाको आवधिक योजना, शिक्षा क्षेत्रका प्राथमिकता, संघ तथा प्रदेश सरकारबाट प्राप्त नीति तथा कार्यक्रम, स्थानीय आवश्यकता तथा उपलब्ध स्रोत साधनलाई आधार मानिनेछ। शिक्षा, युवा तथा खेलकुद शाखाले विद्यालय, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, सरोकारवाला तथा विषयगत समितिहरूसँग समन्वय गरी आवश्यक कार्यक्रम तथा बजेट प्रस्ताव सङ्कलन गर्नेछ। प्राप्त प्रस्तावहरूको आवश्यकता, प्राथमिकता, सम्भाव्यता तथा उपलब्ध स्रोतका आधारमा विश्लेषण गरी विषयगत बजेट तर्जुमा गरिनेछ।

यस योजनामा उल्लेखित परिच्छेद ३, ४, ५ र ६ अन्तर्गतका प्रमुख क्रियाकलाप तथा लक्ष्यलाई आधार मानी वार्षिक रूपमा आवश्यक बजेट अनुमान तथा एकाइ लागत निर्धारण गरिनेछ। प्रत्येक कार्यक्रम तथा क्रियाकलापको प्रकृति, लक्षित लाभग्राही,

कार्यक्षेत्र तथा कार्यान्वयन अवधिका आधारमा एकाइ लागत निर्धारण गरी सोही अनुसार वार्षिक बजेट तर्जुमा गरिनेछ। निर्धारित एकाइ लागतलाई वार्षिक लक्ष्यसँग गुणन गरी कार्यक्रमगत तथा क्रियाकलापगत बजेट तयार गरिनेछ। यसरी तयार गरिएको बजेटको समग्र विश्लेषण गरी सम्बन्धित उपक्षेत्रका लागि आवश्यक कुल बजेट अनुमान गरिनेछ। विद्यालय पूर्वाधार, शिक्षक व्यवस्थापन, सूचना तथा सञ्चार प्रविधि, समावेशी शिक्षा, क्षमता विकास, अनुगमन तथा व्यवस्थापनलगायतका उपक्षेत्र अनुसार कार्यक्रम तथा बजेटको सारांश तालिकागत रूपमा प्रस्तुत गरिनेछ।

योजना कार्यान्वयनका लागि वर्षगत बजेट अनुमान

| आवधिक वर्षगत रूपमा बजेट अनुमान | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| उपक्षेत्र / विषय | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ | आ.व. २०८६/८७ | पाँच वर्षको जम्मा | १० वर्षको अनुमानित जम्मा |
| प्रारम्भिक बालविकास तथा शिक्षा | २५ लाख | ३० लाख | ३५ लाख | ४० लाख | ४५ लाख | १ करोड ७५ लाख | ४ करोड |
| आधारभूत शिक्षा | १ करोड ५० लाख | १ करोड ६० लाख | १ करोड ७५ लाख | १ करोड ९० लाख | २ करोड | ८ करोड ७५ लाख | १८ करोड |
| माध्यमिक शिक्षा | ८० लाख | ९० लाख | १ करोड | १ करोड १० लाख | १ करोड २० लाख | ५ करोड | १० करोड ५० लाख |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | २० लाख | २५ लाख | ३० लाख | ३५ लाख | ४० लाख | १ करोड ५० लाख | ३ करोड ५० लाख |
| अनौपचारिक तथा निरन्तर शिक्षा | १० लाख | १२ लाख | १५ लाख | १८ लाख | २० लाख | ७५ लाख | १ करोड ७५ लाख |
| सूचना तथा सञ्चार प्रविधि शिक्षा | २५ लाख | ३० लाख | ३५ लाख | ४० लाख | ५० लाख | १ करोड ८० लाख | ४ करोड |
| शिक्षा व्यवस्थापन तथा क्षमता विकास | ३० लाख | ३५ लाख | ४० लाख | ४५ लाख | ५० लाख | २ करोड | ४ करोड ५० लाख |
| विद्यालय पोषण तथा स्वस्थ्य कार्यक्रम | ८० लाख | ९० लाख | १ करोड | १ करोड १० लाख | १ करोड २० लाख | ५ करोड | १० करोड ५० लाख |
| विद्यालय सुरक्षा, विपत् न्युनिकरण तथा उत्थानशीलता | २० लाख | २५ लाख | ३० लाख | ३५ लाख | ४० लाख | १ करोड ५० लाख | ३ करोड ५० लाख |
| विद्यालय भौतिक पूर्वाधार विकास | १० लाख | १२ लाख | १५ लाख | १८ लाख | २० लाख | ७५ लाख | १ करोड ७५ लाख |
| विद्यालयमा सुचना तथा सञ्चार प्रविधि | २५ लाख | ३० लाख | ३५ लाख | ४० लाख | ५० लाख | १ करोड ८० लाख | ४ करोड |
| जम्मा | ४ करोड ८५ लाख | ५ करोड ३९ लाख | ४ करोड ३० लाख | ६ करोड १० लाख | ७ करोड ५५ लाख | २१ करोड ५५ लाख | ४५ करोड २५ लाख |

तालिका नं  37 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयन गर्न वार्षिक बजेट अनुमान

## ७.७ योजना कार्यान्वयनका लागि विषयगत रणनीति, कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा क्षेत्र योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न विषयगत रणनीति, वार्षिक कार्यान्वयन योजना तथा कार्यक्रमहरू तयार गरी चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ। योजना कार्यान्वयनका क्रममा प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, सूचना तथा सञ्चार प्रविधि, समावेशी शिक्षा, शिक्षक क्षमता विकास, सुशासन तथा व्यवस्थापनलगायतका विषयगत उपक्षेत्रलाई प्राथमिकतामा राखी रणनीति

निर्माण गरिनेछ। योजना कार्यान्वयनका लागि शिक्षा, युवा तथा खेलकुद शाखाले विद्यालय, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, शिक्षा समिति तथा सरोकारवालाहरूसँग समन्वय गरी वार्षिक कार्यान्वयन योजना तयार गर्नेछ। कार्ययोजनामा कार्यक्रम, क्रियाकलाप, लक्ष्य, समयसीमा, जिम्मेवार निकाय, आवश्यक बजेट तथा अपेक्षित उपलब्धिहरू स्पष्ट रूपमा उल्लेख गरिनेछ।

लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा क्षेत्र योजना कार्यान्वयन गर्दा वार्षिक रूपमा तय भएका योजना तथा कार्यक्रमहरूलाई संघ, प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमसँग समन्वय गरी उपलब्ध स्रोत सुनिश्चितताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गरी कार्यान्वयन गरिनेछ। कार्यक्रम कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्न नियमित अनुगमन, प्रगति समीक्षा, सामाजिक परीक्षण, वित्तीय लेखापरीक्षण तथा नतिजामुखी मूल्याङ्कन प्रणाली सञ्चालन गरिनेछ। साथै, कार्यान्वयनका क्रममा देखिएका समस्या, चुनौती तथा सिकाइका आधारमा योजना तथा रणनीतिलाई आवश्यकता अनुसार परिमार्जन तथा अद्यावधिक गर्दै प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

बार्षिक योजना तथा अनुमानित बजेट

| **विषयगत रणनीति कार्यान्वयन योजना तथा अनुमानित बजेट** | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **विषयगत क्षेत्र** | **प्रमुख रणनीति / क्रियाकलाप** | **जिम्मेवार निकाय** | **अनुमानित वार्षिक बजेट** | **स्रोत** |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | ECD कक्षा व्यवस्थापन, सामग्री तथा शिक्षक क्षमता विकास | शिक्षा शाखा / विद्यालय | रु. २५ लाख | संघ, स्थानीय तह |
| २ | आधारभूत शिक्षा | विद्यालय सुधार, शिक्षक व्यवस्थापन, सिकाइ उपलब्धि सुधार | शिक्षा शाखा / विद्यालय | रु. १ करोड ५० लाख | संघ, प्रदेश, स्थानीय |
| ३ | माध्यमिक शिक्षा | विज्ञान, ICT तथा गुणस्तर सुधार कार्यक्रम | गाउँपालिका / विद्यालय | रु. १ करोड | संघ, स्थानीय तह |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | सीपमूलक तालिम तथा प्राविधिक शिक्षा विस्तार | गाउँपालिका / साझेदार संस्था | रु. ३० लाख | स्थानीय, NGO |
| ५ | सूचना तथा सञ्चार प्रविधि | कम्प्युटर, इन्टरनेट, डिजिटल सिकाइ सामग्री व्यवस्थापन | शिक्षा शाखा | रु. ४० लाख | संघ, स्थानीय तह |
| ६ | शिक्षक क्षमता विकास | तालिम, कोचिङ, पृष्ठपोषण तथा पेशागत विकास | शिक्षा शाखा | रु. २५ लाख | स्थानीय, प्रदेश |
| ७ | समावेशी शिक्षा | छात्रवृत्ति, अपाङ्गमैत्री तथा बालमैत्री कार्यक्रम | गाउँपालिका / विद्यालय | रु. २० लाख | संघ, स्थानीय |
| ८ | विद्यालय पूर्वाधार | भवन, शौचालय, खानेपानी तथा फर्निचर व्यवस्थापन | गाउँपालिका | रु. १ करोड २० लाख | संघ, प्रदेश, स्थानीय |
| ९ | सुशासन तथा व्यवस्थापन | अनुगमन, सामाजिक परीक्षण, IEMIS अद्यावधिक | शिक्षा शाखा | रु. १५ लाख | स्थानीय तह |
| १० | सामुदायिक सिकाइ केन्द्र | साक्षरता, सीप विकास तथा निरन्तर शिक्षा कार्यक्रम | गाउँपालिका / समुदाय | रु. १० लाख | स्थानीय, साझेदारी |
| **जम्मा** | | | | **रु. ५ करोड ३५ लाख** | |

तालिका नं 38 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयन गर्न बार्षिक योजना तथा अनुमानित बजेट

# परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

लक्ष्मीपुर पतारी गाउँपालिकामा शैक्षिक कार्यक्रमका लागि स्रोत साधनको विनियोजन तथा वितरण उपलब्ध स्रोत, वार्षिक बजेट तथा कार्यक्रम प्राथमिकताका आधारमा गरिँदै आएको छ। संघ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त अनुदान, आन्तरिक स्रोत तथा साझेदार संस्थाबाट प्राप्त सहयोगलाई समन्वय गरी विद्यालय पूर्वाधार, शिक्षक व्यवस्थापन, छात्रवृत्ति, सूचना तथा सञ्चार प्रविधि, क्षमता विकास तथा शैक्षिक गुणस्तर सुधारका क्षेत्रमा बजेट विनियोजन गरिने व्यवस्था रहेको छ। तथापि स्रोत वितरण अझै पूर्ण रूपमा सन्तुलित, आवश्यकता–आधारित र नतिजामुखी हुन सकेको अवस्था छैन।

कायक्रम कार्यान्वयन प्रक्रियामा नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गरिएको छ। शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति तथा सरोकारवालाहरूबाट कार्यक्रमको कार्यान्वयन अवस्था, प्रगति तथा प्रभावकारिताको नियमित समीक्षा गरिन्छ। कार्यक्रम कार्यान्वयनका क्रममा देखिने समस्या, ढिलाइ, स्रोत उपयोगको अवस्था तथा लक्ष्य प्राप्तिको स्तर विश्लेषण गरी आवश्यक सुधारात्मक कदम चाल्ने अभ्यास रहेको छ । विद्यालय शिक्षा क्षेत्रका कार्यक्रमहरूको प्रगति मूल्याङ्कन गर्दा सान्दर्भिकता, उपयुक्तता, दक्षता तथा प्रभावकारितालाई आधार मानिने गरिएको छ। अनुगमन कार्य कार्यक्रम सञ्चालनको क्रममा निरन्तर रूपमा गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सम्पन्न भएपछि परिणाम तथा प्रभावका आधारमा गरिन्छ। यसले शिक्षा क्षेत्रमा गरिएको लगानीलाई पारदर्शी, जवाफदेही तथा नतिजामुखी बनाउन सहयोग पुऱ्याएको छ । विद्यालय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन र मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहनेछ। अनुगमन भन्नाले शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन, वितरण, लगानीको प्रवाह, कार्यक्रम कार्यान्वयन प्रक्रिया, शैक्षिक क्रियाकलापहरू कार्यतालिका अनुसार सञ्चालन भए–नभएको अवस्था, तथा लक्षित प्रतिफल प्राप्तिको अवस्थाबारे नियमित वा आवधिक रूपमा गरिने निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण र जाँचबुझ गर्ने कार्य हो। यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाबारे स्पष्ट जानकारी प्रदान गर्दछ ।

लक्ष्मीपुर पतारी गाउँपालिकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग समन्वय गर्दै शिक्षा योजनाको अनुगमन तथा मूल्याङ्कन गर्दा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्था, दिगो विकास लक्ष्य २०३४ को प्रगति तथा विद्यालय शिक्षा क्षेत्र योजनाका प्रमुख कार्यसम्पादन सूचकहरूको उपलब्धिलाई आधार बनाउने व्यवस्था गरेको छ । मूल्याङ्कन प्रतिफल र प्रभावमा केन्द्रित प्रक्रिया हो। शैक्षिक कार्यक्रमहरूको औचित्यता, सान्दर्भिकता, उपयुक्तता, दक्षता तथा प्रभावकारिताको आधारमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी प्राप्त उपलब्धिको मूल्य निर्धारण गर्ने कार्यलाई मूल्याङ्कन भनिन्छ। अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा निरन्तर रूपमा गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनको क्रममा तथा कार्यक्रम सम्पन्न भएपछि समेत गरिन्छ । अनुगमन तथा मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा गरिएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायी बनाउन महत्वपूर्ण योगदान पुऱ्याउँछ। यसले कार्यक्रम सुधार, नीति परिमार्जन तथा भावी योजना निर्माणका लागि आवश्यक आधारसमेत प्रदान गर्दछ ।

## ८.१ वर्तमान अवस्था

लक्ष्मीपुर पतारी गाउँपालिकामा शिक्षा क्षेत्रको अनुगमन तथा मूल्याङ्कन कार्य शिक्षा, युवा तथा खेलकुद शाखामार्फत सञ्चालन हुँदै आएको छ। विद्यालय शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्न अनुगमन संयन्त्रको व्यवस्था गरिएको छ, जसअन्तर्गत शाखा प्रमुख, प्राविधिक कर्मचारी तथा आवश्यकतानुसार विषयगत विज्ञहरूको सहभागितामा विद्यालय अनुगमन तथा निरीक्षण गरिने अभ्यास रहेको छ । एकीकृत प्रतिवेदन प्रणाली विकास गर्ने प्रयास गरिएको भए तापनि सबै विद्यालय तथा कार्यक्रमलाई पूर्ण रूपमा डिजिटल तथा एकीकृत प्रणालीमा आबद्ध गर्न अझै सुधार आवश्यक छ। विद्यालय तथ्याङ्क तथा कार्यक्रम प्रगति विवरण IEMIS प्रणालीमार्फत अद्यावधिक गर्ने अभ्यास भए पनि नियमितता र गुणस्तरमा एकरूपता देखिँदैन ।

सहभागितामूलक तथा सामूहिक अनुगमन प्रणालीका रूपमा विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा स्थानीय सरोकारवालाको सहभागिता रहने व्यवस्था गरिएको छ। तथापि, सबै विद्यालयमा यो प्रणाली समान रूपमा प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन। अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको प्रयोग विस्तार हुँदै गएको छ, विशेष गरी IEMIS तथा अन्य डिजिटल माध्यम प्रयोग भए पनि प्रविधिको पूर्ण उपयोग, डेटा विश्लेषण र नतिजामुखी प्रयोग अझ प्रभावकारी बनाउन आवश्यक छ । नतिजामा आधारित अनुगमन प्रणालीको अभ्यास सुरु भए तापनि अझै प्रक्रिया–केन्द्रित अनुगमन बढी देखिन्छ। विद्यालय अनुगमन तथा निरीक्षणका क्रममा भौतिक अवस्था, शिक्षक उपस्थिति तथा प्रशासनिक पक्षमा बढी ध्यान दिइने गरिएको छ । शिक्षक सुपरिवेक्षण तथा पेशागत सहयोगका लागि शिक्षा शाखाबाट कोचिङ, कक्षा अवलोकन तथा पृष्ठपोषण दिने अभ्यास रहेको छ, तर नियमितता र प्रणालीगत सुधार आवश्यक देखिन्छ । विद्यार्थी उपलब्धि परीक्षण तथा मूल्याङ्कन विद्यालय तहमा गरिँदै आएको भए पनि एकरूप मानक परीक्षण प्रणालीको कमी छ। यसले सिकाइ उपलब्धिको तुलनात्मक विश्लेषण गर्न चुनौती सिर्जना गरेको छ।

**अनुगमन तथा मूल्याङ्कन सम्बन्धी चुनौतीहरू**

- तीनै तहका सरकारबीच अनुगमन र मूल्याङ्कनमा पर्याप्त सहकार्य र समन्वय नहुनुका कारण एकीकृत प्रतिवेदन प्रणाली विकास हुन नसक्नु।
- स्थानीय स्तरमा शैक्षिक अनुगमन तथा मूल्याङ्कनका मापदण्ड, मापनयोग्य सूचक तथा उपकरण विकास गर्न आवश्यक दक्ष जनशक्ति तथा अनुगमनकर्ताको अभाव हुनु।
- अनुगमन कार्यलाई योजनाबद्ध, नियमित र एकरूप बनाउन पर्याप्त साधन स्रोत तथा संस्थागत प्रबन्ध नहुनु।
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको प्रभावकारी उपयोग गर्ने प्रणाली विकास नहुनु र प्रतिवेदन व्यवस्थापन कमजोर हुनु।
- शासकीय संरचना परिवर्तनसँगै विद्यालय निरीक्षण तथा सुपरिवेक्षण कार्य पर्याप्त रूपमा संस्थागत र निरन्तर नहुनु।
- अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वासनीय बनाउन आवश्यक प्रणालीगत सुधार नहुनु।

### ८.२ उद्देश्य

**अनुगमन तथा मूल्याङ्कनमा देखिएका चुनौतीहरुलाई न्यून गरि प्रभावकारी बनाउन निम्न बमोजिमको उद्देश्यहरु शिक्षा योजनाले लिएको छ ।**

१. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।
२. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।
३. प्रभावकारी अनुगमन प्रणालीको विकास गर्नु।
४. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

### ८.३ रणनीतिहरू

उपर्युक्त उद्देश्यहरू हासिल गर्न लक्ष्मीपुर पतारी गाउँपालिकाले अपनाउने रणनीतिहरू देहायअनुसार रहनेछन्–

१. कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) सञ्चालनमा ल्याउने।
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत रूपमा अवलम्बन गर्ने ।
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित, मानकीकृत र नियमित बनाउने ।
४. कक्षाकोठा स्तरीय सिकाइ अनुगमन, कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण तथा प्रतिवेदन प्रणाली सुदृढ गर्ने।
५. विद्यालय तथा शिक्षक सुपरिवेक्षणका लागि पेशागत सहयोग प्रणाली स्थापना तथा सुदृढीकरण गर्ने।

६. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजनाहरूको नियमित, मध्यावधि तथा अन्तिम मूल्याङ्कन प्रणाली संस्थागत गर्ने।
७. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ बमोजिम कार्यान्वयनको अवस्था नियमित रूपमा अनुगमन गरी स्थानीय तहमा प्रतिवेदन पेस गर्ने व्यवस्था गर्ने ।

## ८.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणाली विकास भएको हुने।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन भएको हुने।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरू समाधान भई अपेक्षित उपलब्धि हासिल भएको हुने।

**नतिजा**

योजनाको कार्यान्वयनका प्राप्त हुने नतिजाहरु देहाय बमोजिमको हुने छ ।

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ।
२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापना भई योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

## ८.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाउने देहाय बमोजिमका क्रियाकलाप र परिमाणात्मक लक्ष्यहरु देहायको तालिकामा उल्लेख गरिएको छ ।

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार गर्ने | पटक | | १ | | | | १ | गाउँपालिका |
| २ | अनुगमन तथा मुल्यांकन संयन्त्रको निर्माण | पटक | १ | | | | | | गाउँपालिका |
| ३ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू अध्यावधिक गर्ने | पटक | | १ | १ | १ | १ | २ | गाउँपालिका |
| ४ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | पटक | ३ | ४ | ५ | ५ | ५ | १० | गाउँपालिका,प्रदेश र संघ विद्यालयमा |
| | कार्यक्रम कार्यान्वयनको चौमासिक समीक्षा र प्रतिवेदन (चौमासिक /वार्षिक) | पटक | ४ | ४ | ४ | ४ | ४ | ४ | गाउँपालिका र विद्यालय |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | विद्यालय |
| ६ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | पटक | ० | २ | २ | २ | २ | १२ | गाउँपालिका |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | ० | ३ | ३ | ३ | ३ | २४ | गाउँपालिका |
| ८ | विद्यालयको लेखा परीक्षण तथा सामाजिक लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका र विद्यालय |

तालिका नं 39 स्थानिय शिक्षाक्षेत्रको योजना कार्यान्वयन पश्चात प्राप्त प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

## **अनुसुची १ : योजनाको लेखाजोखा तथा सुझाव पत्र**

श्री गाउँपालिका अध्यक्षज्यू
लक्ष्मीपुर पतारी गाउँपालिकाक

**विषयः विद्यालय शिक्षा क्षेत्र योजना सम्बन्धी नागरिक समाज तथा शिक्षाविद्हरूका टिप्पणी एवं सुझाव पेश गरिएको सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा "Civil Society Empowerment for Accountable Education" परियोजना अन्तर्गत शिक्षामा जवाफदेहिता प्रवर्द्धनका लागि स्थापित नागरिक समाज संगठनहरूको सञ्जाल "मधेश सिकाइ समूह–१" तथा शिक्षाविद्हरूको तर्फबाट संयुक्त रूपमा तयार गरिएको लक्ष्मीपुर पतारी गाउँपालिका को "विद्यालय शिक्षा क्षेत्र योजना " सम्बन्धी टिप्पणी तथा सुझावहरू यसै साथ पेश गरिएको व्यहोरा विनम्रतापूर्वक अनुरोध गर्दछौं।

उक्त सुझावहरू तयार गर्ने क्रममा दुई दिने कार्यशाला सञ्चालन गरिएको थियो। कार्यशालामा "स्थानीय तहको शिक्षा योजना विश्लेषण रूपरेखा" तथा "शिक्षा क्षेत्र योजना" का प्रमुख सूचकहरूको गहन अध्ययन, छलफल तथा विश्लेषण गरिएको थियो। सो प्रक्रियामा नागरिक समाज संगठन, शिक्षाविद्, सामाजिक अभियन्ता तथा शिक्षा सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो।

हामी सबैको साझा प्रयासबाट तयार गरिएको यस विश्लेषण तथा सुझावहरूले गाउँपालिकाको हालको विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan–SESP) लाई अझ प्रभावकारी, समावेशी, उत्तरदायी तथा बालमैत्री बनाउँदै आवश्यक परिमार्जन तथा अद्यावधिक गर्न सहयोग पुग्ने विश्वास लिएका छौं।

विशेषगरी समावेशी शिक्षा, गुणस्तरीय सिकाइ, प्रविधिमैत्री शिक्षण, अपाङ्गता तथा सीमान्तकृत समुदायमैत्री शैक्षिक वातावरण, शिक्षक व्यवस्थापन, विद्यालय पूर्वाधार, संकटकालीन शिक्षा तथा संस्थागत सुदृढीकरणका विषयहरूलाई प्राथमिकताका साथ समेटिएको छ।

नेपालको संविधान २०७२ ले सुनिश्चित गरेको शिक्षासम्बन्धी मौलिक हकको व्यवहारिक कार्यान्वयनका लागि स्थानीय सरकारको भूमिका अत्यन्त महत्वपूर्ण रहेको सन्दर्भमा प्रस्तुत सुझावहरूलाई शिक्षा नीति, योजना तथा कार्यक्रम निर्माण प्रक्रियामा समावेश गरिने अपेक्षा राखेका छौं।

बालबालिकाको समग्र विकास, गुणस्तरीय शिक्षा तथा समतामूलक पहुँच सुनिश्चित गर्न गाउँपालिकासँग सहकार्य गर्दै अगाडि बढ्न मधेश सिकाइ समूह–१ सदैव प्रतिबद्ध रहेको व्यहोरा समेत अवगत गराउन चाहन्छौं।

सहकार्य तथा समन्वयका लागि हार्दिक धन्यवाद।

**तपशिलः**

| **क्र.सं.** | **मधेश सिकाइ समूह सदस्यको नाम** | **आबद्ध संस्था** |
|---|---|---|
| १ | सुजित कुमार चौधरी | भवानीपुर एकीकृत विकास केन्द्र, भवानीपुर |
| २ | पार्वती सुब्बा | होप फाउन्डेसन नेपाल, लहान |

| **क्र.सं.** | **मधेश सिकाइ समूह सदस्यको नाम** | **आबद्ध संस्था** |
|---|---|---|
| ३ | बहादुर सदाय | दलित जनकल्याण युवा क्लब, लहान |
| ४ | गोपाल चौधरी | समग्र जनउत्थान केन्द्र, लहान |
| ५ | सूर्य नारायण राम | दलित संरक्षण अभियान मञ्च, बस्तीपुर |
| ६ | देवकुमारी महरा | मुक्ति नेपाल, गोलबजार |
| ७ | बबिता महरा | दलित विकास मञ्च, गोलबजार |
| ८ | राम जतन साफी | जिल्ला अपाङ्ग केन्द्र समग्र, सिराहा |
| ९ | सत्यनारायण चौधरी | नाटकीय कला परिषद्, लहान |
| १० | रुपेश पासवान | सामाजिक उत्थान कल्याण संघ |
| ११ | रमलेश शर्मा | महोत्तरी दलित जनजाति उत्थान संघ |
| १२ | मुकेश थापा | सामुदायिक विकास र पैरवी मञ्च, बर्दिबास |
| १३ | भिमबहादुर आले | समृद्ध नेपाल |
| १४ | गोविन्द बिष्ट | जिल्ला गैरसरकारी संस्था महासंघ, सिराहा |
| १५ | दिपेश चौधरी | जनजागृति विकास केन्द्र, गोलबजार |
| १६ | विन्देश्वर राम | दलित समाज सेवा संघ, लहान |

## लक्ष्मीपुर पतारी गाउँपालिका को विद्यालय शिक्षा क्षेत्र योजना सम्बन्धी नागरिक समाज तथा शिक्षाविद्हरूका सुझावहरू

नेपालको संविधान २०७२ को धारा ३१ ले प्रत्याभूत गरेको शिक्षासम्बन्धी मौलिक हकको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्र योजनामा आवश्यक परिमार्जन तथा सुधार गरिनुपर्ने आवश्यकता देखिएको छ।

“स्थानीय तहको शिक्षा योजना विश्लेषण रूपरेखा” तथा “शिक्षा क्षेत्र योजना” को अध्ययन तथा विश्लेषणका आधारमा मधेश सिकाइ समूह–१ तथा शिक्षाविद्हरूद्वारा निम्न सुझावहरू प्रस्तुत गरिएको छः

### १. प्रारम्भिक बाल विकास तथा शिक्षा (ECED)

- बालविकास केन्द्रका सहजकर्ताहरूको पदीय स्पष्टता गरी योग्यता अनुसार उचित पारिश्रमिकसहित शिक्षक व्यवस्थापन गर्नुपर्ने।
- दलित तथा सीमान्तकृत समुदायका अभिभावकहरूलाई नियमित सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- पोषणयुक्त दिवा खाजा, शुद्ध खानेपानी तथा मातृभाषामा आधारित शिक्षण सुनिश्चित गर्नुपर्ने।

- बालविकास केन्द्रमा पर्याप्त शैक्षिक सामग्री उपलब्ध गराउनुपर्ने।

**२. आधारभूत शिक्षा**

- विद्यालय बाहिर रहेका बालबालिकाको सर्वेक्षण गरी पुनःभर्ना अभियान सञ्चालन गर्नुपर्ने।
- Portfolio-based मूल्याङ्कन तथा एकीकृत पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षक क्षमता विकास गर्नुपर्ने।
- अपाङ्गता भएका बालबालिकालाई विद्यालय पहुँचमा ल्याउन विशेष नीति लागू गर्नुपर्ने।

**३. माध्यमिक शिक्षा**

- सबै माध्यमिक विद्यालयमा आगामी पाँच वर्षभित्र STEAM ल्याब स्थापना गर्नुपर्ने।
- बालमैत्री, अपाङ्गमैत्री तथा समावेशी विद्यालय वातावरण सुनिश्चित गर्नुपर्ने।
- विद्यालय छाडेका तथा विपन्न समुदायका बालबालिकालाई सीपमूलक तथा जीविकोपार्जनमुखी शिक्षासँग जोड्नुपर्ने।
- योग्य विषयगत शिक्षकको सुनिश्चितता तथा नियमित क्षमता विकास गर्नुपर्ने।

**४. समावेशीकरण तथा समता**

- लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई समेट्ने समावेशी रणनीति निर्माण गर्नुपर्ने।
- विद्यालयमा GEDSI तथा गुनासो सुनुवाइ समिति गठन गर्नुपर्ने।
- अपाङ्गता भएका बालबालिकाका लागि छात्रावाससहित निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने।
- सबै विद्यालयमा अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री शौचालय सुनिश्चित गर्नुपर्ने।

**५. शिक्षक व्यवस्थापन तथा विकास**

- विद्यार्थी–शिक्षक अनुपात अनुसार दरबन्दी व्यवस्थापन गर्नुपर्ने।
- शिक्षक व्यवस्थापनमा दलित, महिला तथा अल्पसंख्यक समुदायलाई प्राथमिकता दिनुपर्ने।
- ICT, आधुनिक शिक्षण विधि तथा मूल्याङ्कन प्रणालीसम्बन्धी दीर्घकालीन तालिम सञ्चालन गर्नुपर्ने।

**६. प्रविधिको प्रयोग**

- सबै विद्यालयलाई प्रविधिमैत्री बनाउँदै स्मार्ट बोर्ड, इन्टरनेट तथा डिजिटल सामग्रीको व्यवस्था गर्नुपर्ने।
- शिक्षकहरूलाई ICT सम्बन्धी व्यवहारिक तालिम उपलब्ध गराउनुपर्ने।
- अपाङ्गता भएका बालबालिकाको पहुँच वृद्धि गर्न सहायक प्रविधि प्रयोग गर्नुपर्ने।

**७. आपतकालीन तथा संकटमा शिक्षा**

- आपतकालीन अवस्थामा अनलाइन तथा वैकल्पिक सिकाइ प्रणाली सञ्चालन गर्नुपर्ने।
- "Free Wi-Fi Palika" कार्यक्रम लागू गर्नुपर्ने।
- विपद् तथा महामारीका समयमा मनोसामाजिक परामर्श तथा सुरक्षित सिकाइ केन्द्रको व्यवस्था गर्नुपर्ने।
- जलवायु परिवर्तन तथा हरित विद्यालय अवधारणालाई कार्यान्वयन गर्नुपर्ने।

**८. संस्थागत संरचना तथा कार्यान्वयन**

- विद्यालय शिक्षा क्षेत्र योजना (SESP) लाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने।
- वडा स्तरीय शिक्षा समिति गठन गर्नुपर्ने।
- SMC/PTA को क्षमता अभिवृद्धि तथा नियमित अद्यावधिक गर्नुपर्ने।
- निजी क्षेत्र तथा नागरिक समाजसँग स्रोत परिचालन तथा सहकार्य रणनीति निर्माण गर्नुपर्ने।

**थप सुझावहरू**

- समावेशी शिक्षालाई गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा प्राथमिकतासहित समावेश गर्नुपर्ने।
- अपाङ्गता भएका तथा सीमान्तकृत बालिकाका लागि लक्षित बजेट व्यवस्था स्पष्ट गर्नुपर्ने।
- दिवा खाजा कार्यक्रमअन्तर्गत अपाङ्गता भएका बालबालिकाका लागि “Safety Corner” को व्यवस्था गर्नुपर्ने।
- विद्यार्थी संख्या अनुसार सुविधायुक्त भौतिक संरचना तथा शिक्षक व्यवस्थापन सुनिश्चित गर्नुपर्ने।
- सीमान्तकृत समुदायका बालबालिकाका लागि सीपमूलक तथा जीविकोपार्जनमुखी विशेष प्याकेज कार्यक्रम सञ्चालन गर्नुपर्ने।

**बोधार्थ:**

१. गाउँपालिका उपाध्यक्ष – श्री अमरकला यादव

२. प्रमुख प्रशासकीय अधिकृत – श्री अशोक कुमार सिंह

३. शिक्षा शाखा प्रमुख – श्री रामबालक पासमान

## अनुसूची २: स्थानीय शिक्षा योजनाको ढाँचा

**स्थानीय शिक्षा योजनाको ढांचा**

**हाम्रो भनाई**

**योजनाको साराँश**

१. विषय प्रवेश

२. शिक्षा योजना निर्माणको आवश्यक्ता र औचित्य

३. स्थानिय तहमा शिक्षा योजना निर्माणको औचित्य

४. शिक्षा योजना निर्माणको आधार

५. शिक्षा योजना निर्माण प्रकृया

६. योजनाको लेखाजोखा

७. योजनाको दस्तावेजको स्वरुप

**परिच्छेद १ : परिचय**

१.१ वर्तमान अवस्था

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

१.३ शिक्षा क्षेत्रका चुनौतीको क्धइत् विश्लेषण

१.४ अवसरहरु

**परिच्छे २ : दूरदृष्टी, उद्धेश्य, रणनिति तथा लक्ष्य निर्धारण**

२.१ स्थानिय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधारहरु

२.२ दूरदृष्टि

२.३ लक्ष्य

२.४ उद्धेश्य

२.५ रणनिति

२.६ कार्यनिति

२.७ उपेक्षित उपलब्धी

२.८ मुख्य कार्य सम्पादन सुचक र लक्ष्य निर्धारण

**परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र**

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.२ आधारभुत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाई

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याँकन

४.२ शिक्षक व्यवस्थापन र विकास

४.३ शिक्षामा समता र समावेशीकरण

४.४ विद्यालय पोषण तथा स्वस्थ्य कार्यक्रम

४.५ विद्यालय सुरक्षा, विपत् न्युनिकरण तथा उत्थानशीलता

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.७ विद्यालयमा सुचना तथा सञ्चार प्रविधि

**परिच्छेद ५ अन्य उपक्षेत्र**

**५-१** उच्च शिक्षा

**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन**

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

६.२ स्थानिय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

**परिच्छेद ७ लगानी र श्रोत व्यवस्थापन**

**परिच्छेद ८ : अनुगमण तथा व्यवस्थापन**

## अनुसुची ३ विद्यालयको विद्यमान समस्या तथा तिनका मुख्य कारण र असरको विश्लेषण

लक्ष्मीपुर पतारी गाउँपालिकाको विद्यालयको वर्तमान शिक्षाक्षेत्रको समस्या तिनका मुख्य कारण र असर

| क्र.सं. | बिबरण | विस्तृतकरण |
|---|---|---|
| १. | मुख्य समस्या | • प्रारम्भिक बालविकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु।<br>• नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।<br>• बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।<br>• इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुऱ्याउनु।<br>• भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु। |

| | | |
|---|---|---|
| | | • प्रकोप तथा जोखिम को समयमा सिकाई निरन्तरतामा कठिनाई हुनु ।<br>• आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रूपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु ।<br>• व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु ।<br>• व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु ।<br>• सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु । |
| २ | कारण | |
| ३. | असर | • विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वाधारका रूपमा रहन सक्ने ।<br>• स्थानीय पाठयक्रम तथा पाठ्यपुस्तकको ब्यबस्थानमा स्थनीय निकाय अग्रसर रहेको ।<br>• सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकारात्मक जनमत रहेको ।<br>• विकासको लक्ष्य प्रप्तिकालागि द्वीपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको ।<br>• शैक्षिक अभियन्ताहरूको अग्रसरता रहेको ।<br>• सुचना तथा संचार प्रविधिको बिस्तारको लागि स्थानीय निकाय सकारात्मक रहेको ।<br>• शिक्षकको ब्यबस्थापन तथा बिषयगत शिक्षक ब्यबस्थापनमा स्थानीय तहको अग्रसरता रहेको।<br>• शिक्षामा स्थानीय सरकारको राजनीतिक रूपमा सहभागी देखिएको । |

## अनुसुची ४ स्थानिय शिक्षा क्षेत्र योजना लेखाजोखा विवरण

| क्र.सं. | लेखाजोखाका पक्ष | विश्लेषण |
|---|---|---|
| १ | **नेतृत्व तथा सहभागिता** (Leadership and Participation) | विद्यालय शिक्षा क्षेत्र योजना निर्माण प्रक्रियामा गाउँपालिकाको नेतृत्व सक्रिय रहेको देखिन्छ। योजना निर्माणमा शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, नागरिक समाज, शिक्षाविद् तथा अन्य सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता रहेको थियो। योजना निर्माण प्रक्रिया छलफल, कार्यशाला तथा परामर्शमा आधारित भएकाले प्रक्रिया सहभागीमूलक तथा पारदर्शी रहेको देखिन्छ। |
| २ | **पर्याप्तता र सान्दर्भिकता** (Adequacy and Relevance) | योजनामा समावेश गरिएका रणनीति, कार्यक्रम तथा क्रियाकलापहरूले स्थानीय शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीहरूलाई सम्बोधन गर्ने प्रयास गरेका छन्। विद्यालय बाहिर रहेका बालबालिका, समावेशी शिक्षा, ICT, शिक्षक व्यवस्थापन, विद्यालय पूर्वाधार तथा सिकाइ उपलब्धि सुधारका कार्यक्रमहरू स्थानीय आवश्यकता र सन्दर्भसँग मेल खाने प्रकृतिका छन्। |
| ३ | **समता, दक्षता तथा गुणस्तर** (Equity, Efficiency and Quality) | योजनाले समतामूलक पहुँच, समावेशी शिक्षा तथा गुणस्तरीय सिकाइलाई प्राथमिकता दिएको छ। दलित, महिला, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको पहुँच सुनिश्चित गर्ने नीति तथा कार्यक्रम समावेश गरिएको छ। शिक्षक क्षमता विकास, ICT प्रयोग तथा बालमैत्री सिकाइ वातावरणमार्फत सिकाइ उपलब्धि सुधार गर्ने लक्ष्य राखिएको छ। |
| ४ | **अन्तरसम्बन्ध र तादात्म्य** (Coherence) | शिक्षा योजना कृषि, स्वास्थ्य, पूर्वाधार विकास तथा सामाजिक विकाससँग अन्तरसम्बन्धित देखिन्छ। विद्यालय स्वास्थ्य, पोषण, हरित विद्यालय, विपद् व्यवस्थापन तथा सीपमूलक शिक्षाजस्ता कार्यक्रमहरूले |

| | | |
|---|---|---|
| | | बहुक्षेत्रीय समन्वयलाई प्राथमिकता दिएका छन्। योजना राष्ट्रिय शिक्षा नीति, SESP तथा दिगो विकास लक्ष्य (SDGs) सँग तादात्म्यता राख्दछ। |
| ५ | **सम्भाव्यता तथा कार्यान्वयनयोग्यता** | योजनामा प्रस्ताव गरिएका कार्यक्रमहरू व्यवहारिक तथा चरणबद्ध रूपमा कार्यान्वयन गर्न सकिने प्रकृतिका छन्। स्थानीय आवश्यकता, जनसंख्या, जातीय तथा भाषिक विविधतालाई ध्यानमा राखेर योजना तयार गरिएको छ। तथापि प्रविधि, वित्तीय स्रोत तथा दक्ष जनशक्तिको अभाव केही चुनौतीका रूपमा देखिन्छ। |
| ६ | **स्रोतको प्रबन्ध** | योजनामा विभिन्न कार्यक्रम तथा क्रियाकलाप सञ्चालनका लागि संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका, विकास साझेदार तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी गर्ने व्यवस्था गरिएको छ। बजेट तथा कार्यक्रमबीच तालमेल गर्ने प्रयास गरिएको भए पनि दीर्घकालीन स्रोत व्यवस्थापनलाई अझ सुदृढ गर्न आवश्यक देखिन्छ। |
| ७ | **संस्थागत क्षमता** | शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति (SMC), PTA तथा शिक्षकहरूको क्षमता विकासका कार्यक्रम समावेश गरिएको छ। ICT तालिम, नेतृत्व विकास, GEDSI तथा शैक्षिक व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमहरूले संस्थागत सुदृढीकरणमा सहयोग पुऱ्याउने देखिन्छ। |
| ८ | **कार्यान्वयनमा तत्परता** | योजना कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना, बजेट तथा कार्यक्रम तयार गर्ने व्यवस्था गरिएको छ। स्थानीय तह, विद्यालय तथा समुदायबीच सहकार्य र अपनत्व कायम गर्ने प्रयास गरिएको छ। योजना कार्यान्वयनका लागि जिम्मेवार निकायहरूको भूमिका स्पष्ट गरिएको देखिन्छ। |
| ९ | **तथ्याङ्क विश्लेषण र प्रक्षेपण** | योजनामा शैक्षिक सूचक, विद्यार्थी संख्या, विद्यालय संख्या, शिक्षक–विद्यार्थी अनुपात, विद्यालय बाहिर रहेका बालबालिकाको अवस्था लगायतका तथ्याङ्क प्रयोग गरिएको छ। तथ्यमा आधारित योजना निर्माण गर्ने प्रयास गरिएको भए पनि तथ्याङ्क अद्यावधिक तथा विश्लेषण प्रणालीलाई अझ प्रभावकारी बनाउन आवश्यक देखिन्छ। |
| १० | **अनुगमन तथा प्रतिवेदन** | योजनामा अनुगमन तथा मूल्याङ्कन संयन्त्र, जिम्मेवारी तथा प्रतिवेदन प्रणालीको व्यवस्था गरिएको छ। नियमित अनुगमन, सामाजिक परीक्षण तथा प्रगति प्रतिवेदन प्रणालीलाई समावेश गरिएको छ। तथापि अनुगमन सूचक तथा नतिजामूलक मूल्याङ्कन प्रणालीलाई अझ व्यवस्थित गर्न आवश्यक देखिन्छ। |

## अनुसूची ५ लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा क्षेत्रका (SWOT) विश्लेषण

शिक्षा क्षेत्रका सबल पक्ष, कमजोरी, अबसर, चुनौती (SWOT) विश्लेषण

| **शिक्षा क्षेत्रका सबल पक्षहरु** | **शिक्षा क्षेत्रका सुधार गर्ने पक्षहरु** |
|---|---|
| लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा क्षेत्रका सबल पक्षहरु यस प्रकार रहेका छन् :<br>१. यस नगरपालिकामा सबै वडाहरुमा बिधालय रहेकाछन ।<br>२. शिक्षकहरुको सहभागिता र सक्रियता राम्रो छ ।<br>३. प्राय सबै बिधालय मा बलविकास केन्द्र रहेको छ ।<br>४. प्राबिधिक धारका बिधालयहरु सन्चालनमा रहेकाछन ।<br>५. दक्ष शिक्षकहरुको उपलब्धता तथा स्थनीयद्वारा शिक्षक क्षेमता बिकासका लागि विभिन्न तालिम संचालन ।<br>६. दिवा खाजा जसलेगर्दा बालबालिकाहरुकोस स्वास्थ्य तथा बिध्यलायामा उपस्थिति बृधि ।<br>७. शैक्षिक कयालेंदर निर्माण तथा सोहि अनुशर शैक्षिक क्रियाकलाप संचालन ।<br>८. धेरैजसो बाल विकास केन्द्रहरुमा शैक्षिक सामग्रीहरुको उपलब्धता रहेकोछ । | १. बिधालयमा बालबालिकाको निरन्तरता र टिकाउको लागि बिधालय ब्यबस्थापनलाई सक्रिय बनाउन र स्थानीय तहबाट निरन्तर अनुगनमा जोड ।<br>२. बिधालयमा खाजा ब्यबस्थापन भएपनि त्यसको गुणस्तर र स्थानीय परिबेस अनुसार बनाउन र अनुगणमा गर्नु पर्ने ।<br>३. स्थानीय तहको साक्षरता दरमा बृधि गर्न यस पालिका ले ध्यान केन्द्रित गर्नु पर्ने ।<br>४. प्रारम्भिक कक्षाको सिकाई उपलब्धिलाई बढाउन पहल गर्नु पर्ने ।<br>५. स्थानीय तहले सिक्षा क्षेत्रको बजेट बढाउन जोड दिनु पर्ने ।<br>६. बहुभाषिक कक्षामा संचालमा जोड दिनुपर्ने ।<br>७. स्थानीय पत्यक्रम ल्पुरना रुपमा संचालनमा ल्याउनु पर्ने ।<br>८. अभिभाबकहरुको बिद्यालय क्रियाकलापमा सहभागिता मा जोड । |

| | |
|---|---|
| ९. लक्ष्मीपुर गाउँपालिकाको कुल साक्षरता दर ६७.५ प्रतिशत रहेको छ। | ९. अपन्गमैत्री तथा लैगिक मैत्यी भैतिक पूर्वाधारमा जोड।<br>१०.बालमैत्री तथा भयरहित वाताबरण र गुणस्तरीय सिकाई तथा अतिरिक्त क्रियाकलापमा जोड।<br>११. प्रकोप तथा जोखिम को समयमा सिकाई निरन्तरतामा जोड। |
| **शिक्षा क्षेत्रका अबसरहरु**<br>१. संबैधानिक प्राबधान अनुसार यस नगरपालिकाले शिक्षाको विकास गर्न तत्पर रहेको।<br>२. पालिकाले शिक्षा सम्बन्धि नितिगत ब्यबस्था गर्न प्रयासरत रहेको ।<br>३. यस पालिकाले शिक्षा सम्बन्धि बजेट बिनियोजन गर्न शुरुवात गरेको।<br>४. यो नगरपालि भित्र शिक्षा क्षेत्रको विकास गर्न सहज रहेको।<br>५. भौगोलिक रुपमा सुगमताका साथै प्रत्येक वडामा बिद्यालय संचालन रहेको ।<br>६. यस पालिकामा उच्च शिक्षा संचालनमा रहेको।<br>**७.** यस नगरपालिकामा शिक्षा क्षेत्रमा बिभिन्न संघ सस्थाहरु कार्यरत रहेको। | **शिक्षाक्षेत्रको प्रमुख चुनौतिहरु**<br>लक्ष्मीपुर गाउँपालिका समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन् -<br>१. प्रारम्भिक बालविकास केन्द्र कक्षाको समायोजन तथा/ पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालननहुनु।<br>२. नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण नभएको।<br>३. बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माणमा सुधारको आवश्यक छ।<br>४. इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा भए पनि समुचित प्रयोग नहुनु।<br>५. भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण आबश्यक रहनु ।<br>६. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।<br>७. व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु पर्ने।<br>८. व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु पर्ने।<br>९. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।<br>१०.शिक्षकको व्यवस्थापन, विषयगत शिक्षकको प्रयाप्ता साथै दरवन्दी मिलान गरेर शिक्षक र प्रधनाध्यापकको व्यवस्थापन गर्नु पर्ने।<br>११.बिद्यालय ब्यबस्थापन तथा शिक्षक अभिभाबक संघ गठनमा बाह्यहस्तक्षेप हुनु।<br>१२.सामुदायिक बिद्यालय प्रति अभिभाबकहरुको सक्रियता न्यून हुनु ।<br>१३. प्रतिबिधार्थी खाजाको दर न्यून हुनु र दिवाखाजा कम्तिमा आधारभूत तह सम्म ब्यबस्थापन गर्नुपर्ने। |

## अनुसूची ५ शिक्षाक्षेत्रको योजना निर्माणका लागि नीतिगत दस्तावेज

शिक्षासँग सम्बन्धित ऐन, नियम, निर्देशिका लगायतका नीतिगत दस्तावेजहरूको सूची

१. शिक्षा ऐन, २०२८ (संशोधनसहित)
२. शिक्षा नियमावली, २०५९ (संशोधनसहित)
३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५
४. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७
५. सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८
६. अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका, २०७५
७. पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
८. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी निर्देशिका, २०६९
९. नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७४
१०. बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा सञ्चालनसम्बन्धी मापदण्ड, २०८०
११. विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०८०
१२. विशेष कारणको अवस्थामा रहेका शिक्षकहरूको व्यवस्थापनसम्बन्धी निर्देशिका, २०८०
१३. शिक्षक पेशागत विकास प्रारूप, २०८०
१४. शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८०
१५. विद्यालय सुपरिवेक्षण तथा पेशागत सहायता निर्देशिका, २०८०
१६. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०
१७. विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८
१८. अनलाइन शिक्षक तालिम कार्यविधि, २०७७
१९. बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५
२०. स्यानीटरी प्याडसम्बन्धी कार्यविधि, २०७६
२१. गुनासो सुनुवाइ कार्यविधि, २०७४ (संशोधनसहित)
२२. किशोरकिशोरी मैत्री सूचना कक्ष सञ्चालन नमुना कार्यविधि, २०७७
२३. विद्यालयमा सञ्चार सञ्जालीकरण कार्यविधि, २०७७
२४. कार्यक्रम कार्यान्वयन पुस्तिका (शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रत्येक वर्ष विकास हुने)
२५. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४
२६. गुनासो सुनुवाइ कार्यविधि, २०७४ (संशोधनसहित)
२७. किशोरकिशोरी मैत्री सूचना कक्ष सञ्चालन नमुना कार्यविधि, २०७७
२८. विद्यालयमा सञ्चार सञ्जालीकरण कार्यविधि, २०७७
२९. कार्यक्रम कार्यान्वयन पुस्तिका (केन्द्र, प्रदेश, जिल्ला तथा स्थानीय तहका लागि वार्षिक रूपमा विकास गरिने)
३०. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४
३१. स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९
३२. विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन निर्देशिका, २०६९ (संशोधनसहित)
३३. व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३
३४. शिक्षक दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७४
३५. परम्परागत शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८

नीति, रणनीति र पुस्तिका

१. दिगो विकास लक्ष्य, २०३० तथा राष्ट्रिय कार्यढाँचा
२. राष्ट्रिय शिक्षा नीति, २०७६
३. शिक्षाको सोचपत्र, २०७९
४. विद्यालय शिक्षा क्षेत्र योजना, २०२२–२०३२

५. बृहत् विद्यालय सुरक्षा सञ्चार रणनीति, २०७५
६. विद्यालय शिक्षाको एकीकृत समता रणनीति, २०१४
७. बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति, २०८०
८. बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७
९. प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (संशोधनसहित)
१०. विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०८०
११. सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६
१२. विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका, २०८०
१३. अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०८०

केही अन्तरसम्बन्धित विषयक्षेत्रसँग सम्बन्धित मुख्य नीतिगत व्यवस्थाहरू

दफा ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलतासँग सम्बन्धित नीतिगत व्यवस्था

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ अनुसार प्रदेश तथा स्थानीय तहमा विपद् उत्थानशीलता सम्बन्धी संयन्त्रको व्यवस्था गरिएको छ।
- विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजीकरण समिति तथा स्थानीय तहमा विद्यालय पूर्वाधार विकास समिति गठन गर्ने व्यवस्था रहेको छ।
- भयरहित शिक्षण सिकाइ निर्देशिका, २०६७ ले बालबालिकालाई शारीरिक तथा मानसिक सजाय, उत्पीडन तथा यौन दुर्व्यवहारबाट मुक्त सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्ने व्यवस्था गरेको छ।
- विद्यालय शान्तिक्षेत्र राष्ट्रिय कार्यढाँचा तथा कार्यान्वयन निर्देशिका, २०६८ अनुसार विद्यालयलाई हिंसा, राजनीतिक प्रभाव, विभेद तथा दुर्व्यवहारमुक्त क्षेत्रका रूपमा विकास गर्ने व्यवस्था गरिएको छ।
- बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ ले समावेशीकरण, लैङ्गिक समानता, स्वास्थ्य, सुरक्षा तथा संरक्षणलाई विद्यालय व्यवस्थापनको आधार मानेको छ।
- विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति, २०७१ ले समतामूलक तथा समावेशी शिक्षामा जोड दिएको छ।
- बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज, २०१८ ले विद्यालय विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताका न्यूनतम मापदण्ड निर्धारण गरेको छ।
- बृहत् विद्यालय सुरक्षा गुरुयोजना, २०१७ तथा बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०१८ ले विद्यालय सुरक्षाका न्यूनतम उपाय, विपद्पछिको शिक्षाको निरन्तरता तथा जोखिम न्यूनीकरणसम्बन्धी व्यवस्था गरेको छ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह गठन तथा सञ्चालन निर्देशिका, २०८० ले आपतकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि समन्वय तथा सहकार्यको व्यवस्था गरेको छ।
- दिगो विकास लक्ष्य, २०३०, राष्ट्रिय शिक्षा नीति, २०७६ तथा विद्यालय शिक्षा क्षेत्र योजना, २०२२–२०३२ ले सुरक्षित विद्यालय, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशील शिक्षामा विशेष जोड दिएका छन्।

दफा ४.६ विद्यालय भौतिक पूर्वाधार विकाससँग सम्बन्धित नीतिगत व्यवस्था

- सुरक्षित भवन, पर्याप्त कक्षाकोठा, खेलमैदान, शौचालय, खानेपानी, पुस्तकालय तथा प्रयोगशाला विद्यालयका आधारभूत भौतिक संरचनाका रूपमा निर्धारण गरिएको छ।
- शिक्षा नियमावली, २०५९ अनुसार प्रारम्भिक बालविकास तथा आधारभूत तहमा प्रति विद्यार्थी ०.७५ वर्गमिटर र माध्यमिक तहमा प्रति विद्यार्थी १ वर्गमिटर क्षेत्रफलको मापदण्ड तोकिएको छ।

- राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालय भवन, पुस्तकालय, प्रयोगशाला, खानेपानी, सरसफाइ तथा सुरक्षित पूर्वाधार निर्माणमा जोड दिएको छ।
- विद्यालयका सम्पूर्ण भौतिक संरचनालाई विपद् जोखिममुक्त, सुरक्षित, बालमैत्री तथा हरित विद्यालयका रूपमा विकास गर्ने नीति अवलम्बन गरिएको छ।

दफा ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित नीतिगत व्यवस्था

- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट शिक्षण सिकाइ प्रभावकारी, सान्दर्भिक तथा विद्यार्थी–मैत्री बनाउने नीति अवलम्बन गरिएको छ।
- शिक्षामा डिजिटल पहुँच विस्तार गरी डिजिटल विभाजन कम गर्ने तथा शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधि गुरुयोजना, २०१३–२०१७ ले पूर्वाधार विकास, मानव स्रोत विकास, डिजिटल सामग्री निर्माण तथा शैक्षिक व्यवस्थापन सुधारलाई प्राथमिकता दिएको छ।
- राष्ट्रिय शिक्षा नीति, २०७६ तथा विज्ञान तथा प्रविधिसम्बन्धी नीतिले विद्यालयमा ICT पूर्वाधार, इन्टरनेट पहुँच तथा डिजिटल शिक्षण सामग्री विकासमा जोड दिएको छ।
- विद्यालय क्षेत्र विकास कार्यक्रम तथा शिक्षा क्षेत्र योजनामार्फत IEMIS, डिजिटल सामग्री, ICT ल्याब, Learning Portal तथा एकीकृत लेखा प्रणाली विकास गर्ने व्यवस्था गरिएको छ।
- COVID-19 महामारीपश्चात् अनलाइन तथा भर्चुअल शिक्षण सिकाइ प्रणालीको आवश्यकता अझ बढेको सन्दर्भमा सबै विद्यालयमा ICT पहुँच विस्तार, शिक्षक क्षमता विकास तथा डिजिटल सामग्री उत्पादनमा प्राथमिकता दिइएको छ।

**महत्वपूर्ण लिंकहरु**

| | |
|---|---|
| शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | http://www.moe.gov.np |
| शिक्षा तथा मानव श्रोत विकास केन्द्र | https://www.doe.gov.np |
| पाठ्यक्रम विकास केन्द्र | https://www.moecdc.gov.np |
| विद्यालय शिक्षक किताबखाना | http://www.stro.gov.np/ne |
| परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर | http://www.neb.gov.np |
| शिक्षा विकास तथा समन्वय इकाइ, सिरहा | http://www.deosiraha.gov.np |

- आधिकारिक वेबसाइट : लक्ष्मीपुर पतारी गाउँपालिका
- शिक्षा, युवा तथा खेलकुद शाखा इमेल : rambalak215@gmail.com
- गाउँपालिका इमेल : laxmipurpatari@gmail.com
- सूचना अधिकारी इमेल : ito.laxmipurpatarimun@gmail.com
- फेसबुक पेज : Laxmipur Patari Rural Municipality Facebook Page
- सम्पर्क नं. : +९७७–९८५२८३३६१५

# सन्दर्भ सामग्रीहरु

**लक्ष्मीपुर पतारी गाउँपालिका शिक्षा योजना निर्माणका लागि उपयोग गरिएका प्रमुख दस्तावेजहरू**


१. विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर।

२. विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारूप, २०७१, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर।

३. विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर।

४. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर।

५. आधारभूत शिक्षा पाठ्यक्रम, २०६९, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर।

६. आधारभूत तह (कक्षा १–३) पाठ्यक्रम, २०७६, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर।

७. माध्यमिक शिक्षा पाठ्यक्रम, २०७१, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर।

८. शैक्षिक स्मारिका, २०७५, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भक्तपुर।

९. शैक्षिक स्मारिका, २०७६, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भक्तपुर।

१०. शैक्षिक स्मारिका, २०७७, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भक्तपुर।

११. नेपालको संविधान, २०७२, कानून किताब व्यवस्था समिति, काठमाडौं।

१२. शिक्षा सम्बन्धी ऐन, नियम तथा राष्ट्रिय शिक्षा नीति, २०७६, कानून किताब व्यवस्था समिति, काठमाडौं।

१३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कानून किताब व्यवस्था समिति, काठमाडौं।

१४. आर्थिक सर्वेक्षण, २०७७, अर्थ मन्त्रालय, नेपाल सरकार।

१५. पन्ध्रौँ योजनाको आधारपत्र, राष्ट्रिय योजना आयोग, नेपाल सरकार।

१६. प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम सामग्री, २०७४, शैक्षिक जनशक्ति विकास केन्द्र, भक्तपुर।

१७. शिक्षा क्षेत्र योजना (School Sector Plan), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।

१८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका विभिन्न वेभसाइट तथा अनलाइन स्रोतहरू।

१९. विभिन्न शैक्षिक बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क प्रतिवेदनहरू।

२०. स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१)।

२१. विद्यालय शिक्षा क्षेत्र योजना, २०२२–२०३२।

२२. राष्ट्रिय शिक्षा नीति, २०७६।

२३. दिगो विकास लक्ष्य (SDG–4), २०३० सम्बन्धी राष्ट्रिय रूपरेखा।

२४. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७७।

२५. विद्यालय भौतिक पूर्वाधार निर्माण मापदण्ड, २०८०।

२६. विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८।

२७. विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगसम्बन्धी निर्देशिका, २०६९।

२८. बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५।

२९. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४।

३०. IEMIS तथा शैक्षिक व्यवस्थापन सूचना प्रणालीसम्बन्धी निर्देशिका तथा प्रतिवेदनहरू।